0. In Public Domain. Digitization by eGangotri.Funding: M

अथ

गोर्खा दक्षिण बाहु सा० आ० सा० शि०
पं० कुलचन्द्र गौतमजीले बनाये को

स्वयंवैद्य

(प्रथमभाग)

औषधीरत्नसंग्रहः

धर्मार्जनेऽपि धनसञ्चयसाधनेऽपि
भोगेऽपि योगविषयाभ्यसनेऽपिहेतुम् ॥
एतन्निदानमखिलैरनुपेक्षणीय
मारोग्यमेव सकलाधिकमामनन्ति ॥❀॥
श्रीपूज्यपादचरकादिविनिर्मितानां
गम्भीरदुर्गमचिरन्तनसंहितानाम् ॥
धीवैभवेन विपर्याक्रियते न पारः
स्वीकार्य आहतधियाऽत्र तदीयसारः ॥❀॥

प्रकाशकः
पं० बालकृष्णाचार्य, यशोदा पुस्तकालय
दुर्गाघाट (वाराणसी) काशी
(सर्वाधिकार सुरक्षित प्रकाशकका अधीनमा छ। मू० ५॥)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

...आवश्यक सूचना—

...धर्मः अर्थः काम मोक्ष यो चार पुरुषार्थ छन् सवै भन्दा श्रेष्ठत...
नै हो भन्ने कुरा सबैलाई विदितछ यो घोर भयङ्कर कलियुगमा एकता...
प्रभाले गर्दा ह्रास हुँदै गयेको र फेरी ठूला ठूला महाभारत रामायण स्क...
पुराण अष्टोत्तरोपनिषदादिको अध्ययन गरेरसार लिन लाई अत्यन्त ...
भयेकाले जनता जनार्दनले उपदेशामृतरस पान गर्न अत्यन्त सरल...
समस्त शास्त्रको गौरवपूर्ण अमृतपान गरेर आनन्दलिउन् भन्नाकानिमित्त...
माहरेक शास्त्रबाटसार निकालेर प्रथमभागमा हरेक पुराणादिबाट निकाले...
को राजनीतिले भरीयेको धर्मं सत्यं जयति नानृतं भन्ने कुरो छ द्वितीय
भागमा अर्थ सुन चादि तांबो पित्तल लोहा काँसो रांगा हिरा मोति आदि
पृथिवी कोमट्टीबाट कस्ता प्रकारले बन्द छ भन्ने कुरो जस्तो ईटा प थेर भट्ठी
चढ़ाये पछी जलेर पत्थरको समानता सारोपन प्राप्त हुन्छ तेस्तै भूगर्भ
शास्त्रमा लेखियेबमोजिं सुना चादी आदि बन्छभन्ने कुरा देखायेकोछ। तेस्रो
भागमा कामकोसेवन अर्थप्राप्त भये पछी घरबसरीवनाउनु पाठशाला धर्म-
शाला बनाउनु बिवाहगरेर संभोगादि कोसारा विदित गरायेकोछ। चौथा
भागमा सच्चिदानन्द परब्रह्म परमात्मा को साक्षात्कार कस्ताप्रकारले ...
अनादिमाया को बिनाशकसरी हुन्छ भन्न अष्टोत्तरशतोपनिषदादिबा...
लियेर निर्णय गरेकोछ। षड्शास्त्रको सार समेत विदित गर्न शक्नु...
ज्यादा लेखेर के गर्नु पुस्तक मगायेर हेंरे पछी थाहाहोला।

प्रकाशकः

पं० बालकृष्णाचार्य यशोदा पुस्तकाल...

दुर्गाघाट (काशी) वाराणसी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

४९
आयु ११६

भूमिका

...ेक आयुर्वेदग्रन्थको पठनपाठनगर्ने उद्योगी महाशय-
...योकुरो जाहेरै छ कि-,

"हाम्रो आयुर्वेद सर्वाङ्गपूर्ण छ, एही आयुर्वेदका आधारमा ...रूप बदलेर देश देशान्तरीय चिकित्सापद्धति प्रचलित भइ ...र्तम ...य भयेकाछन्। एही आयुर्वेदको कालक्रमले ह्रास हुन- ज... सानासाना साधारण रोगलागेमा पनि हडवडायेर प्रत्येक गृहस्थहरू धैर्यच्युतभइ अनुचित द्रव्यनाशगरि अज्ञानको परिचय दिइरहेकाछन्। एही आयुर्वेदको साधारण ज्ञानपनि नहुनाले २।४ दाम खर्चगर्दा शान्त हुने रोगलागेमा पनि शतखण्ड २।४ रुपैंया खर्चगर्दा पनि असमर्थ रोगीहरू हत्पत्ति रोग काट्न सक्तैनन्। आयुर्वेद को ज्ञान वैद्यलाइ मात्र होइनकि, प्रत्येक व्यक्तिलाइ हुनू आवश्यक छ। वात-पित्त-कफ इ दोषका कोप- हुने लक्षण र कारण मात्रै बुझेको छ भनेपनि आफै विचारगरि मानिस आफ्नू शरीरसंरक्षण गर्नसक्ने हुन्छ। आफ्ना कुटुम्ब (...सार) को प्रकृति जो आफुलाई थाहा होला, सो २।४ ...इ हेर्ने वैद्य आदि अरु मानिसलाइ थाहा हुँदैन"।

...रापठितहरुमा जाहेरछतापनि, के सर्वाङ्गसम्पन्न आयुर्वे- ...र्वसाधारणलाइ छ? के एस आयुर्वेदको ज्ञानसंपा- ...तदनुसार चिकित्सागरे वैद्यपनि यशस्वी हुन सकोइनन्। ...र्वेदको केहीज्ञान गृहस्थहरुलाइ भयेकोभये एस्तै हडवडाइ ...तभइ वृथाव्ययगर्ने थिये? के आयुर्वेद केही जानेकाभये ... रोगीहरु एत्ति कै हैरान हुनेथिये? के आयुर्वेद अलीकती ...ये गृहस्थहरु आफ्ना कुटुम्ब को यथोचित यथासमयमा

epal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: N

चिकित्सा गरेर प्रसन्नचित्तभइ रहनपाउदैन थे ? यो कुरा अपठित अविचारशील मानिसका चित्तमा गडेको छैन सबैमा गडनुपर्छ ।

एही उद्देश्य स्थिर राखि यो "स्वयंवैद्यनामक सानु पुस्तक लेखिएकोछ । एस्मा प्रत्येक रोगको निदान-लक्षण-पूर्वरूप-साध्या-साध्यविचार-पथ्यापथ्यको स्मेत निरूपण गरेर प्रत्येक रोगमा अकिञ्चन रोगीहरुले पनि सहज गर्नसक्ने सुलभ औषधिको प्रपञ्च देखाइ अन्तमा सम्पन्न रोगीका निमित्त सिद्ध (तयार) औषधिको वयान गरि चिकित्साक्रम लेखियेकोछ । प्रत्येक सिद्ध औषधिमा प्रकृति अनुसार को अनुपान – मात्र योजनागरेको छ । क्रिया (हतौडी) पनि यथासंभव सवले गर्नसक्ने, सवैले बुझ्नसक्ने, गरि वयान गरियेकोछ । यौटा यो पुस्तक साथमाछ र केही विचारशक्ति छ भने मानिस खासा वैद्यको काम दिन सक्तछ । हाम्रा प्राचीन आयुर्वेदग्रन्थ अतिसंक्षिप्त र अतिदुर्बोध ठानि वैद्यशास्त्रमा विमुख भयेका रसिक विद्यानुरागिहरु एस स्वयंवैद्य वाट थोडा बहुत आनन्दपाउनेछन् भन्ने पूर्ण आशा छ। पठित गृहस्थहरु यौटा यो पुस्तक साथमा राखनाले गतीलो यौटा वैद्यलाई जागीर खुवाइ घरमा रुजुराखनाको सुख पाउनेछन् भन्ने पूर्ण भरोसाछ । साधारण वैद्यराजहरु यौटा योपुस्तकद्वारा चिकित्सागर्न लागेभने, सुश्रुतसंहिता, चरकसंहिता, वाग्भट, माधवनिदान, वङ्गसेन, शार्ङ्गधर, इत्यादि ग्रन्थको भाषाटीका खोजने झन्झट र ग्रन्थाशय नबुझनाले मनमा लागेको भ्रूणहत्या-वाट वचने छन् भन्ने पूराउम्मेद छ ।

सारांश योहोकि-यो "स्वयंवैद्य" पण्डित मुर्ख, धनी गरीब, वालक बूढो स्त्री पुरुष सवलाइ खूब कामदिन सक्तछ ।

एस्मा सिद्ध (तयार) रसादिहरुको सेवनविधि अनुपान योजनागरेको हुनाले बड़े २ अनुभवी मानिससँग "मैंले माल-तीवसन्त खानलागें, अनुपान के गरौं ? मेरो छोराको एस्तो

सर्वसंग्रह

८३८०६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

प्रकृतिछ के औषधि पारौं ? इत्यादि झिजोकुरा सोधन न पर्ने गरायेकोछ । सर्वसाधारणलाइ यो पुस्तक बनेको हुनाले असजिला धेरै रुपैया खर्चहुने चाँडो. नवन्ने हुनाले रसादिऔषधि बनाउने विधि लेखियेन ता पनि एस भागका उपर विचारशीलहरुको पूर्णावलम्ब भै सके पछी दोस्रो भागमा अरू अरू कुरो हेर्न समर्थ हुनेछन् यो पैलाभागमा मात्र सबै अगाध आयुर्वेद ग्रन्थको सागर तर्न कठिनभयेकाले जम्मा ४ भागमा छ दोस्रा भागमा मूत्र परीक्षा पुरीष परिक्षा कफ परीक्षा जलोदर अन्त्र ग्रन्थी पत्थरी इत्यादिको अस्त्रचिकित्सा चिरफार सूची भेदन आदिले परिपूर्णछ तेस्रो भागमा गांभीर्ययुक्त त्यो भन्दा चौथोभाग अति-रमणीय छ । निम्नलिखित ठेगाना वाट मगायेर अवश्य १ पुस्तक हेर्नेकष्ठ गर्नु भयेमा विदित हुनेछ सो कुरा अघि वढन उत्साह हुने छ ।

उपसंहारमा सज्जन महोदयहरूमा यो निवेदनछ कि—"एस पुस्तकको रचनामा कहिं भ्रम (गल्ती) देखियो भने पनि सौजन्यका प्रसादले ताहाँहरुलाई उद्वेग हुनेछैन, लेखकलाई सूचना वक्सनुहुनेछ र तृतीयावृत्तिमा तेस्को संशोधन हुने छ ।"

कहीं कहीं दृष्टिदोषले रहेका अशुद्धिहरूमा पनि "न शयानः पतत्यधः" यो सुभाषितसंझि माफ रहने छ । इत्यलं विस्तरेण ।

विनीत—लेखक.

गोर्खा दक्षिणबाहु साहित्यशिरोमणि पं० कुलचन्द्रगौतमः

परःशतान् धन्यवादानत्र साहाय्यदायिनः ।
स्वर्गीयाः प्राप्तुमर्हन्ति मोतीलालमहोदयाः ॥

epal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: N

गाई भैंसीका गोटीको औषधी

(संक्रामक) सरूवा पशुको भयङ्कर रोग गोटीमा गाईभैंसीका खुर पाक्‌दछन्, घाँटीमा आन्द्रामा भित्र खटिरा हुन्छन्. र गाँउका गाँउ गोठका गोठैमा समस्त पशु लाई खतम गर्ने यो रोगमा गैंडाको मूत्र सबै पशुलाई छर्किदिनु अलि अलि खानपनि दियो भने यौटा पनि पशु मर्दैनन् अनुभव सिद्ध भयेका औषधी हो।

व्यायेका गाईभैंसीले वाछापाडालाई दूध नदियेमा

जुन् गाई भैंसीले वाछो पाडो लिंदैन तेसैको दूध दुहेर उही दूध खाननदिने गाईभैंसीलाई खुवाईदिनु वाछा पाडा लाई दूध खानदिन्छन्, मानिसलाई पनि दिन्छन्।

केटाकेटीलाईको खाहान्ने दंको रोगमा—

दंशीको शुँडी मिजायेर घोटेर पानी खान दिनु घसीदिनु, कछुवाको हाड पनि घोटेर खान दिनु शिरमा पैताला लगाई दिनु निको हुन्छ अनुभव सिद्धछ।

काटेको घाउ तुरन्त जोडिने औषधी

भृङ्गीराजको रस लगाउनु घाउलाई ट्याप्पपारेर समाति राख्नु २।३ घण्टाभित्रमा जोडिन्छ जस्तो पैले थियो उस्तै हुन्छ पाक्नु पाप्रो जानु २।४ दिन पर्खनु पर्दैन अचूक औषधी हो। पशुको चिकित्सा विशेषगरी चौथा भागमा लेखियेकोछ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

मङ्गलम्.

(१) उद्वृत्तदैत्यदलनिर्दलनोद्यतस्य
देवस्य कैटभरिपोरपरं स्वरूपम् ।
वीतान्तरायमखिलेप्सितकार्यसिद्धयै
धन्वन्तरिं घृतसुधाकलशं श्रयामः ॥

(२) छिन्नं द्विधाऽध्वरमृगं वत ! जीवयद्भ्यां
याभ्यामलम्भि किल विश्वजनीनभावः ।
तौ सादरे मनसि निर्भरमाश्विनेयौ
देवौ दधीमहि महीतलमङ्गलाय ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: N

(३) प्रज्ञापराधपरिलुप्तहतप्रचार-
प्राचीनवैद्यकपथोद्धरणाय भूयः ।
कर्मोणि नः करुणया विहतान्तरायो
देवः प्रसाधयतु माधवनामधेयः ॥

(४) तरणाय गदाम्बुधेः सहेलं
प्रतिवेलं तरणिं समाश्रयामः ।
कुरुजापहताः प्रगे सरोगाः
पुरुजापस्य बलाद्यतो विरोगाः ॥

(५) नानाविधव्याधिपयोधिपार-
निनोषया हन्त ! निबन्धनावः ।
प्रकाशयन्तो मुनयः ! प्रणामाः
सहस्रशो भक्तिनिबन्धना वः ॥

[लेखकः]

सर्वाधिकारमासाद्य
कुलचन्द्रान्मनीषिणः ।
प्रकाश्यते स्वयंवैद्यो
बालकृष्ण-विपश्चिता ॥

lepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

वात पित्त कफ कुपित हुनाको विचार ।

कुन् कुन् कारणले वायु कुपित हुन्छ ।

"कटुतिक्तकषायपयोदहति
श्रमरूक्षहिमान्नभयानशनैः ।
स्मरजागरशुक्करणास्त्रगमै-
रपि कुप्यति वेगवधैरनिलः ॥"

(अग्निवेश०)

अर्थ—पिरो तितो टर्रो वस्तु खानाले, बादल लागनाले, ठक्कर लागनाले, शारीरक परिश्रम धेरै गर्नाले, रूखो चीसो काचो अन्न खानाले, डराउनाले, नखानाले, सुर्ता-गर्नाले, जागरण गर्नाले, शोकगर्नाले, पौडीखेलनाले, रगत जानाले, मल-मूत्र शुक्र-वायु-भोक-प्यास-हरुको वेग रोकनाले, (दिनको तृतीयप्रहरमा, रात्रिको तृतीयप्रहरमा, बेटाइममा खानाले, पूर्वियावतास लागनाले, अतिथोरै खानाले, अतिधेरैखानाले), वायुकुपितहुन्छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

. In Public Domain. Digitization by eGangotri.Funding: N

वायु कुपित हुनाले के के हुन्छ ।

"शिरः शंखभ्रूहृत्त्रिकविटपसन्ध्यस्थिकटिरुग्
विबन्धः पारुष्यं शयनहतिराध्मानचलने ।
कडारा शोणावाच्छविरपि कषायोस्य च रसः
श्रमो रुग्वैषम्यंकुपितमरुतो लक्षणमिदम् ॥"
(अग्नि०)

अर्थ—कपाल्-कन्चट् आँखिभ्रूँ-छाती-त्रिक (कम्मरको जोर्नि) करङ्-जोर्नि २ का हाड् कटि-इन्मा दर्द हुन्छ । दिशा खलाम हुदैन, आँङ रुखा हुन्छ, निद्रा पर्दैन, पेट फुल्छ, पेटमा गुड् गुड् कुत्रिम गरि वायुसरदछ, चेहरा कालो अथवा विकृत रातो हुन्छ, जिभ्रो खस्रो हुन्छ, जिउ फतक्क गल्दछ, इ लक्षण घटने वढने हुन्छन् ।

कुपित भयेको वायु के उपायले शमन हुन्छ ।

मधुरलवणसाम्लस्निग्धनस्योष्णनिद्रा-
गुरुरविकरवस्तिस्वेदसंमर्दनानि ।
दधिघृततिलतैलाभ्यङ्गसन्तर्पणानि
प्रकुपितपवमानं शान्तमेतानि कुर्युः' (भा०प्र०)

अर्थ—गुलियो-नुनिलो-अमिलो चिल्लो खानाले, नस हालनाले, गर्मीले, सुतनाले, भारी भक्ष्य खानाले, घाम

lepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

तापनाले, वस्तिकर्मले, पसीना काढनाले, आँङ मर्दन गर्नाले, दहि घिउ तिल खानाले, तेललाउँनाले अघाउँने गरि खानाले, कुपित भयाको वायुको शमन हुन्छ ।

कुन् कुन् कारणले पित्त कुपित हुन्छ ।

"कट्वम्लोष्णविदाहितीक्ष्ण-
लवणक्रोधोपवासातप
स्त्रीसम्भोगतृषाक्षुधाभि-
हननव्यायाममद्यादिभिः ।
भुक्तेजीर्यति भोजने च,
शरदि ग्रीष्मे, तथाप्राणिनां
मध्यान्हे च तथार्ध रात्र
समये पित्तप्रकोपो भवेत्"

(मधु० विजटाचार्य)

अर्थ—पिरो-अमिलो विदाहि (पेटपोलने)-तिक्खर नुनिलो-वस्तु ज्यादा खानाले, रिसले, निराहारले, घामले, स्त्रीसम्भोगले, भोक-प्यास थाम्ना ले, कसरत गर्नाले, मद्यपानले, शरदृतुले, ग्रीष्मऋतुले, मध्यान्ह मध्य-रात्रले, (मास-तिल गहत माछा भेड़ाको मासु-अमिल्यायाको वस्तु गाइको दहि इ कुरा विशेष खानाले) पित्त कुपित हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

पित्त कुपित हुनाले के के हुन्छ ।

"भ्रमो दाहो मूर्च्छा मल-
शिथिलता स्वेददरणं
प्रलापः पीतत्त्वं मुख-
नयनविण्मूत्रनखरे ।
मदस्तृट्तिक्तोष्णः पटु-
कटुरसः पाण्डुरहिता
द्युतिः पाकश्चेत्याकृतिर-
पिच पित्तस्य सरुषः (अग्नि)

अर्थ—रिगँटा लाग्दछ, दाह-मूर्च्छा-हुन्छ, दिशा पातलो हुन्छ, पसीना आउँछ, आङ फुट्छ, वरवराउँनू हुन्छ, मुख-आँखा-मल-मूत्र-नङहरु पहेला हुन्छन् , वेहोशी हुन्छ, प्यास बढदछ, जिभ्रो तितो-पिरो-तातो हुन्छ । सेतो बाहेक, रातो पहेलो वर्णहुन्छ । घाँटी-हरुमा खटिराहुन्छन् । पित्त कुपित भयेमा इलक्षणहुन्छन् ।

कुपित भयेको पित्त के उपायले शान्त हुन्छ ।

"तिक्तस्वादुकषायशीतप-
वनच्छायानिशावीजना-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

ज्योत्स्नाभूगृहवारियन्त्र-
जलजंस्त्रीगात्रसंस्पर्शनम् ।
सर्पिः क्षीरविरेकसेकरुधिरस्रावप्रदेहादिकं
पानाहारविहारभेषजमिदंपित्तंप्रशान्तिंनयेत् ।
(भा० प्र०)

अर्थ—तितो, गुलियो, टर्रो, ठण्ढा, पदार्थखानाले, हावाखानाले, वृक्षप्रभृति काछायामावसनाले, रात्रिले, पंखाकाहावाले, चन्द्रिका (जून ले, भूगृह (ताइखाना) मावसनाले, फोहाराको छिटालिनाले, कमल ओढनाले ओच्छयाउनाले सुमुसुम्याउनाले, स्त्रीलाई सुमुसुम्याउनाले, घिउ–दूध पिउनाले, जुलाब लिनाले, पानि छर्कनाले, रगत् निकालनाले, (फस्त लिनाले) ठण्ढाचन्दनादि, लेप गर्नाले पित्त शान्त हुन्छ ।

कुन् कुन् कारणले कफ कुपित हुन्छ ।

"दधिदुग्धनवीनजलान्नहिमा-
ध्यशनाम्लपटूपशमाज्यतिलैः ।
गुरुमत्स्यवसन्तदिवाशयनै-
र्मधुरैरपि रोषमुपैति कफः"
(अग्नि)

अर्थ—दहि–दूध–नजा पानि–नजा अन्न–ठण्ढा अन्न–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

खानाले, १ फेराखायेको पाकनहुदै फेरि खानाले, अमिलो खारा पदार्थ–घिउ–तिल–भारि पदार्थ–माछा खानाले, बसिरहनाले, वसन्तऋतुले, दिउसो सुतनाले, गुलियो वस्तु खानाले, कफ कुपित हुन्छ ।

कफ कुपित भयेमा के के हुन्छ ।

"गुरुत्वं स्तैमित्यं श्वयथुचिरकर्तृत्वशयने
मलाधिक्यंकण्डूररुचिरुपलेपः शिशिरता ।
अपक्तिस्तन्द्रिश्चास्मृतिरिति बलासस्य सरुषः
स्फुटं लिङ्गं स्वादुः पटुरपि रसोभा च धवला"
(अग्नि०)

अर्थ—जिउ भारि हुन्छ, आङ् जुरुङ्ग हुन्छ, सूज हुन्छ, आलस्य हुन्छ, निद्रा अधिक हुन्छ, मल ज्यादा हुन्छ, आङ् ज्यादा चिलाउँछ, अरुचिहुन्छ, मुख च्याप च्याप लाग्छ, जिउ ठण्डा हुन्छ, खायेको पाक हुदैन, खान इच्छाहुदैन, स्मरण शक्ति रहदैन, जिउरो नुनिलो–गुलियो हुन्छ, चेहरा सेतो हुन्छ ॥

कुपित भयेको कफ केले शमन हुन्छ ।

"रूक्षक्षारकषायतिक्तकटुकव्यायामनिष्ठीवनं
धूमात्युष्णशिरोविरेकवमनस्वेदोपवासादिभिः॥
तृड्वाताध्वनियुद्धजागरजलक्रीडाङ्गनासेवनं

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

पानाहारविहारभेषजमिदंश्लेष्माणमुग्रंजयेत्"
(भा० प्र०)

अर्थ—रूखा–खारा–टर्रा–तिता–पिरा पदार्थ खानाले, कसरतले, वारं वारथुकनाले, धूम्र पानले, तातापदार्थले, शिरोविरेक (नस्यकर्मले) वमनले, पसिना काढनाले, निराहारले, तृषाले, हावा खानाले, पैदल हीँडनाले, कुस्ती खेलनाले, जागरणले, पौडि खेलनाले, सुरतगर्नाले, उग्र वढेको कफ शान्त हुन्छ ॥

ज्वरका विषयमा सूचना।

केही बल परने काम नगरदापनि जिउ गलनू, चित्त कँहि नलागनू, चेहरा अध्यारो हुनु, खाने कुराको स्वाद नपाउनू, आँसु आउनू, कहिले जाडो, कहिले गर्मी लागनू, हाइ धेरै आउनू, आँङ दुखनू, जिउ भारि हुनू, रोमाञ्च हुनू, 'खाने कुरा नरुचनु, भ्याम्म भइ अन्धकारले छोपेझै हुनू, कुनै कुराले पनि मन खुसि नहुनू' एस्ता लक्षण हुनलागे भने 'जरो आउन आँटयो' भनि बुझ्नु।

अरु लक्षण भन्दा वढता धेरै हाइ आयो भने 'वातज्वर आउन आँटयो' भनि बुझ्नू।

आखा ज्यादा पोलन लाग्यो, अरु लक्षण पनि केहि २ छन् भने, पित्त ज्वर आउन आँटयो' भनि बुझ्नु।

अरु लक्षण भन्दा वढता अरुचि विशेष (अधिक) छ' भने' कफ ज्वर आउन आँटयो' भनि बुझ्नू।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

इ लक्षण छ्यास् मिस् भये भने 'द्वन्द्व ज्वर आउन आँट्यो, भनिबुझ्नू।

वात–पित्त–कफ–इ ३ दोष का लक्षण विचार्गरनू र, कुन् २ दोषका लक्षण देखिये, उहि द्वन्द्व (दुइ) दोषको मिश्रण (मेल) बुझ्नू।

एस प्रकारले जरो न आँउदै पूर्व रूप खूब विचार गरनू, र—

एसो गरनूः—

हावा नलागने ठाँउँमा वसनू. तेस्तो ठाँउँको अनुकूल परेन भने काने टोपि, फेटा, इत्यादिले, कान ढाकनू, गरंभारि कपडा लाउनू ओढनू, भक्भकि पकायेको मन्-तातो पानि पिउनू।

न नुहाउनू, तेलनलाउनू, दिउसो न सुतनू, शारिरिक परिश्रम नगरनू, चिसो पानि न पिउनू, भोक नभै नखानू, न रिसाउनू, इत्यादि।

२ ४ दिन योनियम मा रहेदेखि प्रायःजरै आउदैन.।

कदाचित् जरो आयो भने पनि विशेष दवाउन सक्तैन साधारण भइआउछ।

पूर्वरूपदेखिये पछिपनि, अपथ्य सेवा (जेतेमेतेखानूपिनू) गऱ्यो भने, जरो भयङ्करभइ आँउछ. रोगीको प्राण-संशय (मरनेजिउनेठेगानानहुनू) हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: N

अपथ्य गर्नू सदा सर्वदा अनुचित छ, सब भन्दा ठूलो औषधी पथ्य हो, किन भने ?

'विनापि भेषजैर्व्याधिः पथ्यादेव निवर्तते ।
न तु पथ्यविहीनस्य भेषजानां शतैरपि ॥'

(भा० प्र०)

अर्थात्—'औषधि केहि नगरे पनि, पथ्यमात्र गर्नाले पनि रोग हटदछ पथ्यनगरे र शयकडौं औषधी गरे पनि-रोग हटदैन' ॥

उत्पन्न भैसकेका रोगलाइ पथ्यले र औषधीले चाडो हटाउद छ ।

जरो आये पछि एस्तो गरनूः—

जरा को वेग, रोगि को बल प्रकृति अवस्था विचार गरि १ दिन, २ दिन, ३ दिनसम्म, पकायेको मन्तातो पानी वाहेक केहि खान नदिनू ।

लङ्घन भनेको एहि हो, तातो पानी पनि प्यास छ भने मात्रैं दिनू ॥

लङ्घन गर्न पुग्योकि पुगेन—?

छाति हलुका भयी, अपान वायु–मल–मूत्र–खलासा भयो, जिउहलुका भयो, निद्रा लाग्यो, ग्लानि भयो, पसिना आयो, भोक-प्यास दुवै लागेभने 'लंघनपुगेछ' भनिबुझनू ।

छाति भारिनै छ, अपान वायु–मल–मूत्र खुल्दैन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

जिउ भारि छ, निद्रा परदैन, वाकवाकलाग्दछ-भने 'लंघन पुगेको छैन' भनि बुझनू ?

एति जनाले लङ्घन गर्न हुदैन-

वातज्वर वाला, प्यास ज्यादा हुने, भोकज्यादा लागेको, मुख रोगी, क्षयरोगी, थाकेको, गर्भिणी, वालक, वृद्ध, कमजोर, डर्छेरुवा, धातु क्षीण भयेको, जीर्णज्वर रोगी, क्रोधज्वर रोगी इनि हरूले लङ्घन गर्नु हुदैन। तर आम (अपाक) का उपद्रवले इनिहरूलाइ जरोआयेकोहो भनेता लङ्घनै गर्नु पर्छ।

लङ्घन गर्न नपर्नेले के गर्नू ?

पुरानु, हलुका अन्न खानू, भरपेट (पेटभरि) नखानू। पकायेको मन्तातापानी पिउनू, ओषधि खानेवेला नभइ औषधि नखानू ॥

औषधि कैले खानू ?

७ दिन सम्म ज्वर तरुणरहन्छ, 'तरुण ज्वरमा औषधी न खानू' अथवा; 'ज्वरपाक भये पछि ओषधी खानू'।

ज्वरपाक भयोकी भयेको छैन ?

जराको वेग मन्द भयो, जिउहलुका भयो, वायु-मल-मूत्र-सिगाँन प्रभृति ठिकठिक आउनलागे, भोक लाग्यो, भने 'ज्वर पाक भयेछ' भनि बुझेर साधारण काष्ठादि औषधी खुवाउनू।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: N

राल ज्यादा आँउँछ, मुखबाट पानि आउछ, छाती भारिछ, अमिला पिरा डकार आउछन्, रुचिछैन, तन्द्रा-आलस्य छ, खायेको पाकभइ खलास हुदैन, पिशाव ज्यादाछ, मुख नमिठोछ, जिउ कक्रक निश्चल छ, जराको वेग ज्यास्ती छ, भने 'ज्वर पाक भयेको छैन' भनि बुझ्नू, ८ दिनका दिन देखि ज्वर पाक हुने औषधी खुवाउनू। तर विशेष (ज्वरका धेरै लक्षण) छदैछन् र जरो आयेको ८ दिन भयेको छैनभने पाचक औषधी पनि न दिनू।

ज्वरपाक हुने औषधी नागरादि पाचक-

सुठो, देवदारु, रोहिषतृण, कण्टकारि, विहि, इ सम-भाग गरि खानू. रोहिष न पाये उशीर (खश) लिनू।

यो क्वाथ पहिले ज्वरको वेग, रोगीको प्रकृति विचार गरि खुवाउनू र ज्वरा धिकारमा लेखियाका ज्वरशमनगर्नें, दोषशोधनगर्ने औषधि खुवाउनू।

(मध्य) जीर्णज्वर—

८ दिन पछि वातज्वर, १० दिन पछि पित्तज्वर, १२ दिनपछि कफज्वर, जीर्ण कहिन्छ।

(मध्य) जीर्णज्वरमा के गर्नू ?

७ दिन पुगेपछि जरो जीर्ण (पुरानु) हुन्छ, तेस वखत देखि पूरा ताकत नहुन्ज्याल्-भातखाने वेला देखि २ घड़ी पहिले औषधी खानू, औषधी खाने वेला न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

टारनू, औषधी को गुण अवगुण विचार गरि काष्ठादि औषधीको ५ मात्रा सम्म बाटोहेरनू, रसादि को २ मात्रा सम्म बाटो हेरनू, वाँहाँ पछि वदलनू पर्नेभये अर्को औषधी बदलनू।

पथ्यखाँदा दिनको पहिला र पछिल्लो पहरमा नखानू, १ पहर दिन चढि सके पछि खानू। वल्नचढुन्ज्याल् दिनको १ फेरा मात्र खानू। ज्वरमा पुराना चावलको भात। मुगिको दाल यो उत्तमछ। जीर्णज्वरमा कफ विशेष छैन भने, पिपला मिश्री हालेको वाख्राको अथवा गाइको पातलो दूध खान हुन्छ। भारि–गरम्–आहार न गर्नू। पेटभरी नखानू। चिसो पानि न पिउनू।

जराले छाडे पछि कस्तो हुन्छ ?

जिउ हलुका हुन्छ ग्लानि–ताप–हुदैंन। मुख–ओठ–मा खटिरा आउछ। आँखा प्रभृति इन्द्रियको दर्शनादि कर्म ठिक ठिक हुन्छ। कँही दर्द हुदैन। छिका र पसिना आउछ आफ्नू स्वाभाविक आहार खोजन मन्लाग्दछ। कपाल चिलाउँछ। खाउँ खाउँ लाग्दछ।

वाँहाँ पछि के गर्नू ?

आफनू पूरा ताकत नहून्ज्यालसम्म–शारिरिक परिश्रम नगर्नू। स्त्री स्पर्श न गर्नू। न नूहाउनू। न हीडनू। चीसामा–वतासमा–कडा घाममा न वसनू चिसो पानी न

epal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: M

पिउनू । इ कुरामा ध्यान (ख्यालै) नराखि मनूपरि गर्न लाग्यो भने जरो फर्कन्छ । १ फेरा निको भइ फेरी फर्केका विषमजराले आच्छूच आघ्छूच पार्दछ ।

वैद्यले र रोगीले स्मेत्–इ सव विषयमा पूर्ण विचार परीक्षा गर्नू पर्छ ।

वातज्वर—

कम्पहुनू, ज्वरको वेग कहिले घटने कहिले वढने हुनू, घाँटि–ओठ–मुख सुकनू, निद्रा नपरनू, छिका न आउनू, पसिना न आउनू, कपाल दुखनू छाति दुखनू, आङ् दुखनु स्वाद थाहा न पाउनू, दिशा खलास न हुनू, शूल हुनू, पेट फुलनू, हाइ धेरै आउनू, इ 'वातज्वर' का लक्षण हुन् ।

एसमा कर्तव्य—

७ रात सम्म औषधि न खुवाउनू, रोग–वलको विचार गरि, लङ्घन अथवा हलका भोजन गराउनू, आठौं दिनमा तललेखियेका औषधी मध्ये कोही औषधी खुवाउनू,

वातज्वरका औषधी ।

(१) किराताादिवटी * तातो पानिको अनुपान गरि यो औषधि २ गोलिसम्म खानाले फायदा हुन्छ ।

(२) दीप्यकादिचूर्ण * यो औषधी पनि तातो पानिको अनुपान गरि खानू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

(३) कल्पतरुरस * यो औषधीपनि गुर्जोका रसको अनुपान गरि १ लाल सम्मको मात्रा गरि खानाले भयङ्कर अरुऔषधीले नहटेको वातज्वर चाँडो हटदछ

(४) विश्वतापहरणरस* २ लाल सम्मको मात्रा गरि जिरा पानिकोअनुपान सँग खुवाउनाले डरलाम्दो वातज्वर शान्त हुन्छ।

(५) भैरवरस * असुराका रसको अनुपान गरि आधालाल यो औषधी खानाले प्रचण्ड वातज्वर शान्त हुन्छ।

पित्तज्वर

ज्वरको वेग ठूलो, झाडा लागनू, निद्रा थोरैपरनू, वमनहुनू, घाँटी-ओठ-मुह-नाकमा खटिरा हुनू, पसिना ज्यादा आउनू वरवराउनू, मुख तितो पिरो हुनू, वेहोस हुनू, गर्मी ज्यादा लागनू, लट्ठ परनू, प्यास ज्यादा लागनू। मल-मूत्र-नेत्र-पहेलो हुनू, रिगँटा लागनू, ई पित्तज्वरका लक्षण हुनू।

एसमा कर्तव्य—

१० रातसम्म केही क्वाथप्रभृति विशेष औषधी न खानू। रोग र बलको विचार गरि लंघन अथवा लघुभोजन गरनू, एघारौंदिनमा तल लेखियेका औषधीयध्ये १ औषधि खुवाउनू।

* ई सब औषधि यशोदा पुस्तकालयमा पायिन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

पित्तज्वरका औषधी

(६) पित्तघ्नवटी * तताई चिसो पारेका पानीसँग ३ गोली यो औषधी खानू, साधारण पित्तज्वर निका हुन्छ; केवल पित्तवढेमा पनि चिसापानिसँग यो औषधी खानाले फायदा हुन्छ ।

(७) गुडूच्यादिवटी * असुराको रससँग ३ गोलीसम्मखानू, ठूलो पित्तज्वर पनि एस औषधीले हटदछ ।

(८) अमृताष्टकचूर्ण * धनियाको रससँग यो औषधी खानू, पूरानूपित्तज्वरपनि एसले हटाउछ ।

(९) पित्तान्तकरस * यो औषधी २ गोली-सम्मको मात्रगरि नीलकमलको रस (अथवा घोटताप्रको रस) को अनुपानसँग खानू, भयङ्कर पित्तज्वर ३ मात्रैमा हटदछ ।

कफज्वर

एसज्वरमा, रोमाञ्च (आङजुरुंग हुनू), ज्वरको वेगमन्दरहनू, आलस्यहुनू, मुखगुलियो हुनू, मल-मूत्र-सेतो-हुनू, आङ्कककहुनू, भोकनलागनू, जिउभारीहनू, जाडो लागनू, हात खुट्टा चीसोहुनू, वाक्‌वाक्‌लागनू, ज्यादा नि-द्रा लागनू, रुघालागनू, खोकीलागनू आँखा सेतोहुनू, इ लक्षण देखिन्छन् ।

* ई सब ओषधी यशोदा पुस्तकालयमा पाईन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

एसमा कर्तव्य—

१२ दिनसम्म औषधी न पारनू। लंघन अथवा लघुभोजन गरनू । तेऱ्हौ दिनमा औषधि खानू ।

कफज्वरका औषधी

(१०) चातुर्भद्रिकावलेह * विहान वेलुका आधातोलाको मात्रा गरि यो औषधी चाटनू, कफज्वर निकोहुन्छ ।

(११) कासघ्नवटी * पिपलापानि सँग २ गोलो-सम्मको मात्रागरि यो औषधीखानू ।

(१२) सिन्दुवारादिवटी * तातोपानि सँग ३ गोलीसम्मको मात्रागरि यो औषधीखानू, कफज्वरको ध्वंस-हुन्छ । जरो न आइ तेसै कफवढेमा पनि यो औषधीले फाइदा हुन्छ । बालक-बूढा बुढीलाइ प्राय कफवढी दुःख-दिन्छ, तिनिहरुलाइ यो औषधीले वडो गुण गरदछ, कफ-वढी दमसमत् देखियोभनेपनि यो औषधीखानू, तुरन्त फाइदा हुन्छ ।

(१३) कफकुठाररस * यो औषधी पानका रसको अनुपानगरि २ लालसम्मको मात्रागरेर खानू, धेरै उपद्रव समतको भयंकर कफज्वरको समूलनाश गरदछ ।

---

* इ सब औषधी यशोदा पुस्तकालयमा असल पाईन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

(१४) कल्पतरुरस * १ लालसम्मको मात्रा-गरि अदुवाको रस सँग यो औषधीखानू, कफज्वरमा यो औषधी उत्तमोत्तमछ ।

(१५) रसपर्पटी * २ लालसम्मको मात्रागरि असुरो सुठो-हर्रो इ ३ थोकको क्वाथसँग, अथवा चाँभाको रससँग, यो औषधीखानाले दुःसाध्य कफज्वर हट्दछ ।

वातपित्तज्वर—

प्यास, मूर्च्छा, रिगँटा, दाह, निद्रा न परनू, कपाल दुखनू, घाँटी-मुखसुकनू, वाक्वाक्लागनू, आङ् जुरुंगहुनू, खानामा रुचि न हुनू, आङ्को जोर्नि जोर्निमा दुखनू, हाइ धेरै आउनू, इ लक्षण वातपित्तज्वरमा हुन्छन् ।

एसमा कर्तव्य—

४ दिनसम्म लंघन अथवा लघुभोजन गर्नू,। ५ दिनकादिन औषधी खुवाउनू,।

वातपित्तज्वरका औषधी—

(१६) फलत्रिकादिवटी * तातोपानिसँगयो औषधी ३ गोलीसम्मखानू फाइदा हुन्छ ।

(१७) पञ्चभद्रवटी * तातोपानिसँग ३ गोलीसम्म-खानू फाइदाहुन्छ ।

(१८) ज्वालामुखवटी * पानको रससँग १ मासाको मात्रागरि यो औषधिखानाले भयानक वातपित्त-ज्वर शान्तहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

वातकफज्वर-

आङ जुरुंगहुनू, जोर्नि जोर्निदुखनू, निद्रालागनू, आङभारीहुनू, कपालदुखनू, रुघालागनू, खोकी, कम्प, अरुचि, ज्यादा हुनू, ज्वरकोवेग मध्यम रहनू, इ लक्षण वातकफज्वरमा रहन्छन्।

एसमा कर्तव्य-

८ रातसम्म औषधि नखाइ लंघन अथवा लघुभोजन गर्नू। ६ दिनकादिन औषधि खानू।

वातकफज्वरका औषधी-

(१९) मुस्तादिपञ्चसम * मरीचक्वारस सँग यो औषधि १ मासाखानू फाइदा हुन्छ।

(२०) पंचकोलपटी * तातोपानिसँग २ गोलीसम्मको मात्रागरि खानू।

(२१) चातुर्भद्रचूर्ण * तातोपानिसँग १ मासाको मात्रागरि खानू।

(२२) सूर्यशेखररस * तातोपानिको अनुपापगरि २ लालसम्मको मात्रा खानाले भयंकर वातकफज्वर हट्दछ।

(२३) ज्वरान्तकरस * पिपलापानिसँग २ लालसम्मको मात्रागरि यो औषधिखानाले प्रचण्ड वातकफज्वर शान्त हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

पित्तकफज्वर

एसज्वरमा कैलेदाह, कैलेजाडो हुनू, पसीना वारंवार आउनू, लट्ठपरनू, अरुचि, खोकी, प्यास, पित्तकफ वमन हुनू मुखमा च्याप च्यापलागनू, मुखतीतोहुनू, तन्द्रा, इ लक्षण हुन्छन्।

९ दिनसम्म लंघन अथवा लघु भोजन गर्नु, औषधी नखानू,।

१० दिनकादिन औषधीखानू,।

पित्तकफज्वरका औषधी

(२४) गुडूच्यादिवटी * ३ गोलीसम्मको मात्रागरि तातोपानिसँगखानू।

(२५) भाङ्‌र्यादिवटी * ३ गोलीसम्म तातो पानीसँग खानू।

(२६) वासामृत * यो औषधि आधातोला चाटनाले भयंकर पित्तकफज्वर दूर हुन्छ,।

(२७) चन्द्रशेखररस * अदुवाको रसको अनुपानमा २ लालसम्मको मात्रागरि यो चन्द्रशेखररस खायेर पछिवाट तताइचीसोपारेको पानी खानाले ३ दिनमा ज्वर निःशेष हुन्छ,।

---

* ई सब औषधी पं० बालकृष्णाचार्य यशोदा पुस्तकालयमा पायिन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

सूचना—

यो औषधीखाँदा, मही–भात–भन्टा–.खानुपर्छ, ।

'........................रसोयं चन्द्रशेखरः ।
द्विगुञ्जमाद्रकद्रावैर्देयः शीतोदकं पुनः ।
तक्रभक्तं च वृन्ताकं पथ्यं तत्र प्रयोजयेत्'

भनि लेखेकोछ । यो औषधीको धेरैफेर अनुभव भयेकोछ ।

सन्निपातज्वर—

एकछिन् दाहहुनू, एकछिन्मा जाडोलागनू, हाड-जोर्नि-कपालमा दर्दहुनू, आँखावाट आँसुधेरै आउनू, आँखामा जालोलागनू, आँखारातोहुनू, आँखागाडिनू, आँखाडेढागरिहेरनू, आँखा टलपलगरी टाढा टाढा हेरनू, कानकराउनू, कानदुखनू, घाँटीभित्र काँढाउम्रे जस्तोभइ दुखनू, तन्द्रालागनू, लट्ठपरनू, वरवराउनू, खोकीलागनू, दमआउनू, अरुचिहुनू, रिङटालागनू, जिउरोडढेको जस्तो कालो र खस्रो हुनू, जिउफतक गलनू, कफ-रगत-पित्त मिसियेको थूक आउनू, टाउको नठहरनू, (शिरहल्लनू), प्यासलागनू, निद्रानपरनू, छातिमा दर्द-हुनू. धेरैवेरमा पसीना मल-मूत्र अलीकति आउनू, ज्यादा दुवलो नहुनू, घाँटीवजनू, अरिङाल वछयूँले टोकेजस्ता चिलाउने भावर निस्कदै हराउदै गर्नू, नवोलनू, नाक-मुख-

epal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: M

कान-गुदद्वारहरुमा खटीराहुनू, पेटभारीहुनू, वात-पित्त-कफमा-सामता (आम सहित) हुनू, हाँसनू,-गाँउनू-नाचनू-इत्यादि विकृत चेष्टागरनू, इ लक्षण हुन्छन् ।

एसमा कर्तव्य-

यो व्याधि वडो बलवान् छ, एसमा होशियारीसाथ धैर्य विचार पूर्वक पहिल्यैदेखि औषधी खुवाउनू, सातौं-दिनमा, दशौदिनमा वाहौदिनमा वढदछ, एती अवधी नघाउनसके डरछैन ।

एसमा गर्नुपर्ने साधारण उपाय ।

वातप्रधानभयेको सन्निपात छ भने ३ दिन लंघन गराउनू पित्तप्रधानभयेका सन्निपातछ भने ५ दिन लंघन गराउनू । कफप्रधानभयेको सन्निपातछ भने १० दिन लंघन गराउनू । तावामा बालुवा भुटनू पुरानू (अमिलीये-को) दही छर्कनू अथवा काञ्जिक छर्कनू, र त्यो बालुवा कपडामा पोकोपारि दर्दभयाका ठाउँ ठाउँमा सेकनू, दर्दको ठेगाना न भये पाउमा सेकनू । वेहोशीमा 'मरिचादिनस्यको' * नस हालनू, तन्द्रा मोहमा * 'सन्निपाताञ्जन' आँखामा लाउँनू । कफवढेमा 'सन्निपातावलेह' * चटाउनू।

सन्निपातज्वरमा खाने औषधी,-

(२८) वृहत्यादिगणवटी * रात दिनमा ६ पटक-

---

* ई सब औषधी यशोदा पुस्तकालयमा पायिन्छन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

सम्म, ३ गोलीको मात्रागरि सूठोपानीसँग खुवाउनू ।

सिंहास्यादिकषाय

कण्टकारी, कैरुवा, नीम, जेठीमधु, धनियाँ, सुठो, देवदारु, वोझो, इन्द्रजौ, गोखुर, पिपरामूल, समभागगरि, ३ मासा औषधी ८ मुठी पानिमा पकाइ, १ मुठी बाँकिराखि मन्तातोगरि दिनको ३ मात्रासम्म पारनू ।

(२९) नवरस ❋ सन्निपातज्वरमा योरस अतिउपयोगि छ । वातपित्तकफको अधिकता न्यूनताको केही विचार पाउन नसकेमा, सन्निपातका उपद्रववढी मायामारने वखतभयेमा पनि यो रस तत्काल फायदा गर्दछ । यो रस हाम्रा नेपालदेशवाहेक अन्यत्र वन्नसकेको छैन, योरस आयुर्वेदपारदर्शी ठूला २ विद्वानको अद्भुत आविष्कार, हो ।

बालवृद्धस्त्रीपुरुषपठितमूर्खसवजना नवरसको महिमा जान्दछन् । वैद्यहरुको अनुकूलनपरनेठाँउँ (पाखापर्वतमा) पनि जरोकच्पचियेमा नवरसखुवाउने सिद्धान्त सवजनाले गरदछन् । परन्तु' योनवरस बहुमूल्यपनिछ, यथार्थगरीवनेको पनि सहसा पाइदन, । यो कुरो अनुभवी हरुलाइ थाहा छ । त्यो अनुपपत्ति (न्यूनता) हटाउनालाइ हामिले परिश्रमगरि यथार्थगरि वनायेर सवजनालाइ सुलभ हवोस भन्नाका निमित्त सस्तोमोलमा दिने वन्दोवस्त गरेका छौं ।

❋ ई सव औषधी असल शास्त्रोय विधिले पं० बालकृष्णाचार्यजीले वनायाका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

३ गोलीसम्मको १ मात्रा हुन्छ। एसको अनुपान घोटताप्रेको रसहो। अरू अरू ज्वरमा हेरेर जिरापानी तुलसीपत्रको रस पनि रोग हेरेर दिनु पर्छ।

(३०) मृत्युञ्जयरस * अदुवाकोरसमा २।३ थोपामहमिलाइ २ लालसम्मको मात्रागरि योरस खुवाउनू। सन्निपातज्वरमा योरसपनि विचविचमा खुवाउँदैगरे फायदा हुन्छ।

(३१) सन्निपाततूलानलरस * चितू–अदुवा दुइथोककोरसमा सिंधेनूनमिलाइ त्योअनुपानमा ५ लालसम्मको मात्रागरि योऔषधीखुवाउनू। असाध्यसन्निपातज्वरको शमनहुन्छ। क्षुधावढदछ। कफहटदछ। वातशमनहुन्छ। १ दिनमा ३ पटकसम्म खुवायेपनि हुन्छ। रोगीलाइ भोकलाग्योभने दहिभात खुवाउनू।

(३२) सन्निपातमृत्युञ्जयरस * भृङ्गिराजकारसको अनुपानगरि १ गोलीको मात्रा खुवाउन्। योऔषधिखायेपछि केहीवेरमा पसीना आउँदछ। डाहहुन्छ। छट्पटीहुन्छ। तर नडराउनू, पसीनाडाहछट्पटीभयोभने औषधीले गुणगऱ्योभनि बुझ्नू र रोगीले माग्योभने दही भात चीसो पानिखुवाउनू। सर्वाङ्गशीतलभयेमा, जरो विषमभयेमा, २ मात्रा योऔषधीपर्नेवित्तिकै फायदा हुन्छ, सूजमा,

* ई सब औषधी यशोदा पुस्तकालयको औषधालय विभागमा यथार्थ विधिले बन्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

घाँटिमा कफकोघुरघुरशब्दहुनलागेकावेलामा, पनि योऔषधीपऱ्योभने आरामहुन्छ, सबप्रकारका सन्निपातकोमृत्युलाइ जितनेहुनाले सन्निपातमृत्युञ्जय भन्ने नामगरी श्रीशिवजीवाट योऔषधी प्रकाशभयेको हो, प्रत्येकगृहस्थहरुले योअपूर्वऔषधी संग्रहगरिराखनू योग्य छ, वखत्माएसले ठूलो काम दिन्छ, सन्निपातमा एसभन्दा ठूलो अर्को औषधि छैन ।

(३३) सन्निपातविध्वंसकरस * दशमूलक्वाथको अनुपानमा १ गोलीको मात्रागरि खुवाउनाले उपद्रवसमेतको डरलाग्दो सन्निपातज्वर दूरभइ चाँडो आरोग्य हुन्छ, जस्तो गरुडआयेपछि भयङ्कर छतापनि सर्प निष्पराक्रम हुन्छ, तेस्तै योऔषधी पेटमा पुग्नाकासाथ घोर सन्निपातपनि शान्त हुन्छ ।

विषमज्वर—

ज्वरले छाडेपछिपनि ज्वरांशरहेको हुन्छ, निःशेषगरि नहटेको त्योज्वरांश—रस—रक्त मांस-मेद-अस्थि-मज्ज-शुक्रस्थानमा घुसतछ र, वढेर विषमज्वर आउँछ ।

अथवा—पहिलेको पुरानुज्वरांश नभये पनि, हालका ज्वरको पूर्णरूपअवस्थामा अपथ्यपर्नाले प्रारम्भैदेखि विषमभइ ज्वर आउने पनि हुन्छ ।

---

१. असल औषधी यशोदा पुस्तकालय आयुर्वेद औषधालय विभागमा पाइन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

'दोषोल्पोहितसंभूतो ज्वरोत्सृष्टस्य वा पुनः
धातुमन्यतमंप्राप्य करोति विषमज्वरान्' [मा.नि.]
आरम्भाद्विषमो यस्तु .... [सुश्रुत०]

विषमज्वरको लक्षण—

यो ज्वर आउने वखत्को ठेकाना हुदैन, कसैलाइ जाडो-भइ आउँछ, कसैलाइ गर्मीभइ आउँछ, जरो एकनास रहदैन एस्तोज्वरलाइ विषमज्वर भन्दछन् ।

विषमज्वर कतिप्रकारकोछ ?

सन्तत–सतत–अन्येद्युष्क–तृतायक–चतुर्थक–इ ५ विषम-ज्वरका मुख्यभेद छन् (पाञ्चमिक–षाष्ठिक–पाक्षिक–मासिक –वार्षिक–ज्वर पनि विषमज्वर हुन् , तर तोज्वरपनि पहिले इनै पाचभेदमध्यका कुनै हुनन्, पछि पाञ्चमिक आदिगरेका ज्वर जीर्ण ज्वरमा अन्तर्गत हुन्छन् भन्ने आशयले विषम ज्वरका मुख्यभेद पाँचै छन् भनि आयुर्वेदाचार्य माधवले ५ भेदमात्र लेखेका हुन् ।

इ ५ का लक्षण—

७ दिन–१० दिन–१२ दिनसम्म (वातमुख्यकुपित-भये ७ दिनसम्म, पित्तमुख्यकुपितभये १० दिनसम्म, कफ-मुख्यकुपितभयेमा १२ दिनसम्म) विषमज्वर निरन्तररहेर, आठौंदिन, एघारौंदिन, तेह्रौंदिनदेखि घटनेवढनेभइ आउन-लागेका रसस्थानमा रहेका विषमज्वरलाइ 'सन्ततज्वर' भन्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

एसमा कर्तव्य—

सन्निपातज्वरमा जेजे उपाय लेखियेका छन्, तीसब उपाय गर्नु पर्छ।

एसको पहिचान—

शरीरभारो हुन्छ, भित्रदेखि वाक्वाक्आउँछ, वमनहुन्छ, अरुचि हुन्छ, शरीर ज्यादा गल्दछ।

सततज्वरको लक्षण.

अहोरात्रमा ('२४ घंटामा) २ फेरआउने, (अर्थात्' दिउसो २ टाइम, राती २ टाइमआउने,' अथवा, दिउसो १ टाइम, राती १ टाइमआउने),' रक्तस्थानमा घुसेको विषमज्वरलाइ सततज्वर भन्दछन।

एसज्वरमा र अन्वेद्युष्क-तृतीयक-चतुर्थकज्वरमा मुख्यकर्तव्य—

ज्वरआउने टाइमको र, ज्वरआउँदाहुने लक्षणको पूरा विचारगरि कुनदोष मुख्य कुपितभयेको रहेछ, सो बुझि–वातज्वर–पित्तज्वर–कफज्वरमा जेजे कर्तव्यवताइयेको छ, तदनुसार गर्नु. विषमज्वरमा कहियेका औषधी पार्नु।

ज्वरका टाइमले दोषकोपको मुख्यता बुझ्ने रीति—

दिनको र रात्रिको पछिल्ला (चौथा) प्रहरमा वायुकुपित हुन्छ, तेसैटाइममा जरोआयो, वातज्वरमा वयानगरेका लक्षणपनि मिले भने वातप्रधानज्वरहो भनिवुझ्नु।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: M

अथवा, ज्वर घटने टाइयमको विचारवाट पनि दोष छुट्टिन सक्तछ। दिन-रात्रिको चौथा पहरमा ज्वरघट्यो भने त्यो ज्वर वातज्वर रहेनछ. भनि बुझेर कफपित्त २ मध्येका लक्षण विचारगरि, कफज्वर अथवा पित्तज्वर क्याहो सो छुट्याउनू।

मध्याह्न र मध्यरात्रमा ज्वर घट्योभने पित्तज्वर रहेनछ भनि बुझेर वाकी कफ वात २ मध्येका लक्षण विचारगरि, कफज्वर अथवा वातज्वर क्याहो सो छुट्याउनू।

कहीं सततज्वरको विपर्यय पनि हुन्छ—

अहोरात्र ज्वरआइ रहन्छ, दिउसो १ टाइम, राति १ टाइम, अथवा दिउसो २ टाइम, राति २ टाइम, घट्छ भने, सततविपर्ययज्वर भन्दछन्। एसमा पनि टाइम र लक्षणले दोष छुट्याइ तत्तत्ज्वरमा कहेको कर्तव्य र विषमज्वरका औषधी पार्नू।

अन्येद्युष्कज्वर—

यो ज्वर मांस (मासु) मा घुसेको हुन्छ। अहोरात्रमा (२४ घण्टामा) कोही टाइममा १ फेर चढ्दछ।

एसको पहिचान—

पिडौंलाहरू फर्कन्छन्, प्यासज्यादा लाग्दछ, दिशापिशावज्यादा हुन्छ, ज्वरको वेग कडा हुन्छ, छट्पटी हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

एसमा कर्तव्य—

ज्वर आउने टाइम र लक्षण विचारगरि दोष छुट्याउनू, जुन् दोषको कोप बुझिन्छ तदनुसारको पथ्याहार र विषम-ज्वरका औषधी पानू ।

तृतीयकज्वर—

यो ज्वर मेदोगत (वोसोमा घुसेको) हुन्छ, एस ज्वरमा २ दोष कुपित भयेका हुन्छन् । ज्वर आयेका ३ दिन्कादिन (१ दिनविचमाछाडेर) यो ज्वरचढद्छ, वात र पित्त कुपितभयेकाभये, शिरवाट जरोचढदै आँउँछ, वात र कफ कुपितभयेकाभये, पृष्ठ (पिठ्यूँ) वाट जरोचढदै आँउँछ, कफ र पित्त कुपितभयेकाभये, कम्मरवाट जरोफुटी चढदै आँउँछ,

एसको अरु पहिचान—

पसिना खूव आँउँछ, प्यास ज्यादालागछ, मूर्च्छा हुन्छ, प्रलाप हुन्छ, वमन हुन्छ, शरीर ज्यादा गन्हाँउछ, रुचि कत्तिहुदैन, सर्वाङ्गमा खपिनसक्नू दर्द हुन्छ, रीस ज्यादा वडद्छ,

एसमा कर्तव्य—

जरोफुटीचढने ठाँउँ र टाइमका अनुसारले कुन्कुन्दोष कुपितरहेछ, सो वुझि तदनुसारको पथ्य र विषमज्वरमा वताइने औषधी पानूँ,

epal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: M

चतुर्थक [चातुर्थिक] ज्वर.

यो ज्वर अस्थि-मज्जगत (हाड—मासिमाघुसेको) हुन्छ. एसज्वरमा कफ र वायु इ २ विशेष कुपितहुन्छन्, कफ प्रधानकुतिकभयेको रहेछ भने घुँडावाट जरोचढदै आउँछ वात कुपित रहेछभने शिरवाट जरो चढदै आँउँछ ।

यसको अरूपहिचान.

योज्वर हाडसम्म मात्रैपुगेकोभये, ठाँउ ठाँउका हाडमा बडोदर्दहुन्छ, अन्त्रकूजन (आन्द्रामाअवाजआउने) हुन्छ, दमहुन्छ. झाडा लाग्दछ, वमन हुन्छ छटपटी हुन्छ,

मासिसम्म घुसेको भये, अन्धकारले छोपेझै झ्याम्म हुने हुन्छ, हिक्का लाग्दछ, खोकी लाग्दछ, वमन हुन्छ, लामू दम चल्दछ, मर्म मर्ममा ज्यादा दर्दहुन्छ,

एसमा कर्तव्य.

माथिलेखियेका जरोचढने २ प्रकारमा कुन् प्रकारसँग जरो चढदछ सो र ज्वरका लक्षण समेत विचारगरि कुपित भयेका दोषको निर्णयगरि तदनुसारको पथ्य र विषमज्वरमा वताइका मुख्य मुख्य असल औषधि पार्नू तुरन्त सर गर्छ ।

चातुर्थिकज्वरको विपर्ययपान हुन्छ ।

२ दिन लगालग जरो आइ, एकदिनछाडी, फेरी २ दिन लगालग आइ, १ दिन छाडने जरालाइ 'चातुथिक विपर्यय' नामक विषमज्वर भन्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

एसमा कर्तव्य

कफ र वातमा मुख्य कुन् कुपितछ, लक्षणले सो बुझ्नु र तदनुसारको पथ्य र विषमज्वरका औषधी पार्नू ।

सबै प्रकारका विषमज्वरमा होशियारी–

योग्य पथ्यापथ्यविचार, र उत्तम चिकित्सा भयेन भने ई सब ज्वर गडदै जान्छन् र शुक्रस्थानमा पुग्दछन् ।

शुक्रस्थानमा पुगेको लक्षण–

ज्वर कडा रहन्छ, लिङ्ग् ठरो हुन्छ, वीर्य चुही रन्छ ।

एसमा कर्तव्य पारलौकिक औषधी

दशदान, ऋणधेनु, पापधेनु, मोक्षधेनु, इत्यादि दान झट्ट गर्नू, भगवद्गीता भागवततरु सुनाउनू, घाटलाने इन्तजाम गरी हाल्नू ।

सबैतरहका विषमज्वरमा आवश्यकीय विचार

कोही विषमज्वरमा—कफ-वायु त्वक् (छाला) मा घुसेका हुनाले पहिले जाडो हुन्छ, ति कफ वायुको वेग, तातापानी-गरमकपडा कम्पलहरुले घटे पछि, पित्त वढदछ र पछिवाट जरो, दाह, छट्पटी, हुने हुन्छ ।

कोही विषमज्वरमा – त्वक् (छाला) मा पित्त फैलियेको हुनाले पहिले खूब दाह छट्पटी हुन्छ, त्यो पित्तको वेग टाइम औषधिहरूले घटेपछि, कफवात वढदछन् र पछिवाट खूब जाडोहुने हुन्छ । जाडो भई आउने जरो साध्य छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: M

जाडो भइ आउने जरो साध्य छ।
दाहभइ आयेर पछी जाडोहुने जरो कष्टसाध्य छ।

कोही विषमज्वरमा—सर्वाङ्गमा जरो रहने, हात पाउ, चिसोहुने हुन्छ, एसमा-'पित्तव्यापक भयेछ, कफ शरीरान्त (हात खुट्टा) मा रहेछ' भनि बुझनू यस्तो विचार गरी औषधीपारनू।

कोही विषमज्वरमा—हात पाउ ताता रहन्छन्, अरु अंगठण्डा रहन्छ, एसमा कफ व्यापकभयेछ, पित्त छेउलागेछ भनि बुझनू।

विषम ज्वरमा साधारण कर्तव्य—

विषमज्वरमा लंघनको आवश्यकता छैन औषधीपनि विषमज्वरमा पहिल्यैदेखि पार्नु पर्छ, तर विषमहोकि होइन एसको निर्णय राम्रो हिसावले गर्नु पर्छ, विषमज्वरको लक्षण र पहिचानको पूरा निर्णयगर्नू र कुन् दोषको मुख्यता छ सो बुझि तदनुसारको पथ्यमा राखी तल लेखियेका औषधी मध्ये कोही खुवाउनू, ५ मात्रासम्म औषधीको वाटोहेरी फायदा नभये अर्को औषधि पारनू, जहाँ लेखियाका औषधी एक भन्दा एक असल छन्।

विषमज्वरका अनुभवसिद्ध औषधी—

(३४) ज्वरांकुशवटी * तातोपानीसँग ३ गोलीसम्म खानाले विषमज्वर हट्छ।

---

* ई सब औषधी औषधालय विभागका यशोदा पुस्तकालयमा पाइन्छन्।

३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

(३५) **ज्येष्ठवासादिचूर्ण** ❋ वातपित्त-कफवाट भयेको सब तरहको विषमज्वरलाइ र कमलपित्त, साधारण पित्तविकारलाइ एसले दूर गर्छ ।

(३६) **सुदर्शनवटी** ❋ एक दोषवाट भयेका दुइ दोषवाट भयेका त्रि दोषवाट भयेका दाहपूर्वक-शीतपूर्वक अन्तर्गत बहिंगत पक्व अपक्व साध्य असाध्य सब तरहका ज्वर र, खराब हावापानीले भयेका सब प्रकारका ज्वर र, रोगविरुद्ध औषधी परेर विग्रेको ज्वरमा तत्काल गुण हुन्छ, फीयो, कलेजो, गोला, को वेमारी समेतलाइ अवश्य फायदा हुन्छ, जस्तै विष्णुको चक्र दैत्य-दानव-राक्षसहरुको संहार गर्छ, तेस्तै माथि लेखियेका रोगलाइ एस ओषधीले निःशेष गर्छ, अनुपान तातोपानी, मात्रा ३ गोली सम्म ।

(३७) **ज्वरभैरववटी** ❋ एक दोष दुइ दोष त्रि दोष कुपितभइ आयेका सब जरामा एस औषधीले वडो गुण गर्छ, दाहपूर्वक शीतपूर्वक कष्टसाध्य सब तरहका ज्वरमा यो औषधी अमृत तुल्य छ, रोगविरुद्ध औषधी पार्नाले विग्रेको ज्वर समाल्नलाइ यो अति श्रेष्ठछ, अग्निमन्द भयेमा, कलेजाको वेमारीमा, फीयाको व्यथामा पाण्डुरोगमा, अरुचिमा, पेटका सब वेमारीमा, अन्त्रवृद्धि (आन्द्राको वेमारी हरिनियामा) रक्तपित्तमा, खटिरापटिराहरूमा, सूजमा, कपाल दुखेमा, वायुको विकारमा, पनि यो औषधी उत्तमोत्तम छ, खास श्रीभैरव-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: N
आयु ९६

जीले लोकोपकारका निमित्त यो औषधी प्रकाशगर्नू भयेकोहो, भनि आयुर्वेदमा लेखियाको छ, अनुपान विहिकोरस, मात्रा २ गोली सम्म ।

(३८) महाज्वरांकुशवटी * सन्तत-सतत-एकुन्द्रो-चातुर्थिक-द्व्याहिक-त्र्याहिक सत्र ज्वरमा यो उत्तम छ, कक्पचियेका सब तरहका जरालाइ निर्मूलनाशगर्छ, अनुपान काठेज्यामीरको बिजाकोरस, अथवा अदुवाकोरस । मात्रा २ गोली सम्म ।

(३९) उदकमञ्जरीवटी * यो औषधी सब तरहका विषमज्वरमा गुणकारी छ । औलाको जरो कच्पचियेर यथाभावीगरेर आउन लागेमा यो औषधी अमृततुल्य छ, यो औषधी आफना गुणले जगत्प्रख्यात भयेकोछ । अनुपान अदुवाकोरस, मात्रा २ लाल सम्म ।

(४०) सर्वज्वरहरलोह * यो औषधीपनि तिनै दोषवाट भयेका सन्निपातज्वर-विषमज्वर-जीर्णज्वरमा उत्तम गुणकारीछ, वात पित्त कफको सांकर्य (छ्यास् मिस्) भइ रोग विशेष चिन्ह न सकेमा यो औषधी पारनू पर्छ फीया चढेमा मुट्ठ-कलेजाको विमारीमा, पनि एसले चाडो फायदा गर्छ । अनुपान अदुवाकोरस, मात्रा २ गोली सम्म ।

(४१) ज्वरमृत्युञ्जय * महसँग ४ गोलीसम्म खानाले सब तरहका ज्वरमा आराम हुन्छ, दहिको पानिसँग खानाले वातज्वर हटछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

भयंकर सन्निपातमा अदुवाकोरससँग खानाले वडो गुण हुन्छ, ज्यामीको बिजाको रससँग खानाले अजीर्णवाट उठेको ज्वर हटछ, जीरा र पुरानुचाकु (गुण) सँग ४ गोलीसम्म खानाले विषमज्वरमा फायदा हुन्छ, बाल वृद्धहरुको अवस्था बल विचारगरि १ गोली १। गोलीसम्म पार्नू, औषधि खायेको १ प्रहरैमा जरो हटछ।

कफक्षयमा, वात पित्तजन्यदाहमा, मिश्री र नरिवलको दूदसँग खानाले वडो चमत्कारसाथ-शुष्कभयेको कफ रसायेर दुरुस्त हुन्छ, दाहपनि तुरन्त हटछ, नरिवलको दूद न पायेमा बाख्रीका दूदसँग खानू पर्छ, अतिसार आदि गरेका अरु अरु सव रोगमा रोगका अनुसारको अनुपानगरि यो औषधी खानाले सव रोग हटछन्।

(४२) जयमंगलरस * जिरा र महको अनुपानगरि २ लालसम्मको मात्रागरेर यो औषधी खानाले कहिल्यै न छोडने पुरानू जीर्णज्वरपनि निःशेषभइ आराम हुन्छ।

अरु साध्य-असाध्य ८ प्रकारकाज्वर र सव तरहका विषमज्वरलाइ हटाउँछ अरु औषधीले हटाउन न सकिने शुक्रस्थानमा पुगि सकेको अन्तरगतज्वर पनि एस औषधीले हटाइ दिन्छ, सव रोगलाइ अनुपानमिलाइ खानाले

* ई सव औषधी पं० बालकृष्णाचार्यजीकाहीं तयार गरिन्छन्।

epal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: M

हटाउँछ ताकतदिन्छ, शरीर पुष्टगराउँछ भनि शिवजीले यो रस लोकोपकारार्थ प्रकाशगर्नू भयेको हो भनि वैद्यशास्त्रमा लेखेकोछ ।

(४३) **विषमसूदनरस** ❀ मिश्री जिरापानिसँग २ गोलीसम्म यो औषधी खानाले सव तरहका विषमज्वर, सन्निपातज्वर नष्ट हुन्छन् जरो अन्तरगतभई छट्पटी प्रलाप-दम-शीत देखियेमापनि यो औषधीपर्नगयो भने तुरन्तफायदा हुन्छ, ज्वरका सन्निपातका सव उपद्रव देखदा आशामारी सकेका रोगीहरुहलाई यो औषधीपारदा धेरै ठाउँमा आराम भयेको अनुभवछ, यो औषधी पारेमा, नुनिलो-वस्तु न खुवाउँनू, मिश्रीहालेको दूद भात मात्र खुवाउँनू ।

(४४) **बृहत्कस्तूरीभैरवरस** ❀ यो औषधी अदुवाका रसको अनुपानगरि २ लालसम्मको मात्रागरेर खानाले सव तरहका विषमज्वर, त्रिदोषज्वर, द्वन्द्वज्वर, भूतलागेकोज्वर, डाकिनी शाकिनीको आवेश भयेमा हुनेज्वर, टुनामूनाले आयेकोज्वर, जीर्णज्वर, नवज्वर, लाग्छाड् हुनेज्वर, निरन्तरज्वर, ऐकाहिकज्वर, द्वयाहिकज्वर, त्र्याहिकज्वर, (एकुन्द्रोज्वर) तीजरो, चातुर्थिकज्वर, ४ दिन विराइ आउने पाञ्चमिकज्वर, ५ दिन विराइ आउनेज्वर-षाष्टिकजरो, ६ दिन विराइ आउनेजरो, १५ दिनकादिन

❀ ई सव औषधि यशोदा पुस्तकालयमा पायिन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

आउनेजरो, १ महिनामा आउनेजरो, ई सब जरो विध्वंस हुन्छ। वेलकोरस महको अनुपानमा खानाले असाध्य आमातिसार, ज्वरातिसार, ग्रहणी, अग्निमान्द्यमा फायदा गर्छ। रसदोषमा पनि एसले फायदा गर्छ।

विषमज्वरमा सुलभ अनुभूत सहज उपाय—

(१) **सन्ततज्वरमा**—इन्द्रजउ परवरकोपात कुट्की इ औषधीको षोडशावशेषकाढाखानू।

(२ **सततज्वरमा**—परवरकोपात शारिवा (दूद-कोसी) मोथे वाटुलपाते कुट्की इन्को काढाखानू।

(३) **अन्येद्युष्कज्वरमा**—नीम परवरकोपात हर्रो वर्रो अमला मुनकादाख मोथे ठूलोकुन्हो इन्को षोठशाव-शेषकाढा खानू।

(४) **तृतीयक (एकुन्द्रो) ज्वरमा**—चिरा-इतो गुर्जो रक्तचन्दन सुठो इन्को काढाखानू।

(५) **चातुर्थिकज्वरमा**—गुर्जो अमला मोथे इन्को काढाखानू

सब (पाँचौ) विषमज्वरमा— मोथे अमला गुर्जो सुठो विहि इन्को काढामा पिपलाकोधुलो र महमिलाइ खानू, अथवा कालोजीरा पुरानूगुड (चाकु) इ २ थोक बरावर मिलाइ खाने अभ्यासगर्नू अथवा मरिचकोचूर्णमिलाइ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

तुलसीका पातकोरस खानू। अथवा जीरा मरिच गुण (चाकु) इ ३ थोक मिलाइ खाने अभ्यासगर्नू। अथवा सुठो जीरा पुरानू गुड (चाकु) इ ३ थोक समभागगरि तातोपानि अथवा महीसँग खाने अभ्यासगर्नू इ सब उपाय थाङनियेका पुरानाज्वरमा अति गुणकारी छन्।

फीयासमेतकोज्वरमा— शालिपर्णी पृश्निपर्णी विहि कण्ठकारि गाखुर हर्रो रोहिणी इ ७ औषधि (यथालाभ) को समभागगरि अष्टावशेषकाढामा जवाखार १ मासा पिपलाकोचूर्ण २ लाल मिलाइ खाने अभ्यास गर्नू।

× ई ज्वरमा प्रयोग (टूना)

अपामार्गको जरा अथवा भृङ्गिराजकोजरा पुष्यनक्षत्र-आइतवार-मंगलवारका दिन शुद्धभई उखेलनु र रातोधागामा बाँधि घाँटिमा लाउनू एकुन्द्रोजरो जान्छ। आइतवारकादिन अपामार्गको जरा उखेले र ७ डोरा रातोधागोमा बाँधि कम्मरमा बाँधनालेपनि एकुन्द्रो जान्छ। अथवा उलूक (लाटोकोसेरो—झुल्का) को दाहिनेतर्फको प्वांख उखेलेर सेतोधागामा बाँधि रोगिको वाबाकानमा झुंड्याउनाले एकु

× इ माथिलेखियेका ढुना गर्दा रोगीले फलानू जरी बुटी हो भनि थाहा न पावास। गुप्त औषधीमा विश्वास ज्यादा हुन्छ। श्रद्धा विश्वास छैन भने ठूला २ औषधाले पनि प्रायः फायदा गर्न शक्तैनन्। "श्रद्धामयोऽयं पुरुषो यो यच्छ्रद्धः सएवसः" [भगवद्गीतामा छ]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

न्द्रोज्वर नष्ट हुन्छ । पिपलाका पातमा रक्तचन्दनले "समुद्रस्योत्तरे तीरे द्विविदो नामवानरः ऐकाहिकं ज्वरं हन्ति लिखितं यस्तु पश्यति" यो मन्त्रलेखेर रोगिलाइ देखाइ दाहिनेपाखुरामा बाँधिदिनू एकुन्द्रो हटछ । अथवा रोगिको कानेगुजी र तिलकोतेलमिलाइ वत्तिभिजाउनू त्यो वत्तिबालि गाजलपार्नू सोगाजल रोगिलेआँखामा लाउनू एकुन्द्रोजरो निकोहुन्छ । आइतवारकादिन मुखनधोइकन अपामार्गको जराउखेली सातडोरा रातोधागोमा बाँधि रोगीको पिठमा लात (लात्ति) अड्याइ रोगीका कम्मरमा ३ फन्कागरि त्यो बाँधनू तिजरो निको हुन्छ । सेताफूलहुने आँक अथवा सेतोफूलहुने करवीरको जरा अश्विनीनक्षत्रभयेकादिन उखेलनू र चौलानिमा घोटी खानदिनू चातुर्थिक्ज्वर नष्ट हुन्छ । अगस्त्यवृक्षको पातकोरसको नस हालनाले पनि चातुर्थिकज्वर हट्छ । पुष्यनक्षत्रकादिन जयन्तीकोजरो उखेलेर शिरमा (ठुपि–चुल्ठामा) बाँधनाले सबतरहको विषमजरो नष्ट हुन्छ । काकमाची (कवई) को जरा बारपारी उखेलेर कानमा बाँधनाले रात्रिजरो (राति राति आउने जरो) नष्ट हुन्छ ।

आगन्तुकज्वर विचार—

एस्मा अकस्मात् पहिले ज्वर आउँछ, पछि वात-पित्त-कफ कुपित हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

[चरक] 'आगन्तुर्हि व्यथापूर्वमुत्पन्नो जघन्यं वातपित्तश्लेष्मणां वैषम्यमापादयति'

आगन्तुकज्वरको निदान

शस्त्र-मुष्टि-लहुरो-इत्यादिवाट चोटपर्नाले, लोटनाले, ज्यादापरिश्रमले, काम-क्रोध-भय-शोक ज्यादा हुनाले, भूत प्रेतादिको आवेशले, अभिचार (प्रयोग) पर्नाले, आगन्तुक-ज्वर आउँछ ।

आवेश अभिचारवाट उठेकाज्वरमा तिनै (३) दोष कुपित हुन्छन्, क्रोधज्वरमा पित्त कुपित हुन्छ ।

काम-शोक-भय-प्रहार-परिश्रमवाट उठेका ज्वरमा वात कुपित हुन्छ ।

आगन्तुकज्वरको पहिचान	आगन्तुकज्वरको चिकित्सा
कामज्वरमा—रिगँटा अरुचि, छट्पटी, लज्जानाश, निद्रानाश, धैर्यनाश. हुन्छ ।	एस्मा - ठण्ढाईका निमित्त कमल-उशीर-श्रीखण्डहरु उत्तम छन्, चित्तशान्तिगर्ने उपाय उत्तम छ, ब्रह्मचर्य अपथ्य छ ।
क्रोधज्वरमा—पित्तज्वरका अरु लक्षण र कम्प विशेष हुन्छन् ।	एस्मा—इष्टवस्तु दिनाले, हपकाउनाले, तर्साउनाले, मन बुझाउनाले, शान्ति हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

भयज्वरमा– वातज्वरका अरु लक्षण र प्रलाप विशेष हुन्छ ।	एस्मा–धैर्य दिनाले, फुल्याउनाले, इष्टवस्तुदिनाले, खुशीपार्नाले शान्ति हुन्छ ।
शोकज्वरमा–वातज्वरका अरु लक्षण र प्रलाप विशेष हुन्छ ।	एस्मा–ज्ञानोपदेशले, धैर्यदिनाले, इष्टवस्तुदिनाले शान्ति हुन्छ ।
आवेशज्वरमा – तर्सनू-हाँस्नू–वर्वराउनू-रूनू ई विशेष, जरो कडा हुन्छ।	एस्मा-मन्सनू, झाफुक, गर्नू चण्डी-रुद्री - वटुकभैरवहरुको पाठहरुवाट फायदा हुन्छ ।
अभिचारज्वरमा–वेहोशी-मूर्छाछट्पटी रिगँटा-प्यास विशेष हुन्छ, प्रतिदिन जरो वढ्दै जान्छ ।	एस्मा – जप-पाठ-होमगर्नू, सर्वारिष्ट शान्तिका निमित्त तिल-सुन-गाइ-दानगर्नू शान्तिसूक्त सुन्नू फायदा गर्छ ।
प्रहार (ठोकर) ज्वरमा–वातज्वरका सामान्यलक्षण र ठोकर लागेका ठाउँमा विशेष दर्द हुन्छ ।	एस्मा–गर्मी न पार्नू, वातशमनगर्ने आहारगर्नू, चोटपटकको यथोचित चिकित्सा गर्नू ।
श्रमज्वरमा– वातज्वरका सामान्यलत्तण र ग्लानि ज्यादा हुन्छ ।	एस्मा–मर्दनगराउनू, दिउसो सुतनू, वलवर्धक आहारगर्नू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

(पुराना) जीर्णज्वरको विचार—

१४ दिनपछि सबैजरो जीर्णज्वर कहिन्छ, प्रायः मन्द वेगगरि आउने हुन्छ ।

(पुराना) जीर्णज्वरमा पथ्य—

विरेचन, वमन, नस्य, औषधीतैलाभ्यंग, बाख्रीकोदूध, गाइकोदूध, बाख्रीकोघिउ, गाइकोघिउ, पुराना चामल, मूग-मसूरो-रहरको दाल, मेथी-चंसूर-बेथु-परवर-करेला भन्टा-पुनर्नवा-घिरौला-चिचिन्डा-तितौराको तर्कारी, तित्राकुखुरो-कन्याङ्कुरुङ् हरिण-च्याखुरो-बट्टाइ-भँगेराको मासु, गुलियो दाख-अनार लघुभोजन ई पथ्यछन् जातअनुसारले पथ्यदिनु ।

जीर्णज्वरमा अपथ्य—

कहिले धेरै कहिले थोरै खानू, बेटाइममा खानू, भारी अन्न खानू, परिश्रम, स्त्रीसेवा, स्नान, हिडनू, दिउसोसुतनू, शीत, ई कुरा अपथ्य छन् । ज्वरमा अलि-कति परिश्रम गर्‍योभनेपनि प्रमेहरोग हुनजान्छ, परिश्रम नपारि वसायेर खुवाउँनू, दिशापिशावपनि कत्ति परिश्रम नपारि गराउँनू, रोगीलाईसर्वथा न हिडाउँनू ।

स्नानाभ्यङ्गदिवास्वप्नशीतव्यायामयोषितः ।
न भजेत ज्वरोत्सृष्टो यावन्नो बलवान्भवेत् ॥
ज्वरे प्रमेहो भवति स्वल्पैरपि विचेष्टितैः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

निषण्णं भोजयेत्तस्मान्मूत्रोच्चारौ च कारयेत् ॥

जीर्णज्वरमा सुलभ औषधी—

कण्टकारी, सुठो–ई–औषधी सम भागगरीथिचथाचपार्नू र १ तोला यो औषधीमा १६ मुठि (अथवा ८ मुठि) पानिहालि पकाउनू १ मुठिबाँकी राखनू, ज्वर दिउसो चढद्छभने ५।७ थोपा महहाली विहान यो काढा १ मुठिखानू, ज्वर राति चढद्छभने २ लालसम्म पिपलाका रायाकोचूर्ण मिलाइ वेलुका येही बमोजीम गरी पकायेको १ मुठिकाढा खानू।

अथवा— शालिपर्णी, पृश्निपर्णी, विहि, कण्टकारि, गोखुर, हर्रो, रोहिणी इ ७ औषधी (यथालाभ) समभागगरि षोडशावशेष काढा बनाउनू, १ मासा जवाखार र २ लाल पिपलाकोचूर्ण मिलाइ १ मुठि त्यो काढा बिहान वेलुका पिउनेगर्नू जीर्णज्वरको दोहोलोहुन्छ, फीयो समेत वढेको जीर्णज्वरमा पनि यो काढा अति उत्तमछ। अथवा–गुर्जाकोकाढा १ मुठिमा पिपलाकोचूर्ण २ लालसम्म मिलाइ पिउनू कफखोकी समेतको जीर्णज्वर हट्छ।

अथवा—गुर्जाको काँचोरस १ मुठिमा मह पिपला मिलाइ पिउनू, जीर्णज्वर–कफ–फीयोखोकीमा वडो फायदा गर्दछ, अथवा–२ लालसम्म पिपलाकोचूर्ण महमा मिलाइ चाटने अभ्यासगर्नू, यो मधुपिप्पलीका सेवाले जीर्णज्वर-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

फीयो–कफविकार–खोकी–दम–उदररोग सब निर्मूलभइ हट्छन् ।

अथवा—अमला, चितू, हर्रो, पिपला, सिधेनून इ औषधी समभागगरि चूर्णगर्नू तातोपानिसँग २ मासासम्म-को मात्रागरि बिहान बेलुका खानू एसले सबतरहको जरो हटाउँछ, दिशाखलासगर्छ, बिग्रेको कफ सपार्दछ, अग्नि-प्रदीप्त गर्छ, खायेको पचाउँछ । अथवा–पिपलाका रायोको-चूर्ण ३ लालसम्मको मात्रा गरि तेसभन्दा दोबर पुरानू गुड (चाकू) सँग खानू, जीर्णज्वर-अग्निमान्द्यखोकी-अजीर्ण-अरुचि-दम-पाण्डुरोगमा आरोग्य पाइन्छ ।

जीर्णज्वरमा विशेष रसादि औषधी—

(४५) सुवर्णमालतीवसन्त * यो औषधी गडेकोजीर्णज्वरमा अति गुणकारीछ । धातुस्थानमा पुगेको जरोपनि एसले हटाउँछ । रगतसमेत आउने क्षयरोगमापनि एसले फायदागर्छ । धेरै दिनसम्म जरोआउँदा आउँदा क्षीण भयेका दुर्बलमानिसले एसैको सेवा गर्नू पर्छ । ज्वरांशहटाइ तागतदिनामा यो बराबर अर्को औषधी छैन । बालकहरुलाइ यो औषधी खुवाउँदा सर्वरोग निवारणहुन्छ । गर्भिणीका सबरोगपनि एसले हटाउँछ । रोगकेहिछैन भनेपनि गर्भिणीस्त्रीले यो औषधीखाये भने गर्भ हृष्ट-पुष्ट-बलवान्-बुद्धिमान्-तेजस्वी भएको सन्तान पैदाहुन्छ । रक्तातीसार नेत्ररोगमा यो औषधी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

अत्युत्तमछ । ठीक ठीक अनुपानमिलाइ यो औषधी खानाले सवरोगमा उत्तम फायदा हुन्छ । ८४ अथवा ४२ मात्रा खानाले केहोवर्षसम्म कौनै रोग लाग्दैन ।

एसको पूर्णमात्रा २ लालसम्म हुन्छ, बाल वृद्ध कमजोर मानिसलाइ यथोचित मात्रा घटाउनूपर्छ, रोगअनुसारको अनुपान गर्नुपर्छ ।

सुवर्णमालतीवसन्तको रोगाअनुसार अनुपान

रोग	अनुपान
(१) जीर्णज्वरमा, फियोवढेमा, अग्नि मान्द्यमा, खोकीमा, दमवढेमा, कफवढेमा ।	(१) असलमह मासा ३, पिपलाकारायोकोचूर्ण २ लालमा मिलाइ बिहान बेलुका खानू ।
(२) धातुत्तय, स्वप्नदोष, दुर्बलता, रिंगँटामा ।	(२) मह ३ मासा, नउनी ५ मासा, मिश्री ५ मासामा, मिलाइ बिहान बेलुका खानू ।
(३) पित्तविकारमा, रक्तातीसारमा, रक्तमूत्रमा ।	(३) गुर्जोकोसत्त्व २ लाल, मिश्री ३ मासा, चौलानी १ मुठि सँग खानू ।
(४) प्रदरमा (स्वास्नीमानिसको रगतको व्यथामा)	(४) कुशकोजरा २ मासाघोटी १ मुठि चौलानीमा मिलाइ तेस सँग खानू ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: N

(५) कृशता-कमजोरी-धातुशिथिलता नेत्ररोगमा।	(५) नउनी ५ मासा, मह ३ मासा, मिश्री ५ मासा-सँग मिलाइ खानु।
(६) गर्भिणीस्त्रीका सर्व-रोगमा।	(६) जयन्तीकोरस ४ मासा-मा, मिलाइ खानु।
(७) क्षयमा, श्वासमा, कासमा।	(७) सितोपलादिलेहमा मि-लाइ खानू।

(४६) ज्वरारिरस * यो रस ज्वरमा अमोघ छ, १० वर्षको पुरानूज्वरपनि एसको सेवाले हटछ, अति जीर्ण-ज्वरले क्षीणभयेका मानिसलाइ यो अमृतहो। ज्वरनिर्मूल-गरि ताकतबढाउनामा यो औषधी बड़ो चमत्कारीछ, श्वास-कासमापनि यो बडो गुणकारीछ, २।४.६ महिनाको जीर्णज्वरमा औषधी गर्दा गर्दा केहीसीप नलागि मानिस प्रायः निराश हुन्छन्, तेस्तामा यो औषधी ५।७ मात्रा-पर्दैमा केही फायदा देखाउँछ, रोग अनुसार २०।२५।३० मात्रासम्म पर्नगयोभने रोग निर्मूलहुन्छ, अनुपान भृंगि-राजकोरस। मात्रा १ लालसम्म।

(४७) जीर्णज्वरारि अभ्रक * वात्तिक-पैत्तिक-श्लैष्मिक-सान्निपातिक-विषम सबतरका ज्वरमा यो उमत्त-

---

* ई सब औषधी यशोदा पुस्तकालयको औषधालय विभाग-मा यथार्थ विधिले बन्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

छ, यकृद्विकार-प्लीह (फीयो) विकार-गुल्म-अग्निमान्द्य-सूज-श्वास-कास-प्यास-कम्प-दाह-वमन रिगँटा समेतको जीर्णज्वर-मा यो औषधी अपूर्व गुणदेखाउँछ। इन्द्रको वज्रपरेपछि जस्तै वृत्तको सर्वनाश हुन्छ; तेस्तै यो औषधी पेटमा परेपछि जीर्णज्वर र तेस्का सबै उपाधिको सर्वनाश हुन्छ, अनुपान-सन्निपातज्वरमा अदुवाकोरस, शीतज्वरमा भृंगिराजकोरस, जीर्णज्वरमा मह पिपला। मात्रा १॥ लालसम्म।

सबतरहकाज्वरमा धार्मिकशिरोधार्य सत्य-श्रेष्ठ-उपाय—

(१) नन्दि-महाकाल-वेताल-भैरव इत्यादिगणले र ब्राह्मी-माहेश्वरी-कौमारी वैष्णवी-वाराही इन्द्राणी-चामुण्डा इ ७ मातृगणले सहितभयेका साम्बसदाशिवको श्रद्धापूर्वक पूजा गर्नाले विषमज्वर हटछ।

(२) हजार शिरभयाका चराचरजगत्का स्वामीभये-का परमेश्वर विष्णुको, विष्णुसहस्रनामस्तोत्रले स्तुतिगरेदेखि सबैज्वर हट्छन्।

(३) ब्रह्मा-अश्विनीकुमार-इन्द्र-अग्नि-हिमालय-गंगा-मरुद्गण इष्टदेवता इनको पूजा र स्तुतिले सबैज्वर हट्छन्।

(४) मातृभक्ति-पितृभक्ति-गुरुभक्ति-ब्रह्मचर्य-तप-पुराणश्रवण-जप-होम-दान-सत्यभाषण-नियम-साधुदर्शन इ धार्मिक उपायले कष्टसाध्यज्वरको शान्ति हुन्छ येसमा अनुभवछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: N

(१) "सोमं सानुचरं देवं समातृगणमीश्वरम्।
पूजयन् प्रयतः शीघ्रं मुच्यते विषमज्वरात्"
(२) "विष्णुं सहस्रमूर्धानं चराचरपतिं विभुम्।
स्तुवन्नामसहस्रेण ज्वरान् सर्वान् व्यपोहति"॥
(३) "ब्रह्माणमश्विनाविन्द्रं हुतभक्षं हिमाचलम्।
गङ्गां मरुद्गणानिष्टं पूजयन् जयति ज्वरम्"॥
(४) "भक्त्या मातुः पितुश्चैव गुरूणां पूजनेन च।
ब्रह्मचर्येण तपसा पुराणश्रवणेन च॥
जपैर्होमैश्च दानेन सत्येन नियमेन च
ज्वराद्विमुच्यते शीघ्रं साधूनां दर्शनेन च"॥

[चरकमहामुनिः]

सबतरहका ज्वरमा साध्यासाध्यविचार—

(१) बाहिर जराको वेगछ, छटपटी छैन, प्यास ज्यादाछैन, श्वासकासछैन, भने त्यो जरो साध्यहो।

(२) बाहिर जराको वेग ज्यादाछैन, भित्रदाहहुन्छ, प्यास-प्रलाप-श्वास-कास-रिगँटा जोर्नि जोर्निमादर्द-दिशाबन्द छ, पसीना आउँदैन भने, त्यो जरो कष्टसाध्यहो।

(३) कष्टसाध्य ज्वरका सबचिन्ह र सूजसमेतछ, रोगीदुर्बल छ, ज्वरआयेको धेरैभयो, कपालकाकेशमा सिउँदो काटेजस्तोगरि केश छुट्टिन्छन्, ज्वरका कारणधेर छन्,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

श्वास-कास-आदिगरेका उपद्रव बलियाछन्, नेत्र-कर्णआदिगरेका इन्द्रियले रूपशब्दहरुको ठीक ठीक पहिचानगर्न शक्तैनन्, बेहोसीभइ छटपटी हुन्छ, उठन शक्तैन, बाहिर-शीत-भित्रडाह छ, रँउ ठाडाठाडा छन्, आँखा रातारात छन्, मुटुमा दर्दहुन्छ, नाकले श्वासफेर्दैन, मुखलेश्वासफेर्छ, हिक्का-दम प्यासछ, आँखा टलपलगर्छन्, एकनाशको दमछ, रोगी गलेको छ भने, असाध्यहो। पहिले वयानगरियेका ज्वरका पूर्वरूपकाचिन्ह धेरै देखियेर ज्वर आयेकोहो भने, ज्वरलाइ अघिसारेर मृत्युनै आयेकोहो भनि बुझनू, अर्थात् तेस्तो ज्वर असाध्यहो।

(१) "सन्तापोऽभ्यधिको बाह्य-
स्तृष्णादीनां च मार्दवम्।
बहिर्वेगस्य लिङ्गानि
सुखसाध्यत्त्वमेव च" ॥

(२) "अन्तर्दाहोऽधिका तृष्णा
प्रलापः श्वसनं भ्रमः।
सन्ध्यस्थिशूलमस्वेदो
दोषवर्चोविनिग्रहः ॥
अन्तर्वेगस्य लिङ्गानि
कष्टसाध्यत्त्वमेव च" ॥

pal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: M

(३)"ज्वरः क्षीणस्य शूनस्य गम्भीरो दीर्घरात्रिकः
असाध्यो बलवान् यश्च केशसीमन्तकृज्ज्वरः ॥
हेतुभिर्बहुभिर्जातो बलिभिर्बहुलक्षणः ।
ज्वरः प्राणान्तकृद्यश्च शीघ्रमिन्द्रियनाशनः ॥
विसंज्ञस्ताम्यते यस्तु शेते निपतितोपि वा ।
शीतार्दितोऽन्तरुष्णश्च ज्वरेण म्रियते नरः ॥
यो हृष्टरोमा रक्ताक्षो हृदि संघातशूलवान् ।
वक्त्रेण चैवोच्छ्वसिति तं ज्वरो हन्ति मानवम् ॥
हिक्काश्वासतृषायुक्तं मूढं विभ्रान्तलोचनम् ।
सन्ततोच्छ्वासिनं क्षीणं नरं क्षपयति ज्वरः ॥

[भाव.]

"पूर्वरूपाणि सर्वाणि ज्वरोक्तान्यतिमात्रया ।
यं विशन्ति विशत्येनं मृत्युर्ज्वरपुरःसरः" ॥

[चरक.इन्द्रि.]

माथि लेखियेका लक्षणले रोग आसाध्य बुझियो भने पनि, यथाबुद्धि यथाशक्ति यथायोग्य चिकित्सागर्दै रहनु-पर्छ, सास छउन्ज्याल आस रहन्छ जबतक सासा तब तक आशा भन्ने उखानछ ।

तावत् प्रतिक्रिया कार्या यावच्छ्वसिति मानवः।
कदाचित् दैवयोगेन दृष्टारिष्टोपि जीवति ॥

[भावप्र.]

इति स्वयंवैद्यस्य ज्वराधिकारः समाप्तः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

अथ अतिसाराधिकारः

अतिसारको निदान

ज्यादाभारी-ज्यादाचिल्लो-ज्यादारुखा-ज्यादातातो-ज्यादापातलो-ज्यादामोटा-ज्यादाठण्ढा-परस्परविरुद्ध * अन्नखानाले, काँचोखानाले, बेटाइमा-अतिधेरै-अतिथोरैखानाले, स्नेहपान-वमन-विरेचन-वस्ति-अयुक्त र ज्यादागर्नाले, विषखानाले डरले, शोकले, खराबजल-खराबमदिरा-पिउनाले; धेरैजल-धेरैमदिरा पिउनाले' आफ्नू प्रकृतिविरुद्ध खानाले, ऋतुविरुद्ध * खानाले, पानिमा धेरैखेलनाले, भोक-प्यास-मल-मूत्रहरुको वेग रोकनाले, क्रिमि (जूका-चूर्ना) पर्नाले, अतिसार हुन्छ ।

अतिसारको स्वरुप

मिथ्या (अयोग्य) आहार विहारले रस जल-मूत्र-स्वेद-कफ-पित्त-रक्त इ विकृतहुन्छन् र अग्निमन्दगराइ मलमिश्रितभई वायुकावेगले गुदद्वारबाट ज्यादानिस्कन्छन् । एही भयंकर रोगलाई अतिसार भन्दछन् ।

अतिसार कतिप्रकारकोछ ?

वातातिसार, पित्तातिसार, कफातिसार, सन्निपातातिसार, शोकातिसार, आमातिसार, एस्ता ६ प्रकारका हुन्छन् ।

वातातिसारमा—गुलावीरंगको, फींदसमेतको,

pal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: M

रूखा, थोरै थोरै, वारंवार, दर्द अवाजसमेतको अपक्व दिशा हुन्छ ।

पित्तातिसारमा—पहेलो, नीलो, हरियो, लालरंगको दिशा हुन्छ । सर्वांगमा दाह हुन्छ, गुदद्वारमा खटिरा र पोलने हुन्छ, प्यास-मूर्छा हुन्छ ।

कफातिसारमा—सेतो, चिप्लो, बाकलो, जमेको, ठण्डा, गह्रौं दिशा हुन्छ । दर्द थोरै हुन्छ, अरुचि ज्यादा हुन्छ ।

सन्निपातातिसारमा—मासु पखालेको पानिजस्तो, चँदेलको वोसोजस्तो, अनेकरंगको दिशाहुन्छ । तन्द्रा-बेहोशी-ग्लानि-प्यास-ज्यादा हुन्छ ।

शोकातिसारमा ※ रातीगेडीजस्तो लालरंगको, गन्हाउने, मलसमेतको, (अथवा मलनहुने नगन्हाउने छूरो) रगत दिशा हुन्छ ।

आमातिसारमा—अनेकरंगको रगतसमेतको, (अथवा रगत नआउने) अपक्व (आँउँ) दिशा पटकधेरैगरि गिरने हुन्छ । पेटमा-कटिमा दर्द हुन्छ ।

रक्तातिसारमा—पित्तातिसारका सबलक्षण र ज्यादा रगतदिशा हुन्छ । पित्तातिसारमा पित्तवर्धक पित्तकोपक

※ स्वयंवैद्यका द्वितीयतृतीयभागमा परस्परविरुद्ध-ऋतुविरुद्ध पदार्थको निरूपण हुनेछ. सो हेर्नू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

वस्तुपरे भने पित्तातिसारनै रक्तातिसार भइ भयंकर हुन जान्छ ।

सबअतिसारमा प्रथमकर्तव्य

छाती–नाभि–गुदद्वार–कोखामा–दर्दहुनलाग्यो, जिउ ज्यादागल्दछ, अपानवायु जाँदैन, दिशाबद्धछ, पेटमा गुड-गुडशब्दहुन्छ, खायेको पचदैन, भने अतिसारको पूर्वरूपहो भनि बुझनू र लङ्घन गर्नू । भोलीपल्ट हलुका पातलो (पँध्याँलो) माँडप्रभृतिवस्तु आहार गर्नू । एतीगऱ्योभने अतिसारको भय हुदैन ।

अतिसारभयोभने आमातिसारहो कि ? पक्वातिसारहो ? यो छुट्याउनू । ज्यादागन्हाउने, चिपलो, झोलचौटा, पानिमा-डुबने, दिशा छ भने आमातिसारहो । ज्यादा नगन्दाउने, ठिकैकोचिपलो, पानिमा उत्रने, दिशाछभने पक्वातिसार हो । आमातिसारमा दिशाथाम्ने औषधि कदापि नपानू । आम-पाक नभइ जबजर्जस्ति रोकियो भने ज्वर-शूल तत्काल हुन्छ, शोथ–पाण्डु-कुष्ठ-प्रभृतिअरुरोग केहीदिनपछि हुन्छन् ।

बालक–बुढा–बूढी–वातप्रकृति * पित्तप्रकृति * धातु-क्षीणभयेको दुर्बलरोगि छ भने, आमातिसारमापनि दिशाथा-मनेरपाचनगर्ने दुवैउपायगर्नूपर्छ, पाचनमात्रगर्न पछि लाग्योभने रोगी बाँचदैन ।

* स्वयंवैद्यका तृतीयभागमा ६ प्रकृतिको विस्तार वर्णन गरिने छ ।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

0. In Public Domain. Digitization by eGangotri.Funding: N

आमातिसारमा विशेषकर्तव्य

रगतसमेतको अथवा खालि आमातिसारमा जम्मा-भयेको आँउँ गिराउनू असलछ। नत्र दिशाको पटकचढ़ि तकलीफ ज्यादा हुन्छ।

आमातिसार र आमरक्तातिसार (रगतमाँसी) मा आमगिराउने उपाय—

आधाभुटेको आधाकाँचो मधिसे सूँफकोचूर्णमा सम-भाग मिश्री हालो, पकाइ चिसोपारेको पानिसँग वरावर खानू, आँउँ गिर्छ। अथवा अरिडको तेल यथाशक्ति (१।२।३।४।५ तो॰सम्म) तातोपानिसँग खानू आँउँगिर्छ। आँउँ गिरेपछि पाचन साधारण औषधि खानू।

सवतरहका अतिसारमा साधारण पाचन—

वातातिसारमा— भुटेकाभाङकाचूर्णमा महमिलाइ अलि अलि वरावर चाटनू।

पित्तातिसारमा—वालबेल, इन्द्रजौ, मोथे, सुगन्ध-वाल, अतीस, इ औषधी समभागगरि षोडशावशेषगरि काढापकाइ खानू पाचन हुन्छ।

कफातिसारमा—हर्रो, चुत्रो, वोभ्को, मोथे, अतीस-को, काढा खानू।

रक्तातिसारमा— सिमलकोखोटो, दारिमकोवोक्रो,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

लोधकोबोक्राको काढा खानू । अथवा–घनियाँ, सुगन्धबाल, बालबेल, मोथेको, काढा खानू ।

शोकातिसार-भयातिसारमा — वातातिसारको चिकित्सागर्नू ।

आमातिसार (रगतथोरै आँउधेरै भयाको) रगतमासीमा—घनिवाँ, सुठो, मोथे, बालबेल, सुगन्ध-बाल, इन्को क्वाथखानू । यो धान्यपञ्चकहो, आमपाचनमा उत्तमछ । आँउँ मात्रै परेमा पनि यो उत्तम छ ।

रगतज्यादा आँउथोरै भयेको रगतमासीमा— मजिटो, लोधकोबोक्रा, धञराकोफूल, लज्जालूकोजराको, समभागगरि षोडशावशेषकाढा १ टाइम खानू । १ टाइम धान्यपञ्चक क्वाथ खानू ।

अतिसारमा विशेष उपाय—

इ माथिलेखियेका उपायगरेपछि तललेखिने साधारण थामने पाचनगर्ने औषधि पार्नू । दोष छुट्याइ इनै औषधि-षनि टाइमटाइममा खादैरहनाले फायदा हुन्छ ।

पक्व अतिसार थामने साधारण उपाय—

लोधकोबोक्रो, धञराकोफूल, बालबेल, नागरमोथे, आपकोकोयाकोगुदी, इन्द्रजौ, इन्को, समभाग चूर्ण गरी भैसीकोमहीसँग २।३ मासासम्म खानू दिशा थामिन्छ ।

अथवा— लज्जालुकोजरा, धञराकोफूल, मजिटो,

pal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: M

लोधकोबोक्रा, इन्को समभागचूर्ण मह चौलानीसँग खानू । अथवा— सिमलकोखोटो, लोधकोबोक्रो, दारिमकारुखको बोक्रो, दारिमफलकोबोक्रो, समभागचूर्णगरि महचौलानीसँग खानू । अथवा आँपकाकोयाकोगुदी, बेलकोचाना, प्रियंगु (दहिगुह्यालो) को जरो, समभागचूर्ण गरि मह चौलानिसँग खानू । अथवा-जेठीमधु, सुठो, टटेलाकोबोक्रो, समभागरि चूर्णबनाइ मह चौलानीसँग खानू । अथवा— सिमलको खोटो, मोथे, सुठो, वाटुल्पातेकोजरो, टटेलाकोबोक्रो, धत्रारोकोफूल, इऔषधि समभा गरि कुटनू कपडछान गरि २।३ मासासम्मको मात्रागरि, पानिनहालि तेसैफिटेको दहिमा मिलाइ चाटनू, भयंकर अतिसाको झाडा थाम्निन्छ । ई सव औषधि साधारण पखाला लागेमा पनि तात्कालिक गुणकारी छन् ।

(४८) वृद्धगङ्गाधरचूर्ण—मोथे, टटेलाकोवोक्रो, सुठो, धत्राराकोफूल, लोधकोवोक्रा, सुगन्धवाल, काँचोबेलकोचाना, सिमलकोखोटो, बाटुल्पातेकोजरा, इन्द्रजौ, ठुलाकुहाकोवोक्रो, आपकाकोयाकोगुदी, लज्जालुकोजरा, अतिस, इऔषधि समभागगरि कुटीछानीराखनू' महरचौलानीको अनुपानसँग २।३ मासासम्मकोमात्रागरी खानाले नथामियेको अतिसार र खोलोवगेझैं वगने झाडाकोव्यथा, ग्रहणीसमेत आराम हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

अतिसारको अद्भुत उपाय—

अमलामापानिहालि अथवा तेसैपिधेर मस्यौटो जस्तो पार्नू, अतिसाररोगहुने मानिसका नाभिका चारैतिर, ४ अंगुलफैलाउभयेको, २ अंगुलउचा कुण्ड (तेहीपिन्हेकाअमलाले) वनाउनू, तेसकुण्डमा अदुवाकोरस भरीदिनू, रोगिले नहछुनू १५ मिनट (३७।३८ पला) सम्मराखनू, वाहाँपछि युक्तिले त्योझिकनू एसप्रकारले १ दिनमा २।३ पटकगर्नू, घोर अतिसारपनि एसले थामिन्छ, एसउपायलाइ 'आमलकालवाल' भन्दछन् ।

अतिसारका सिद्धौषधि—

(४९) शक्राशनलेह * पक्व अपक्व अतिसारमा यो अतिगुणकारी छ, पुरानु नआ दर्दसमेतको सूजसमेतको अनेकरंगको, एकदोषज-द्विदोषज-त्रिदोषज-आमजन्य सव तरहको अतिसारमा यो औषधी चाँडो गुडकारी छ ।

(५०) भद्रषोडशिका * चौलानीको अनुपानसँग ३ गोलीसम्मको मात्रागरि यो औषधीखानाले पेटको दर्दसमेतको अतिसारमा चाँडो आरामी पाइन्छ, रक्तातिसारमा पनि ज्वरातिसारमा पनि यो वहुत उत्तम छ ।

---

१. असल औषधी यशोदा पुस्तकालय आयुर्वेद औषधालय विभागमा पाइन्छन् ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: M

(९१) बिल्वषड्कचूर्ण ※ तातोपानीको अनुपानगरि २ मासासम्मको मात्रा खानाले आमातिसारमा पाचनभइ स्तम्भन र दीपन हुन्छ, पक्वातिसारमा स्तम्भन र पाचन हुन्छ, रक्तातिसारमा पनि यो चूर्ण गुणपूर्ण छ ।

(९२) सञ्जीवनीगुटिका ※ सब तरहका कष्टसाध्य अतिसारले प्राणान्तिककष्टमा परेका रोगीलाइ बचाउनामा यो गुटिका समर्थ छ, हैजामापनि यो गुटिका बडो गुणकारिणी छ, झाडाबन्दभइ पेटसमेतफुलेमा यो गुटिकाखानाले दिशाखलास भइ पाचनशक्ति बढ्दछ, क्रिमिविकारमा, आँउँपरेमा, अरुचिमा, पनि यो गुटिकाले फायदा हुन्छ, अग्निप्रदीप्त गराउनालाइ यो औषधी बडो शीघ्रकारी छ, अनुपान तातोपानि । मात्रा २ गोलीसम्म ।

(९३) कर्पूररस ※ यो रस ६ प्रकारका अतिसारमा अद्भुतगुणकारी छ, ज्वरातिसारमा पनि यो उत्तमोत्तम छ, ग्रहणीसमेत एसले चाँडोआराम हुन्छ, भयंकर दुःसाध्य रक्तातिसार पनि एस औषधिका प्रभावले चाँडैनै शान्त हुन्छ । अनुपान आमातिसारमा मही, रक्तातिसारमा चौलानी, ग्रहणोमा जोरा सिंधेनूनले साँधेको मही, मात्रा २ लाल ।

(९४) आनन्दोदयरस ※ यो रस अनुपान मिलाइ खानाले पेटका सबरोग निःशेषभइ हट्छन्, वात

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

कफजन्यशूलमा, ग्रहणीमा, हैजामापनि तुरन्त फायदा हुन्छ। अनुपान अतिसारमा र अरु झाडाका व्यथामा ज्वानाकोरस, हैजामा ल्वाङ्पानि, मात्रा १ लालसम्मको।

(५५) सुधासिन्धुरस * यो रस बडोदुर्लभ र अद्भुत छ, एकदोष-द्विदोष-त्रिदोषवाट हुने सब तरहका कष्टसाध्य भै सकेका अतिसारमा पनि यो गुणकारी छ, प्यास–कास–श्वास–शोथ–शूल–स्मेतको घोर अतिसारमा र ग्रहणिमा पनि यो रस अतिगुणदायकछ। हर्साकाव्यथाले हरेस खुवायेमा, अम्लपित्तले चित्तनिराशभयेमा, खोकिले दुःखितपारेमा, वायुगोलाले गालेमा, यो औषधि खायोभने तुरन्त राग शान्तिभइ आरोग्यको सुखानुभव पाइन्छ। अनुपान-अतिसारमा-धनियाँ जीरा-अतिसकोरस, अथवा सिमलको खोटो। अतिसारको शूलमा–मधिसेसूँफको रस, हर्सामा–वाख्रीको दूध, अम्लपित्तमा–अमलाको रस, खोकिमा–कण्टाकारीको रस र मह, वायुगोलामा–सुठो-मरीच-पिपलाको रस। मात्रा २ लालसम्म।

(५६) गङ्गाधररस * नदीका प्रवाहजस्तो लगातारवगिरहने अतिसार एसले थामिन्छ, अरुझाडाका व्यथा र ग्रहणीमा पनि यो उत्तमोत्तमछ। अनुपान–पुरानुगुड (चाकु) र गाइको मही। मात्रा ३ लालसम्म। यो औषधी खायेमा गाइकोमही र भात पथ्य छ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: M

(९७) कनकसुन्दररस * यो रस अग्निमान्द्यवाट हुने सबतरहका झाडाका व्यथामा बडो गुणकारीछ, भयंकर-ज्वरातिसारमापनि यो अमोघशक्ति छ। हैजामापनि एसले उत्तम फायदागर्छ। कनकसुन्दररस जगद्विख्यातछ। अनुपान–साधारण झाडाका व्यथामा-तातोपानि, आमाति-सारमा धान्यपञ्चककाढा, ज्वरातिसारमा मह, हैजामा-फुराएको हिङ् २ लाल, जीराकोचूर्ण २ मासा, मही १ तोला (इ ३ थोक)। मात्रा ३ लालसम्म।

(९८) अतिसारदलनरस * यो रस अतिसारमा धेरैफेर अनुभवसिद्ध भयेको छ, कस्तै आमातिसारभये पनि २।३ मात्रा पर्दैमा रोग सर हुन्छ, अतिसारले निराशभयेका रोगिहरु आरोग्यपाइ हृष्टपुष्ट हुन्छन्। अनुपान आमातिसारमा-जाइफलकोरस, अरु अतिसारमा चौलानी। मात्रा ४ लालको १ गोलीसम्म।

(९९) आनन्दभैरवरस * यो रस घेरैरोगमा अद्भुतगुण गर्द छ, पुराना कष्टसाध्य उपाधिपूर्ण अतिसारमा ठुलाकुह्वाकोबोक्रा चौलानिमा घोटेर तेस्मा महमिलाइ यो औषधिसँग खानाले रोग निर्मूलभइ पुनर्जन्मलाभ भयेझैं हुन्छ। आमातिसारमा र ग्रहणीमा गाइको महीसँग यो औषधि खानाले पाचनशक्ति बढेर रोगशमनहुन्छ।फुरायेको

* ई सब औषधी यशोदा पुस्तकालयमा असल पाईन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

हिङ २ लाल, ठुलाकुह्राकोबोक्राकोचूर्ण १ माशा गाइको-महिमा मिलाइ यो औषधि खानाले ज्वरातिसारमा गुण हुन्छ। वायुविडंगकोचूर्ण र चौलानिसँग यो औषधि खानाले क्रिमिविकार (जूका×चूर्ना) भयेमा उत्तमफायदा हुन्छ। मात्रा २ लालसम्म।

यो औषधिखायेमा दहि, पुराना चाँमलको भात, गाइकोघिउ, गाइकोमहो, पकायेर चिसोपारेको पानि, पथ्य हुन्छ।

सबतरहका अतिसारमा पथ्यापथ्य—

पुरानाधानका लावाकोमाँड, पुरानाचाँमलको भात, मसुराकोदाल, काँचोकेरा-कोइरालाका फूलकोतर्कारी, जीरा-नून-सुठोहाली साँधेको उसीनेका केराका बुंगाको, कोइरा-लाका फूलको अचार, (ज्वरछैन भने) दहि वाख्रीकोदूध-दहि घिउ, जामुनूकोफल, कैथ-बेल तिदूको फल, अनार (गुलियो), भोकलागेमा मात्रै×खानू, इ कुरा पथ्य छन्।

स्नान, अभ्यंग, चिल्लो भारि-नत्रा-अन्न, स्त्रीसेवा, चिन्ता जागरण, गँहू, माष, मांस, अमिलो-पिरो उखु, मदिरा, नततायेको चिसोपानि, सागपात, आगोतापनू, सुपारि, कुभिण्डो, धूम्रपान, वयर, पान, गुड, लसुन,

pal Sanskrit University, Balmeeki Campus, Kathmar

0. In Public Domain. Digitization by eGangotri.Funding: M

नरिवल, दाख करले खानू ×इ अपथ्यछन् ।

अतिसारले छाडेको मानिसको लक्षण

पिशाव-अपानवायु हुँदा दिशाचुँहुँदैन, अग्नि दीप्तभयो, पेट हलुकाभयो, (पानिमा मल उत्रन्छ) भने अतिसारले छोडेछ भति जान्नु ।

असाध्य अतिसारको लक्षण

पाकेको जामुनाकाफलको (रछाहा नीलो कालो) रंगहुने, कलेजाको टुकुराजस्तो, घिउ-तेल–वासो–मासि–हलेदाको पानि–दूद-मासुपखालेकोपानि जस्तो, अथवा कालो, नीलो, रातो, छिविरे, चिल्लो, मजूरकाप्वाँखजस्तो ठल्कने अनेक-रंगको, वाकलो, मुर्दा-कुहियेकोमासुझै गन्हाउने, ज्यादा गह्नाउने, फाँडियेको, धेरै, दिशाहुन्छ, प्यास-दाह-अरुचि-श्वास-हिक्का-पार्श्व (कोखा) मा शूल, हाडमाशूल, मूर्छा, वेचैनी, वेहोशी, प्रलापपनि छ. गुदद्वारमा पाक खटिरा छ, भने अतिसार असाध्यहो भनि बुझ्नू । वाल-वृद्ध-स्वभाव-

× अग्नि मन्द नभइ अतिसार ग्रहणी हैजाहरू हुदैंनन् , दोष नघटि क्षुधा नभइ खायेका अन्न पचदैंन, खायेको पचेनभने रोग घटनू ता परे रहोस रोगवढी असाध्य हुन जान्छ, तेस वेलामा औषधीको वल चल्दैंन । तसर्थ रोगिलाइ, करलाइ-फुल्याइ फकाइ खुवाउनू वडो खराब कुराहो । रोगिले खाउँखाउँ भन्दैमा खान छुटाउनु पर्छ । खायेको पाकभये पछि पटक पटक गरि खुवाउदै गर्नु असल छ । मोकलाग्यो भनेर पूरा अघाउने गरि खानूपनि मूर्ख्याँनिहो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

दुर्वल मानिसको अतिसारपनि कष्टसाध्य अथवा असाध्य हुन्छ। रोगी तरुण छ भने पनि दश महारिष्ट भयेको अतिसार असाध्य हुन्छ।

प्यास-दम-खोकि-ज्वर-सूज-हिक्का-मूर्छा, अरुचि-वमन-इ १० उपद्रवलाइ दशमहारिष्ट भन्दछन् यस्ता रोगिले सकिनसकि हरिनाम स्मरणगर्नु, एत्ती उत्तम कर्तव्य छ।

पक्वजाम्बवसंकाशं यकृत्खण्डनिभं तनु।
घृततैलवसामज्जावेसवारपयोदधि॥
मांसधावनतोयाभं कृष्णं नीलारुणप्रभम्।
कबुरं मेचकं स्निग्धं चन्द्रिकोपगतं घनम्॥
कुणपं मस्तुलुङ्गाभं सगन्धं क्थितं बहु।
तृष्णादाहारुचिश्वासहि-
क्कापार्श्वास्थिशूलिनम्॥
संमूर्च्छारतिसंमोहयुक्तं पक्वलीगुदम्।
प्रलापयुक्तं च भिषग्वर्जयेदतिसारिणम्॥ [भाव प्र.]

तृट् श्वासकासज्वरशोथहिक्का
मूर्छान्नविद्वेषणवान्तिशूलैः।
युक्तोतिसारी स्मरतु प्रसह्य
गोविन्द! दामोदर! माधवेति॥ [लोलिम्ब]

pal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: M

अतिसार निकोभयेपछिको कर्तव्य

अतिसार निकोभयेपछि पनि अतिसारको पथ्यमा खूब विचारगरि तदनुसारको पथ्य व्यवहार र हलका थोरै थोरै आहार गर्नु। भरपेट जेतेमेते नखानू। अग्नि बलियो नहुन्ज्याल खूब पथ्यगर्नू। नत्र ग्रहणीको डर हुन्छ।

अतिसारे निवृत्तेऽपि मन्दाग्नेरहिताशिनः।
भूयः संदूषितोबन्हिर्ग्रहणीमपि दूषयेत्॥

॥ इति स्वयंवैद्यको अतिसाराधिकारः॥

शुभमस्तु

प्रवाहिकाधिकारः

यो रोग पनि एकप्रकारको अतिसारैहो, एस्मा वायु ज्यादा (ठेलमठेल) गरि बढदछ, डकारधेरै आँउँछ, केहि पक्कमल समेतको कफ दिशाबाट वारंवार गिर्छ। एस्मापनि आम-पक्कको विचारगरि सब उपाय अतिसार बमोजिम गर्नू, एस्मा बात प्रधान हुन्छ एसकुराको हेक्काराखि तदनुसार आहारविहार र चिकित्सा गर्नू।

एसमा पाचन दीपनगर्ने औषधिः—

(६०) पिप्पल्यादिचूर्ण—पिपला, हर्रो, मोथे,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

विरेनून्, सुठो इ औषधि समभाग चूर्णगरि तातोपानिसँग २।३।४।५ मासासम्मको मात्रागरि खानू । योचूर्ण आमातिसारमा र अरु अजीर्णमा पनि फायदा गर्छ ।

(६१) सैन्धवादिचूर्ण—सिंधेनून, हर्रो, चितुकोजरा, पिपला, इ औषधि समभागगरि चूर्णवनाइ तातोपानिसँग खानू । पाचनगराउनामा यो उत्तमोत्तमछ । घिउ-नआअन्न-अनेकप्रकारकोगन्हौ मासु-मलाहि-कुराउनी, ज्यादाखाने मानिसले एस औषधिका पाचन शक्तिको चमत्कार हेर्नू ।

(६२) अग्निकुमाररस * एस रसले सबतरहका झाडाकाव्यथामा तुरन्त फायदा हुन्छ । वायुकुपितभइ भयेका यावत् अजीर्णमा, क्षयरोगमा लागेका झाडामा, अजीर्णशूलमा, मन्दाग्निमा, भयंकरहैजामा, वायुविकारमा, आश्चर्यपूर्वक तुरन्त फायदा हुन्छ, अनुपान-हिङ्पानि । मात्रा २ लालसम्म ।

सूचना—अग्निमान्धवाट उत्पन्नहुने अतिसार-ग्रहणी-हैजाहरुमा जुन् जुन् औषधी, जे जे कर्तव्य, जो जो पथ्यापथ्य छ, ती सवकुरा एसरोगमापनि गर्नू । हित परिमित आहार सवरोगमा पथ्य छ ।

* यो सब उत्तम औषधी यशोदा पुस्तकालयको औषधालय विभागमा तयार छ ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: M

हिताशी स्यान्मिताशी
स्यात्कालभोजी जितेन्द्रियः ।
पश्यन्रोगान्बहून्कष्टा-
न्बुद्धिमान्विषमाशनात् ॥ [चरक]

॥ इति स्वयंवैद्यको प्रवाहिकाधिकारः ॥

॥ शुभमस्तु ॥

ग्रहण्यधिकार

अतिसार हटेपछि अग्निप्रदीप्त (बलीयो) नहुँदैमा मुखछाडेर अपथ्यसेवा गर्नाले ग्रहणीरोग हुन्छ । अतिसार छँदाछँदैमा पनि उचित उपाय र पथ्यपरेन भनेपनि ग्रहणी-रोग हुन जान्छ । कहिले पक्कभयेको, कहिले पक्वनभयेको (आम) कहिले दर्दहुनेगरि, कहिले दर्दनहुनेगरि, कहिले ज्यादा गन्हाउने, कहिले उस्तो ज्यादा नगन्हाउने, कहिले बाँधियेको, कहिले पद्याँलो, प्रायः जस्तो खायो उस्तै दिशाहुने व्यथालाइ ग्रहणी भन्दछन् ।

संग्रहणीको पहिचान

आमवात रोगहुनाले १५।१५ दिनमा, १।१ महिनामा, १०।१० दिनमा अथवा दिन्दिन्मा साधारणपद्याँलो, सेतो,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

चिप्लो, अपक्व, धेरै, शब्दसमेतको, अन्यत्रउस्तो दर्दनहुने-गरि, कटिमादर्दहुनेगरि दिशा हुन्छ। दिउसो पटक वढ्छ। राती घट्तछ एस्तो लक्षणदेखियोभने संग्रहणीहो भनि वुझ्नू। यो ग्रहणीकै भेदहो। यो चाँडो छुटतैन।

ग्रहणीका भेदको विचार

वातजग्रहणी—एसमा अमिलो दिशा हुन्छ, आङ् रूखा हुन्छ। घाँटीमुखज्यादा शुकछ, भोकप्यासलाग्छ अन्धकारले छोपेझैं भयाम्म हुन्छ, कानकराउछन्, कोखा-तिघ्रा-तिघ्राकोजोर्नि-छाती-घाँटिमा दर्दहुन्छ, वमन र दिशा-वरावर हुदैरहन्छ, मुख विरस हुन्छ, गुदद्वार चिरियेजस्तो-गरि दुखछ, मिठो-अमिलोनुनिलो-पिरो-टर्रो-तितो इसवैरसमा तृष्णा हुन्छ, मनमा ग्लानि हुन्छ, खानेविक्तिकै अथवा धेरैवेरपछि पेटमा गुडगुडशब्द हुन्छ। खायेपछि अलिखेर सुविस्ताजस्तो हुन्छ। वायुगोला-कलेजा-फियोवढेको-शङ्का-लाग्छ। कहिले पद्यालो, कहिलेबाँधियेको सुख्खा दिशा हुन्छ। दिशाहुँदाशब्दहुन्छ, फींद आँउछ. श्वास-कासपनी हुन्छ।

पित्तजग्रहणी—एसमा रोगीकोवर्ण पहेलो हुन्छ। हरियो-पहेलो-पातलो दिशा हुन्छ। गन्हाउने अमिलो डकार

दिशा अमिलो भयेदेखि पितलेकोपरामा दागलाग्छ, कोपरा उग्लन्छ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: N

आँउछन् । छाती-घाँटी-पोल्दछ । रुचि हुदैन । प्यास ज्यादा हुन्छ ।

कफजग्रहणी—एसमा मुख गुलियो च्याप्च्याप्लाग्ने हुन्छ । रुघा-खोकी-थुक्थुकी लाग्दछ । पेटभारी र डम्म हुन्छ । गन्हाउने गुलिया डकार आउँछन् । जिउज्यादा गल्दछ । स्त्रीस्पर्शभयेपनि रमणेच्छा हुदैन । आम-कफ-मिलेको गहौं दिशा बराबर हुन्छ ।

त्रिदोषजग्रहणी—एसमा माथिलेखियेका तीनैप्र-कारका ग्रहणीका लक्षण मिलेका (छचास्मिस् भयेका) हुन्छन् ।

ग्रहणी-संग्रहणीमा साधारणकर्तव्य

अतिसाराधिकारमा जुन्जुन्अतिसारमा जेजेउपाय लेखियेको छ, तेही अनुसार दोषछुट्याउनु, पक्वापक्व विचारगर्नू, यथोचित पाचन स्तम्भन गर्ने उपाय गर्नू ।

ग्रहणीमा विशेष औषधि

(६३) वृद्धगङ्गाधरचूर्ण * यो चूर्ण २ मासासम्म महीको अनुपानगरि खानाले ग्रहणीमा तुरन्त पाचन र स्तम्भन गर्छ । नदीको बाढीझैं आउने झाडापनि एसलेथा-मदछ ।

* अतिसाराधिकारमा यो चूर्णबनाउने तर्किब लेखेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

(६४) लवङ्गादिचूर्ण * ग्रहणी, पाण्डुरोग, कमल पित्त, अम्लपित्त, दम, खोकी, जरो, अष्ठीला (नाभिदेखि तलतिर वायुको गोलाभइ मलमूत्ररोकने रोगविशेष) वमन, हुलुकभइ अमिलोपिरोडकार आउनू, इ सवरोगमा एसचूर्ण-ले बडोगुण गर्दछ । अनुपान ५।७ थोपा महमिलायेको चौलानि । मात्रा २ मासासम्म ।

(६५) बृहत्लाईचूर्ण * महको अनुपानसँग २ मासासम्मको मात्रागरि यो चूर्ण खानाले कष्टसाध्यग्रहणी-पनि चाँडो निकोहुन्छ । मन्दाग्निमा-हर्सोमा-फियोमा सव तरहका ज्वरमा शूलमा ६ प्रकारको अतिसारमा-आमवातमा-सूतिका रोगमा पनि यो गुणकारी छ । यो औषधि खायेमा मास मासु अमिलो स्नान सर्वथा अपथ्य छ । दहि महि पथ्य छ ।

(६६) ग्रहणीशार्दूलवटी * फुरायेको हिङ २ लाल, काँचो पाको जीराकोचूर्ण २ मासा, गाइकोमही १ मुठी, इ ३ थोक मिलाइ तेससँग यो औषधि खानाले सव तरहको ग्रहणी, अतिसार, प्रवाहिकामा चाँडो फायदा हुन्छ ।

(६७) ग्रहणीगजेन्द्रवटी * २ लालसम्मको मात्रागरि बख्रीको (न पाये गाइको) दूधसँग यो औषधि

* इ औषधि जहाँतहीं पाइदैनन् यशोदापुस्तकालयमा मात्र पायिन्छन्

pal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: M

खानू। सबतरहको ग्रहणीमा उत्तम फायदा हुन्छ, ज्वरातिसार, आमातिसार, शूल, गुल्म, अम्लपित्त, कमलपित्त, क्रिमिरोगमापनि . यथोचित अनुपानसँग खानाले इ रोग निर्मूल हुन्छन् ।

(६८) बृहत्संग्रणीकवाट * १।१॥ लालसम्मको मात्रागरि मह जीराका चूर्णसँग खानू । ग्रहणीनिःशेषभइ पाचनशक्ति खूब वढद्छ । अग्निमान्द्य बाट हुने-भयंकर अतिसार हैजा-प्रवाहिकाहरुमा पनि यो उत्तम छ ।

(६९) पञ्चामृतपर्पटी * मन्दाग्निवाट हुने ग्रहणी अतिसार प्रवाहिका मा यो अतिगुणकारी हुनाले जगत्प्रसिद्ध छ । क्षयरोगको झाडामापनि यो गुणगर्छ । खोकी कमलपित्त-पाण्डुरोग-प्रमेह-अरुचिमा पनि यो श्रेष्ठ औषधि हो अनुपान-मन्दाग्निवाट हुने ग्रहणी प्रभृतिरोगमा-फुरायेकोहिङ १ लाल काँचोपाको २ थरी जीरा १।१ मासा मिलाई, मही १ मुठी, अरु रोगमा तत्तत्रोगका अनुपान मिलाउनू । मात्रा २ लाल ।

(७०) लोहपर्पटी * विहान-चिसोपानिसँग अथवा जीरापानिसँग अथवा धनियाँपानिसँग, यो औषधि खानू भयङ्कर ग्रहणि दूर हुन्छ आमातिसार अग्निमान्द्य-अरुचिमा पनि यो अतिगुणकारिछ, सूतिकाविकारमा यो उत्तमोत्तम

---

* ई सब औषधी यशोदा पुस्तकालयमा पायिन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

छ, फीयोवढेमा यो शीघ्रगुणकारीछ, १८ प्रकारका कुष्ठरोग-मापनि यो हितकारी छ, "एसकासेवाले मानिस निरोगभइ शतायु (शतञ्जोवि) हुन्छ" भन्ने आयुर्वेदको लेखछ ।

लोहपर्पटी खाने विधि—पहिलादिन १ लाल दोस्रा-दिन २ लाल, तेस्रादिन ३ लाल, एस प्रकारले ७ दिन, अथवा १४ दिनसम्म १।१ लाल प्रतिदिन वढाइ खानू ।

अथवा प्रतिदिन २ लालको मात्रागरि खानू। यो औषधिखायेमा—कुभिण्डो तिलकोतेल—सास-रायो-मदिरा-अमिलो-खानहुदैन । अरुरोगमाअनुपानआमातिसार-अग्निमान्द्य-अरुचिमा-चौलानी । सूतिकाविकारमा घिउ । कलेजो फीयो वढेमा ३ मासा पुरानुसक्खर । कुष्ठमा ३ मासा त्रिफला चूर्ण, २ मासाघिउ ।

(७१) नृपतिवल्लभरस * यो रस अद्भुत बहुमूल्य-दुर्लभ । फुराएको हिङ् २ लाल, काँचोपाको जीरा-कोचूर्ण १ मासा, गाइकोमहि १ मुठी, इ ३ थोकको अनुपानसँग २ लालसम्मको मात्रागरि खानाले कष्टसाध्य ग्रहणीमापनि आराम हुन्छ। यो श्रेष्ठरसायन हो । एस्का सेवाले सवरोग हटछन् । रोगले नछाडि सान्है गालेमा, उमेरपाको हुनाले बल-बुद्धि-तेज घटनलागेमा, यो औषधि ले फेरी तारुण्य (जवानी) गराइ दिन्छ। धातुक्षीणभइ नपुंसकजस्ता भै सकेका मानिसपनि एसका सेवाले वीर्य-

pal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: N

वृद्धिभइ घोडाजस्ता तागतदार र वीर्यवान् पुरुषार्थी हुन्छन् । तागतबढाउने अनुपान—घिउ ५ मासा, मह ३ मासा मिश्रि ५ मासा । अरु रोगका अनुपान रोगानुसार तजवीज गर्नु ।

ग्रहणीमा पथ्यापथ्य-

अतिसारमा जे जे पथ्य जे जे अपथ्य छ, ग्रहणीमा पनि उही उही पथ्य र उही उही अपथ्य बुझ्नू , ग्रहणीमा तर् झिकेको दहि-हिङ्-जीरा विशेष पथ्य छ । दहिको चौथाइ पानिहालि मथेको महिलाइ तक्र भन्दछन् , ग्रहणीमा तक्रले बडो फायदा गर्दछ, हिङ-जीरा, सिंधेनूनले साँधेको तक्र झन् स्वादिष्ट र रुचिकारी हुन्छ । अकिञ्चन असमर्थ ग्रहणीरोगिले तक्रसेवानै गर्नु सुगम र असल हो । तक्र अमृततुल्य गुणकारी छ । देवताको अमृत, हाम्रो तक्र, उत्तम आहार हो ।

न तक्रसेवी व्यथते कथंचिन्न
तक्रदग्धाः प्रभवन्ति रोगाः ।
यथा सुराणाममृतं प्रधानं
तथा नरणां भुवि तक्रमाहु ॥

ग्रहणीमा साध्यासाध्य विचार—

अतिसारको र ग्रहणीको साध्यासाध्य विचार समान (उस्तै) छ, तर विशेष यो छ कि, बालकको ग्रहणीरोग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

सुखसाध्य हुन्छ । तरुण मानिसको गृहणीरोग कष्टसाध्य, बूढा मानिसको प्रायः असाध्य हुन्छ ।

सुतदाखेरि-२ कोखमा दर्द हुन्छ, पानिकोगाग्रो छतल्कियेझै अवाज आउँछ भने त्यो गृहणीलाई 'घटीयन्त्र-गृहणी' भन्दछन् । त्यो पनि असाध्य हो ।

स्वपतः पार्श्वयो शूलं चलज्जलघटीध्वनिः ।
तं वदन्ति घटीयन्त्रमसाध्यं ग्रहणीगदम् ॥

[माधव]

॥ इति स्वयंवैद्यको गृहणीरोगाधिकारः ॥ शुभमस्तु ॥

जठराग्निविकाराधिकारः—

मानिसको जठराग्नि ४ प्रकारको हुन्छ । कफाधिक्य हुने मानिस 'मन्दाग्नि' हुन्छ । पित्ताधिक्य हुने मानिस 'तीक्ष्णाग्नि' हुन्छ । वाताधिक्य हुने मानिस 'विषमाग्नि' हुन्छ । तीनै दोष समान हुने मानिस 'समाग्नि' हुन्छ ।

(१) मन्दाग्नि मानिसले अलीकति खायोभने पनि पचदैन, वमन हुन्छ, जिउगल्दछ, वाकवाक लाग्दछ, शिर र पेट भारी हुन्छ ।

(२) तीक्ष्णाग्नि मानिसले ज्यादा खायोभने पनि सहजै पचाउँछ ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: N

(३) विषमाग्नि मानिसले खायेको कहिले पचद्छ, कहिले पचदैन र पेटफुल्दछ, गुडगुड शब्द हुन्छ, शूल हुन्छ, आन्द्रा कराउछन्, पेटभारी रहन्छ कैले दिशा बन्द रहन्छ, कैले पखाला लाग्छ ।

(४) समाग्नि मानिसले खायेको (ठीक प्रमाणको आहार) पचद्छ, एकनासगरि खाबोभने प्राय: जठराग्नि विकार हुदैन, सब भन्दा यो उत्तम हो। तीक्ष्णाग्नि मानिस-लाइ कैलेकाँही बडो धोखा हुन्छ ।

अजीर्णका कारण—

आफना जठराग्निका ताकतको विचार नगरि; भारी-बेटाइममा-खानाले, पानि ज्यादा पिउनाले, मल-मूत्र-भोक-प्यासहरुको बेग रोकनाले, दिउसो सुतने-राती नसुतने गर्नाले,-मन्मा-डर-रिस-लोभ-दिकदारी-डाह-राखेर खानाले, संयोग विरुद्ध×वस्तु खानाले, सब रोग-कोकारण अजीर्ण हुन्छ ।

× संयोगविरुद्ध आहार-दूधको र शाग-अमिलो-पिना-गहत-नून-मासु-तामा-दहि-मास इन्को विरोध छ । अर्थात् दूधसँग ई पदार्थ मिल्दैनन् (विकार गर्छन्)। सर्स्यूको तेलमा भुटेको परेवाकोमासु, काँसका भाँडामा १० दिनराखेको घिउ, बराबर मिलायेको घिउ र मह, मासको दाल र मूला मूला र मह, भिन्नभिन्नजातको मासु, इ पनि संयोगविरुद्ध छन् । आयुर्वेदकको वचनलाइ न टेरी एस्तामा यद्वातद्वागऱ्योभने कोहि रोग तत्काल, कोही केही दिनपछि हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

अजीर्णको लक्षण—

ग्लानि, वातबृद्धि, पेटडम्महुनू, रिगँटा लागनू, अपानवायु नहुनू, झाडालागनू, अथवा झाडैनहुनू, वाक-वाक लाग्नू, इ अजीर्णका लक्षण हुन् ।

अजीर्णको निवारणगर्ने सहज उपाय—

जुन् कुरो खानाले अजीर्ण भयेकोछ, त्यो विचारगरि तललेखियेका पाचनपदार्थ खानू । अजीर्ण न भयेकामा पनि आफुले खायेका वस्तुको पाचक (मारक) पदार्थ विचारगरि खानू र अजीर्ण र अरु विकार हुन पाउँदैन । यो उपाय सजिलो र गुणकारी छ, एसबाट फत्ति हानि हुदैन ।

इ तललेखियेकावस्तुले वैगुन गरेमा	❋	इ तललेखियाका वस्तुले गुण गर्दछन्
१ कटहर		१ केराकोफल (कोसा)
२ केराको कोसा		२ घिउ
३ घिउ, हलेदो,		३ ज्यामीर
४ ज्यामीर		४ नून
५ नरिवल, तालफल, आलू, नून		५ चौलानी
६ आँप, चाँमल		६ दूध
७ चिरौजी		७ हर्रो

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

८ मही, घिउ, महुवा, बेल, कैथ, फालसा,	८ नीमकोबिञा (दाना)
९ चिउरी, पाखर, पिपल,	९ सुठाको वासीक्वाथ
१० दूध	१० ज्वानू (कि) पिपला
११ साठीधान, कागुनू,	११ दहिको पानि
१२ काँक्राकोफल	१२ गहूँ
१३ गँहू	१३ काँक्रो
१४ गँहू, मास, चना, मुगी, केराउ,	१४ धतुराकोबीज (१लाल)
१५ छोहोरा, खजूर, कसेरू, मृणाल, (कमकमल्को डाँठजरा)	१५ नागरमोथेकोरस
१६ द्विदल (२फगल्याँटाहुने मुगी रहरइत्यादि अन्न), तिलतेल	१६ काञ्जिक (पानीहाली कुहाइअमिल्यायाकोजउ-गँहू-चाँमलकोरस
१७ पिष्टान्न (रोटी प्रभृति),	१७ ठण्ढापानि
१८ खिचडी	१८ सिंधेनून
१९ फुरौला,मासको वाराहरु	१९ कागती

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

२० मसेउरा	२० वेसवार, (हिङ, अदुवा, मरिच, जीरा, हलेदो, धनियाँ, इ उत्तरोत्तरदुगुना हालेकोमसला)
२१ फिनी	२१ ल्वाङपानि
२२ पापड	२२ सहेजनकोबीज
२३ लड्डु, मालपुवा, पुरी, जिलेवी	२३ पिपलामूल
२४ माछा, मासु	२४ काञ्जिक (१६नवम्बरको पाचक)
२५ माछा	२५ पोलेकोमासु (कि) काँचो आँप
२६ मासु, कटहर,	२६ आँपकोकोया
२७ कछुवाकोमासु	२७ जवाखार
२८ परेवा, मलेवा, मयूर, तित्राको मासु	२८ पुटपाकगरि (खरानी नपारी) डढायेको तिलको डाँठ
२९ चञ्चू ?, सस्यूँ, वेथु	२९ खयरको क्वाथ
३० पालुंगो, केवुक ?, करेला, भन्टा, तामा, टूसा, मूला, लौका, परवर, कोइ ?	३० सस्यूँकोशाक (कि) लुँढयेकोशाक

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding: I

३१ खसी, बोका, भेडा, च्याँङ्ग्रा, परेवा, मलेवा, मयूर, तित्रा कालीज इत्यादिको मासु	३१ पानिमा घोटेको शाक (शिरु × ढड्डी) को जरा
३२ सूरण (ओल)	३२ सस्खर
३३ पिंडालु, केराउ, सुन्तोला, ज्यामीर	३३ कोदो
३४ दूध	३४ मही
३५ गाइकोघिउ	३५ तातोमाँड
३६ भैसीकोदूध, खिचडी	३६ सिंधेनून
३७ भैसीकोदूध, दहि	३७ शङ्खको चूर्ण
३८ शिखर्नी	३८ त्रिकटु (सुठो–मरिच–पिपला)
३९ सस्खर, कसेरु, सिंघाडा, कमलको-डाँठ, दाख, छोहोरा,	३९ सुठोपानि
४० चिनी, मिश्री	४० मोथेपानि
४१ उखु	४१ अदुवाकोरस
४२ मदिरा	४२ गेरु र श्रीखण्डको पानि
४३ दारिम, अमला, तालफल, बिमिरो, हर्फारेवडी	४३ बकुलवृक्षको फल

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

४४ चिउरा	४४ पिपलापानि (कि) ज्वानूपानि
४५ कपूर, सुपारि, पान, केशर, जाइफल, जाइपत्री, कस्तूरी, नरिवलकोपानि, लोवान	४५ समुद्रफेन
४६ फल (सबैमा)	४६ पलाशको क्षार (खरानी)
४७ चिल्लो (घिउ तेल प्रभृति ।	४७ मृगीको चूर्ण
४८ मास	४८ नीमकोजरा
४६ अमिली, गाँजा (लागेमा)	४९ चूनपानि
५० तमाखु, गाँजा (लागेमा)	५० अलैचीकोपानि
५१ भाङ (घोटा) लागेमा	५१ दूभाकोरस र दहि
५२ अफीम लागेमा	५२ लुँढ्येको रस
५३ गर्मीपदार्थ	५३ ठण्ढा पदार्थ
५४ ठण्ढापदार्थ	५४ गर्मीपदार्थ
५५ च्चार (खारा) पदार्थ	५५ अमिलापगार्थ

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

५६ पिशापदार्थ	५६ चिल्लापदार्थ
५७ पानि	५७ सुन-अथवा चाँदिपोलेर ७ फेरा झ्वाँइँपारेको पानि (कि) मह र मोथेपानि । २
५८ कटहर र पानखाये-को विकारमा	५८ अलैचीको धूलो
५९ चून धेरैपरेको पानले पोलेमा	५९ तिलकातेलले कुल्लागर्नू
६० ज्यादा परिश्रमपरेमा	६० हरिणको मासु खानू
६१ ज्यादा सुरतगरेमा	६१ घिउमातारेको बोकाको अण्ड (कि दूध) खानू
६२ सुरतकोग्लानिमा	६२ खुलाठाउँमा वस्नू
६३ ज्यादा हिडनाले कैं डालागेमा	६३ तातोनूनपानिले माडनू

—❀—

साधारण अजीर्ण हुदैमा यथोचित उपायगरि अजीर्ण हटाइ हाल्नू। नत्र हैजा, अलसक, विलम्बिका, रोग हुने संभव हुन्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

अजीर्णका भेद

[१] अमाजीर्ण–एसमा पेट र जिउ भारी हुन्छ। थुकथुकी लाग्छ। आँखाका डिल सुन्हिन्छन् । खायेका पदार्थ जस्ता थिये उहि अनुसारका अमिला गुलिया डकार आँउँ छन् ।

(२) विदग्धाजीर्ण–एसमा ताता अमिला डकार आँउँछन् । रिगँटा-प्यास-मूर्छा-दाह हुन्छ । पसीना ज्यादा आँउँछ ।

(३) विष्टम्भाजीर्ण–एसमावायुबढने, शूल-गुडगुडशब्द हुने, पेट निमठने, दिशा नखुल्ने, अपानवायु बन्दरहने ठाउँठाउँमा दर्दहुने, मूर्छा हुने हुन्छ ॥

तिनमा मुख्य उपाय

[१] एसमा–आधातोला बोझाकोचूर्ण ५।७।८ मुठितातोपानिसँग खाइवमनगर्नू। अथवा पिपला २॥ मासाबोझो २॥मासा, चिसोपानि ५।७मुठिहालि कुटीछानी सिंधेनूनमिलाई पियेर वमनगर्नु ।

(२)एसमा–लङ्घनगर्नू । अथवा हर्रो-मुनकादाख, समभागगरि पिंधनूर मह-मिश्री मिलाइ चटनीजस्तो पारेर वराबर चाट्नू ।

(३) एसमा–पसीना काढनू पर्छ । अथवा-हर्रो-सुठोको समभागचूर्ण बनाइ मुनासिब माफिक सिंधेनून हालि चिसोपानिको अनुपान गरि ३।४।५ मासाम्मको मात्रागरि खानू ।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

(४) रसशेषाजीर्ण-एसमाअघिल्ला दिनका आहारकोरस अपक्वछँदैमा फेरी आहारपरेको हुनाले, अन्नदेखदैंमा रिसउठने, छातीभारी हुने हुन्छ।

(४) एसमा-निद्रा असलछ। अथवा-हिङ सुठो मरिच पिपला-सिंधेनून एती समभाग वस्तु पानिमा पिंधे र पेटमा लेपगर्नू हावा वचाइ दिउसो सुतनू असल छ।

अजीर्ण निकोभयोकि भयेको छैन ?

शुद्ध (नगन्हाउने) डकार आयो, दिशा-पिशाव ठीक भयो, भोकप्यास लाग्यो, काममा जाँडरलाग्यो, भने अजीर्ण गयेछ, नत्र अजीर्णै छ।

अजीर्णका विशेष औषधी

*(७२) हिङ्ग्वष्टक—सुठो, मरिच, पिपला, अजमोदा, सिंधेनून, जीरा, कालोजीरा, इ औषधि समभाग गरि पिधेर, इन्को अष्टमांश (८ भागको १ भाग) फुरायेको हिङ्ग मिलाउनू। भातखाँदा पहिला गाँसमा घिउ र यो औषधि मिलाइ खानू।

*(७३) वडवानलचूर्ण—सिंधेनून-१ भाग, पिपलाकोरायो-२ भाग, पिपलामूल-३ भाग, चाँभो-४ भाग, चितु-५ भाग, हर्रो-७ भाग, इ औषधिको चूर्णगर्नू, तातोपानिसँग खानू। जठराग्नि प्रदीप्त हुन्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

*(७४) समशर्करचूर्ण–अलैचीकोदाना १ भाग, दालचिनी-२ भाग, नागकेशर ३ भाग, मरिच-४ भाग, पिपलाकोशायो-५ भाग, सुठो-६ भाग, चिनी (अथवा पुरानु सख्खर) २१ भाग, इन्को चूर्णगरि तातोपानिसँग खानू।

*(७५) लोलिम्बराजचूर्ण—सुठो ५ भाग, पिपलाकोरायो-४ भाग, अजमोदा-३ भाग, ज्वानू २ भाग, सिंधेनून-१ भाग, हर्रो-१५ भाग, एती चूर्णगरि तातोपानिसँग खानू पत्थरपनि हजम हुन्छ।

हैजाको विचार—

माथिलेखियेका अजीर्णले कुपितभयेको वायु सियोले घोचेझै सर्वाङ्गघोचदै उठने हुनाले हैजालाइ 'विसूचिका' भन्दछन्।

(१) मन थाम्न नसकेर आफना जठराग्निका तागतको विचार नराखि, पशुझै जो ज्यादा खान्छन्, ति मानिस रोगसमूहको कारणभयेको अजीर्णतामा पर्छन्।

(२) आयुर्वेदजान्ने, आफनीशक्तिको विचारराखने,

* इ पाचक वनाइ गृहस्थले हर्दम तयार राखनू योग्य छ। अलीकति अजीर्णांश देखिदैमा यथायोग्य ५ मासासम्म झट्ट खानू खुवाउनू। अजीर्णांशमा नीचमारनाले पछि भुक्तमान पाइन्छ।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

हित-परिमित (ठीक) आहारगर्ने, जिउरालाइ वशराखने, बुद्धिमान् मानिसलाइ प्रायः हैजा लाग्दैन। भोज्यलुब्ध, मूर्ख, जिउराको वेग थाम्न नसक्ने मानिसलाइ प्रायः हैजा हुन्छ ।

(१) अनात्मवन्तः पशुवद्भुञ्जते येऽप्रमाणतः ।
रोगानीकस्य तेमूलं प्राप्नुवन्ति ह्यजीर्णताम् ॥
(२) न तां परिमिताहारा लभन्ते विदितागमाः।
मूढास्तामजितात्मनो लभन्तेऽशनलोलुपाः ॥

[सुश्रुत]

शङ्का—अपथ्य गर्नेलाई मात्र हैजा हुन्छ भने, हैंजाको महामारी चलेका वेलामा के सवजना पथ्य नगर्ने हुन्छन् ? भिन्नभिन्नप्रकृति भिन्नभिन्नआहार-भिन्नभिन्नशरीर-भिन्नभिन्न-बल भिन्नभिन्नस्वास्थ्य (हिताहारविहार)-भिन्नभिन्नउमेर-भयेका मानिसको एकैकालमा-यौटैरोगले कसरि संहार हुन्छ र देशविध्वंस हुन जान्छ ?

"अपि तु जनपदोद्ध्वंसनमेकेन व्याधिना युगपदसमानप्रकृत्याहारदेहबलसात्म्य-सत्ववयसां पुरुषाणां कस्माद्भवति ?" [चरके. जनपदोद्ध्वंसनाध्याये]

समाधान—हो, प्रकृति-आहार-देह-बल-सात्म्य-वय

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

इ भिन्नभिन्न छन्तापनि इ बाहेकका ४ पदार्थ जो साधारण (सबैलेलिनुपर्ने) छन्, ति ४ पदार्थमा विकार हुनाले, समानकाल (समानदेश) समानकारण समानस्वरूप भयेका महामारीहरूले देशविध्वंस गर्छन्। सर्वसाधारण ४ पदार्थ,-[१]हावा-[२]पानी-[३]देश-[४]काल इ हुन्। इन्मा अधर्मले वैगुण्य (विकार) हुन जान्छ र (इ चार पदार्थको उपयोगगर्ने मानिसलाइ महामारीको भय हुन्छ)।

"एवमसामान्यानामेभिर्भावैरप्यग्निवेश! प्रकृत्यादिभिर्मनुष्याणां येऽन्येभावाः सामान्यास्तद्वैगुण्यात्समानकालाः समानलिङ्गाश्च व्याधयोऽभिनिवर्तमाना जनपदमुद्ध्वंसयन्ति, तेतु खलु इमे भावाः सामान्या जनपदेषु भवन्ति, तद्यथा वायुरुदकं देशः कालः, इति; सर्वेषामग्निवेश! वाय्वादीनां यद्वैगुण्यमुत्पद्यते तस्य मूलमधर्मः" [चरके जनपदोद्ध्वंसनाध्याये]

यो शङ्कासमाधानबाट यो कुरो सिद्धभयोकि-महामारीमा जानियेका अपथ्यको सेवाले मात्र होइन कि, बिग्रेका हावा-पानी-देश-कालको अज्ञानले सेवा हुन जाँदा पनि रोग लाग्दछ।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

एसबाट बचने साधारण उपाय-

हावाकोसफाई—प्रत्येक गृहस्थले सडे गलेका मैला चीज, मल मूत्रहरुको ठीक इन्तजाम गरि मिल्कायेर आफनू आफनू घर सफा सुग्घर राखनू। हावा सफागर्ने एहि उपाय मुख्य छ। गन्धक–सालधूप–गोकुलधूप–कपूर इन्को धुँवाँले पनि हावा सफा गर्दछ।

पानिको सफाई—धमिलो पानि छ भने निर्मली अथवा कागजीबदाम घोटेर हालनू मैला तल निथ्रन्छ, युक्तिसाथ त्यो पानि अर्को भाँडामा खन्याइ राखनू। स्वच्छपानिलाइ सफाभाँडामा भकभकिपकायेर चिसोभयेपछि छान्नू र अघचमा राखि दिनभर तेही पानिले कामचलाउनू। रातीलाइ फेरी अर्को पानिपकाउनू। दिउसो पकायेको राति, राति पकायेकोपानि दिउसो, कदापि न पिउनू।

देशको सफाई—प्रत्येक मानिसले आफ्ना आफ्ना घरका हाताको सफाइ गऱ्योभने देशको सफाइका निमित्त वेग्लै उपाय गर्नु पर्दैन।

खराव आहार र खराव पानिको दोष हटाउनालाइ महामारीका ताकमा र देशपरदेशमा अनेक तरहको पानि खानू परेमा प्रतिदिन चिसोपानिसँग राजगुटिका खानू।

(७६) राजगुटिका—सुठो–४ भाग, सिंधेनून–२ भाग, हूलोहर्रो–१ भाग, घिउमा पगालि दूधमाहालेर शोधे-

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

को गन्धक–१ भाग, इ औषधि चूर्णगरि कागतीकारसमा अहोरात्र डुवाइ राखनू । भोलीपल्ट रसनिथारि छायामा त्यो ओषधि सुकाउनू । तेस्रादिन फेरी कागतीको रसमा डुबाउनू चौथादिन सुकाउनू, एवंरीत्या ७ फेरा डुवाइ सकेपछि १।१ मासाका गोलीबनाइ सुकाइ शिशीमा हाली राखनू । भात खायेपछि १।१ गोली खानू ।

अथवा—पेट सफाराखनलाइ चिसोपानिसँग * आग्नेयवटी १।१ गोली खानू ।

कालविकार—काल (वखत) को विकारलाइ ऋतुविपर्यय कालवैपरीत्य भन्छन् । एसमा मानिसको केहि बलचल्दैन । फगत–सत्यभाषण-प्राणिदया-दान-देवपूजा-ग्रामदेवताहरुको विशेषपूजा-सदाचारपरिपालन-शान्ति-आत्मरक्षा–देशहिताचरण–मङ्गलाचारसेवा–ब्रह्मचर्य-ब्रह्मचारि-सेवा-धर्मशास्त्रचर्चा-ऋषिमुनि महात्माहरुको गुणकीर्तन-धर्मात्मा सात्त्विकज्ञानवृद्धहरुको सहवास–इ कुरा त्यो भयंकर महामारीका हाहाकारमा प्राणरक्षक औषधि हुन् ।

सत्यं, भूते दया, दानं बलयो देवतार्चनम् ।
सद्वृत्तस्यानुवृत्तिश्च प्रशमो गुप्तिरात्मनः ॥
हितं जनपदानां च, शिवानामुपसेवनम् ।
सेवनं ब्रह्मचर्यस्य, तथैव ब्रह्मचारिणाम् ॥

* आग्नेयवटी यशोदा पुस्तकालयमा असल पाईन्छन् ।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

संकथा धर्मशास्त्राणां, महर्षीणां जितात्मनाम्।
धार्मिकैः सात्त्विकैर्नित्यं सहास्या वृद्धसंमतैः॥
इत्येतद्भेषजं प्रोक्तमायुषः परिपालनम्॥
येषां न नियतो मृत्युस्तस्मिन्काले सुदारुणे॥
(चरके जनपदोद्ध्वंसनाध्याये)

हैजाकोलक्षण मूर्छा-अतिसार (पखाला) वमन-प्यास-शूल रिँगटा-उद्वेष्टन (पिँडौँलाहरु फर्कनु)-हाई-दाह-विवर्णता कम्प र-शिर,पेट, छातिमा, दर्दहुन्छ ।

हैजाका भयङ्कर मुख्य लक्षण–

निद्रानाश अरति (वेचैनी), कम्प, मूत्राघात, (मूत्र नहुनु), वेहोशी इ ५ उपद्रव समेतको विसूचिका (हैजा× झाडावान्त) वडो भयंकर हुन्छ ।

हैजाका उपद्रवमा कर्तव्य—

वमनमा—वालवेल, सुठो, काफलकोवोक्रा, इन्को काढा वरावर खुयाउनू ।

प्यासमा—ल्वाङपानि, मोथेपानि, जाइफलपानी इ ३ मध्ये कोहि खुवाउनू ।

निद्रानाशमा—कर्पूरासव × २।२ घन्टामा खुवाउनू । पैतालामा, घोटेको जाइफल लेपगर्नू ।

छट्पटी डाहमा—काँसाकोथाल छातिमा राखेर खूबमाथिवाट चीसोपानिको धार गिराउनू वारंवार यो

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

शीतोपचार गरनाले छट्पटी घटि निद्रा पर्छ।

पिशावबन्धभयेमा—कुश, काश, शिरु, ढड्डी, उखू, इन्को जराको षोडषावशेष काढावनाइ ठण्ढापारि टाइम टाइममा पियाउनू। अथवा पाषाणभेद गोखुरको काढा उसैगरि पियाउनू। अथवा-कपूरघोटेर भिजायेको सुतलो मूत्र द्वारमा बराबर हालनू। अथवा मूसाकानेको जरा महिमा घोटेर पियाउनू पिशाब खुल्दछ अथवा कपूर र गाईको घिउ मिलाई रुईमा भिजायेर मूत्रद्वारमा हालीदिनू।

हैजाकोशूलमा—अपामार्गकोजरा पानिमा घोटेर पियाउनू।

पिंडौलाहरुफर्कैमा—कूट र चरिअमिलाकोरस २॥ मुठि, सिंधेनून २॥ तोला, हाली पकाएको (औषधिको रससुकेपछि झिकेको) तिलकोतेल १ माना तयारगर्नू र बराबर मालिश गर्नू।

हैजाका विशेष औषधि—इ उपाय बराबरगर्दै बीचबीचमा हैजाका विशेष औषधि महौषधगुटिका, लवङ्गादिमोदक, अग्निमुखचूर्ण, मुस्तकारिष्ट, भास्कररस, क्रव्यादरस, अजीर्णकण्टक, अग्निकुमाररस, रामवाणरस, इत्यादि तल लेखियेका औषधिको यथायोग्य तजबीज गर्नू।

हैजामा होशियारी

चिकित्सागर्दा केहि दोषशमनभइ अजीर्णांश एक छेउतीर लाग्दछ, वाहाँपछि जठराग्निशुद्धै जस्तो हुन्छ र भोक

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

लाग्दछ तेसबेलामा खायोभने विषै खाये जस्तो भइ मानिस मर्दछ ।

स्वल्पं यदा दोषविबद्धमानं
लीनं न तेजःपथमावृणोति ।
भवत्यजीर्णेऽपि तदा बुभुक्षा सा
मन्दबुद्धिं विषवन्निहन्ति ॥ [सुश्रुत]

हैंजाका विशेष सिद्ध औषधीः—

(७७) महौषधिगुटिका * यो औषधि हैजा-अतीसार-ग्रहणी-वायुशूलवायुगोला-जीर्णज्वरमा गुणकारीछ । अनुपान-हैजामा-हिङ् जीराले साँधेकोमहि, अरु रोगमा तातोपानि । मात्रा २ गोलीसम्म ।

(७८) लवङ्गादिमोदक * हैजा—अतीसार—ग्रहणी—अम्लपित्तमा यो वडो गुणकारी छ । झाडाका व्यथाले गलेका मानिसले यो खाये भने चाँडै ताकतवढद्छ, झाडा वान्त थामिन्छ । अनुपान—हैजा-अतीसार ग्रहणीमा,-मही । अम्लपित्तमा चिसोपानि । मात्रा यथोचित १ तोलासम्म ।

(७९) अग्निमुखचूर्ण * अनुपान-हैजामा-दहि, अग्निमान्द्य—फीयो—वायुगोला—हर्षा—अन्त्रवृद्धि (हरिनिया) मा तातोपानि । यो चूर्ण इ रोगमा चाँडो फायदा गर्छ ।

---

* यो औषधि पाइने ठेगाना 'यशोदापुस्तकालय' हो ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

मात्रा २ मासासम्म ।

(८०) मुस्तकारिष्ट * भयङ्कर हैजामा एसले अद्भुत गुण देखाउँछ । पुरानू अरु औषधिले न हटेको अतिसार–गृहणी–अरुचिमा यो अति असल छ । मात्रा १ तोलासम्मको । अनुपान चाँहिदैन ।

(८१) भास्कररस * यो रस बडो प्रतापी छ । हैजा–शूल–अजीर्णमा यो खाने बित्तिकै फायदा देखिन्छ । अनुपान-पानको रस । मात्रा २ लालसम्म ।

(८२) क्रव्यादरस * हैजामा यो रस अमृतै जस्तो छ । अनुपान जीरा-सिंधेनूनले साँधेको मही (महीनपाये खाली ल्वाङ्पानि) । मात्रा २ लालसम्म ।

जस्तो सुकै गरिष्ठकुरो खायेको हवोसतापनि १ मात्रा यो औषधी पऱ्योभने २ पहरमा सब हजमभइ 'ढुङ्गो खाँउकी मूँढो खाँउ, भनेजस्तो हुन्छ । अर्थात् राक्षसहरुको जस्तो अग्निप्रदीप्त हुन्छ)

(८३) अजीर्णकण्टकरस * यो रस अजीर्णबाट उत्पन्न हुने सबतरहका रोगमा गुणकारी छ । हैजामा विशेष फायदा भयेको धेरै अनुभव छ) अनुपान तातो-पानी । मात्रा २ गोलीसम्म ।

(८४) अग्निकुमाररस * यो रसपनि अजीर्णजन्य

* ई सब औषधी यशोदा पुस्तकालयमा अमूल्य छन् ।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

सव रोगमा र विसूचिका (हैजा) मा अद्भुत गुणकारी छ । अनुपान जीरा-सिंधेनून-मही । मात्रा २ लालसम्म ।

(८५) अगस्तिरस * यो रस हैजामा उत्तमोत्तम छ । अनुपान सिंधेनून समेतहालि पकायेको जीरापानी (कि) सादा जीरापानी (कि) जीरानून मही, (कि) तातोपानी । माथि अरु औषधीमा लेखेका अजीर्णजन्य रोगका अनुपान सब एसमा पनि दिये हुन्छ । यो रस खायेपछि अजीर्णको डर कत्ति हुदैन । मात्रा ३ लालसम्म ।

(८६) कर्पूरासव * यो आसव हैजामा अत्युत्तम छ । पाँचवर्षका बालकलाइ ५ थोपा मिश्रीमा चुहाइ त्यो मिश्रीखुवाउनु । १६ वर्षसम्मका मानिसलाइ उमेरहेरी १० थोपासम्म, वाँहापछीकालाइ २० थोपा सम्म खुवाउनू । एसले तुरन्त फायदागर्छ ।

(८७) रामबाणरस * यो रसको वर्णनगर्नु पर्दैन आफ्नागुडलेनै यो औषधी जगद्विख्यात भयेको छ । यो रामबाण अग्निमान्द्यरूपी रावणलाइ मार्दछ । ग्रहणी-संग्रहणीरूपी कुम्भकर्णलाइ र आमवातरूपी खरदूषणलाइ पनि यो रामबाणले मार्दछ । रुचिबढाउँछ । कफकाट्छ । श्वास-कास-वमन-क्रिमिको नाशगर्छ । अनुपान—मरिचपानी ।

* ई सब औषधी यशोदा पुस्तकालयमा शास्त्रोक्तपद्धतिका छन् ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

मात्रा २ लालसम्म। खायोभने तुरन्त जठराग्नि प्रदीप्त हुन्छ।

"वह्निमान्द्यदशवक्त्रनाशनो रामबाण इति विश्रुतो रसः॥ संग्रहग्रहणिकुम्भकर्णकं सामवातखरदूषणं जयेत्॥ दीयते तु मरिचानुपानतः सद्य एव जठराग्निदीपनः॥ रोचनः कफकुलान्तकारकः श्वासकासवमिजन्तुनाशनः॥" [भाव.प्र.]

हैजा थामियेपछिको कर्तव्य—

शुद्धडकार आउनलागे, मनमा उत्साहछ, मूत्र-मल-यथोचितगरि आउनलागे, जिउहलुकाभयो, भोकलाग्यो, भने (इचिन्ह धेरैछन् भनेमात्र) अजीर्ण निकोभयो भनिबुझ्नू।

सूचना—अरु लक्षणभने सबछन्, तर डकार भने र औषधीखाँदा, तुलसी–हिङ्–बिरेनून–चरिअमिलो–मदिरा–इ परेका औषधिखायेको भये डकारगन्हाये पनि अजीर्ण निःशेष भयो भनि बुझ्नू र तललेखिने पथ्य आहार खुवाउनू।

हैजाप्रभृति अजीर्णजन्यरोगमा पथ्य

पुरानाचाँवलको पातलोमाँड, पुरानाधानको लावाको माँड्,मुगोकोमाँड्, अष्टमण्ड,* इ उत्तरोत्तर हलुका र फायदागर्ने

* अष्टमण्डको विधि * पुराना चालल १ मुठि, (कि) सुगि १ मुठि, सुठो-मरिच-पिपला-धनियाँ-जीरा-हिङ्-सिंधेनून इ

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

आहार हुन्। वेथुको शाक–सानामुला–काँचोकेरा–भन्टा–करेला–पदंचाल्नु–अमला–विही–ज्यामीर–कागती–नउनी–तोरीकोतेल मही–नछिप्पियेकोदहि–जीरा–धनियाँ–मेथी–मरीच–ज्वानू–अदुवा–सिंधेनुन–हिङ इ पदार्थ र–हरिण–मयूरो–खरायो–लाव (लाभे)–इन्को मासु–लशुन–सानाजातका माछा–पथ्य हुन्छन्। यथायोग्य वल–उमेर प्रकृति विचार–गरि इ पदार्थ वनाइ खुवाउनू।

हैजाप्रभृति अजीर्णजन्य रोगमा अपथ्य

मलमूत्रको वेग रोकनू, १ फेरा खायेको नपचि फेरीखानू, जागरण, मांस–पीठो–दूध–मलाही–कुराउनी–सर्वत–खानू–, भारी–नआ–अन्नखानू, तेललाउनू, इ विशेष अपथ्य हुन्छन्।

हजाको साध्यासाध्य विचारः—

दाँत–ओठ–नङ–काला भये, चैतन्य अलि अलि मात्र छ, वमन थामियेन, आँखा गाडिये, स्वरवस्यो, जोर्नि जोर्नि

यथायोग्य (ठिक) गरि हालनू र जम्माको चौधगुना बढता पानिमा हाली विस्तार मन्दाग्निगरि पकाउनू। ५।७ मुठि बाँकी रहेपछि त्यो माँड् छान्नू अष्टमण्ड रस तेहीहो। एसले भोक-जगाउछ, पिशाव खलासगर्छ, ताकतदिन्छ, रगतबढाउछ, जरो-हटाउछ, कफ-पित्त-शमनगर्छ, कुपितभयेको वायुलाइ समाल्दछ, भनि (हारीतसंहितामा लेखेकोछ)

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

छुट्टियेझै दर्दछट्पटी हुन्छ भने, त्यो रोगी बाँचदैन । अर्थात् इ लक्षण छैनन् भने बाँचदछ ।

"यः श्यावदन्तौष्ठनखोऽल्पसंज्ञो
वम्यर्दितोऽभ्यन्तरयातनेत्रः ।
क्षामस्वरःसर्वविमुक्तसन्धिर्या-
यान्नरोऽसौ पुनरागमाय" ॥

अथ अलसकविलम्बिकारोग विचारः—

अघि बयानगरेका आमाजीर्ण-विदग्धाजीर्ण-विष्टभाजीर्ण-रसशेषाजीर्ण-इ ४ प्रकारका अजीर्ण हूँदैमा यथोचित उपाय भयेन भने 'अलसक' रोग र 'विलम्बिका रोग हुन्छ ।

अलसकरोगको स्वरूपः—

एस्मा पेटफुल्दछ, पेटमा दर्दहुन्छ, वायुबढी डकार धेरै आउछन्, अपान वायु जादैन, दिशाहुदैन, प्यास ज्यादालाग्दछ, वमन पनि हुदैन, पाकपनि हुदैन ।

विलम्बिका रोगको स्वरूपः—

एस्मा-कफ-वायु-कुपितभयेर खायेको आहार पचाउन दिदैनन्, । वमनपनि हुदैन दिशापनि हुदैन, खायेको औषधि जठराग्निसम्म पुग्न नपाउने हुनाले अग्निवढाइ खाएको पचाँउला भन्ने आशा रहदैन। यो रोग कष्टसाध्य छ ।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

इ दुवै रोगमा साधारण कर्तव्यः—

अघिलेखियेका ४ प्रकारकाअजीर्णका साधारणउपाय र हैजामा लेखियेका औषधि इ रोगमा पार्नु पर्छ । आमाजीर्णको वमनविधिगरि वमनगर्नु असल्छ । वमनभयो भने मात्र औषधीले सर गर्छ । नत्र औषधी लाग्दैन ।

॥ इति स्वयंवैद्यको जठराग्निविकाराधिकारः ॥

॥ शुभमस्तु ॥

अथ कृमिरोगाधिकारः

कृमिका मुख्य ४ भेद :—

वाह्यकृमि-पुरीषजकृमि-कफजकृमि-रक्तजकृमि,-कृमिका इ ४ भेद मुख्य छन् ।

इन्को निदान र चिकित्सा :—

बाह्यकृमि—मयलपर्नाले (फोहोरले) केशमा (कपाल-काखिप्रभृति रँउभयाको ठाउँमा) उत्पन्नहुने कृमि (किरा=जम्रा=जुम्रा=लिखा) लाइ बाह्यकृमि, भन्दछन् । ई ज्यादाबढेभने खटिरापटिरा हुन्छन् ।

इन्को औषधि—मयलमिन्काइ जिउ सफ्फाराखनू मुख्य औषधि हो । धतुराकापातको रस अन्दाजी २॥ मुठी

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

झिकनू र त्यो उमाली, तेस्मा १ मानु तिलकोतेल मिलाई धतुराकोरसजति सुकेपछि झिकनू। यो तेलको मालिशगर्नाले, जम्रा=चम्जम्रा=लिखा=हरुको सर्वनाश हुन्छ ।

अरु ३ प्रकारका कृमिको निदानः—

खायेकोनपचदै फेरि खानाले, गुलियो, अमिलो, पद्याँलो, पिठो, सस्खर (चाकू), विरुद्ध (प्रकृतिविरुद्ध=संयोगविरुद्ध प्रभृति विरुद्ध) आहारगर्नाले, व्यायामनगर्नाले (सिहिनेतपर्नेकाम केही नगर्नाले), दिउसोसुतनाले, कृमि रोग हुन्छ ।

इन्को उत्पत्तिबुझिने लक्षणः—

भित्र कृमि उत्पन्नभयेका रहेछन् भने-जरो आउँछ, मुख विवर्ण (निस्तेज) हुन्छ, शूल (पेटमा दर्द) हुन्छ, भातखान मन् लाग्दैन ।

पुरीषजकृमि—पक्वाशय (पचेको अन्नरहने ठाउँ) मा विष्ठामा किरापर्न जान्छन् ति किरा दिशागर्दा गिर्ने हुन्छन्, तेसबेलामा नीचमारियो होसरहेन भने ति किरा-आमाशयमा (छातिमा) पुग्दछन् र, गन्हाउने डकार-गन्हाउने सास आउन लाग्दछ । पखाला लाग्दछ । शूल (पेटमादर्द)-कैले दिशाबद्धहुने-कृशता (दुब्ल्याजी)-हुने-शरीर रुखाहुने-आङ्जुरुङ्गहुने-अग्निमन्दहुने-गुदद्वार चिलाउने इत्यादि उपद्रव बढदछन् ।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

कफजकृमि—आमाशयमा कफविकार भइ कृमि उत्पन्न हुन्छन् ति कृमि साना–ठूला–लामा–छोटा–राता–सेता अनेक तरहका हुन्छन्। ति कृमिभयेमा हिक्का–अजीर्ण–अरुचि–मूर्छा–वमन–ज्वर–आनाह–(पेटढुस्सहुने)-खोकी–छिक्का–पिनास हुने हुन्छ, राल ज्यादा आउँछ।

रक्तजकृमि—अघि लेखियेका कारणले रक्तमापनि कृमि उत्पन्न हुन्छन्, ति कृमि सानासाना–वाटुला–कन्सुत्लाजस्ता–अनेकरङ्गका हुन्छन्। ति बढनाले कुष्ठ महारोग उत्पन्न हुन्छ।

विशेषवक्तव्य— कृमिरोग प्रायः बालकहरुलाइ ज्यादा हुन्छ। जुकापरेका बालकलाइ कि भोकक्तिपनि-लाग्दैन। कि, खूव भोकलागि खाँदै छेदैं गर्ने हुन्छन्, प्यास ज्यादा हुन्छ, नाक सक्सकाउनेहुनाले नाक कोट्या-उने हुन्छन्, मुख गन्हाउँछ, वाक्वाक् लागी रहन्छ, निद्रा पर्दैन, गुदद्वार चिलायेको हुनाले वारंवार कोट्याइ रहन्छन्, कैलेकाँही वमनगर्दा मुखवाट पनि जुका आउँछ; सपनामा ज्यादा वर्वराउँछन्, दाँतकीटछन्, निद्रामा तर्सेर उठछन्, वाडुली ज्यादा लाग्दछ, इ लक्षणले बालकको र अरुको पनि कृमिरोग सहज चिन्हिन्छ।

सबतरहका कृमिमा साधारण कर्तव्य

दूध–दहि–घिउ–माँसु–साग–गुलियो–अमिलो–पिठाको

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

प्रकारले एसमा वैगुन हुन्छ। मह-हिङ-ज्वानू-कागती-लशुन-नुनिलो-तितो-टर्रो वस्तुले फायदा हुन्छ। पथ्यापथ्यमा एही अनुसार गर्नू दिउसो न सुत्नु केही व्यायाम (शारीरिक परिश्रम) अवश्य गर्नू।

एसमा नीचमारनाले हैजा-छारेरोग-उन्माद (बहुल्याग्नी) हुने संभव छ।

पुरीषज-कफज-कृमिरोगमा सुलभ उत्तम औषधि—पलाशको बीज (दाना) को चूर्ण २॥ मासा, वायुविडङ्गको चूर्ण २॥ मासा, इ २ औषधि २।३ मुठि महिसँग खुवाउदैगर्नाले जुका गिर्दछन्। अथवा—वायुविडङ्गको काढामा वायुविडङ्गको चूर्णमिलाइ पिउनू। अथवा वायुविडङ्गको चूर्ण महमामिलाइ चाटनू र वायुविडङ्गको काढा पिउनू। कि—वायुविडङ्गको चूर्ण-सुठो-मरिच-पिपलाको चूर्ण जम्मा ५ मासासम्मको मात्रागरि भातको माँड्सँग पिउनू। कि—पलाशको वीज (दाना) को रसमा मह ५ मासासम्म मिलाइ पिउनू। कि—ज्वानूको चूर्ण-सक्खर (गुड-चाकू) समभाग गरि बिहान चीसोपानिसँग खानू, सवतरहको जूका मर्दछन्। कि दारिमको बोक्राको अष्टावशेषकाढा पकाइ तेसमा यथाशक्ति (१ तोला २ तोला सम्म) तिलको तेल मिलाइ बिहान पिउने गर्‍योभने ३ दिन्मा सब कृमि गिर्दछन्। कि-इन्द्रजौ-वायुबिडङ्ग-पलाशको-

सर्वसुलभ

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

बीज इ ३ थोक समभागगरि चूर्ण गर्नु, सस्वर चिसोपानो-सँग ५ मासासम्मखानू ।

(८८) शृङ्गपुटभस्म × यो भस्म उमेर ताकतहेरि २।३।४।५ लालसम्मको मात्रागरि खानु । अनुपान—जुका—चुर्नापरेमा—वायुविडङ्गको चूर्ण १ मासासम्ममा, मह १०।८ थोपा र यो औषधिमूछि चाटनू र, वायुविडङ्गको काढा १ मुठिसम्म पिउनू । वालकहरूलाइ मूत्रशर्करा (वाक्लोपिशाव) जीर्णज्वर—दम—खोकि अरुचि भयेमा-जीरापानी । पेटफुलने-पेटघोचने-व्यथामा तातोघिउ आधातोलासम्ममा यो मिलाइ चाटनू । गोटापरि अरुचिस्मेत भयेमा-मुनकादाख ५।७ गोटाको रस (पानिहालेर) १ मुठिसम्म वनाउनू तेस्मा २ मासासम्म मिश्री र यो औषधि मिलाइ पिउनू दिशा खलासहुन्छ, भोक जाग्दछ, ताकत लाग्दछ । यो औषधि वाल वृद्ध सवलाइ हितकारी भैकन सस्तो पनिछ ।

(८९) कृमिमुद्गररस × यो रस २ लालसम्म-को मात्रागरि वायुविडङ्गका रसको अनुपानसँग खानाले ३ दिनैमा कृमि नष्टभ्रष्ट हुन्छन्, भोक-ताकत वढदछ ।

(९०) कृमिकुट्टनवटी × यो रस १ मासासम्म-को मात्रागरि माथिलेखियेका कृमिरोगका सुलभऔषधी-मध्यको कोहीएक औषधीको अनुपानसँग १।२ मात्राखाना-

× आयुर्वेद महौषधालय यशोदा पुस्तकालयमा औषधि तयार हुन्छन् ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

ले सबतरहका कृमिरोगमा चाँडो फायदाहुन्छ ॥

रक्तजकृमिमा—कुष्ठरोगाधिकारमा लेखिने * विधिले चिकित्सा गर्नू पर्छ। दिशा खलासराखनू, रक्तसफागर्नालाइ "लघुमञ्जिष्ठादिकषाय" कोप्रतिदिन अभ्यास गर्नू।

लघुमञ्जिष्ठादिकषायको विधि—

मजीटो, त्रिफला (अमला ४ भाग, वर्रो २ भाग, हर्रो १ भाग), कुट्की, बोझो, चूत्रो, कूट, नीम। इन्को समभाग गर्नू र थिचथाचपारेको त्यो औषधि जम्मा अन्दाजीतोला १,१६ मुठिपानिमा हालि पकाइ २ मुठि बाँकीराखी झिकनू। अनि मन्तातै पिउनू।

एसले क्रिमिविकार–रक्तवात–लूतो–दाद–सबतरहका खटिरापटिरामा गुण गर्छ। रक्तसफागर्नलाइ यो उत्तमोत्तम छ।

॥ इति स्वयंवैद्यको कृमिरोगाधिकारः ॥

शुभमस्तु

अम्लपित्तहुने कारण (निदान)

संयोगविरुद्ध आहार, बिग्रेको बासी आहार, पित्तबढाउने आहार, अमिलो, विदाहि (छाति=पेटपोलनेवस्तु), खान्नाले

* स्वयंवैद्यका अर्कोभागमा कुष्ठरोगाधिकार लेखिन्छ सो हेर्नू।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

शरीरमा रहेको पित्त कुपित (अमिलो) हुन्छ तेसैलाइ अम्लपित्त भन्दछन् ।

अम्लपित्तको पहिचान—

खायेको पचतैन, ग्लानि हुन्छ, उत्क्लेश (वमनहोला-भनेझै हुलुक्क हुलुक्क) हुन्छ, तिता-अमिलाडकार आँउँछन्, छाति-घाँटि पोल्दछ, जिउ भारीहुन्छ, खानमन लाग्दैन, येस्तो लक्षण छ भने अम्लपित्त हो भनि बुझ्नु ।

अम्लपित्तको २ भेद—

ऊर्ध्वगतअम्लपित्तमा— हरियो-पहेंलो-नीलो-कालो-गुलावी-रातो-खूब अमिलो, माछापखालेकोपानिजस्तो गन्हा-उने,-चिपलो, झोलचौटाभयेको कफसमेतको पित्त वमन-हुन्छ ।

अधोगतअम्लपित्तमा—हरियो-पहेंलो–नीलो–कालो-गुलावी–रातो–अमिलो–माछापखालेकोपानिजस्तो गन्हाउने,-चिपलो, झोलचौटाभयेको कफसमेतको पित्त दिशा हुन्छ, प्यास-डाह-मूर्छा-रिंगँटा-मोह-हिक्का-अग्निमान्द्य-रोमाञ्च (आङ-जुरुङ्गहुनु)-पसीना इत्यादि उपद्रवसमेत हुन्छन् । जिउ पहेंलो हुन्छ ।

अम्लपित्तको विशेष पहिचान

खायेको केहीवेरपछि अथवा–नखादैमा पनि तितो अमिलो वमन हुने हुन्छ । कि खायेको केहीवेरपछि अथवा

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

नखादै (पहिले) तिता अमिला डकार आउने हुन्छन् । घाँटि छाति·पेट पोल्दछ । कपाल दुख्तछ । हात खुट्टा पोल्दन् । ज्वर आउछ । अरुचिहुन्छ, आङज्यादा चिलाउँछ । आङमा वारुलाचछ्यूँले टोकेजस्ता भावर निस्कन्छन् । खटिरा पटिरा पनि प्रायः निस्कने हुन्छन् ।

अम्लपित्तमा विचारगर्नु पर्ने कुरा

ऊर्ध्वगत अम्लपित्तमा वारंवार वमनभयेको देखदा छर्दिरोग (वमनरोग) हो भन्ने भ्रान्ति हुन जान्छ । अधोगत अम्लपित्तमा वारंवार दिशालागेकोदेखदा अतिसार हो भन्ने भ्रम हुन जान्छ । वाहाँपछि छर्दिरोगको लङ्घन शोधन उपाय गरियेला र उर्ध्वगत अम्लपित्तमा व्यत्यासपर्ला, तेस्तै अधोगत अम्लपित्तमा अतिसारका भ्रमले पाचन स्तम्भन गरियेला र ब्यत्यासपर्ला । तेसोहुनाले अम्लपित्तमा सबभन्दा पहिले 'कुन्कुन्दोष विग्रेका छन् ? कुन्दोष विग्रदा कस्तो हुन्छ ?' एसकुराको खूब हेका राखि चिकित्सा गर्नु पर्दछ । तमर्थ 'अम्लपित्त कतिप्रकारछन् ? ति कस्ताछन् ?' यो बुझ्नु पऱ्यो ।

ऊर्ध्वगत अधोगत दुवै अम्लपित्तका प्रकार र तिन्को पहिचान—

(१)मुख्य पित्त कुपितहुने, वाहाँपछि वायुसमेत-कुपितहुने अम्लपित्तमा-कम्प·ग्लानि·प्रलाप·मूर्छा·शूल·रिगँटा-

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

हुन्छ । आङ झन्न हुन्छ, अन्धकारले छोपेझैं भयाम्म अँध्यारो देखिन्छ । आङजुरुङ्गहुन्छ । अमिला डकार आउछन् । वमनवाट (कि) दिशावाट पित्तजान्छ ।

(२) मुख्य पित्त कुपितहुने, वाहाँपछि कफसमेत-कुपितहुने अम्लपित्तमाकफथूक धेरै आउँछ, थुकथुकी लागी-रहन्छ, आङभारी हुन्छ, जाडोलाग्दछ । मुख च्याप च्याप लाग्दछ, वमनवाट (कि) दिशावाट पित्तकफ जाने हुन्छ, आङ चिलाउँछ, निद्रा ज्यादा पर्दछ ।

(३) मुख्य पित्त, वाहाँपछि कफ वायुसमेत कुपितहुने अम्लपित्तमा–कम्पप्रलाप–मूर्छा–ग्लानि–रिगँटा– अग्निमान्द्य हुन्छ । वाक्वाक् थुकथुकि लागीरहन्छ, जिउभारी हुन्छ, आङ झन्न हुन्छ, जाडोलाग्दछ, अन्धकारले छोपेझै झ्याम्म अँध्यारो देखिन्छ, मुख च्यापच्याप लाग्दछ, ताकत कत्ति हुदैन, आङ चिलाउँछ दिद्रा ज्यादा पर्दछ, वमनवाट (कि) दिशावाट कफ पित्त जान्छ ।

(४) पित्तर कफ दुवै मुख्यकुपितभयेको अम्लपित्तमा (श्लेष्मपित्तमा)- तिता-अमिला पिरा-डकार आउँछन् । घाँटि, छाति, पेट पोल्दछ । रिगँटा लाग्दछ, मूर्छा, अरुचि-आलस्य-हुन्छ, कपाल, भारीहुन्छ, रालधेरैआउँछ, मुखगुलियो हुन्छ, वमनवाट, (कि) दिशावाट पित्तकफ जान्छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

अम्लपित्तमा कर्तव्य

ऊर्ध्वगतअम्लपित्तमा—वमनगराउनु उत्तमछ । तर सुकुमार-वालक-बृद्ध-डराउने-दुर्वल—बातप्रकृति-गर्भिणी- गुल्म-रोगी (गोलाकोव्यथाहुने) उदर (जलोदर-प्लीहोदर (हुने)-दुव्लो-ज्यादामोटो—उरःक्षतभयेको-मदिराकोनशावाला-रूखा-शरीरभयाको-रोगीछ भने ता वमन उचित हुँदैन ।

वमनविधि—

भोलीपल्ट वमनगर्नुछ भने अघिल्लादिन बेलुका मन्नपर्ने कफवढाउने प्रायः पद्याँलो दहिआदिगरेको आहार पेटभरी-खुवाउनु । भोलीपल्ट विहान-मैनफकोचूर्ण यथायोग्य १ मासासम्म मुखमा हालि-यथायोग्य सिंधेनून हालीपकाये-कोमन्तातो पानि पेटभरपिउनू । अथवा अर्धावशेषगरि पकायेको मैनफल (१२।१५ तोलासम्म) को काढामा सिंधेनून महमिलाइ पेटभर पिउनू । कि=परवर १ भाग, नीम १ भाग, असुरो १ भाग, इ३ थोकको अर्धावशेषकाढा पेटभर पिउनू । अथवा—दहिगुह्यालो, मैनफल, जेठीमधू, सिंधेनूनकोसमभागचूर्ण महमामिलाइचाटेरनीमका पात को काढा यथाशक्ति (पाँचमुठीसम्म) पिउनू । वाहाँ-पछि—अग्लो ठाँउमा वस्नू र + भित्रको दोष विलाउन-लागेको, ठाउँवाट हटेको, पेटमा पुगेको, जम्मा भइ निस्कन

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

आटेको, लक्षणले+बुझनू र ज्यादा बलनगरि–केहि निहुरी वमनगर्नू । वमनगर्दा निधार–कंचट्–पिठ्यूँ–नाभि–एती–ठाउँमा अरुमानिसले सुस्तसुस्त थिचनू । कदाचित् तेसैं वमन आयेनभने कमलकोडाँठ–कि–अँउला घाँटिमा हालि वमन गर्नू । पित्त नजाउनूज्याल वमनहुनु असलहो ८।६।४ पटकमा प्रायः पित्तमात्र वमनमा आउछ । वाहाँपछि–मूगी–कोदाल–पुरानाचाँवलकोभात–मनपर्नें (रुचेका) पथ्ये (पित्तवायुनवढाउने) तर्कारी–तातोपानि–खानू । चिसोपानि । मैथुन । तैलाभ्यङ्ग । शारीरकपरिश्रम क्रोध इ अपथ्य न पार्नू ।

उत्तमवनभयेका भये—छाती–घाँटी–कपाल–हलुका हुन्छ । जठराग्नि प्रदीप्त हुन्छ । डकार शुद्ध आउँछन् । भोक–रुचि–वढद्छ ।

वमन उत्तमभयेनछभने—मुखवाट राल आइ–रहन्छ । छाती ढुकढुक हुन्छ । जिउमा अरिङालचछचूँले टोक्नेजस्ता भावर निस्कन्छन् । जिउ चिलाउँछ ।

वमन ज्यादा हुनगयेछ भने—प्यास–हिका–डकार-

× पसोना आयोभने दोष विलाउन (पग्लन) लाग्यो भनि बुझनू । रोमाञ्च (आङ जुरुङ्ग) भयो भने दोष आफना ठाँउवाट हट्यो भनि बुझनू । पेट कराउँन लाग्यो भने दोष पेटमा पुग्यो भनि बुझनू । हिका-राल-आउँनलाग्यो भने अव दोष निस्कन आँट्यो भनि बुझनू र नहड्वडाइ धैर्यसाथ वमन गर्नू ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

वेहोशी–हुन्छ। जिउरो भित्र नपस्ने, जिउरो वाहिर नआउने, मुख खुलाको खुलै रहने (वन्द गर्न नसकिने)–वमनवाट रक्त आउने–आँखा खस्ने, घाँटि दुखने, इ भयङ्कर उपद्रव हुन्छन्।

ज्यादा वमनका उपद्रवमा साधारण कर्तव्य— वमन ज्यादाभये छ भने हल्का जुलावलिइ दिशागर्नु पर्छ।

जिउरो भित्र पसेमा— घिउ (कि) दूध (कि) माँसुको रसले कुल्लागर्नू। कि, अमिला-नुनिला-चिल्ला-वस्तुले कुल्ला गर्नू। जिउरो भित्रपस्ने मानिसका अघिल्तिर वसेर अरु मानिसले स्याँजिलाग्नेगरि (जिउरो ट्वाक्ट्वाक पार्दै) नून र अमिलो खाइदिनू र भित्रपसेको जिउरो अवश्य निस्कन्छ।

जिउरो बाहिर निस्केमा— तिल र दाख पानिहालेर पिधनू र सुस्त-सुस्त जिउरामा मलनू (दलनू) जिउरो भित्रगइ दुरुस्त हुन्छ।

मुख खुलाको खुलै (बन्द नहुने) मा— चिउडो सेकेर पसीना काढनू, कफ-वात हटाउनेउपाय (अर्थात् कडा नस) हालि छिका गर्नू।

वमनवाट रक्त आयेमा— अमला, चुत्रो, उसीर (खश), लावा, श्रीखण्ड, एती समभागगरि पानिहालेर

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

पिंधनू र केही पँघालो तेस औषधिमा घिउ १ भाग, मह २ भाग, मिश्रि ३ भाग, हालि पिउनू।

आँखाखस्ने (बाहिर निस्कनेमा)—घिउलायेर विस्तार विस्तार हलुकाहातले थिचि ठेगानमा पुऱ्याउँनू। ※

अधोगतअम्लपित्तमा—विरेचन (जुलाव) असल छ। तर–बालक–वृद्ध–ज्यादाडराउँने–थाकेको–प्यासले आकुलभयेको–क्षयरोगी–गर्भिणी–तरुणज्वरवाला–मर्वकीसुत्केरी–अग्निमन्दहुने–मदिरामत्त, इनिहरुलाइ विरेचनले फाइदाहुदैन।

अम्लपित्तमा विरेचनविधि—निशोथको चूर्ण १ तोलासम्म अमलाको क्वाथसँग पिउनाले अम्लपित्तमा फाइदाहुने विरेचन हुन्छ (दिशा खलास हुन्छ) यो औषधी खायेपछि वतासलागने ठाउँमा नबसनू। दिशालागेमा नथामनू। नसुतनू। चीसोपानी नछुनू। दिशाको पटकैपिछे तातोपानि पिउनू। ३० पटक दिशाभइ आउँदेखियोभने उत्तमविरेचन भयेछ। २० पटकमा आउँदेखियोभने मध्यम

※ सूचना—वमनविधिले अम्लपित्तमा मात्र होइन कि, अरु धेरैरोगमा पनि फायदा हुन्छ। कदाचित् तल माथि पर्लाकी भन्ने शङ्काले हुने सम्मका उपद्रव र तिन्का उपाय लेखियेका हुन्। उपद्रव देखदै डराइ वमन नगर्नू असल होइन उमेर–औषधीको मात्रा–रोगको ताकत् बुझि वमन गर्नु पर्छ। प्राचीन आयुर्वेदग्रन्थमा शरीरशुद्धगर्ने पञ्चकर्ममा पहिला वमनै छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

विरेचन भयेछ। १० पटकमा आउँदेखियोभने अधम (ठिक्कैको) विरेचनभयेछ भनि बुझ्नू।

विरेचन ठीक भयेछ भने—जिउ हलुका, मन खुशी, हुन्छ। अपानवायु चल्दछ।

विरेचन ठीक भयेनछ भने—नाभिस्थान साह्रोभइ दुखने हुन्छ। अपानवायु चल्दैन। आङचिलाउँछ। जिउ-भारीहुन्छ। वाक्‌वाक् लाग्दछ। यस्तो भयेमा २।३ दिन पाचन औषधि खुवाइ फेरि जुलाव दिनु पर्छ।

विरेचन ज्यादाभयोभने—पेटमा दर्द हुन्छ। मूर्छा-रिंगँटा-छटपटी हुन्छ। गुदद्वार बाहिर निस्कन्छ। दिशाबाट बोसो रगत जान लाग्छ। एस्तो भयोभने-रोगी-लाइ चीसोपानि वारंवार छर्कनू। चौलानीमा मह ५।७ थोपा हाली पियाउनू आँपको कोया दहिमाघोटी चाटनू तेही नाभिमा पनि थोपर्नू। *

अम्लपित्तमा अनुभूत सुलभ सहज उपायः—

इन्द्रजौ, असुराको पात, अमला, समभाग इ ३ थोक-को अष्टावशेषक्वाढामा दालचिनी–तेजपात–अलैची–कोचूर्ण २ मासासम्म मिलाइ, चीसोभयेपछि ५।७ थोपा महहालि

* सूचना—वमन=विरेचन–इ २ उपाय नगरि अम्लपित्त-मा पूर्ण आरोग्य कहिल्यै हुदैन, उर्ध्वगत–अधोगत दुवै अम्ल-पित्तमा वमनगरि विरेचन पनि गर्नू पर्छ। वमननगरि विरेचन-मात्र गर्नाले पूर्ण फायदा हुदैन।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

पिउनाले अम्लपित्तको वमनमा फायदा हुन्छ। अथवा–गुर्जोनीमकोपात इ २ थोक समभागगरि अष्टावशेषकाढा पकाइ चिसोभयेपछि ५।७ थोपा महमिलाइ त्योकाढा १।२ मुठि पिउनू। अथवा–असुराको पात, गुर्जो, कैरुवा, नीमको-पात, चिराइतो, भृङ्गिराज, हर्रो, वर्रो, अमला, परवरको पात (पात नपाये फल) इ औषधि समभागगरि अष्टावशेषकाढा तयारगर्नु र चिसोपारि यथायोग्य (५।७।८।१० थोपा) महमिलाई २ मुठिसम्म त्यो काढा पिउने अभ्यास गर्नू। यो काढा अम्लपित्तमा अति उत्तमछ। एसको धेरै अनुभव छ। अथवा–भातखाँदाखेरी पहिलो गाँस र पछिल्लो गाँस अमलाको रसमा मुछेर खाने अभ्यास गर्नू। अम्लपित्त-अरुचि-प्रमेह-धातुविकार इ रोग निःशेषभइ हट्छन्। यो आमलकीकल्पहो; सके सँधै नसकेपनि १ वर्ष, ६ महिना ता अवश्य एसको सेवागरि अनायासैले आरोग्यलाभ गरि जन्मको सार्थक्यगर्नुसवलाइ (विशेष अकिञ्चनहरुलाइ) मुनासिव छ।

अम्लपित्तका विशेष औषधि—

(९१) अविपत्तिकरचूर्ण * यो चूर्ण भातखाने-वेलैमा ८ मासासम्मको मात्रागरि पाये नरिवलकोदूध, नपाये चीसोपानिसँग खाइ भातखान थाल्नु। आधा भात खायेपछि फेरी यो औषधि ८ मासासम्म चिसोपानिसँग

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

खाइ फेरी वाँकी भातखाने गर्नु। यो चूर्ण खायेमा दूधभात खानुपर्छ। एसले अम्लपित्तमा-प्रमेहमा-मूत्राघातमा बडोफायदा गर्छ। यो औषधि खायेमा मुख नवारेपनि हुन्छ मुख बान्योभने ता ४ दिन्मा निकोहुने व्यथा दुवै दिन्मा निको होला।

(९२) चतुःसमचूर्ण * दूध कि घिउको अनुपानसँग १ तोलासम्म यो चूर्णखानाले अम्लपित्तमा आरोग्य हुन्छ। एसका सेवाले आँखाको तेज बढ्दछ। नेत्ररोग सब नष्ट हुन्छ। बुद्धि बर्कत दुवै थोक एसले बढाउछ। परिश्रमी विद्यार्थिहरुले यसैको सेवागर्नु पर्छ।

(९३) अम्लपित्तान्तकरस * धनियाँ-जङ्गीहर्रो-जेठीमधुको काढासँग २ लालसम्म यो खानाले अम्लपित्तको ध्वंस हुन्छ। शूललाई पनि एसले निर्मूल गर्छ।

(९४) लीलाविलासरस * २ लालसम्म महको अनुपानगरि यो औषधिखानाले अम्लपित्तमा चाँडो आराम पाइन्छ। छर्दिरोग [वान्तिरोग] मा शूलमा-हृदयदाहमा यो उत्तमोत्तम छ।

(९५) अमृतबिन्दुरस * यो रस अम्लपित्तमा अमृतै हो। अन्नद्रवशूल-परिणामशूल-वान्ति-हिक्का-अरुचि-प्यास-दम-खोकी-कमलपित्त-रक्तपित्त-क्षय-दाह-शोथ-रिंगँटा-तन्द्रा-कुष्ठ-मूर्छा-फीयो-कलेजाकोविकार-

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

अग्निमान्द्य–इ रोगमा पनि यो औषधि अत्युत्तम छ। अनुपान गुर्जाकोरस १ मुठि। मात्रा २ लालसम्म।

(९६) सुधाक्षाररस * यो रस पनि अम्लपित्तको भयङ्कर दुःखमा गुणकारी छ। अनुपान मह। मात्रा २ लालसम्म।

अम्लपित्तमा पथ्यापथ्य—

वमन-विरेचन पथ्यछ। पुराना रातो मार्सिका चामल-जउ-मुगी-ततायेरचिसोपारेको पानि-चिनी-मिश्रि मह-जउको सत्तु-कँकडी-करेला-केराकोवुङ्गो-वेथुकोशाक, कैथ, गुलियो दारिम, दाख, अमला, तिता अरु पदार्थ, जङ्गलीहरिणको-मासु पथ्यछन्। नयाँ अन्न, तिल, मास, गहत, तेल, नून, अमिलो, पिरो, भारिअन्न, दहि, मदिरा, इ वस्तु अपथ्य छन्।

अम्लपित्तमा साध्यासाध्य विचार—

नयाँ [भर्खर उत्पन्नभयेको] अम्लपित्त साध्य हो [निको हुन शक्तछ]। पुरानु अम्लपित्त याप्य हो [ओखति गरीरह्योभने केहि हुदैन]।

पथ्य नगर्ने मानिसको नयाँ अम्लपित्त कष्टसाध्य हो [ठीकठीक चिकित्सा भयोभने कदाचित् निकोपनि होला]।

* यशोदा पुस्तकालयको औषधालय विभागमा असल पाविन्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

पथ्य नगर्ने मानिसको पुरानु अम्लपित्त असाध्य हो [केही गरे पनि निको हुन शक्तैन]।

॥ इति स्वयंवैद्यको अम्लपित्ताधिकारः समाप्तः ॥

॥ शुभमस्तु ॥

अथ क्षय (यक्ष्म-राजयक्ष्म-शोष) रोगाधिकार

(क) क्षय, यक्ष्मा, राजयक्ष्मा, शोष, इ यौटै रोगका नाम हुन्। चिकित्साको बल एस्मा नचल्ने हुनाले (चिकित्साबल सकिने हुनाले) एस रोगलाइ 'क्षय' भन्दछन्। दुःखदायी हुनाले एसलाइ 'यक्ष्मा' भन्दछन्। रोगकोराजा हुनाले र पहिले द्विजराजचन्द्रमालाइ यो रोग लागेको हुनाले एसलाइ 'राजयक्ष्मा' भन्दछन्। रसरक्तप्रभृति धातु-सुकाउने हुनाले एसलाइ 'शोष' पनि भन्दछन्।

क्षयरोगको निदान (चरकसंहितानुसार)

(ख) साहस (आफ्नाबलले नभेटने बलसाध्य

(क) "क्रियाक्षयकरत्वाच्च क्षय इत्यभिधीयते" ॥ क्रोधो यक्ष्मा ज्वरो रोग एकोर्थो दुःखसंज्ञितः" ॥ "राज्ञश्चन्द्रमसो यस्मादभूदेष किलामयः ॥ राजा च यक्ष्मणां यस्माद्राजयक्ष्मा ततः स्मृतः" ॥ "संशोषणाद्रसादीनां शोष इत्यभिधीयते" ॥

(ख) "इह खलु चत्वारि शोषस्यायतनानि, साहसं-सन्धारणां-क्षया-विषमाशनं इति"।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

कामगर्नू) १—सन्धारण (मल, मूत्र, अपानवायुको वेग रोकनू) २—क्षय (रस-रक्तादिधातुको क्रमैले सुल्टोगरि-नाशहुनू र, शुक्र, मज्जा, अस्थि, मेद, मांस, रक्त, रस एस्तो उल्टो क्रमले शुक्रादिधातुको नाशहुनू) ३—पिष-माशन (विषम आहार गर्नू) इ ४-कुरा क्षयरोगका निदान (कारण) हुनू ।

साहसबाट हुने [१] क्षयको निरूपण

(ग) निर्धोमानिस आफुभन्दा बलीयासँग कुश्ती खेल्दछ भने, ठूलाधनु बन्दूकहरु चलाउने भिहिनेत गर्दछ भने, धेरैकरायेर बोल्दछभने, सान्हैंगन्हौंभारी बोक्तछ भने, पानिमा ज्यादा पौडी खेल्दछभने, खूप थिचिथिचि माडि-माडि बुकुवा तेलहरु घसाउँछ भने, साहै कुल्चायेर आङ-थिचाउँछभने, खूबदौडेर टाढाटाढासम्म पुग्दछ भने, कडा-चोटमा पर्दछभने, एस्तै आफना बलले नभेट्टाउने काममा बलमिचाजि गर्दछ भने, तेस्ताकामले तेसमानिसको छाति-क्षत (घाउ) हुन जान्छ)

(ग) "यदा पुरुषो दुर्बलो हि सन् बलवता सह विगृह्णाति, अतिमहता वा धनुषा व्यायच्छति, जल्पति वा ऽतिमात्रम्, अतिमात्रं वा भारमुद्वहति, अप्सु वा प्लवते चातिदूरम्, उत्सा-दनपदाघातने वातिप्रगाढमासेवते, अतिप्रकृष्टं वाध्वानं द्रुतमभि-पद्यते, अभिहन्यते वा, अन्यद्वा किंचिदेवंविधं विषममतिमात्रं वा व्यायामजातमारभते. तस्यातिमात्रेण कर्मणा उरः क्षण्यते ।"...

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

(घ) छातिमा घाउ (उरःक्षत) हुनाले वायुकुपित हुन्छ र छातिकोकफ जगाइ सुकाइ दिन्छ र त्यो वायु सर्वैतिर फैलिन्छ, शरीरका जोर्निजोर्निमा त्यो वायुको अंश घुसेको हुनाले-हाइ आउँने, आङदुखने, जरो आउँने हुन्छ। त्यो वायुको अंश आमाशय (नाभि र स्तनकोबीच) मा रहनाले-छातिमादर्द शूल हुने, अरुचिहुने, हुन्छ। त्यो वायुको अंश घाँटिमा घुस्नाले-घाँटिबस्ने, स्वरसानुहुने, हुन्छ। त्यो वायुको अंश प्राणवायुहिंडने (चलने) नसामा घुस्नाले दम्वढने, रुघालाग्ने, हुन्छ। त्यो वायुको अंश शिरमा घुसेको हुनाले शिरोरोगहुने हुन्छ। वाहाँपछि छाति चिरियेको हुनाले, वायु यथाभात्री चलेको हुनाले, घाँटित्रसी खस्खसाउने भयेको हुनाले, खोकी लाग्दछ। खोक्ता फेरी

(घ) "तस्योरःक्षतमुपप्लते वायुः, स तत्रावस्थितः श्लेष्माणमुरःस्थमुपसंगृह्य शोषयन्निहरत्यूर्ध्वमधस्तिर्यकच, योंऽशस्तस्य शरीरसन्धीनाविशति, तेन जृम्भाङ्गमर्दोज्वरश्च, यस्त्वामाशयमुपैति, तेन रोगा भवन्त्युरस्या अरोचकश्च, यः कण्ठं प्रपद्यते स कण्ठस्वनमुद्ध्वंसयते स्वरश्चावसीदति, यः प्राणवहानि स्रोतांस्येति, तेन श्वासः प्रतिश्यायश्चोपजायते, यः शिरस्यवतिष्ठते, शिरस्तेनोपहन्यते, ततः क्षणनाच्चैवोरसो विषमगतित्वाच्च वायोः, कण्ठस्योद्ध्वंसनात्कासः संजायते, कासप्रसङ्गादुरसि क्षते स शोणितं ष्ठीवति, शोणितागमाच्चास्यदौर्गन्ध्यमुपजायते, ...ततःसोप्युपशोषणैरेतैरुपद्रवैरुपद्रुतः शनैःशनैरुपशुष्यति" (चरक. नि.)

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

छाति चिरिन्छ र मुखवाट रक्त आउनेहुन्छ रक्त आउँनाले मुख गन्हाउने हुन्छ। एस्ता शरीर शुकाउने उपद्रवले चेत भयेको रोगी हलौंहलौं शुक्तैजान्छ। एसरोगलाइ "साहस-क्षय=क्षतक्षय" भन्दछन्।

(ङ) साहसक्षयमा—मुख्य वात कुपितहुनाले—कपाल-दुखने (१), घाँटिवस्ने (२), खोक्कीलाग्ने (३), स्वर-भेदहुने (स्वरसानुहुने) (४), कोखामा दर्दहुने (५), दिशा (झाडा) लाग्ने (६), जरो आउने (७), हाइ-घेरैआउने (८), छाति दुखने (९), छातिचिरिने (१०), रक्तमिसियेको कफ मुखवाट आउने (११), एस्ता ११ प्रकारका उपद्रव हुन्छन्। तसर्थ आफना ताकतको विचार-राखि कामगर्नु।

सन्धारणवाट हुने [२] क्षयको निरूपण

(च) राजसभामा, मालिकका नगोचमा, गुरुका

(ङ) स शिरःस्थःशिरःशूलं करोति गलमाश्रितः॥ कण्ठोद्ध्वंसं च कासं च स्वरभेदमरोचकम्॥ पार्श्वशूलं च पार्श्वस्थो वर्चोभेदं गुदेस्थितः। जृम्भां ज्वरं च सन्धिस्थ उरस्थश्चोरसो रुजं कासमानः कफानुगम्॥ जर्जरेणोरसा कृच्छ्रमुरःशूली निरस्यति॥ इति साहसिको यक्ष्मा रूपैरेतैः प्रपद्यते॥ एकादशभिरात्मज्ञो भजेत्तस्मान्न साहसम्" (चरक. चिकि.)

(च *) यदा पुरुषो राजसमीपे भर्तृसमीपे वा गुरोर्वा पादमूले द्यूतसभं सभाजयन् स्त्रीमध्यं वानुप्रविश्य यानैर्वाप्युच्चा-

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

नगीचमा, रहदा-अथवा जूवाखेलाउँदा। स्त्रीमध्यमा रहनुपर्दा, हात्ति-घोडा प्रभृतिको सवारीगर्दा, अलमलपर्नाले-लाजलेघिनले,-अपानवायु-मलमूत्रको वेग मानिसले रोक्यो भने, वायु कुपितहुन्छ र,-पित्त-कफलाइ आफनाआफना स्थानवाट हटाइ चारौतर्फ फैलिन्छ। वहाँपछि, साहसक्षयको वमोजीम स्थानस्थानमा पुगेको त्यो कुपितवायुले शूलगराउँछ, दिशालगाउँछ, दिशावद्ध गराउँछ, २ कोखामा दर्दगराउँछ, २ काँध पकडि काँधमादर्द र नम्रता (काँधनुहुनू) इ २ उपाधि गराउँछ, छाती धडकने गराउँछ, शिरोरोग–खोकी–दम–ज्वर–स्वरवसनू–रुघा इ उपद्रव गराउँछ। एस्ता उपद्रववढि त्यो मानिस हलौंहलौं शुक्कै जान्छ। एसरोगलाइ "सन्धारणक्षय, वेगरोधनक्षय" भन्दछन्। ❀

(छ) सन्धारणक्षयमा–रूघा (१), खोकी (२),

वर्चैर्गच्छन् भयात्प्रसङ्गाद्ध्रीमत्त्वाद् घृणित्वाद्वा निरुणद्ध्यागतानि वातमूत्रपुरीषाणि तस्य सन्धारणाद्वायुः प्रकोपमापद्यते, स प्रकुपितः पित्तश्लेष्माणौ समुदीर्योर्ध्वमधस्तिर्यक्च विहरति, ततश्चांशविशेषेण पूर्ववच्छरीरावयवविशेषं प्रविश्य शूलं जनयति भिनत्ति पुरीषमुच्छोषयति वा पार्श्वे चाभिरुजति गृह्णात्यंसौ कण्ठमुरश्चावधमति शिरश्चोपहन्ति कासं श्वासं ज्वरं स्वरभेदं प्रतिश्यायं चोपजनयति, ततः सोऽत्युपशोषणैरेतैरुपद्रवैरुपद्रुतः शनैः शनैरुपशुष्यति.. [चरक-निदानस्थान]

(छ) तदा वेगप्रतीघातात्कफपित्ते समीरयन् ॥ ऊर्ध्वं तिर्यगधः कुर्याद्विकारान्कुपितोनिलः ॥ प्रतिश्यायं च कासं च

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

स्वरभेद (३), अरुचि (४), कोखामादर्द (५), शिरमादर्द (६), जरो (७), काँधकर्कलुछेजस्तोहुनू (८), आङदुखनू (९), वमन (१०) अतिसार (११) इ ११ प्रकारका भयङ्कर उपद्रव देखिन्छन् ।

रसरक्तादिधातुको क्षयवाटहुने [३] अनुलोमक्षयरोगको निरूपण

(ज) ज्यादा शोकगर्नै, ज्यादा सुर्तागर्नै, ज्यादा रिसगर्नै, ज्यादा लालचगर्नै, ज्यादा डराउने, दुबलोभैकन रुखा आहारगर्नै, दुबलोभैकन निराहारगर्नै दुबलोभैकन थोरैआहारगर्नै, मानिसका हृदयको अन्नरस क्षीण हुन्छ । त्यो अन्नरसकोक्षयहुनाले अन्नरसवाट पैदाहुने रक्त-मांस-मेद-अस्थि-मज्जा शुक्र इ धातुको क्रमैले क्षयहुन्छ र मानिस ठाडै शुक्तछ ठीक पौष्टिक चिकित्सा भयेन भने, ज्वर-कास

स्वरभेदमरोचकम् ॥ पार्श्वशूलं शिरः शूलं ज्वरमंसावमर्दनम् ॥ अङ्गमर्द मुहुश्छर्दिं वर्चोभेदं त्रिलक्षणम् ॥ रूपाण्येकादशैतानि यक्ष्मा यैरुच्यते महान्" ॥ [चरक चिकि०]

(ज) यदा पुरुषोतिमात्रं शोकचिन्तापरीतहृदयो भवति, ईर्ष्योत्कण्ठाभयक्रोधादिभिर्वा समाविश्यते, कृशो वा सन् रूक्षान्नपानसेवी भवति, दुर्बलप्रकृतिरनाहारोऽल्पाहारो वा आस्ते, तदा तस्य हृदयस्थायी रसः क्षयमुपैति, स तस्योपक्षयात् संशोषं प्राप्नोति, अप्रतीकाराच्चानुबध्यते यक्ष्मणा यथोपदेक्ष्यमाणरूपेण ...... चर. निदा]

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

(खोकि) छातिमा क्षत * भइ क्षीण हुन्छ। एस्मा रस-रक्त-मांसहरुको क्रमले सोझोक्षयदुने हुनाले एसक्षयलाइ 'अनुलोमक्षय' भन्दछन्। *

(झ) रसरक्तादिधातुको क्षमबाट हुने क्षय-रोगमा—शुक्र र तेज कम्ति हुदैजान्छ र वायुबढि, रुघा (१), जरो (२), खोकी (३), आङदुखनू (४), कपालदुखनू (५), दमबढनू (६), झाडालाग्नू (७), अरुचि (८), कोखादुखनू (९), स्वरवस्नू (१०), काँधदुखनू (११), इ ११ उपद्रवले शरीर क्षीण गराउँछ।

शुक्र (धातु) क्षयबाट हुने क्षयरोगको प्रकारान्तर [३] प्रतिलोमक्षय—

(ञ) ज्यादा स्त्रीसम्भोगगर्ने मानिसको शुक्र (धातु)

(झ) "व्यवायानशनाभ्यां च शुक्रमोजश्च हीयते॥ ततः स्नेहक्षयाद्वायुर्वृद्धो दोषाबुदीरयन्॥ प्रतिश्यायं ज्वरं कासमङ्गमर्दं शिरोरुजम्॥ श्वासं विड्भेदमरुचिं पार्श्वशूलं स्वरक्षयम्॥ करोति चांससन्तापमेकादशमिहाङ्गहृत॥ ······ [चरके. चिकित्सि.]

* ·························रूक्षाल्पप्रमिताशिनः॥ उरोनिरुज्यते तस्य भिद्यतेऽथ विदह्यते [क्षतक्षय]

(ञ) यदा पुरुषोऽतिहर्षात्प्रसक्तभावः स्त्रीष्वतिप्रसङ्गमारभते, तस्यातिप्रसङ्गाद्रेतः क्षयमुपैति, क्षयमपि चोपगच्छति रेतसि यदि मनः स्त्रीभ्यो नैवास्य निवर्तते, अतिप्रवर्तत एव, तस्यातिप्रणीतसंकल्पस्य मैथुनमापद्यमानस्य शुक्रं न प्रवर्तते अतिमात्रोपक्षीणत्वात्। अथास्य वायुर्व्यायच्छमानस्यैव धमनीरनुप्रविश्य

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

क्षीण हुन्छ, धातुक्षीणहुँदा पनि स्त्रीसम्भोग नछाड्ने (ज्यादा स्त्रीलम्पट) मानिसको सुरतमा शुक्र (धातु) ता क्षीणभयेको हुनाले आउदैन, सुरतका कसरतले वायु रक्तवाहि (रगतसर्ने) नसामा घुसतछ र ताहाँको रगत शुक्रस्थानमा पुऱ्याइ इन्द्रिय, द्वारा गिरनेहुन्छ, (अर्थात् सुरतगर्दा शुक्र (धातु) गिर्दैन रगत गिर्दछ) वाहाँपछि शुक्र (धातु) क्षयभयेको हुनाले र शुक्रद्वारबाट रगतगिर्नलागेको हुनाले तेसमानिसको शरीरसन्धि (शरीरका जोर्नि जोर्नि) शिथिल हुन्छन् शुक्रस्थानमा वायु घुसेको हुनाले त्यो वायु शुक्रको कारण भयेका मज्जा-अस्थि मेदमांस-रक्त-अन्नरस ६ धातुलाइ क्षीणगराउँछ) शरीर रुख्खाहुन्छ। नाताकतीहुन्छ, कुपितभयेको वायुबढि रगत-मांस सुकाउँछ। कफ-पीत्तलाइ आफ्नाआफ्ना ठाउँबाट हटाईदिन्छ, कोखामादर्द

शोणितवाहिनीस्ताभ्यः शोणितं प्रच्यावयति, तच्छुक्रक्षयाच्छुक्रमार्गेणशोणितं प्रवर्तते वातानुसृष्टतलिङ्गम्। अथास्य शुक्रक्षयाच्छोणितप्रवर्तनाच्च संधयः शिथिली भवन्ति। रौक्ष्यमुपजायते। भूयःशरीरे दौर्बल्यमाविशति। वायुः प्रकोपमापद्यते। सप्रकुपितोवशकं शरीरमनुसर्पन् परिशोषयति मांसशोणिते, प्रच्यावयति श्लेष्मपित्ते, संरुजति पार्श्वेचावगृह्णात्यंसौकण्ठमुद्ध्वंसयति शरः श्लेष्माणमुत्क्लिश्य प्रतिपूरयति श्लेष्मणा संधीश्च प्रपीडयन् करोत्यङ्गमर्दमरोचकाविपाकौ च पित्तश्लेष्मोत्क्लेशात्प्रतिलोमगत्वाच्च वायुः कासं ज्वरं स्वरभेदं प्रतिश्यायं चोपजनयति······ सएतैरुपद्रवैरुपद्रुतः शनैः शनैः रुपशुष्यति······[चरक नि.]

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

गराउँछ, २ काँध पकडन्छ, घाँटिवसाउँछ। कफलाइ स्थानभ्रष्टगराइ सर्वत्र वढाउँछ। जोर्निजोनिमा दर्दगराउँछ। अरुचि-अजीर्ण गराउँछ। पित्त कफ छाती घाँटिमा लगि वाक्वाक्आउने, रगतमिलेको कफ आ उने गराउँछ। शुक्र-स्थान वाट उल्टो गतिले वढेको वायु ज्वर-खोकि-स्वरभेद-रुघागराउँछ, प्रतिदिन रोगी सुक्कैजान्छ। एसलाइ 'विलोम-क्षय' 'प्रतिलोमक्षय' भन्दछन्। एस्का ११ उपद्रव पनि रसरक्तादिधातुको क्षयवाटहुने क्षयका जस्तै हुन्छन्।

विषमाशनवाट हुने [४] क्षयको निरूपण

(क) प्रकृतिविरुद्ध, सँस्कारविरुद्ध, संयोगविरुद्ध,

(क *) यदा पुरुषः पानाशनभक्ष्यलेह्योपयोगान्प्रकृतिकरण-संयोगराशिदेशकालोपयोगसंस्थोपशयविषमानासेवते, तदा तस्य वातपित्तश्लेष्माणो वैषम्यमापद्यन्ते। ते विषमाः शरीरमुपसृत्य यदा स्रोतसां मुखानि प्रतिवार्यावतिष्ठन्ते, तदाजन्तुर्यदाहारजात-माहरति तदस्य मूत्रपुरीषमेवोपचीयते भूयिष्ठम, नान्यस्तथा शरीरधातुः, सपुरीषोपष्टम्भाद्वर्तयति। तस्माच्छुष्यतो विशेषेण पुरीषमनुरक्ष्यम् तथासर्वेषामत्यर्थकृशदुर्वलानाम्। तस्यानाप्या-य्यमानस्य विषमाशनोपचिता दोषा पृथक्पृथगुपद्रवैर्युञ्जन्तो भूयः शरीरमुपशोषयन्ति। तत्र वातःशूलमङ्गमर्दकण्ठोद्ध्वंसनं पार्श्व-संरोजनमंसावमर्दनं स्वरभेदं प्रतिश्यायं चोपजनयति। पित्तं पुनर्ज्वरमतिसारं सान्तर्दाहं च श्लेष्मा प्रतिश्यायं शिरसो गुरुत्वं कासमरोचकंच। स कासप्रसङ्गादुरसि क्षते शोणितं ष्ठीवति। शोणितगमनाच्चास्यदौर्वल्यं [दौर्गन्ध्यं] चोपजायते। एवमेते प चितादोषा राजयक्ष्माणमभिनिर्वर्तयन्ति। सतै

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

देशविरुद्ध, कालविरुद्ध, उपयोगविरुद्ध, अवस्थाविरुद्ध, भयेका अन्नपान खानेपीने मानिसका शरीरका वात पित्त कफ विषम हुन्छन् (चाहिदोभन्दा घटवढभइ विग्रन्छन्)। वाहाँपछि जव ति शरीरका रसरक्तवाहिनो नाडी थुनिदिन्छन्; अनि मानिसले जे खाये पनि रस-रक्तप्रभृति शुक्रधातुसम्मका धातु न बनि खायेको अन्न मल-मूत्रमात्र बन्दछ। मल-मूत्रैका आधारले रोगी बाँच्तछ। तेसो हुनाले क्षयरोगीको र अरु दुर्वलमानिसको मल छउन्ज्याल् मात्र बल र प्राण रहन्छ मलक्षयभयोभने (दिशालाग्यो भने वाँचन मुश्किल हुन्छ। तेसरि विषमाशनवाट विग्रेका वात पित्त कफको यथोचित उपाय भयेन भने वायुका कोपले-शूल-आङमादर्द-घाँटिवसनू कोखामादर्द-काँधमाशिथिलता-रुघा-उत्पन्न हुन्छ। पित्तकुपितहुनाले-ज्वर-अतिसार-दाह हुन्छ। कफ कुपितहुनाले-रुघा-शिरभारी-खोकी-अरुचि हुन्छ। खोकीवढदा उरःक्षतभइ कफमा रगतमिसियेको थूक आउँछ। रगत आउनाले मुख गन्हाउँछ। शरीर प्रतिदिन दुर्वल हुदै जान्छ। रोगी प्रतिदिन सुक्तै जान्छ। *

(ख) विषमाशनवाट हुने क्षयरोगमा—रुघा

रुपशोषणैरुपद्रवैरुपद्रुतःशनैशनै रुपशुष्यकि.....[चरक. निदा०]

(ख) "प्रतिश्यायं प्रसेकं च कांस छर्दिमरोचकम् ॥ ज्वरसंसाभितापंच छर्दनं रुधिरस्य च ॥ पार्श्व शूलं शिरःशूलं स्वरभेदमथापि वा ॥ कफपित्तानिलकृतं लिङ्गं विद्याद्यथाक्रमम्" ॥ चरक. चिकि०] *प्रकृति विरुद्धहरु स्वयंवैद्यका अर्कोभागमा लेखिन्छन्।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

(१), मुखच्यापच्यापलाम्नू (२), खोकी (३), अरुचि (५), जरो (६), काँधमापोडा (७), रक्तवमन (८), कोखामादर्द (९), कपालदुखनु (१०), स्वरवस्नू (११), इ ११ उपद्रव हुन्छन् । इन्मा पहिला ५ उपद्रव कफकाहुन् । अनि ३ उपद्रव पित्तकाहुन् अनि ३ उपद्रव वायुकाहुन् भनि बुझनु ।

क्षयरोगमा विचारगर्नु पर्ने कुरा—

इ माथिलेखियेका क्षयरोगका "साहसजन्यक्षय (१), रसरक्तादिक्षयवाट हुने अनुलोमक्षय र, धातुक्षयवाट हुने प्रतिलोमक्षय (२), सन्धारणवाट हुने क्षय (३), विषमाशनवाट हुने क्षय (४), इ मुख्य भेद छन्" कसैकसैले व्यवायशोष–शोकशोष–वार्धक्यशोष व्यायामशोष अध्वशोष-व्रणशोष–उरःक्षतशोष–पनि मानेकाछन् । तर तिशोषमा ३ (तीनै) दोषको समावेश प्रायः नहुने हुनाले तीनैदोषकुपितहुने, क्षय–शोष–राजयक्ष्मा इत्यादि नामभयेको रोगमा, तिन्को गणना उचित हुदैंन । कदाचित् व्यवायशोष आदिगरेका शोषमा पनि तीनैदोषको कोप भयोभनेपनि चरकले मानियाका चारभेदैमा तिन्को अन्तर्भाव हुन्छ [व्यवायशोष आदिगरियेकाशोष पनि रसरक्तादिधातु र शुक्रधातुको सोझो र उल्टो क्रमले क्षयहुनेहुनाले अनुलोमक्षयमा र प्रतिलोमक्षयमा पर्दछन्] । एसकुरामा प्रमाण—

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

"व्यवायशोकस्थाविर्यव्यायामाध्वोपवासतः ॥
व्रणोरःक्षतपीडाभ्यां शोषानन्ये वदन्ति हि ॥"
"केषाञ्चिदेव शोषो हि कारणैर्भेदमागतः ॥
न तत्र दोषलिङ्गानां समस्तानां निपातनम् ॥
क्षया एव हि ते ज्ञेयाः प्रत्येकं धातुसंक्षयात् ॥"

[सुश्रुत. उ.]

ति व्यवायशोष आदिगरियेका शोष क्षयैमा पर्दछन्, ता पनि-प्रारम्भैमा असाध्य-कष्टसाध्य हुँदैनन् । तिन्को चिकित्सा यथायोग्यगरे प्रायः रोग सरहुन्छ । एस्का निमित्त ति शोषको लक्षण र, कष्टसाध्यभयाका पक्षमा कुनक्षयको अनुसार ति शोषको चिकित्सागर्नें हो ? यो बुझाउँनाका निमित्त ति शोषहरुको क्षयरोगमा अन्तर्भाव (प्रवेश) समेत खुलासा गरिन्छ ।

मतभेदले शोषरोगका प्रकारान्तर र क्षयरोगमा तिन्को अन्तर्भाव

व्यवायशोष—एस्मा लिङ्गमा र अण्डमा दर्द हुन्छ । मैथुनमा शक्ति हुदैन । ढीलोगरि बल्लबल्ल मैथुनगर्दा धेरैबेरमा अलिकति धातुगिर्नें हुन्छ, कि धातुद्वारबाट रगतै-गिर्नें हुन्छ । क्रमैले-मज्जा-अस्थि-मेद-मांस-रक्त-रस इ धातु क्षीण हुन्छन् । जिउ निस्तेज फुस्रो हुन्छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

यो व्यवायशोष चरसंहितानुसार धातुक्षय-बाटहुने क्षयरोगको प्रकारान्तर प्रतिलोमक्षयमा पर्दछ, विशेष उँहीं हेर्नू ।

शोकशोष—एस्मा क्रमैले रस–रक्त–मांस–मेद–अस्थि–मज्जा–शुक्र–इ धातृ क्षीण हुन्छन्, जिउ निस्तेज फुस्रो हुन्छ, रोगी टोलाउँछ, हाथखुट्टाशिथिल हुन्छन् ।

यो शोकशोष चरकसंहितानुसार रसरक्तादि-धातुको क्षयबाटहुने अनुलोमक्षयरोगमा पर्दछ, वि-स्तार उँहीं हेर्नू ।

वार्धक्यशोश—एस्मा–क्रमैले–रस–रक्त–मांस-मेद-अस्थि–मज्जा-शुक्र–इ धातुक्षीण हुन्छन् । बुढ्याऊी र रोग-लेगर्दा जिउ ज्यादा काम्दछ, रुचिहुदैन, स्वर, फुटेको काँसाकोभाँडोबजेझै धोत्रो हुन्छ । कफ गिर्दैन (कफभयेपनि खोकर गिराउँन शक्तैन) । जिउ भारी हुन्छ, मुख–नाक–आँखाबाट पानि बगीरहन्छ । सुख्खा दिशा हुन्छ, वर्ण रुख्खा हुन्छ, हातखुट्टा निदाउँने (झमूझमूगर्ने) हुन्छन् । घाँटी–मुख–तालु–शुक्तछ ।

यो वार्धक्यशोषपनि चरकसंहितानुसार रसर-क्तादिधातुको क्षयबाटहुने अनुलोमक्षयरोगमा पर्द-छ विस्तार उँहीहेर्नू ।

अध्वशोष—एस्मा ज्यादा हिंडाइपर्नाले क्रमैले

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

रस-रक्त प्रभृति धातुक्षीण हुन्छन्, शरीर फुस्रो हुन्छ, आङनिदाउँछ (झमझम्गर्छ)। घाँटी-तालुशुक्छ।

यो अध्वशोषपनि चरकसंहितानुसार अनुलोमक्षयरोगमा पर्दछ उँहींहेर्नू।

व्यायामशोष—एस्मा शारीरीकपरिश्रम ज्यादा पर्नाले क्रमैले रस-रक्तादिधातुक्षीणहुन्छन्। शरीर निस्तेज रुख्खा हुन्छ, आङ झम्मझम्म गर्छ। घाँटी-तालु ज्यादा शुक्छ।

यो व्यायामशोषपनि चरकसंहितानुसार अनुलोमक्षयमा पर्दछ उँहींहेर्नू।

उपवासशोष—एस्मा उपवास (निराहार) ले वायुवढि अग्निमन्दभइ रसरक्तादिधातुक्षीणहुने हुन्छन्।

यो उपवासशोष चरककामतमा विषमाशनबाट हुने अनुलोमक्षयमा गनिन्छ।

व्रणशोष—एस्मा घाउबाट ज्यादा रगतजानाले मांस-मेद-प्रभृतिधातु क्षीण हुन्छन्। दर्द ज्यादा हुन्छ, आहार घट्नाले प्रतिदिन रोगी शुक्छ।

यो व्रणशोष चरककामतमा अनुलोमक्षयमा पर्दछ उँहीं हेर्नू।

उरःक्षतक्षय—एस्मा बलले नभेटने कामगर्दा

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

n Public Domain. Digitization by eGangotri.Funding

छातिचिरिन्छ र रसरक्तादिधातु क्षीण हुन्छन् । ज्वर-खोकी-मुख्य भइ मुखवाट रगत आउने हुन्छ ।

उरःक्षतक्षयका २ भेद—

(१) साहसवाट र विषमाशनवाट हुने क्षयमा वयानगरियेका प्रकारले उरःक्षतभयेर वायु कुपितभइ, रस-रक्त-मांस-मेद-अस्थि मज्जा-शुक्र ई क्षीण हुने भये भने "यो साहसवाट र विषमाशनवाट हुने अनुलोम उरःक्षत क्षय हो ।"

(२) स्त्रीलम्पटमानिसको शुक्रधातु क्षीणभयेर उल्टाक्रमले मज्जा-अस्थि-मेद-मांस-रक्त-रस-इ धातु क्षीणभइ जरोखोकीका उपद्रवले पछि उरःक्षतहुने भयो भने-"यो धातुक्षयवाटहुने विलोमउरःक्षतक्षय हो ।"

तेरीजः—

अरुअरुले मानियेका, व्यवायशोष-आदिगरियेका शोषमा ३ (तीनै) दोषका विकारको सन्निपात (मेल) बुझिन्छ भने, ति पनि इनै ४ भेदमा यथायोग्य पर्दछन् । तिन्मा ३ दोषका विकारको सन्निपात (मेल) छैन भनेता, ३ दोषका विकारको सन्निपात नभैनहुने क्षयरोगमा ति शोषहरुको गणना हुन शक्तैन, भनि, चरकाचार्यले क्षयका निदानमा "चत्वारि शोषस्यायतनानि, साहसं-सन्धारणं-क्षयो-विषमाशनम्, इति" एस्तै सिद्धान्तगरेकाछन् ।

—❀—

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

राजयक्ष्म (क्षयरोग) को पूर्वरूपः—

× रुघा-खोकी, मुखमा न्याल्लन्याल्ल पातलो कफ आउनू, मुखगुलियोहुनू, खानेवेलामा खानाको इच्छा नहुनू, थकाइ ज्यादालाग्नू, दोषनभयेका भाँडावर्तन, तिहुनू, तर्कारी, दालभात, भान्से आदिगरेका वस्तुमा दोषलाउनू (खोटलाउनू) खाने विक्तिकै हिक्का लाग्नू— "फलानै कुरो चाहिन्छ तेही खान्छु भनि" खाने कुरातोकनू- बीचबीचमा मुखसुकनू, खुट्टापोल्नू, हातहेरीरहनू, आँखा-सेताहुनू, आफनाहातको लम्बाइ (लमाञि) मोट्याञि हेरन मनलाग्नू, स्त्रीको खुब अभिलाषागर्नू, शरीरका उपर ज्यादा मायालाग्नू, शरीरमा घिनमान्नू—

※ स्त्री, मद्य, मांसमन्पर्नू, कपालढाक्नमन्लाग्नू, खानेकुरामा, झिंगा, घून, रौँ, तृण, परेको वरावर देखनू, रौँ, नख, ज्यादा वढनू—

× तस्येमानि पूर्वरूपाणि·तद्यथा-प्रतिश्यायः क्षवथुरभीक्ष्णं श्लेष्मप्रसेको मुखमाधुर्यमनन्नाभिलाषोऽन्नकाले चायासो दोष-दर्शनमदोषेष्वल्पदोषेषु वा भावेषु पात्रोदकान्नसूपापूपोपदंशपरि-वेशकेषु भुक्तवतो हृल्लासस्तथोल्लेखनमाहारस्यान्तरान्तरा मुखशो षः' पाण्योरवेक्षणमत्यर्थमक्ष्णोः शुक्लता बाह्वोः प्रमाणजिज्ञासा स्त्रीकामतातिघृणित्वं बीभत्सदर्शनता च काये······

● "······स्त्रीमद्यमांसप्रियता प्रियता चावगुण्ठने। मक्षिका-घुणकेशानां तृणानां पतनानि च॥ प्रायोऽन्नपाने केशानां नखानां चाभिवर्धनम्॥"······

९

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

× सपनामा, पानिमाहुने रहनेवस्तु पानिनभयेको ठाउँमा रहेको वसेको देखनू—गाउँ, बजार, मुलुक, शून्यभयेको देखनू, सुकेको डढेको काटेको वनदेखनू—छेपारो, मयूर, वानर, सुगा, सर्प, कागउल्लूलाइ सपनामा छुनू इनैमा चढी हिडनू—घोडा, ऊँट, गदहा, बँदेलमा चढनू—रँउँ, हाड्, खरानी, भूस, अँगारका थुप्रामा चढनू इ कुरा वारंवार देखिये भने क्षयको पूर्वरूप आयो भनि बुझ्नू।

क्षयरोगको स्वरूप (लक्षण) र तेस्कातत्तत् उपद्रवका कारणको वर्णन †

उपद्रव—	कारण—
(१) काँधमा र, २ कोखामा दर्दहुन्छ	(१) वायुकुपितभयेको हुनाले दर्दभयाकोहो

× "स्वप्नेहि अभीक्ष्णं दर्शनमनुदकानामुदकस्थानांशून्यानां च ग्रामनगरनिगमजनपदानां शुष्कदग्धभग्नानां च वनानां कृकलासमयूरवानरशुकसर्पकाकोलकादिभिः संस्पर्शनमधिरोहणं वा तेषामश्वोष्ट्रखरवराहैर्यानं च केशास्थिभस्मतुषाङ्गारराशीनां चाधिरोहणमिति शोषपूर्वरूपाणि भवन्ति"···[चरक.निदा.चि.]

† क्षयमा तीनैदोष कुपितहुन्छन्। तर—कसैमा वात, कसैमा पित्त, कसैमा कफ, मुख्य कुपितहुन्छन्। तीनैदोष मुख्यकुपितहुने पनि हुन्छ तर १ कालमाहुँदैन। जुनटाइममा जुनदोष बढ्यो वेही अनुसारका उपद्रव देखिन्छन्। चिकित्सागर्दा दोष घटे-बढेको बुझि तदनुसार गर्नुपर्नेहुनालेत्तयका उपद्रवका कारण-समेत लेखियाकाछन्। एसमा हेक्कारखे चिकित्सामा व्यामोह [केगर्ने—कसोगर्ने, भन्ने सन्देह] हुने छैन।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

(२) हातखुट्टा पोल्दछन्	(२) पित्तकुपितहुनाले हातखुट्टापोलेको हो
(३) सर्वाङ्गमा ज्वरआउँछ भने	(३) वातपित्तकोपले जरो आयेको हो

एत्तो ३ उपद्रवमात्रहुने सामान्यक्षयलाइ "त्रिरूपक्षय" यसलाइ भन्दछन्

(१) भात-खानेकुरा देख्तैमा संझदैमा रिसउठछ	(१) यो कफविकार हो।
(२) टाइमको ठेगान नभइ सर्वाङ्गमा ज्वर आउँछ	(२) यो पित्तविकारले हो।
(३) खोकी लाग्दछ…………	(३) यो कफविकारले हो।
(४) दम् बढ्दछ………………	(४) यो वायुविकारले हो।
(५) मुखबाट कफमिलेको रगत आउछ	(५) यो पित्तविकारले हो।
(६) घाँटिवसि स्वरसानु हुन्छ भने…	(६) यो वातविकारले हो।

इति ६ उपद्रवसहितको क्षयलाइ "षड्रूपक्षय" भन्दछन्।

(३) घाँटिवसि स्वरघट्तछ, शूलहुन्छ, काँध र कोखामा संकोच हुन्छ (काँध कोखा वस्तछन्= जुहुँन्छन्)।	इ ३ कुरा वातविकारले हुन्।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

(७) ज्वर आउँछ, दाहछट्-पटीहुन्छ, झाडालाग्दछ, मुखवाट रगत आउँछ,	इ ४ कुरा पित्तले भयेका हुन् ।
(११) शिरभारी रहन्छ, रुचिहुदैन, खोकी-लाग्दछ, घाँटि सक्स-काउँछ-भने,	इ ४ कुरा कफले भयेका हुन् ।

एति ११ उपद्रवहुने क्षयलाइ "एकादशरूप क्षय"="पूर्णरूपक्षय" भन्दछन् ।

क्षयरोगमा साध्यासाध्यविचार—

(१) माथिलेखियेका–त्रिरूपक्षय–षड्रूपक्षय·एकादशरूपक्षय-इ तीनैथरीक्षयमा यशकमाउँ भन्ने इच्छा हुने वैद्यले हात नहाल्नु । अर्थात् क्षयरोग असाध्यहो । तर—

(२) त्रिरूप·षड्रूप एकादशरूप-जुन्सुकैरूपको क्षय-भये पनि, रोगीकोवल ज्यादा घटेको छैन, शरीर उस्तो सुकेको छैन भने ता, वैद्यले चिकित्सागर्न अघिसर्नु पर्छ ।

---

(१) "एकादशभिरेभिर्वा षड्भिर्वापि समन्वितम् । त्रिभिर्वा पीडितं लिङ्गैः कासश्वासस्रृगामयैः । जह्याच्छोषार्दितं जन्तुमिच्छन् सुविपुलं यशः ॥"

(२) "सर्वैरर्धैस्त्रिभिर्वापि लिङ्गैर्मांसबलक्षये । युक्तो वर्ज्यश्चिकित्सासु सर्वरूपोऽप्यतोऽन्यथा ॥"

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

अर्थात् तेस्तो मानिसको क्षय असाध्यहोइन, कष्टसाध्यहो, ठीक विचार पूर्वक चिकित्सा भयो भने आराम हुन शक्तछ।

(३) जरो सधैं नआउने, बल नटुटेको, क्षुधा नघटेको, नदुब्लायेको, वमन-विरेचन प्रभृति पञ्चकर्म खप्नसक्ने, जितेन्द्रिय, रोगीछ भने पनि चिकित्सागर्नु।

(४) आहारभने ठूलोछ, जिउभने क्षीण हुदैंजानलाग्यो भने बाँच्तैन। झाडा समेत लागेको क्षयरोगी पनि बाँच्तैन। अण्डकोश र पेट सुनियेको क्षयरोगी पनि बाँच्तैन।

(५) आँखाका कोश नसा सेताभयेको-अन्न नखाने-दमबढने धातुगिर्ने-क्षयरोगी पनि बाँच्तैन।

क्षयरोगमा विचारगर्नू पर्ने मुख्य कुरा

वात–पित्त–कफ–रस–रक्त–मांस–मेद–अस्थि–मज्जा–शुक्र–इ पदार्थको मेललेशरीर बनेकोहो। इन्मा घटबढहुदा

---

(३) ज्वरानुबन्धरहितं वलवन्तं क्रियासहम्। उपक्रमेतात्मवन्तं दीप्ताग्निमकृशं नरम्॥"

(४) महाशनं क्षीयमाणमतिसारनिपीडितम्। शूनमुष्कोदरं चैव यक्ष्मिणं परिवर्जयेत्॥"

(५) शुक्लाक्षमन्नद्वेष्टारमूर्ध्वश्वासनिपीडितम्। कृच्छ्रेण वहुमेहन्तं यक्ष्मा हन्तीहमानवम्॥" [माधव.]

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

रोग हुन्छ, इ यथायोग्य ठीकप्रमाणका रहेभने आरोग्य हुन्छ।

"रोगस्तु धातुवैषम्यं धातुसाम्यमरोगता"

[वृद्धवैद्यः]

इ दोष र धातुहरू प्रमाणभन्दा बढताभइ बहेका वेलामा घटाउनू, ज्यादा घटेकावेलामा बढाउनू, ठीकरहेका वेलामा तेही अनुसार सदा कायम राखनू, चिकित्साभनेको एही हो।

"क्षीणा वर्धयितव्याः, वृद्धा ह्रासयितव्याः, समाः पालयितव्याः" [म. सुश्रुत.]

"याभिः क्रियाभिर्जायन्ते शरीरे धातवः समाः॥ सा चिकित्सा विकाराणां कर्म तद्भिषजां मतम्" [भा. प्र.]

क्षयरोगमा-, अग्निनिदानमा लेखियेवमोजिम अनुलोमक्षय र विलोमक्षय छुट्याउनूपर्नेहुनाले, दोष र धातुहरूको क्षय र वृद्धिको लक्षण बुझेकोछैन भने, साहै अल्लमल्लपरि-, एकछिन रोगिको चित्तबुझाउनालाइ १ थोक जेभयेपनि ओखति दियेर "गर्मीहुनेकुरोपनि नखाउ, सर्दिहुनेकुरोपनि नखाउ, खूब पथ्यगर, परमेश्वरको ईच्छाले निकोहोला, गर्नेगराउने उनैहुन्" एस्तो शुभआशीर्बाद दियेर वैद्यले हिंडनुपर्ने चित्त बुझाउनु पर्ने हुन्छ।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

* "यस्य कस्य तरोर्मूलं येन केनापि मिश्रितम्। यस्मैकस्मै प्रदातव्यं यद्वा तद्वा भविष्यति" [ल. प्र]

एस्ताप्रकारका ओखतिगराइले साधारण क्षुद्ररोगमापनि फायदा हुनसक्तैन। (शयकडौं रोगीमा २।४ जनालाइ फायदा देखियेपनि त्यो काकतालीयमा गर्निन्छ)। ठूला राजरोगहरूमा तेस्ता ओखतिले फायदाको साटो खति (नुक्सान) हुन्छ। एसनिमित्त—, दोष र धातुको घट-बढ—समता—भयेकोचिन्हू अतिप्रयोजनीय (ज्यादाकामलाग्ने) संझि त्यो विषय प्रत्येक चिकित्सक (वैद्य) ले खुव याद राखि चिकित्सागर्न अघिसर्नु पर्दछ।

दोष र धातुको क्षय-वृद्धि-समता-को विचार—

(१) वातको क्षय (नाश-घटनु) भयेमा—मानिस—ज्यादा शारीरककर्म (शरीरलेगर्नुपर्नेकर्म) गर्नशक्तन, धेरैवोल्न शक्तैन, संज्ञा (होश) ज्यादा रहँदैन।

(२) वातको वृद्धि (बढनू) भयेमा—मानिस दुब्लो हुन्छ, शरीर रुखा हुन्छ, तातोकुरा मन्पर्छ, दिशा बद्ध (गोटा) हुन्छ, बलघटछ, आङ् फर्फराउँछ, निद्रापर्दैन।

* "जो कोहि (यौटा) रुखकोजरो, जो कोहि (यौटा) चीजसँग मिसायेर, जो कोहि (यौटा) रोगीलाइ दिनु पर्दछ, जो होला सो होला" [इत्यर्थः]

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

(३) पित्तको क्षयभयेमा—कफ ज्यादा बढ्दछ, अग्नि मन्द हुन्छ, कान्ति घट्छ ।

(४) पित्तको वृद्धिभयेमा—विष्ठा–मूत्र–आँखा–जिउ–पहेंलो हुन्छ । आँखाप्रभृतिइन्द्रिय कमजोर हुन्छन् । चीसो खोजन मन्लाग्छ, दाह हुन्छ, मूर्छा हुन्छ, पिशाव थोरै हुन्छ ।

(५) कफको क्षयभयेमा—जोर्नि २ शिथिल (कमजोर) हुन्छन्, मूर्छा हुन्छ, जिउ रुख्खा हुन्छ, दाह हुन्छ, पित्तवढ्छ ।

(६) कफको वृद्धिभयेमा—विष्ठा–मूत्र–आँखा–जिउ–सेतो हुन्छ । जिउ चीसो हुन्छ, जिउ भारी हुन्छ, निद्रा ज्यादा लाग्दछ, जोर्नि २ शिथिल हुन्छन्, वाक्वाक् लाग्दछ, मुख च्याप्च्याप् लाग्दछ ।

(७) रसको क्षयभयेमा—छाति दुख्तछ, घाँटी शुक्छ, त्वगिन्द्रियले स्पर्श (चिसोतातो) चिन्दैन, प्यास ज्यादा हुन्छ ।

(८) रसको वृद्धिभयेमा—अन्नदेखि रिस उठछ, जिउ भारी हुन्छ, राल ज्यादाआउँछ, छाद आउँछ, मूर्छाहुन्छ, जिउगल्छ, रिङ्गँटा लाग्दछ ।

(९) रक्तको क्षयभयेमा—नसा चीसाभइ ढीलाचलने हुन्छन्,—मूर्छाहुन्छ, आङ् रुख्खा हुन्छ ।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

(१०) रक्तको वृद्धिभयेमा—जिउ–आँखा ज्यादा राता हुन्छन् । नसा रगत भरियेका राता देखिन्छन् । विसर्प–फियो–विद्रधि–कुष्ठ–वातरक्त–रक्तगुल्म– कमलपित्त–नसाफुल्ने–जीउ भारीहुने–ज्यादा निद्रालाग्ने–लट्ठपर्ने–दाह–मुखप्रभृतिठाउँमा चायापर्ने–अग्नि मन्द हुने–झाम्मभइ अन्धकारले छोपेझैं हुने–छाला, आँखा, मूत्र, रातो हुने–गुदद्वारमा, लिङ्गमा, मुखमा, खटिराहुने,- हर्साहुने-आङ्मा साना २ पिड्का हुने-कोठी निस्कने-खोइरोलाग्ने-आङ् दुखने-प्रदररोग हुने रक्तप्रमेहहुने हातखुट्टा पोल्ने इ उपाधि हुन्छन् ।

(११) मांसको क्षयभयेमा—गाला-ओठ-गर्दन-काँध-छाती-पेट-जोर्नि २, लिङ्ग-योनि-तिघ्रा पिडौंलाहरु शुक्तछन् । जिउ रुख्खा हुन्छ । आङ् दुख्तछ, नसा-ढोडनसाहरू शिथिल हुन्छन् ।

(१२) मांसको वृद्धिभयेमा— मांसक्षयले शुक्नेठाउमा वृद्धि हुने हुन्छ । २ कोखामा माँसु बढ्दछ । श्वास-(दम)-हुन्छ ।

(१३) मेद (बोसा) को क्षयभयेमा फीयो बढ्दछ, जोर्नि २ कमजोर हुन्छन् । जिउरुख्खा हुन्छ । चिल्लापदार्थ र माँसुखाने मन्सुवा हुन्छ ।

(१४) मेदोवृद्धिभयेमा—जिउ चिल्लो हुन्छ, जिउगन्हाउँछ, अलिकतिकामले ज्यादाथकाइ लाग्दछ, प्यास-

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

पसीना-गलरोग-(गाड) हुन्छ, गालामा ओठमा सुन्हिने खटिरा हुने हुन्छ, प्रमेह-शर्करामेह-जलमेह इरोग हुन्छन् । दम हुन्छ, फिला-पेट-गर्दन-घाँटी-स्तन इ वोसोवढी झुन्डियेर थल्थल हुन्छन् ।

(१५) अस्थि (हाड) कोक्षयभयेमा—हाडमा दर्द हुन्छ, शरीर रुख्खा हुन्छ, नङ पटपटिभाँचिने, दाँत भाँचिने खिइने-हुन्छ ।

(१६) अस्थिवृद्धिभयेमा— हाडमा हाँगाजस्ता अरु हाड उम्रन्छन्, दाँत ठूला लामा डर्लाग्दा हुन्छन् । दान्हा निस्कन्छ]

(१७) मज्ज (माँसि) को त्तय भयेमा—वीर्य (धातु) थोरै हुन्छ, शरीरका जोर्निजोर्निमा दर्द हुन्छ, आङ दुख्तछ, हाडैछैनकि भने जस्तो गरि जिउ फतक्क गल्दछ ।

(१८) मज्जावृद्धिभयेमा— संपूर्णशरीर भारी (गन्हौं) हुन्छ, आँखाभारी हुन्छन् ।

(१९) शुक्रक्षयभयेमा—मैथुनगर्ने शक्ति हुदैन, लिङ्ग र अण्डकोशमा दर्द हुन्छ मैथुनमा ढीलागरि बीर्यगिर्दछ, प्रायः बीर्यमा रगतसमेत् मिसियेको हुन्छ ।

(२०) शुक्रवृद्धिभयेमा— वीर्य ज्यादा आउने

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding: I

हुन्छ, पत्थरी (वीर्यजमेरहुने रोगविशेष । ❀

दोष-धातुको समताको पहिचान

दिशा[1] पिशाब[2]-निद्रा[3]-भोक[4]-प्यास[5]-ठीकठीक वखतमा प्रमाणैका हुन्छन् । खायेका प्रमाणैको आहार पच्तछ[6] । तत्तत्इन्द्रियले आफ्ना आफ्ना विषयको ग्रहण[7] गर्दछन् । इन्द्रिय-मन-आत्मा-खुशी[8]रहेको छ । दोष र धातु प्रकृतिको अनुसार रहेकाछन्[9] । रुचि[10] छ, खाये अनुसार जिउ[11] लागेकोछ । निद्रा[12]पनि आनन्दसँग पर्दछ । ब्युझदा पनि कत्ति तकलीफ[13] हुदैन । गर्नूपर्नें काममा जाँगर[14] लाग्दछ । इ १४ लक्षण छन् भने मानिस निरोगी ठहर्दछ । नत्र रोगी भन्नु पर्दछ ।

इमाथिलेखियेका कुरा-सुश्रुतसंहितानुसार छन् ।

क्षयरोगमा होशियारी

क्षयरोगहुनेमानिसले यथाशक्ति अरुमानिसको ज्यादा लसपसनगर्नू मैथुनगर्नाले, ज्यादा छुतछातगर्नाले, सङ्सङ्ग-वसेर खानाले, सङ्गै वस्नाले, सङ्गैसुत्नाले, रोगीले लायेको

❀ इ २० कुरामा ध्यानदियोभने अनुलोमक्षय सहजैचिन्ह सकिन्छ । अरु सबैरोगमा पनि दोष र रसरक्तादिधातुको क्षय र वृद्धि चिन्हलाइ सुगमभई चिकित्सा ठीक हुनेछ ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

लुगा माला चन्दनहरु लाउनाले, यो रोग अरुमानिसमा सर्नेहुन्छ. ।

यो रोगमात्र होइन कि,-कुष्ठ ज्वर-नेत्ररोग,-र शीतला लूतो-भिरुङ्गी-दादुरा इत्यादि सांसर्किरोगपनि इ माथिलेखियेवमो-जीम लस्पस्भयोभने सर्नेहुन्छन्, ।

'प्रसङ्गात्गात्रसंस्पर्शान्निःश्वासात्सहभोजनात्॥
एकशय्यासनाच्चापि वस्त्रमाल्यानुलेपनात् ॥
कुष्ठं ज्वरश्च शोषश्च नेत्राभिष्यन्द एव च ॥
औपसर्गिकरोगाश्च सङ्क्रामन्ति नरान्तरम्" ॥
(कु.ब.)

क्षयरोगमा चिकित्सागर्ने पद्धति—

[१] सवभन्दा पहिले रोगचिन्हू आवश्यक छ । रोगीको चालचलन, आहारविहार, बल, उमेर, जीविका इत्यादि कुराको ठीकठीक विचारगरि,-क्षयको कारण के रहेछ ? सो बुझि, रोगका लक्षण पूर्वरूपसमेत मिलाइ साधारणशोष मात्रै होकि ? पूर्णक्षयहो ? एसकुराको पहिले ठीक निर्णयगर्नू ।

[२] विचारगर्दा साधारणशोषमात्रै ठहऱ्यो भने पनि, यथायोग्य तललेखिने साधारण उपाय र रसायनाधिकार-वाजीकरणाधिकारको चिकित्सामा कहियेका बल-धातुवढाउँने औषधिपार्नु । साधारणशोष हुदैमा उचित उपाय गरियेन

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

भने पूर्णक्षय हुने सम्भव रहन्छ। ठीक उपाय भयोभने साधारणशोषबाट बचन सकिन्छ।

[३] अलिकति साधारणशोषका लक्षण देख्तैमा "तिमिलाइ क्षयरोग लागेछ" भनि रोगीलाइ वैद्यले सुनाइ-दियो भने "अब मलाइ क्षयलाग्यो, म बाँच्तिन, कसोहो-ला ?, के होला" इत्यादि नाना तरहका चिन्ताले त्यो रोगीलाइ पूर्णक्षयरोग हुन जान्छ। तसर्थ समुझदार वैद्यले खास रोगीलाइ रोगको परिचय नदिइ यथायोग्य चिकित्सा-गर्नू। शोषरोगमा रोगीको उम्मेद बढाउँनू दिलासादिनू इ कुरापनि सान्है पथ्य (फायदैमन्द) बुझि तदनुसार गर्नू। शङ्कादेखाइ शङ्काक्षय नगराउँनू।

[४] विचारगर्दा "साधारणशोष होइन, पूर्णशोष 'क्षय' हो" भन्ने ठह्र्योभने निदानमा लेखियेका कुराको खूब विचारगरि "अनुलोमक्षय होकि, बिलोमक्षय हो, उरःक्षत छकि, छैन" यो कुरा छुटचाउँनू।

[५] रसरक्तहरुको क्रमैले क्षयहुने, उरःक्षतसमेत भयेको अनुलोमक्षय बुझियोभने, एस्मा कफ पित्तवातले-रस रक्तको मार्ग (बाटो) छेकेकोछ, भनि बुझेर—रोगी बलीयोछ भने वमन—विरेचन—गरि, अग्निप्रदीप्तगर्ने हिसाब-ले पौष्टिक चिकित्सार उरःक्षतका विषयमा लेखिने विधि यथायोग्य गर्नू। रोगी कमजोर (निर्धो) छ भने ता

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

वमन विरेचनगर्न सर्वथा हुँदैन। रसरक्तादिको द्वार खुलागर्ने कफफटाउँने वायुहटाउँने "अटरूषकषाय=काश्मर्यादिकषाय = पञ्चमूलादिकषाय = बलादिकषाय = आमलक्यादि कषाय" इ * कषाय (काँढा) मध्ये कोही कषाय र उरःक्षतका विषयमा लेखिने विधि बमोजीम यथायोग्य औषधि समेत पार्नू।

[६] शुक्र, मज्जा, मेद, मांस, रक्त, रस, यस्तो उल्टो क्रमले धातुक्षय भयेको रहेछ, उरःक्षत समेत भयेको रहेछ भने, 'विलोमक्षय' बुझि, वातशमनगर्ने आहारविहार र—"द्राक्षाघृत=बलाद्यघृत=छागपञ्चकघृत" इ घृतमध्येका कोहीघृत र उरःक्षतका विषयमा लेखिने औषधि बराबर यथायोग्य पार्नूं।

[७] शुक्रको पहिले क्षयभइ उल्टाक्रमले मज्जा, अस्थि, मेद, मांस, रक्तरसको क्षयहुने उरःक्षत नभयेको विलोमक्षय रहेछभने, पनि द्राक्षाघृत=बलाद्यघृतहरू र वातशमनगर्ने पौष्टिक आहार र वाजीकरणाधिकार, रसायनाधिकारमा लेखिने धातु बढाउँने उत्तम औषधी पार्नूं।

व्यवायशोषआदिगरेका शोषमा कर्तव्यचिकित्सा—

व्यवायशोषमा—हलुका मासुकोरस (पकायेको),

* ई कषाय र घृत एहि प्रकरणमा लेखिन्छन्। जीवनीय औषधि कोई अघिको पृष्ठका टिप्पणिमा लेखिने छन्।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

माँसु, घिउ, समेतको आहारगराउँनू । गुलिया पथ्य पदार्थ खुवाउँनू, जीवनीयऔषधिमध्ये ❀ का कोही औषधीको निरन्तर सेवागराउँनू । रसायनाधिकारमा र वाजीकरणमा लेखियेका औषधिपनि पार्नू ।

शोकशोषमा—रोगीलाइ प्रसन्न राख्नु, फुल्याउँनु, दिलासादिनू । घिउ, दूध, गुलिया पथ्य पदार्थ, ठण्ढा, अग्निबढाउँने, हलुकापदार्थ खुवाउँनू ।

वार्धक्यशोषमा—बुढाबुढिलाइ वातकफ हटाउँने आहारविहार गराइ रसायनाधिकारका औषधि खुवाउँनू ।

अध्वशोषमा—रोगीलाइ नहिंडाउँनू (बसाइ राखनू), दिउसो सुताउँनू, ठण्ढा, गुलिया, पौष्टिक, अन्न, मासुकोरस, खुवाउँनू ।

व्यायामशोषमा—स्निग्ध (चिल्लो), ठण्ढा, गुलिया, पदार्थ खुवाउँनू, उरःक्षतका औषधि र, जीवनीयगण ❀ का औषधिमध्ये कोही १।२ औषधि बराबर पार्नू ।

उपवासशोषमा—वायुसम्हाल्ने अग्निप्रदीप्तगर्ने, हलुका, आहार गरि क्रमैले अग्नि र ताकतवढाउँदै, तदनु-

---

❀ जीवनीयगण—जीवक ? (नपाये गुर्जो) । ऋषभक ? (नपाये वंशलोचन) । मेदा ? (नपाये अश्वगन्धा) । महामेदा ? (नपाये दूदकोसी) । काकोली ?-क्षीरकाकोली ? (इ २ नपाये कुहिलाको जरा) । वनमुगी, वनमास, संजीवन, जेठीमधु, इ १० जीवनीय औषधि हुन् ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

सारको उत्तरोत्तर पौष्टिक खुराक खानु पर्छ ।

व्रणशोषमा—चिल्ला, गुलिया, केहि अमिला, अग्नि-वढाउँने, ठण्ढा-मांसरसप्रभृति पदार्थको रस, अन्नकोरस खुवाइ रोगीको टहल गर्नु ।

उरःक्षतशोषमा—पहिल्यै उरःक्षतभइ मुखवाट रगत आउँने भयेर, पछि अरु (ज्वर, कास, प्रभृति) उपद्रव देखियेको हो भने, मुख्यउरःक्षत (छातिको घाउ) को निवृत्ति गर्नालाइ, "बलादिचूर्ण, एलादिवटिका, द्राक्षाघृत, बलाघृत, वासावलेह" इ औषधिको सेवागर्नुपर्छ । इनै औषधि र क्षयरोगका सिद्धऔषधी (सुवर्णमालतीवसन्त, क्षयकेसरी, मृगाङ्कवटी, हरु) को सेवाले पहिले उरःक्षत हुने क्षय आराम हुनसक्तछ ।

पहिले रसरक्तादिधातुको क्षय भइ पछिवाट उरःक्षत भयेको क्षयरहेछ भने, "क्षयरोगमा चिकित्सागर्ने पद्धति" भन्ने प्रकरणका ५ लम्बरकाविधिले चिकित्सा-गर्नु ।

पहिले शुक्र, मज्जा, अस्थि, इत्यादि उल्टाक्रमले धातुक्षय भइ उरःक्षतसमेत भयेको क्षयरहेछ भने, "क्षय-रोगमा चिकित्सागर्ने पद्धति" भन्ने प्रकरणका ६ लम्बरका विधिले चिकित्सागर्नु ।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

सन्ततरहका क्षयमा सुलभ उत्तम औषधिः—

षडङ्गयूष (१) जउ ४ तोला, गहत ४ तोला, बोकाको मासु १६ तोला, पानी १९२ तोला (अन्दाजी ५ माना) एक भाँडामा हालि तेस्मा सिंधेनून १ तोला, पिपला १ मासा, सुठो १ मासा, प्रमाणैको अलिकति हिङ्, अमलाको रस १ मासा। दारीमको रस १ मासा समेत हाली पकाउँनु। ४८ तोला बाँकी (अन्दाजी १२ मुठि) रहे पछि ४ तोलाघिउ र जीराले झान्नू। यो षडङ्गयूष बलानुसार खानेगऱ्यो भने क्षयसम्बन्धि रूघा-दम-खोकी-शिरको दर्द-कोखाको दर्द-हटी ताकत बढ्दछ।

छागसेवा (२) बोकाबाख्राका माझामा सुतनू। आफ्ना वरीपरी बोकाबाख्रारास्वी वसनू। खोकीमा कफ ज्यादाभये सुठोमिलायेको बाख्रोकोघिउ चाटनू, कफसुकेको-भये मिश्रीमिलायेको बाख्रीकोघिउ चाटनू। बोकाकोमाँसु-बाख्रीको दूध खाने अभ्यासगर्नू। एसप्रकारले छागसेवा गर्नाले क्षयरोग हट्छ।

छागपञ्चकघृत (३) १२८ तोला बाख्रीकोघिउ पकाइ फीद आउन छाडेपछि त्यो घिउ चुल्हावाट उतार्नू र मन्तातो हुनदिनू, अनि तेसै घिउमा १२८ तोला बोकाकाबकौंलाको रस, १२८ तोला बोकाको मूत, १२८ तोला बाखीको दहि, १२८ तोला बाख्रीको दुद, एती ४

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

थोक मिलाइ फेरि त्यो घिउ बसालि पकाउँनू। पकाउँदा पकाउँदा घिउमा फीद आउन छाडेपछि तेस्मा ३२ तोला जवाखारको चूर्ण मिलाइ झट्ट झिकनू र सफा वस्त्रले छानि असल सफा भाँडामा राखनू। १ तोला सम्मको मात्रागरि त्यो घिउ खानू क्षय श्वासकासमा बडो फायदा हुन्छ।

द्राक्षाघृत (४) ४ पाथि पानिमा ६४ तोला कालो मुनकादाख र, ३२ तोला जेठीमधुकोचूर्ण हालि पकाउँनू। पाक्तापाक्ता जब चौथाइ पानि बाँकीरहन्छ अनि छानेर तेस्मा फेरी जेठीमधुको चूर्ण ४ तोला मुनकादाख ४ तोला, पिपलको चूर्ण ८ तोला, एती हालि झिकेर बेग्लै राखनू। अनि—

अर्को ठूलो भाँडामा ६४ तोला घिउ हालिपकाउँनु घिउपाकेर फीद आउँन छाडेपछि झिकेर मन्तातो हुनदिनू र तेस्मा अघि पकायेको ओखति सबै र ६ पाथी दूध हालि बसाउँनू र पकाउँनू पाक्तापाक्ता जब अरु चीज सुकि घिउमात्र बाँकी रहनाले फीद आउन छाडदछ अनि झिकनू र चीसोभयेपछि ३२ तोला चिनि (अथवा पुरानु सख्खर) मिलाइ राखनू। प्रतिदिन यो घिउ बलानुसार १।२।३।४ तोला सम्म खानू। यो घृत क्षय-उरःक्षत-ज्वर-कास-श्वास-रक्तपित्त-दाह-स्वरभेदमा बडो गुणकारी छ। एसका सेवाले ठाडै सुकेका रोगीहरु हृष्ट पुष्ट बलवान् हुन्छन्।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding: I

बलादिघृत (५) माथि लेखियेका प्रकारले २० तोला घिउ पकाइ झिकनू र मन्तातोभये पछि तेस्मा वल्लूको-रस १ तोला, खमारीकोरस १ तोला, कुन्हिलाकोरस १ तोला, पुनर्नवाकोरस १ तोला, दूध १०० तोला, हालि फेरी पकाउँनू घिउमा फीद आउन छाडेपछि १ तोला सिंधेनूनको धूलो हालि झट्ट झिकनू छान्नू। एसले मुखवाट रगत आउनु वन्द हुन्छ, ताकत लाग्दछ । मात्रा ३।३ तोला सम्म ।

बलादिचूर्ण (६) वल्लू-अश्वगन्धा-खमारीकोबोक्रा-कुन्हिलाकोजरा-पुनर्नवा इ ५ औषधिको समभागचूर्ण गर्नू, २।३।४ मासासम्मको मात्रागरि वाख्रीको दूध, अथवा गाइकोदुहुँदैको तातोदुध, अथवा साधारण ततायेको दूधसँग नित्य खाने अभ्यास गर्नाले उरःक्षत भइ हुने क्षयमा फायदा हुन्छ ।

एलादिवटी (७) अलैची ५ मासा, तेजपात ५ मासा, दालचिनी ५ मासा, पिपलाकोशायो २ तोला, मिश्री ४ तोला, जेठीमधु ४ तोला, छोहोरा ४ तोला, कालो मुनका-दाख ४ तोला, एति औषधि खूव कुटि मसीनू पार्नू र मह-मा मिलाइ १।१ तोलाका गोली पार्नू प्रतिदिन १।१ गोली खानाले क्षतक्षय क्षय-ज्वर-खोकी-दम-हिक्का-वमन-रिङ्गटा-मूर्छा-मद-प्यास-पार्श्वशूल अरुचि-फीयो-उरुस्तम्भवात-रक्तपित्त-स्वरभङ्ग इ रोगमा उत्तम फायदा हुन्छ । एसका सेवाले

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

वीर्यबढदछ । शुष्कभयेका रसरक्तादि धातु पुष्ट हुन्छन् ।

सितोपलादिलेह (८) दालचिनी १ भाग, अलैची २ भाग, पिपलाकोरायो ४ भाग, वंशलोचन ८ भाग, मिश्री १६ भाग । एती औषधिकुटेर कपडछानगर्नू र मह र घिउ (बराबर नपारि) मुछि लेह (चाटने) बनाउँनू । एस लेहले क्षय-उरःक्षत-श्वास-कास अरुचि-ज्वर-सुप्तजिह्वता (जिउरो निदाइ गुलिया अमिला रसहरु नचिन्हू) हात-खुट्टापोल्नू इ उपद्रव हटाइ आरोग्य दिन्छ । उर्द्ध्वगत रक्तपित्तमा पनि यो बडो गुणकारी छ । एसले वीर्यवृद्धि असल हुन्छ, साधारण खोकी जीर्णज्वरमा पनि यो उत्तम छ । मह घिउ नमिलाये देखि सितोपलादिचूर्ण भन्ने नाम हुन्छ, तेसले पनि जीर्णज्वरमा, हात खुट्टा पोलेमा, अरुचि-मा, मिश्रीको काढा (कि) दूधको अनुपानगरि २।३ मासा सम्म खानाले असल फायदा हुन्छ ।

वासावलेह (९) असुराको जरा डाँठ-पात-फुल जम्मै कुटि छानेर झिकेको रस ६४ तोला, चीनी ३२ तोला, पिपलाको चूर्ण ८ तोला, घिउ ८ तोला, इ सबै यौटा भाँडामा हालेर विस्तार मन्द अग्नि बालेर बकाउँनु । पा-क्तापाक्ता जब बाकलो हुन्छ अनि झिकनू र चीसो भयेपछि तेस्मा ३२ तोला, असल मह मिलाइ न उग्लने भाँडामा हाली राखनू । यो वासावलेह बखत् बखत्मा चाटनाले

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding: I

भयङ्कर उरःक्षत भयेर मुखवाट रगत ज्यादा आउने क्षयमा अति गुण हुन्छ। क्षय सम्बन्धि श्वास-कास-ज्वरमा पनि एसले असल फायदा गर्छ। कोखाकोदर्द-पेटकोदर्दलाइ पनि हटाउँछ। असमर्थ अकिञ्चन रोगीहरुले-क्षयमा कासमा-रक्तपित्तमा, हरेस खानु पर्दैन, ऐती रोगमा वासावलेह अमृतै जस्तो छ।

"वासायां विद्यमानायामा-
शायां जीवितस्य च।
रक्तपित्ती क्षयी कासी
किमर्थमवसीदति" ॥

[इतिजरद्वैद्याः]

त्रिमधुसेवा (१०) अलिकति घटीवढीपर्ने (वरा-चरनपर्ने) गरि–, नउनी मह–मिश्री इ तिन्थोक मिलाइ चाटेर दूध पिउने गऱ्यो भने शोषले सुकेको रोगी पुष्ट हुन्छ।

अथवा केही घटीवढीगरि मिलायेको घिउ र मह चाटेर दूध पिउने अभ्यास गर्नाले पनि साधारण शोषमा फायदा हुन्छ।

काश्मर्यादिकषाय (११) खमारो १ भाग, दूध-कोसी १ भाग, दारुहल्दी १ भाग, एती औषधि समभाग-गरि षोडशावशेष काढा पकाइ १।२ मुठि पिउने अभ्यास गर्नाले ज्वर र उरःक्षतमा फायदा हुन्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

n Public Domain. Digitization by eGangotri.Funding

अटरूषकषाय (१२) असुराको सर्वाङ्ग (जरो–डाँठ-पात–फूल सबथोक) १६ मुठि पानीमा पकाइ २ मुठि शेषर-हेपछि झिकनू र चीसो भयेपछि ५।७ थोपा मह मिलाइ पिउनू । एसले जीर्णज्वर–उरःक्षत खोकीमा फायदा गर्छ।

पञ्चमूलादिकषाय (१३) शालिपर्णि, पृश्नीपर्णि, विही, कण्टकारी, गोखुर इ औषधी समभागगरि थिचथाच्-पारेको धूलो १ तोला, १६ मुठी पानीमा पकाइ १ मुठि बाँकिराखेर पिउनाले उरःक्षतमा र क्षयका अरू उपद्रवमा फायदा हुन्छ ।

बलादिकषाय (१४) वल्ल, अश्वगन्धा, शतावरी (कुहिलो), पुनर्नवा, इ ४ औषधि समभागगरि १ तोला १६ मुठि पानिमा पकाइ २ मुठि बाँकी राखि चीस्याइ पिउनेगर्नू र वात विकार भयेको उरःक्षत समेतको क्षयमा असल फायदा हुन्छ, ताकत बढदछ ।

आमलक्यादिकषाय (१५) अमला, हर्रो, पिपला, चितू, इ ४ औशधि समभागगरि अन्दाजी १ तोला, ८ मुठि पानिमा पकाइ १ मुठि शेषराखि चीसोपारि पिउनू । एसले पेट सफागर्छ, रुचि र अग्नि बढाउँछ, कडा वमन विरेचन खप्न नसक्ने मध्यम बल भयेका रोगीलाइ एसले फायदागर्छ । कफले ढाकियेका रसरक्तादिको मार्ग (बाटो) खुलागरि दीपन पाचनगर्छ । तर ज्यादा गलेका क्षयरोगीलाइ

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

एस कषायमा हर्रांकोसाटो कि पुरानु गुड हाल्नू मुनासिव छ। कि गलेका क्षयरोगीलाइ एस भन्दा माथिल्ला ४ थरी कषायमध्ये कोही कषायको तजबीज गर्नू।

अमृतेश्वररससेवा (१६) रससिन्दूर असल * १ लाल, कान्तिसारलोहभस्म * १ लाल, गुर्जाकोसत्व ४ लाल, औषधि एति जम्मा ६ लाल मह र घिउमा मिलाइ चाटनू (मह र घिउ घटीवढी प्रमाणका रहुन्) । एस अमृतेश्वर रसका सेवाले क्षयमा असल फायदा हुन्छ।

क्षयरोगमा उत्तम सिद्ध औषधिः—

(९७) क्षयकेसरी * २ लालसम्मको मात्रागरि महसँग खानाले अनुलोमक्षय दुवैमा फायदा हुन्छ।

(९८) मृगाङ्कवटी * २ लालसम्मको मात्रा (१ गोलीसम्म) खानाले सवतरहको खोकि ज्वर, दम प्यास, छट्पटी, धातुपतन, रिङ्गटा, वमन, फीयो, गोला, कृमि, कफमामिलेको रगत् आउनू, इत्यादि उपद्रव समेतको क्षयमा फायदा हुन्छ। एसले वल-अग्नि-बढाउँछ। अनुपान—मुखबाट रगत आउने (उरःक्षत भयेको) खोकी समेतको क्षयमा असुराको क्वाथ १।२ तोलासम्म। उरःक्षतभइ मुखबाट रगत आउने नाताकती (दुर्वलता) ज्यादा भयेको

* इ औषधी जहाँ तहीका असल हुदैनन् यशोदा पुस्तकालयमा असल पाइयिन्छन्।

८२५८

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

क्षयमा रातोकमलको रस ५ मासासम्म । कफ ज्यादा आउने क्षयमा पिपलाको रस, रगत ज्यादा आउने कफसुके-को क्षयमा-डुम्रीका पातको रस, (कि) डुम्रीका बोक्राको रस, (कि) डुम्रीका नछिप्पियेका (चिचिला) फलको रस ।

(९९) मृगाङ्करस * २ लालसम्मको मात्रागरि यो रसखानाले राजरोग (क्षय) को समूलनाश हुन्छ । अनुपान-वातविकार ज्यादा देखियेका क्षयमा पिपलाका रायाको चूर्ण २ लालसम्म र ५ ७ थोपा महमा मिलाइ चाटनू पित्तविकार ज्यादा भयेका क्षयमा घिउ र मह विषम भागमा यो मिलाइ चाटनू । यो औषधि खायेमा हलुका मासुको रस, बोकाको मासु, बाख्रीको दहि, गाइको घिउ, घिउमा पकायेका पथ्यगर्ने नून थोरै परेको हिङ्नपरेको तर्कारी, पथ्य हुन्छन् । भन्टा, तेल, बेल, करेला, नखानू , रिस नगर्नू, स्वास्नीको नगीचै नपर्नू ।

(१००) राजमृगाङ्करस * २।३।४ लालसम्म यथायोग्य मात्रागरि यो रस खानाले सबतरहका उपद्रव सहितको क्षयमा गुण हुन्छ । एस औषधिका अनुपान र यो खायेमा गर्नुपर्ने पथ्यापथ्य पनि मृगाङ्करसका बमोजीम गर्नू ।

(१०१) सर्वाङ्गसुन्दररस * मात्रा २ लालसम्म,

* आयुर्वेद महौषधालयमा इ औषधि परिक्षित छन् ।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

अनुपान-कफ ज्यादा भयेको क्षयमा-पिपलाकारायाको चूर्ण र मह। कफ सुकेको खोकिहुने क्षयमा चिनी, वातविकार ज्यादा भयेको क्षयमा घिउ। कफ वात ज्यादा भयेको क्षयमा अदुवाको रस। एसले अग्नि वढाउँछ, रुचि गराउँछ, राजयक्ष्मा रोगमा यो अत्युत्तम बहुमूल्य औषधि हो।

(१०२) काञ्चनाभ्रकरस * २ लालसम्मको मात्रा-गरि यो रसखानाले, अनेक तरहका उपद्रव समेतको क्षय-रोगमा वडो फायदा हुन्छ। शुक्रवृद्धि र वलवृद्धि गरि सव निर्मूल गर्छ। अनुपान-उरःक्षत भयेको, खोकी ज्यादा लाग्ने क्षयमा वासावलेह २ मासा सम्म यो मिलाइ चाटनू। जरो, खोकी, अरुचि, विशेष (ज्यादा हुने क्षयमा, गुर्जाको काढा १ मुठिमा पिपलाको चूर्ण र यो औषधि मिलाइ पिउनू। कफ नआउने रगत आउने खोकीमा असुराकोर-समा २।३ मासा मिश्री र यो मिलाइ चाटनू। कफज्यादा आउने खोकीमा वबुरकोरस-को पिपलाको रस ३ मासास-म्ममा मिलाइ चाटनू। घाँटीवसेमाग्नुनकादाखको काढामा मिलाइ चाटनू (कि) सितोपलादिलेहमा मिलाइ चाटनू।

(१०३) सुवर्णपर्पटी*मात्रा २ लालसम्म। अनुपान-पित्तविकार ज्यादाभयेकोक्षयमा-मिश्री १ मासा र वंशलो-चन १ मासा, को चूर्णमा गुर्जाको रससमेतमिलाइ यो

---

* बहुमूल्य दुर्लभ इ औषधि जाँची वुझि किन्नू अन्तवाट-मगायेमा ठगिनू होला यशोदा पुस्तकालयवाट मगाइनु होला।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

औषधि हालि चाटनू । वातकफ ज्यादाहुने क्षयमा-वंशलोचन-पिपलाकोचूर्ण, मह, मामिलाइ चाटनू । क्षयमा दिशा-लागेमा-घनियाँकोरस ५ मासा, (कि) ठूलाकुन्हाका बोका-कोरस ५ मासा, (की) सिमलको खोटो १ मासामा मिलाइ खानू । एस औषधिले-क्षय, अतिसार, अग्निमान्द्य, पाण्डुरोग, प्रमेह, जीर्णज्वर, ग्रहणीमा समेत वडो फायदा गर्छ । वृद्ध-वालक-सुकुमार-स्त्री-हरूलाई एसले बडो फायदा-साथ सवरोग हटाइ बलवान् गराउँछ ।

(४९) सुवर्णमालतीवसन्त * मह पिपलाको अनुपानसँग २ लालसम्म यो खानु, (कि) सितोपलादिलेहमा मिलाइ चाटनू वेसफायदा हुन्छ । एसको विशेष वयानलाइ जीर्णज्वराधिकारमा (४९) नंवरको ओषधी हेर्नू ।

(१०४) वसन्ततिलकरस * २ लालसम्मको मात्रागरी यो रस खानाले वडो फायदा हुन्छ । यो ठूलो रसायनहो । एसका सेवाले, प्रमेह, क्षय, विसूचीका, प्रभृति सव रोग निर्मूलभइ आरोग्य पाइन्छ । धातुक्षीणभयेका, वुढ्यानिलेगलेका, दीर्घरोगले थलापारेका, मानिसले यसैको सेवागर्नुपर्छ । अनुपान, दुध ।

(१०९) वासारिष्ट * यो अरिष्टका सेवाले भयङ्कर उरःक्षत र प्रचण्ड खोकीमा समेत चाँडो आराम हुन्छ ।

*

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding: I

रक्तपित्तपनि एसले टप्प थामि दिन्छ । सबतरहका क्षयमा यो उत्तम गुणकारीछ ।

(१०६) द्राक्षारिष्ट * यो अरिष्ट शुष्ककास (सुख्खाखोकी) मा तत्काल गुणगर्दछ ताकत बढाउँछ । अग्नि प्रदीप्त गराउँछ । हातखुट्टा पोल्ने मानिसले एसको सेवागरे चाँडै फायदा हुन्छ । माथिलेखियेका क्षयरोगका रसादी औषधिपनि एसको अनुपानगरि खानाले तत्काल फायदा हुन्छ । मात्रा १ तोलासम्म ।

(१०७) मधुकारिष्ट * श्वास-कासले जर्जरभयेका क्षयरोगीलाइ एसके गुणगर्दछ । मुखबाट रगतआउने उरःक्षतमा पनि यो अति असल छ । टप्प बन्दगरि ताकत बढाउँछ ।

सूचना—इ माथिलेखियेका क्षयरोगका सिद्ध औषधि जगत्प्रसिद्ध र गुणकारी छन् । इन्को सेवाले अनेक भयङ्कर रोगमा आरामी पाइन्छ । क्षयरोग जस्ता भयङ्कर दीर्घरोग-मा रोगअनुसार ६ महिना १ वर्ष, १॥ वर्षसम्म इन्को सेवागर्नु पर्छ । रोग वहालो लागेपछि पनि पूर्ण आरोग्य र बल नहुन्ज्याल इन्को सेवागर्दै रह्योभने रोग फेरी फर्कने डरहुदैन । धेरैकालसम्म इन्को सेवागर्न नशक्ने अल्पधन भयेका जनले पनि केहिदिन इन्को सेवागरि अनि-क्षयरोगका सुलभ औषधि मध्यका कुनै १।२ औषधीको दीर्घ सेवागर्नु

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

पर्छ रोग केही थाम्थुम् मात्र हुँदा लतछाडियो भने रोग झन् बलीयोभइ फर्कन्छ र प्राणसंशय गराउँछ। अर्थात् रोगकोशेष राखनु छैन।

क्षयरोगमा पथ्य आहार विहार—

घिउमा पकायेको-, जीरा-सिंधेनून हालेको, बोका-मयूर-तित्रा-बट्टाइ-भँगेरा कोमासु, बाख्री-गाइ-भैंसीको घीउ-बाख्री-गाइकोदूध, पुराना रातो मार्सिका चामलको भात, मूगको दाल,-पाकेको,-अमला,-आँप,-केरा, गुलियोदाख, खजूर, छोहोरा, असुराको फूल-चना-सहेजनका-कोसाको तर्कारी, गुलिया दहिको शिखर्नी, जउको प्रकार, सिंधेनून, इ आहार पथ्यछन्।

बोका-बाखाका मूत बकौंला बुकुवा जस्तोपारि सर्वाङ्गमा * दलनू, र जीवनीयगणका औषधीहाली पकायेको पानिले सफ्फा गरि नुहाउनू। कपूर-श्रीखण्ड-कस्तूरीको लेपन गर्नू (लाउनू) सफ्फा बास्ना आउने माला र लुगा लाउनू। चन्दनादितैल-लाक्षादितैल-इत्यादि उत्तमतैलको मालिशगर्नू। सफ्फा-उज्यालो-खुलाठाउँमा बस्नू। वरीपरि बोका बाख्रा राखि माझमा बस्नू। मन्दमन्दहावाखानू।

---

* अजाशकृन्मूत्रपयोघृतासृङ्मांसालयानि प्रतिसेवमानः॥ स्नानादिनानाविधिना जहाति मासादशेषं नियमेन शोषम्॥ [सु. उ.]

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

श्रृङ्गार रसका कथा-इतिहास सुन्नू। घाममा सुकायेर धुलो-पारेको हरिणको र बोकाको मासु बाख्रीका दूधसँग खाने अभ्यास गर्नू। घाममा साफ सुकायेको जङ्गलीपरेवाको मासु धूलोपारि मह र घिउमा मिलाइ चाटने गर्नू। नाच-गान हेर्नू सुन्नू। चन्द्रिका (जुन) मा वस्नू। चन्द्रमा लाइ वारंवार हेर्ने गर्नू। औषधिहरुमा मिलाइ अथवा–मह घिउमा मिलाइ १।२ लाल सम्म सुन्को तवक खाने अभ्यास गर्नू यथाशक्ति असली मोतीका गहना लाउनू। देवपूजा, शान्तिक-सौवस्तिक-होम, वरावर गर्नू। ब्राह्मण पूजन गर्नू। कालिकापुराणका २०।२१ अध्यायको राज-यक्ष्मारोगोपाख्यान श्रद्धा पूर्वक नित्यसुन्ने गर्नू। इ आहार विहार क्षयरोगमा अधिक पथ्यछन्।

क्षयरोगमा अपथ्य आहारविहारः—

रूखा अन्न, गहत, मांस, लशुन, तामा, हिङ्, अमिलो, तितो टर्रो-पिरो, शाक, तर्बूजो, पान, शिमी, कँकँडी, तिस्खर, इआहार अपथ्य छन्।

जुलाव लिनू, मल-मूत्र-अपानवायु-भोक-प्यासको वेग-थामनू, परिश्रमगर्नू, स्त्रीसङ्गगर्नू, वलभिच्याञिको काम-गर्नू, कैलेकस्तै कैलेकस्तै, कैलेभोक लागेपनि नखानू, कैले खानैमाथीखाने गर्नू, एस्तो खुवाइगर्नू, पसीना काढनू, जागरण गर्नू।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

इ कुरा क्षयरोगमा अधिक अपथ्य छन् । "माथि बतायेका पथ्यआहार नगरि अन्यथा गर्नू" यो कुरा साह्रै अपथ्य छ ।

क्षयरोगमा धार्मिक उपायः—

एस रोगको कर्मबिपाक र शान्ति महार्णव प्रभृति ग्रन्थमा लेखियेकोछ, यथाशक्ति सो उपाय गर्नू उचित छ ।

(१) चित्त खुशी पार्नेदिने मित्रहरू र सुन्दर शरीर भयेका जवान स्त्रीहरुको दर्शन गर्नाले, गान-वजान-नाच हेर्नाले, खुशीलाग्ने कुरा सुन्नाले—,

(२) चित्त प्रसन्न राखनाले, दिलमा दिलासा राखनाले, गुरुको सेवा-टहलले, ब्रह्मचर्यले, दानले, तपले, देवपूजाले—,

(३) सत्यभाषणले, सदाचारसेवाले, माङ्गलिक (मङ्गलगर्ने) वस्तुको सेवाले, अहिंसाले, वैद्यसत्कारले, ब्राह्मणपूजनले, राजयक्ष्मा (क्षय = शोष = राजरोग = रोगराज = यक्ष्मा) हट्छ ।

(१) "सुहृदां रमणीयानां
प्रमदानां च दर्शनैः ।
गीतवादित्रशब्दैश्च
प्रियश्रुतिभिरेव च" ॥

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

(२) "हर्षणाश्वासनैर्नित्यं
गुरूणां समुपासनैः ।
ब्रह्मचर्येण दानेन
तपसा देवतार्चनैः" ॥

(३) सत्येनाचारयोगेन मङ्गलैरविहिंसया !
वैद्यविप्रार्चनाच्चैव रोगराजो निवर्तते"॥

[चर. चि.]

चरकादिमहर्षिनिर्मिता बिविधाः
साधु विलोक्य संहिताः ॥
सनिमित्तसरूपसक्रियः
सदुरूहव्यतिभेदभेदनः ॥
अनदीष्णधियामपि स्वतः
सुगमत्त्वेन निरूपितः क्षयः ॥
इति लोकगतिःप्रसीदतात्
क्षयिणां श्रीरमणो दयामयः ॥

[लेखक. कृ. च. गौ.]

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

अथ कास (खोकी) रोगाधिकार—

कास [खोकी] को निदान

धूवाँ, धूलो, नाक-मुखमा पस्नाले, शारीरकपरिश्रम ज्यादा पर्नाले, रूखा अन्नपान खाने पीने गर्नाले, खायेको अन्न मार्गछाडि अन्यत्र लाग्नाले (चाँडो खाँदावर्दा अन्न सर्केर अन्यत्र पुग्नाले), खोकीको वेग रोकनाले-, खोकी लाग्दछ ।

खोकीको पूर्वरूप

घाँटिमा र मुखमा तीखा काँढाजस्ता मासुका अङ्कुर उम्रन्छन् । घाँटि सक्सकाउँछ । खाने कुरामा अरुचि हुन्छ । यो खोकीको पूर्वरूप हो ।

खोकीका स्वरूप (लक्षण)

(१) खोक्ता, छाति-कनूचट्-कपाल-कोखामादर्द हुन्छ । बल तेज-स्वर-घटेकोछ मुख सुक्तछ, लगातार (एकोहोरो) सुस्खा (कफ नभयेको) खोकीछभने—"वातजन्य खोकी हो" भनि-बुझ्नू ।

(२) छाती पोल्दछ, ज्वर आयेकोछ, मुखसुकेकोछ, प्यास ज्यादाछ, मुख तितोछ, खायेपियेको कुरा पिरोभई वमन द्वारा आउछन्, मुख फुस्रोछ, सर्वाङ्गपोल्दै खोकी लाग्दछ भने—"पित्तजन्य खोकी हो" भनि बुझ्नू ।

(३) मुख च्याप्च्याप् लाग्छ, कपालभारी भई दुख्तछ

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

जिउभारी र चीसो छ, आङ् चिलाउँछ, रुचि छन, जिउ गल्दछ, खोक्ता कफधेरै आउँछ भने "कफजन्य खोकी हो" भनि बुझ्नु ।

(४) पहिले सुख्खाखोकी लागेर थुक्ता रगत मिसिये-को थूक आउँछ । खोक्ताखेरि-घाँटीमा ज्यादा दर्द हुन्छ, छाती सियाले घोचियेझै ज्यादा दुख्छ, २ कोखामा छोइनसक्नू गरि पीडा हुन्छ, जोर्निजोर्नि दुख्छ, ज्वर-दम-प्यास-स्वरभङ्ग-हुन्छ । रोगी परेवा करायेझै घुर्घुर गुडगुड गरि कराउँछ, भने "उरःक्षतजन्य खोकी हो" भनि बुझ्नू ।

(५) गन्हाउने, पीपजस्तो, अथवा रातो, अथवा नीलो, कफ आउँछ । खोक्ताखेरी कलेजै खस्योकी भने जस्तो गरि दर्द हुन्छ । कैले जाडो कैलेगर्मीलाग्दछ । आहारभने ठूलोछ जीउभने दुब्लाउदै गयो । मुखचिल्लो सफादेखिन्छ । आँखाउज्याला छन्, हत्केला-पैताला चिल्ला-छन्, रिस ज्यादा छ । खाने पीने कुरामा घृणा (दिङ्मिङ्) गर्दछ, कोखामा दर्दछ, पीनास होइरहन्छ, कैले ज्यादा अरुचि हुन्छ, दिशा कैले पातलो कैले गोटा परेकोहुन्छ । घाँटिवसेको छ, भने-"क्षयजन्य खोकीहो" भनि बुझ्नू ।

सबतरहका खोकीमा सुलभ औषधि—

(१) कण्टकारीको अष्टावशेष काढामा १ मासासम्म

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

पिपलाको धुलोमिलाइ खानेगर्नाले सबतरहको खोकी निको हुन्छ।

(२) असुराको काँचोरसमा पिपलाको चूर्ण १ मासा सम्म र, मह ८।१० थोपाहालि खानेगर्नाले शुष्कखोकी र कफधेरै आउने खोकीमा चाँडो फायदा हुन्छ।

(३) अदुवाको रस १ मासा सम्ममा १०।८ थोपा महमिलाइ चाटनेगर्नाले कफज्यादा आउने खोकी निकोहुन्छ।

(४) क्षयाधिकारमा लेखियाका-, "वासावलेह= सितोपलादि=लेहएलादिवटी" का सेवाले जीर्ण खोकी निको हुन्छ।

(५) क्षयरोगमा लेखियेका,-"सुवर्णमालतीवसन्त= क्षयकेसरी=शृङ्गाराभ्र=वसन्ततिलक=" इत्यादि औषधि, वासावलेह=सितोपलादिलेह=कोअनुपान गरि खानाले रगत- मिलेको कफ आउने खोकी समेत निको हुन्छ, साधारण जीर्णखोकी ता झन् चाँडो निको हुन्छ।

(६) मरिच्यादिवटी—मरिच २ तोला, पिपला १ तोला, दारिमकाबिना ८ तोला, पुरानु सक्खर (चाकू) १६ तोला, जवाखार १ तोला, एतो औषधि मसीनू गरि पिंधेर २।२ मासाका गोली बनाउनू, त्यो गोली मुखमा

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

हाली राखनाले वैद्यले हरेसखाइ छाडेका रोगीको भयङ्कर खोकी पनि निको हुन्छ । यो वटी खोकीमा अत्युत्तम छ ।

(७) लवङ्गादिवटी—ल्वाङ् १ तोला, जाइफल १ तोला, पिपला १ तोला, मरिच २ तोला, सुठो १६ तोला, एती औषधिकुटि छानि, एती वरावर (२१) तोला चिनि-मिलाइ ५।५ मासाका गोली पार्नू र इ गोली मुखमा हाली राखने गर्नाले सवतरहका खोकीमा उत्तमोत्तम फायदा हुन्छ । जीर्णज्वर–अरुचि–प्रमेह–गुल्म–दम–अग्निमान्द्य–ग्रहणीमा, समेत तातो पानीको अनुपानगरी यो वटी खाना-ले बेस फायदा हुन्छ ।

(८) अभयादिवटी—ठूलाहर्रो १ भाग, पिपला १ भाग, सुठो १ भाग, मरिच १ भाग, एती चूर्णगरि, ४ भाग पुरानुसस्खर (चाकू–गुड) हालि केराउजत्रा गोली पार्नू । यो गोली मुखमा हालीराखने गर्नाले कफ ज्यादा भयेको भयङ्कर खोकीर अरुचिमा बेस फायदा हुन्छ ।

खोकीमा होशियारीः—

सानु-ठूलो जस्तो खोकी लागे पनि इ माथिलेखियेका खोकीका सुलभ औषधिमध्ये कोही औषधिको सेवागरि त्यो खोकी हटाइहाल्नू, इ औषधीले राम्रो गरि खोकी निःशेष हुनसकेन भने तललेखियेका अनुभवसिद्ध औषधिको सेवा-गर्नू, खोकि थाङ्मियेनभने क्षय हुने डर रहन्छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

खोकीमा अनुभवसिद्ध औषधि

(१०८) कासगुटिका * यो औषधी मुखमा राखीछोडनाले चाडो फायदा हुन्छ। सबतरहका खोकीमा यो गुणकारीछ एसको धेरै अनुभवछ।

(१०९) कासकुठाररस * खोकि मच्चीने वेलामा तातोपानिसँग १ गोली खानेगऱ्यो भने कफ ज्यादा लाग्ने रातीबढने खोकी चाँडैहटछ। यो औषधि कफक्षमेतको दममा पनि गुणकारी हुनाले जगत्प्रख्यातछ।

(११०) श्वासकासान्तकरस * यो रस १ गोली सम्म खानाले सब तरहको खोकी र दममा समेत वडो फायदा हुन्छ। औषधि खाँदाखाँदा चेतभयेका श्वासकासले न छाडियेका रोगिले एसको सेवागरे भने पूर्ण आरोग्य पाइ एस औषधिलाइ कोटि २ धन्यवाद दिने हुन्छन्। मुखबाट रगत समेत आउने खोकीमा पनि यो औषधि उत्तमोत्तम छ। अनुपान चाँहिदैन गोली मुखमा हाली राखनु पर्छ।

(१११) कल्पतरुरस * यो रस खोकीमा र दममा वडो गुणकारी छ। शुष्क खोकी छ भने असुसको रसमा १ मासासम्म मिश्री मिलाइ यो रस तेस अनुपानसँग

* ई औषधी आयुर्वेद महौषधालयमा मिहिनेत गरि बनाइयेका छन्।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

खानू। कफ आउने खोकी छ महमा मिलाइ चाटनू। मात्रा ३ लाल सम्म।

(१०२) कासपन्नगरस * यो रस पनि पुरानू जीर्ण खोकी र दममा वडो गुण गर्दछ। कफ ज्यादा लाग्ने-अरुचि-अजीर्णता समेत भयाको भयङ्कर खोकी एसका सेवाले हटछ। अनुपान कण्ठकारिको रस। अथवा असुराको-रस मात्रा ३ लालसम्म।

(१०३) कालानलरस * यो रस सव तरहका खोकीमा गुणकारीछ। १ लालको मात्रागरी अदुवाका रस-सँग मिलाइ यो औषधि चाटनू र चीसोपानि १।२ मुठि खानू खोकीको दोहोलो हुन्छ। एसले दममा पनि फायदा गर्दछ। प्रतिदिन एस औषधिको सेवागरे पाचन शक्ति ठीक रहि जन्मभर नीरोग रहन्छ। पौष्टिक ताकत बढाउने दूध-घिउसँग नित्य औषधि खायो भने ८० वर्षको बूढो पनि १६ वर्षको पट्ठाझैं बलवान् तेजस्वी हुन्छ। यो औषधि रसायन र बाजीकरण हो। उमेर पाको भइ वलहीन, क्षुधा-हीन, भयेका मानिसले एसको सेवागरि आरोग्य लिनुपर्छ। यो रस गुणकारी भै कन सस्तो पनि छ।

खोकीमा पथ्यापथ्य

मासिं-साठि-धान, गहुँ-जऊ-कोदो, पुरानु घिउ, वाख्री-को दूध-घिउ, वेथु-कवइ-भन्टा सानामूला-विहि-सजीवन-

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

दाख-चिमिरो-अलैंची-लसुन-हर्रो-सुठो-मरिच-पिपला-तातोपानि-मह-लावा र हलुका अरु अन्नपान पथ्यछन् ।

शारीरक परिश्रम-घाम-धूलो-धूवाँ-मल, डकार, खोकी, वमनको वेग रोकनू, माछा-सस्यूँ-लौका-तरुल प्रभृतिकन्द-जागरण-भारीअन्न अधिक भोजन भारीअन्नभोजन इ कुरा अपथ्य छन् ।

खोकीको पथ्यापथ्यमा विशेष कर्तव्य—

माथि लेखियेका खोकीका ५ प्रकार मध्ये कुन चाहिने खोकी लागेको छ । त्यो विचार राखि पथ्यअपथ्य बुझनु पर्छ । अर्थात वातजन्य खोकी रहेछ भने वातहर्ने आहार विहार पथ्य हुन्छ । वातगर्ने आहार विहार अपथ्य हुन्छ । एस्तै अरू खोकीमा पनि बुझनु । वातहर्ने र वातगर्ने इत्यादि आहार विहार स्वयंवैद्यका प्रारम्भैमा संक्षेप गरियेका बतायेका छन् । उतैवाट बुझनु ।

"क्षतजन्य खोकी र क्षयजन्य खोकीमा" क्षयरोगको जे जे पथ्य र अपथ्य छ, तदनुसारै पथ्य र अपथ्य हुन्छ ।

इति स्वयंवैद्यको कासरोगाधिकारः समाप्तः ॥

शुभमस्तु ॥

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

अथ श्वास (दम) रोगाधिकार

दमको निदान

छाती-पेट-घाँटी पोल्ने, भारी, विष्ठम्भि (दिशाबाँधने), रूखा, अभिष्यन्दि (पद्याँलोवस्तु), आहार गर्नाले-, ज्यादा चीसो अन्न-पानी खानाले, चीसो ठाउँ मा वस्नाले, धूवाँ-धूलो भयेका ठाउँमावस्नाले, शारीरकपरिश्रम ज्यादा गर्नाले, गह्रौ भारी बोकनाले, दौडनाले, मल-मूत्रादिको वेगरोकनाले, थोरखानाले, न खानाले, श्वासरोग (दम) हुन जान्छ ।

दमको भेद

महाश्वास, १ ऊर्ध्वश्वास २, छिन्नश्वास, ३, तमकश्वास ४, क्षुद्रश्वास ५, एस्ता ५ भेद श्वासरोग (दम) का छन् ।

महाश्वास (१) एस्मा-लामू-स्वाँजीस्वाँजी शब्द सुनिने-गरि दम बढद्छ । रोगीको शुद्धि बुद्धि रहदैन कैले आँखा टल्पल्गर्ने डरलाग्दा हुन्छन्-, कैले, आँखा निश्चल हुन्छन् । बोल्ने सामर्थ्य रहँदैन, दिशा पिशाव बन्दहुन्छ । यो दम चलेको टाढैवाट पनि सुनिन्छ ।

ऊर्ध्वश्वास (२) एस्मा-श्वास लामू भइ बाहिर निस्कन्छ, तेस वेलामा भने उस्तो साह्रो कष्ट हुँदैन,-बाहिरको श्वास भित्र लैजादाता प्राणान्तीक कष्ट हुन्छ । घाँटी-मुख-

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

नसाहरूमा कफ भरियेको हुन्छ । रोगी माथी २ आँखातानि हेर्दछ, वेहोशी, ग्लानि ज्यादा हुन्छ, मुख सेतो हुन्छ ।

छिन्नश्वास (३) एसमा बीचमा अड्कि २ दम चल्दछ । छातीमा दर्द ज्यादा हुन्छ, पेट फुल्दछ, पसीना ज्यादा आउँछ, मूर्छा हुन्छ, वस्ति (नाभि स्थान भन्दा तल्तिर) पोल्दछ, आँखा टल्पल् २ हुन्छन्, आँसु आउँछ, प्रायः यौटा आखो रातो हुन्छ मुख सुक्दछ ।

तमक श्वास (४) एस्मा कपालभारि भइ, पिनास-रूघाको भाव देखिइ, कफवढि घुर्घुर शब्द हुनेघरि वडो वेगले दम चल्दछ, कैले टप्प थामिन्छ । खोकीस्मेत लागी प्रणान्तिक कष्ट हुन्छ, कफ न आउन्ज्याल वडो दु;ख हुन्छ, अलिकति कफआयो (गिन्यो) भने एकछिन् सुविस्ता जस्तो हुन्छ, घाँटी खस्खसाइ रहन्छ, बोल्नलाइ वडो मुश्किल हुन्छ, सुतदा दमघढि निन्द्रा न पर्ने हुन्छ, सुतसा २ कोखामा दर्द हुन्छ, वस्ताखेरि केहि सुविस्ता लाग्दछ, तातो चिज खोजन मनलाग्दछ, आँखा सुन्हिन्छन् , निधारमा पसीना आउँछ, मुख सुक्छ, दम वढेका वेलामा रोगी हात्तिचढेको मानिस हल्लेझै हल्लन्छ, मेघ (बादल) लागेमा, झरी लागेमा, चीसो हावा चलेमा, पूर्विया बतास लागेमा, कफ वढाउने आहार विहार गरेमा यो दम ज्यादा वढ्दछ;

एती माथि लेखियाका उपद्रवमाथि, ज्वर मूर्छा समेत

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

हुने भयो भने "एही तमक श्वासलाइ," प्रतमक श्वास भन्दछन् ।

तमक श्वासमा लेखियेका लक्षणमध्ये,-अरु लक्षणभने साविकै छन् "एस्मा अँध्यारो भयेमा दम बढ्दछ, ठण्डा कुराले घट्छ, अध्यारोले छोपेकै श्याम्म हुन्छ, "एति लक्षण भिन्न देखिन्छन् भने—"उही तमकश्वासलाइ 'सन्तमकश्वास' भन्दछन् । यो सन्तमक श्वास,—उदावर्त रोगले (पेटफुली डकार बिशेप आउने रोग विशेषले), धूलामा रहनाले, अजीर्णले, बुढ्यासिले, मल मूत्रादिको बेग रोकनाले, न जानिकन कुम्भक आदि गरेको प्राणायाम गर्नाले, हुन जान्छ,

क्षुद्रश्वास (५) एस्मा-साधारण (ठिकैको) दम चल्दछ (बढ्दछ) । ज्यादा तकलीफ हुदैन, धेरैबेर रहदैन । यो दम,-रुखो आहार गर्नाले र, परिश्रम पर्ने कामगर्नाले वायु बढेर हुन जान्छ ।

दमको साध्यासाध्य विचार

पूर्णलक्षण न पुगेका नआ श्वास (दम) सबैसाध्य-हुन्छन् । क्षुद्रश्वास सुख साध्य छ । रोगी बलीयो छ, रोग पुरानै छ भने, तमकश्वास पनि कष्टसाध्य हो ।

[पथ्यमा रही ठीक औषधी गर्‍यो भने आराम हुन सक्तछ] ।

पूर्णलक्षण भयेका,- महाश्वास, ऊर्ध्वश्वास, छिन्नश्वास,

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

इ ३ श्वास र निर्धो (दुर्वल) मानिसको तमकश्वास पनि, असाध्य छन् [निको हुदैनन्]।

दमको चिकित्सागर्दा विचारगर्नु पर्ने कुरा

अघि लेखियेका श्वास (दम) मा कुन् कुन् दोष कुपित भयेको रहेछ त्यो कुरा रोगका लक्षणैले प्रायः बुझि-न्छ । तथापि,- "महाश्वास-ऊर्ध्वश्वास इ २ श्वासमा मुख्य वायुनै कुपितभयेकोहुन्छ" तमकश्वासमा कफर वायु कुपित भयेको हुन्छ" छिन्नश्वासमा वायु मुख्य र कफ पित्तस्मेत कुपित भएका हुन्छन, योबुझि तदनुसारको आहार विहार गराइ तललेखिने पद्धतिले चिकित्सा गर्नु पर्दछ,

श्वासरोग (दम) मा चिकित्सा गर्ने पद्धति

रोग वलीयो उमेदोर छ भने, र कफ ज्यादा देखियेको दमछ भने, पहिले वमनर विरेचनगरि दमका साधारण र बिशेष औषधि यथा योग्य पार्नु पर्छ ।

रोग बलियो छैन भनेता, कफ ज्यादा देखियेको दम-भये पनि वमन विरेचन गराउनु हुँदैन, कफ बातशमनगर्ने औषधि र आहारपनि तेस्तै गराउनु पर्छ ।

रोगि रूखा शरीर भयेको छ दममा कफ पनि सुख्खा छ भने पनि वमन विरेचन गराउनु हुँदैन तेस्ता वमन विरे-चन गर्न नहुने रोगीलाइ स्वेदन विधिले स्वेदन गरि सुख्खा भयेको कफ् पगाल्नू र स्निग्ध आहार गराउनू ।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

कडा रोग भयेका कफ ज्यादा र सुख्खा भयेका रोगीताइ अरू उपायले रोग शमन भयेन भनेता हल्का विरेचन, हल्का वमन पनि गराउनु पर्दछ।

* स्वेदनविधि पसीनाकाढने वातशमनगर्ने कफप-गाल्ने विधिलाइ स्वेदन विधि भन्दछन्, स्वेदन विधि धेरै प्रकारका लेखियेकाछन् तर अनुभवी मानिसले मात्र तेस्ता स्वेदनविधि गर्न सक्तछ तिन्मा घटि बढि हुनगयो भने हानिहुने संभव हुन्छ तेस निमित्त, विगार नगर्नें साधारण स्वेदनविधि यो हो कि, "सिंधेनून हालि पकायेको तेल खूब मालिशगरि गरम कपडा वढी न निदाइ सुतनू पसीना रा-म्ररी आये पछि हावा वचाइ स्निग्ध (घिउ, मासुको रस प्रभृति चिल्लापदार्थ) सँग भातखानु।

दमन साधारण शमन गर्नें सुलभ औषधि

(१) अदुवाको रस २।३ मासामा ५।७ थोपामह मिलाइ चाटने गर्नु, कफ ज्यादा भयाको दम र खोकीमा फायदा हुन्छ।

(२) केराको फूल (बुङ्गो) कोरस ३।४ मासा,

वमनविधि अम्लपित्ताधिकारमा लेखियेकोछ सोहि वमो-जिम् रोगीको बल राम्रोगरि विचारगरि वमन विरेचन गर्न लायेक ठहरिये वमव विरेचन गराउनु। नत्र साधारण स्वेदन-गरिस्निग्ध आहार र दमशमन गर्ने तल लेखिने औषधि पार्नू।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

चौलानी ३।४ मासा पिपलाको धूलो १ मासासंम एती ३ तिनथोक मिलाइ पिउनाले दममा फायदाहुन्छ ।

(३) कुन्दपुष्पकोरस ३ मासासम्म र चौलानी ३।४ मासा पिपलाको धूलो १ मासा सम्म एती ३ थोकमिलाइ पिउने गर्नाले भयङ्कर दम हटछ ।

(४) कुमिण्डाको जरा सुकायेर कुटि धुलोपार्नू , त्यो चूर्ण ३।४।५ मासासम्म तातोपानीको अनुपान गरि खानाले पूरानु दम पनि निको हुन्छ ।

(५) शालिपर्णि पृश्निपर्णि विहि कण्टकारि गोखुर वेल टटेलाको बोक्रा, खमारी पाडरी गिनेरी एती १० थोकलाइ "दशमूल" भन्दछन् , इन्को समभाग गरेको रस १ तोलासम्म पिउने अभ्यास गऱ्योभने "असाध्य भयङ्कर दम हटि १०० वर्ष नीरोगीभइ बाँच्दछ भन्ने आयुर्वेदको वचन छ ।

दमको अनुभव सिद्ध उत्तम औषधि

(११४) श्वासामृत * यो औषधि महमा मिलाइ ५ मासासम्म खाने गऱ्यो भने भयङ्कर जीर्णदम पनि केही दिनमा निःशेषभइ आरामी पाइन्छ । यो औषधि दममा मात्र होइन कि मूत्रकृच्छ्र, प्रमेह, स्वरभेद, वारंवार लागी रहने रूघा, भयङ्कर, खोकी इ रोगमा पनि अति चाँडो गुण गर्दछ, यो औषधि खाये मा विशेष सुखवार्नू पनि पर्दैन,

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding: I

उत्तमोत्तम वनस्पतिको संयोजन गरि यो औषधि मिहिनेत साथ तयार हुन्छ तैपनि महँगो छैन, गुणभने अपूर्व गर्दछ, दम खोकीमा एक भन्दा उत्तम अर्को औषधि पाइयेको छैन।

दमका लोकप्रचलित सिद्ध औषधि

(११५) श्वासकुठार * यो औषधि २ लालको मात्रागरि खानाले श्वास कासमा बेस फायदा हुन्छ, सन्निपातले बेहोस भयेका वेलामा यस औषधिको नस् हाल्नाले चेतना फिर्दछ, पीनासले चेत पारेमा एस औषधिले खूब चाँडो गुण गर्दछ, शूलमा यो औषधि पर्‍योभने काढो झिकेझैं भइ झट्ट आराम् हुन्छ, छाती दुखनेमा एसले असल फायदा गर्दछ, अनुपान् , दम खोकी पीनासमा विहिकण्टकारीको रस। शूलमा तातोपानि, छाति दुखनेमा तताइ चिस्यायेको पानी।

(११६) महाश्वासारिलोह * २ लालको मात्रागरि यो औषधि खानाले भयङ्कर हिक्कामा समेत अपूर्व गुणकारी हुन्छ कष्टसाध्य रक्तपित्त वमन एसले हटाउछ। अनुपान्, मुर्जाको रस।

(अमृतार्णवरस * ३ लालसम्मको मात्रागरि यो रस खानाले चाँडैनैं दममा अद्‌भुत गुण देखिन्छ धेरैकाल

* ई औषधो आयुर्वेद महौषधालयमै बन्दछन्।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

सम्म दमले दुःखित भयेका रोगीहरूले यसैको आश्रयण गर्नु पर्छ, अनुपान् , कण्टकारीको रस कि गुर्जाको रस। खोकीमा जे जे पथ्य अपथ्य छ एस रोगमा पनि सोही, चमोजीम् बुझ्नू।

इति स्वयंवैद्यको श्वासरोगाधिकारः।

शुभम्।

अथ अर्श (हर्सा) रोगाधिकार

अर्शको (हर्साको) सामान्य लक्षण

कुपित भयेका वातपित्त कफरक्तले त्वक्–मासु–बोसो–बिगार्दछन् र अनेक तरहका मासाङ्कुर (माँसुका ठुसा) गुदद्वारमा उम्रन्छन् तिनै माँसाङ्कुर लाइ अर्श भन्दछन्। प्रायः एस्मा तीनै दोस कुपित हुन्छन्। तथापि मुख्य १। १ दोष, २। २ दोष कुपित हुने पनि हुन्छन्।

अर्शका (हर्साका) भेदको पहिचान

वातार्शमा—गुदद्वारमा,-चस्सचस्स घोचने, वैलायेका, नीलोरातो वर्ण भयेका, ठर्रा, खस्रा, तीखा बाङ्गा, टुप्पो चिरियेका, कोई साना कोई ठूला गोलकाक्री बयर खजुर कपासको फलको आकार भयेका कोई कदमको फूलजस्ता

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

जिङ्रिङ्ग काँढा देखिने भयेका, कोइ सर्स्यूँ का दाना जस्ता विम्मिराभयेका, एस्ता मासाङ्कुर (मासुकाठुसा) उम्रेका हुन्छन्, त्यो मानिसलाइ,-कपाल-कोखा–काँध–कटि–तिघ्राका जोर्निमा ज्यादा दर्दहुने हुन्छ। छिक्‍ा डकार–ज्यादा आउछ। पेट फुल्दछ, छाती दुख्तछ, अरुचि–दम–खोकी–अग्निमान्द्य हुन्छ। कान कराउछ, रिंगँटा लाग्दछ। यस्ता उपद्रवले दुःखित भयेको रोगीको मल (दिशा) साना साना डल्लापरेको हुन्छ। दिशागर्दा अवाजसमेत भइ, फिंद भयेको डोरीजस्तो तन्न लस्सा हुने विचविचमा साना साना गोटा गिर्ने हुन्छ। तेस रोगिको–मुख–नख दीशा-मूत्र-आँखा काला निला हुँदै जान्छन्। वातवर्धक आहार विहार नछाडि, यथोचित चिकित्सा नगरी रह्यो भने गुल्म–फीयो–उदररोग–ग्रन्थिरोग–हुन जान्छ।

पित्तार्शमा–नीलो टुप्पोभयेका, रातो–पहेलो–कालो–वर्ण हुने, अलिअलि रगत चुहुने, गह्याउने मसीना,लूला सुगाको जिउरो–कलेजाको कुट्टरा जुगाकोमुखको आकार भयेका,-गुदाङ्कुर (गुदद्वारमा उम्रने मासुका ठुसा, हुन्छन्। ती मासुका टुसा ताता हुन्छन्। तिन्को आकर जउको माझ जत्रो सम्म हुन्छ। एस्मा–दाह–गुदपाक–ज्वर–पसीना–प्यास–मूर्छा–बेचैनी–हुने हुन्छ।

रक्तार्शमा—माथि लेखियेका पित्तार्शका चिह्न र,

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

चरका टुसा जस्ता, रातीपेडी-मुगा-जस्ता, राता मासुका टुसा गुदद्वारमा हुन्छन् । एस्मा दिशागोटापरि बद्ध हुनाले दिशागर्दा अथवा तेसै पनि शुद्ध रगत ज्यादा आउने हुन्छ । रोगी फ्याउतो जस्तो पहेंलो र निस्तेज बलहीन—तेजोहीन उत्साहहीन—हुदै जान्छ । कालो साह्रो-रुस्खा दिशाहुन्छ । अपानवायु चल्दैन । पातलो लालफिंद समेत भयेको रगत गिर्दछ । कटिमा-चिम्रामा गुद्द्वारमा दुखने हुन्छ । ज्यादा कमजोरी हुन्छ । एस्तो भयेमा मुख्य रगत र केही वात समेत कुपित भयेको हुन्छ ।

एस्तै अरुलक्षण भनेछन् तर,-रोगीको मल (दिशा) सेतो-सहेंलो-चिप्लोगह्रौं-चीसो छ, वाकलो लस्सा भयेको कैही सेतो रगत-गिर्दछ; गुदद्वार पनि चिल्लो भारी गह्रौं छ, भने, मुख्य रगत कुपित भइ कफसमेत कुपित भयेको रहेछ भनि बुझनु ।

कफार्शमा—टूलाफैद भयेका, वाक्ला सेता ज्यादा नदुख्ने, वाठुला लामा लामा, मोटामोटा, चिल्ला ठर्रा गह्रौं चिलाउने चिप्ला, ओसियेजस्ता नरम, कन्याइरहुँ भनेजस्ता (कन्याउदा सुखदिने) तामाको टुसाको ठुप्पा जस्ता, कटहरका काँढा जस्ता, गाइका थुन जस्ता, मासुकाटुसा गुदद्वारमा उम्रन्छन्, चिम्राको जोर्नि जोनिंमा खुट्टा तान्दा खुमच्याउदा दुखने हुन्छ । गुदद्वारमा नाभीदेखितल् तिर,

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding: I

नाभिमा खैंचिये जस्तो लाग्दछ। एस्तो कफार्श भयेमा दम, खोकी, वाक् वाक्लाग्ने, अरुचि, पीनास, प्रमेह मुत्रकृच्छ्र, कपालभारी हुने, जाडो भइ जरोआउने हुन्छ।

क्लैव्य (स्त्रीसंभोगमा सामर्थ्य नहुनू) अग्निमान्द्य, वमन, इ विकार पनि प्रायः हुने हुन्छन्। दिशामा कफमिलेको वोसोजस्तो पखाला लाग्द छ। ती गुदद्वारका मासुका अङ्कुर फुटतापनि फुटतैनन्।

द्वन्द्वार्शमा—२ दोष कुपितभयेमा माथिलेखिये वमोजीम् २ थरी अर्शका लक्षण मिलेका हुन्छन्, सो विचारराखि दोष छुट्याउनु पर्छ।

सन्निपातार्शमा—तीनैथरी अर्शका लक्षण छ्यास्मिस् भयेका हुन्छन्, कसै कसैलाइ जन्मैदेखि अर्शरोग लागेको हुन्छ, तेस रोगलाइ "सहजार्श" भन्द छन्। त्यो अर्शपनि सन्निपातार्शको लक्षण मिलेकोहुन्छ।

अर्शमा साध्यासाध्य विचार

साढेचार (४॥) अङ्गुल प्रमाण भयेको गुद (बेर्नु) हुन्छ। तेस्मा शङ्खका रेखाजस्ता ३ फन्का परेको हुन्छ, ति फन्कामध्ये माथिल्लो (पेटपट्टिको) फन्का लाइ प्रवाहणी वल्लिभन्दछन् माझकालाई विसर्जनी वलिभन्दछन् तल्लालाई "संवरणीवलि" भन्दछन्' वेर्नुका १॥,१॥ अङ्गुलमा इ ३ वलि (फन्का) रहेका हुन्छन्।

तल्लो वलिमा मात्रै मांसाङ्कुर उम्रेकाछन् तिमासा-

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

ङ्कुर उम्रेको धेरै काल भयेको छैन, वात-पित्त-कफ मध्ये एक मात्रै कुपित छ भने, त्योअर्शरोग साध्य हो, माझका बलिमा मांसाङ्कुर उम्रेको बर्षदिन बितिसक्यो, २ दोष कुपितछन् भने त्यो अर्श कष्टसाध्यहो ।

माथिल्ला बलिमा मांसाङ्कुर उम्रे तिनै दोष कुपित छ, भने त्यो अर्श असाध्य हो, जन्मै देखि लागेको अर्श रोग पनि असाध्य हो ।

हातमा, पाउमा, मुखमा, नाभिमा, गुदद्वारमा, अण्ड-कोशमा, सूज आयेकोछ,- छाति, कोखामा, दर्दछ भने त्यो अर्श असाध्य हो ।

वेहोशी छ सर्वाङ्ग दुख्तछ ज्वर-प्यासछ गुदद्वारमा खटिरा पाकेकाछन् रगत ज्यादा गिर्छ सूज छ, झाडा लागेको छ भने त्यो अर्शरोग असाध्य हो ।

अर्शमा कर्तव्य पथ्यापथ्य

अर्शरोगमा, मुख्य वायु शमनगर्ने अग्नि र बलबढाउने आहार विहार पथ्य हुन्छ । मार्सीचामल साठिधानको चामल गँहू जउ इ अन्न, घिउ वाखिकोदूध, नीमको रस, परवरको रस, सजीवनको पात, लुढेको शाक, वेथुकोशाक, भन्टा, मासुको रस इ पथ्य हुन्छन् , झाडा समेत् लागेको अर्शरोग छ भने वातातिसारको चिकित्सा र तदनुसार पथ्यापथ्य गर्नु । अर्शरोगमा पनि हिङ्-जीरा सिंधेनूनले साधेको मही सान्है

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

पथ्यछ तेस्तो मही नित्य खाने गऱ्यो भने संपूर्ण नसा २ का दोष शमन भइ अग्निवृढि रोग निःशेष हुन्छ, वातविकार कफविकार शयकडौ भयेपनि हलौहलौ शान्त हुन्छन् ।

मलमूत्रहरुको वेगरोकनू, स्त्री स्पर्श, हात्ति-घोडाहरू चढनू, पलेटी न मारेर टुक्रुक २ खुट्टा टेकेर वस्नू, वायु-बढाउने आहार विहार गर्नू इ ५ कुरा अर्शरोगमा सार्‍है अपथ्य छन् ।

अर्शरोगका सुलभ औषधि

(१) सिहुँडीका दूधमा वेसारको धूलो मिलाई गुदद्वारमा लेपन गर्नू मासुका टुसा काटिन्छन्, अथवा, पिपला, सिधेनून, कूट शिरीषकोफल इ मध्यको कोही औषधि सिहुडीको दूध कि आँकको दूधमा मिलाइ गुदद्वारमा लेप लाउनाले गुदद्वारका मांसाङ्कुर काटिछन् । हलेदोर तीतो तोरिया (वनतोरिया) कोचूर्ण तोरीको की सस्र्यूको तेलमा मिलाइ गुदद्वारमा वारंवार मालिशगरि थोपर्नाले मांसाङ्कुर विलकुल नष्ट हुन्छन् ।

(२) चारतोला सम्म कालातिल चपाइ चीसोपानीले निल्ने गऱ्यो भने अर्श मा वेस फायदा हुन्छ, दाँत हल्लेकामा पनि एसले फायदा गर्छ ।

रक्तार्शमा जुगालायेर मासाङ्कुरको रगत झिकनू कि कटाउनु पर्छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

(३) सुठो ७ भाग, पिपला ६ भाग, मरिच ५ भाग, नागकेशर ४ भाग, तेजपात् ३ भाग, दालचिनि २ भाग, सुखुमेल १ भाग, चिनि २८ भाग एती कुटीछानि राखनू, सोचूर्ण ५ मासासम्म चिसोपानीसँग खानाले अर्शमा उत्तम फायदा हुन्छ। एसले अग्निमान्द्य-अरुचि दम कन्ठरोग छातीको दर्दमा समेत वेस गुण गर्छ।

(४) हर्राको चूर्णमा समभाग गुड (सख्खर—चाकु) मिलाइ नित्यखाने अभ्यास गऱ्यो भने हर्साको दोहोलो हुन्छ।

(५) कालोतिल २ तोला नउँनी २ तोला मिलाइ खाने अभ्यासगर्नाले, अथवा नागकेशर १ तोला नउँनि १ तोला, मिश्री १ तोला मिलाइ नित्यखानाले, अथवा नित्य दहिको तर ३।४ तोलासम्म खानाले, अथवा हीङ जिरा सिंधेनून हाली साँधेको मही नित्यखानाले, रक्तार्श (अलकाइ) मा उत्तमोत्तम फायदा हुन्छ।

(६) कमलको केसर २ मासा, मह १ तोला, नउनी २ तोला, मिश्री १ तोला, नागकेसर २ मासा, एती मिलाइ चाटने गऱ्यो भने रक्तार्श (अलकाइ) मा अलस गुण हुन्छ।

(७) वाख्रीको दूध (नपाये गाईको) दूधमाना १ मा लज्जालु (लज्जावति को जरा १ मासा, कमलको केसर १ मासा सिमलकोखोटो ॥ मासा, लोधकोबोक्रा १ मासा,

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

रक्तचन्दन १ मासा,पानि १ माना हाली पकाउनू पाक्तापाक्तै पानी जती सुकेपछि झिकि छान्नू र बलानुसार तेही दुधसँग भातखाने गर्नू रक्तार्श (अलकाइ) को दोहोलो हुन्छ यो औषधि अनुभूत छ ।

(८) कमलको कमलो पात पिधेर मिश्रीमिलाइ खानूर चाखीकोदूध पिउनू रक्तार्श (अल्काइ) निकोहुन्छ ।

(९) गोवर-जउकोसत्तू- अमला- इ ३ मध्यको एकथोक तताइ कपडामा पोकोपारेर सेकनाले गुदद्वारका मांसाङ्कुर हराउँछन् ।

(१०) कुशको जरा र बलुको जरा चौलानीमा घोटेर पिउने गर्नाले अलकाइ निकोहुन्छ ।

(११) वेल-ज्वानू-सुठो इ मध्यको एक थोकको-चूर्ण १ तोला मिलाई बाटुलपातेको रस १ मुठि पिउने गर्नाले अर्शमा फायदा हुन्छ ।

अर्शरोगका सिद्ध औषधि.

(११८) योगराजगुग्गुलु + एस औषधीका सेवाले भयङ्कर अर्शरोगमा आरामी पाइन्छ । शुक्रदोष-रजोदोष सव हटाइ शरीर नीरोग वलवान् गराइदिन्छ । वायुगोला-आमवात-शूल-ग्रहणी, क्षय-कुष्ठ, अपस्मार-(छारे रोग) प्रमेह, वातरक्त (रक्तवायु) दम-खोकी,

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

भगन्दर–इसत्ररोगमा उत्तमोत्तम गुण हुन्छ । यो औषधी खायेमा मुखवार्ने आवश्यकता पनि छैन । अनुपान–अणेल्को तेल थोपा १५ तातोपानिमा मिलाइ गोली १ मुखमा राखि निल्नु पूर्ण फायदा दिनेछ ।

(११६) अर्शः कुठाररस + २।३ लालको मात्रा।गरि घिउको अनु पानसँग यो रस खानाले भयङ्कर अर्शरोग हटछ । गुदद्वारका मांसाङ्कुर सबै काटिन्छन् । अग्नि प्रदीप्त हुन्छ । दिशा खलास हुन्छ ।

(१२०) नित्योदितरस + २।३ लालसम्म घिउको अनुपानसँग यो रस खानाले नाना तरहका अर्शरोगमा पूर्ण आरोग्य पाइन्छ । येस औषधीको धेरै अनुभव छ । अर्शमा यो औषधि जगत्प्रख्यातछ ।

(१२१) सञ्जीवनीवटी + अदुवाको रसमा मिलाइ यो औषधि २ गोली खाने अभ्यास गर्नाले पुरानु अर्शपनि निकोहुन शकछ । योवटी अद्भुतै छ । अजीर्ण भयमा १ गोली,–हैजामा २ गोली,–सर्पले टोकेमा ३ गोली, सन्निपात ज्वरमा ४ गोली, खानुपर्छ सब विकार दूर हुन्छन् ।

(१२२) अर्शःकर्तरी * यो औषधि १।२ गोली खाने गर्नु पर्छ । यो औषधि खाये पछि दुध घिउ सकेसम्म

* असल औषधि आयुर्वेद विभाग यशोदा पुस्तकालयबाट मगाउनू होला ।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding: I

खानुपर्छ । एसको सेवागर्नाले अर्श (हर्साअलकाइ) कोदोहोलो हुन्छ । एसले गुदद्वारका मांसाङ्कुर (मासु-काट्टुसा) काटिदिन्छ । कुपित भयेका तिनैदोष समालेर अग्निप्रदीप्ति गराइदिन्छ । ताकत खूब बढाउँछ । यो औषधी खानेले रुखा आहार गर्न हुदैन । पौष्टिक दूध घिउ प्रभृति खायो भने रोग चाँडो निःशेष हुन्छ । एसका सेवाले बल-बुद्धि-वर्ण-असलभइ बढ्दछ । यसैका सेवाले पीलपाव (खुट्टासुनियेर हात्तिका जत्रा हुने रोगविशेष) स्मेत निको हुन्छ । अरू सूज झन् सहजै निको हुन्छ । हिक्का-श्वास-कास-प्रमेह-फीयो-समेत एस औषधीले निको पार्दछ । वखत न पुगि केश फुलेका, जवानी उमेरमै गालामा चाउरी परेका मानिसले एसको सेवागरे भने केश भवरा जस्ता काला, र गाला पुष्ट भइ पुनर्यौवन पाउछन् । एस्मा रसादि केही परेकोछैन । फगत उत्तम २ जङ्गली जरीबुटीले यो बन्दछ । तेसो हुनाले उस्तो सार्‍है परहेज नगरे पनि हुन्छ । गुणले भने यो औषधि ठूला २ रसादिलाइ माथ गर्दछ । अनुपान-मही ।

इति स्वयंवैद्यको ऽर्शोऽधिकारः समाप्तः ॥

❀ यो औषधी आयुर्वेद विभाग यशोदा पुस्तकालयमा पायिन्छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

n Public Domain. Digitization by eGangotri.Funding

अथ वातव्याध्यधिकार.

स्वयंवैद्यका आरम्भैमा लेखियेबमोजीम वातकुपितगर्ने आहार गर्नाले शरीरका नसा आन्द्राहरुमा भरियेको वात कोहीकोहि अङ्गमा. अथवा सर्वाङ्गमा व्यथागराउने हुन्छ तेसलाइ वातव्याधि (वातरोग) भन्दछन्. योरोग ८० प्रकारको छ।

कुन् कुन् अङ्गमा वातकुपितहुँदा कुन् कुन् रोग हुन्छ ? तेस्को चिकित्सा क्याहो ? सो कुरा एस प्रकरणमा लेखिन्छ क्रमैले बुझ्नू।

१ शिरोग्रह— एस्मा शिरमा रहेका कण्डरा (ढोडनसा) र अरू २ रगत सर्ने साना नसामा समेत वायु घुस्तत छ र ती नसा खस्रा,-दुखने, काला हुन्छन्। शिर ठाडो गर्न न सकिने हुन्छ। यो रोग नवा छ भने कष्ट साध्य हो पुरानू भये असाध्य हो।

१ शिरोग्रहको औषधि—दशमूलतैलको + मालिश गर्नू। शिरोबस्ति * गर्नू। कि तारिणीतैलको + मालिश गर्नू।

* शिरोवस्तिविधि—१६ अङ्गुल उच्चा, शिरवराबर चौडा, छाला—अथवा तेल न चुहुने बाकलो ठर्रो कपडाको टुप्पो वनाइ शिरमा लाउनू। अन्तर बाट तेल न चुहुने गरि मस्यौटाले टालीदीनू र माथिवाट १२।१५ मुठि मन्तातो तिलको तेल हालनू र नहल्लेर ८ घडी (कि) ४ घडी सम्म पलेटी

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

जृम्भा— यो रोगमा साधारण वातविकारले आलस्य र निद्रा युक्त भइ धेरै हाइ आउने हुन्छ ।

२ जृम्भामा औषधि—सुविस्ता साथ सुतनु । तैपनि अति जृम्भा भयो भने. तोरीको तैल मालिश गरि पान खानू ।

३ हनुग्रह—जीउरामा ज्यादा जीभ्रीले कोरनाले,- सुख्खावस्तु ज्यादा चपाउनाले, चोट लागनाले, चिउँडाको नसामा रहेको वायु कुपित हुन्छ र, मुख खुलाको खुलै रहने, कि-वन्दको बन्दै रहने हुन्छ, खाना पीउन, वोलन, वडो मुश्किल हुन्छ ।

३ हनुग्रहको चिकित्सा—मुख वन्द गर्न न सकिने

मारेर वस्नु । दर्दघटे पछि, अथवा टाइम पुगेपछि-त्योछाला- हटाउनू । सर्वाङ्गमा र विशेष घाँटी गर्दन निधारमा त्यो व- गेको तैल मालिश गर्नू र मन्तातो पानीले नुहाउनू । जङ्गली जानवरको मासु-माष मुगी-गहत-मार्सीको चावलको आहार गर्नू । ५।७ दिन यो शिरोवस्तिगर्नाले वायुजन्य यावत् रोगमार विशेषगरेर हनुस्तम्भ-मन्यास्तम्भ-कर्णरोग-नेत्ररोग-शिरोरोग- शिरःकम्प-मा अब्बल फायदा हुन्छ । पित्तजन्य शिरो रोगमा,- ता-माथिलेखिये वमोजिम, कि श्रीखण्डको पानिले कि, शतधौत (शयफेर पानिहाल्दै फेट्रतै गरेको) घिउले शिरोबस्ति गर्नु पर्छ ।

×इ २ तैल आयुर्वेद विभाग यशोदा पुस्तकालयमा अनुभूत अत्युत्तम तयार छन् ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

भयेमा चिल्लोले सेक ताप गर्नू। मुख खोल्न न सकीने भयेमा पिपला अदुवा वारंवार चबाइ तातोपानिले कुल्ला गर्नू। एस्मा पनि शिरो वस्ति गर्नू। तारिणीतैलको मालिश गर्नू फायदा हुन्छ।

४ जिह्वास्तम्भ—एस्मा जिउराको वाग्वाहिनीशिरा (शब्द निस्कने नसा) मा कुपित भयेका वायुले जिउरो अकडिन्छ। बोल्न खाना सकिंदैन।

४ जिह्वास्तम्भको चिकित्सा—एस्मा वातरोग मध्ये ११ एघांहैं। अर्दित रोगमा, कहिने विधिले चिकित्सा गर्नूपर्छ, अर्थात् शिरोवस्ति, स्नेहपान, नस हाल्नू, दशमूल हालि पकायेको दूध पिउनू, दशमूलको काढाले कुला गर्नू, घिउ मासु नउनी चाटेर दुध पिउनू इ कुराले फायदा हुन्छ।

५ मूकता-मिन्मिन-गद्‌गद—एस्मा कफसमेत भइ वायु शब्द वाहिनी (बोलीफुटाउने) नाडीमा कुपित भयेको हुनाले मानिस, लाटो लठेव्रो, भक्भके हुन्छ।

५ मूकता-मिन्मिन-गद्‌गद-कोऔषधि-हलेदो-बोझो कूट-पिपला-सुठो जीरा-अजमोदा-जेटीमधु-सिधेनून इ औषधी समभागगरि कुटिछानि ५ मासा सम्मको मात्रागरि घिउमा मुछि चाटने अभ्यासगर्नू। २१ दिन यो औषधि खानाले मूकता (लाटोपना) मिन्मिनता (लठेव्रो,

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

पना) न छभइ स्पष्ट बोली खुल्दछ । स्वर राम्रो हुन्छ । बुद्धिवढदछ ।

६ प्रलापक—एस्मा वायुकुपित भयेर मानिस असम्बद्ध (यद्वातद्वा) बोल्दछ ।

६ प्रलापककोचिकित्सा—तगर–कैरुवा–राजवृक्ष–मोथे–उशीर कुट्की-सुगन्धवाल–अश्वगन्धा–घोट्ताप्रे–दाख–श्रीखण्ड–बेलकोचाना–टटेलाकोबोक्रो–खमारी पाडरी–गिनेरी–शालिपर्णि–पृश्नपर्णि–विहि–कण्टकारी–गोखुर–शङ्ख-पुष्पी–इन्को षोडशावशेष काढा पिउनाले फायदा हुन्छ ।

७ रसाज्ञान—एस्मा जिउरो लाटोहुन्छ र, अमिलो–पिरो गुलियो प्रभृतिथाहा न पाइने हुन्छ ।

७ रसाज्ञानकोऔषधि—एस्मा-पदंचाल्नू-सुठो म रिच-पिपला-सिंधेनूनन्को चूर्ण जिउरामा दल्नू ।

८—९ बाधिर्य-कर्णनाद—एस्मा-कान नसुनिने कान कराउने हुन्छ ।

८—९ बाधिर्य-कर्णनादकोऔषधि — अदुवाको रस-मह-सिंधेनून हालेर पकायेको तिलकोतेल मन्तातो गरि कानमा हालनाले बाधिर्य-कर्णनाद-मा फायदा हुन्छ । पहेलो भयेको आँकको पातमा घिउ लायेर आगामा सेकाउनु र मन्तातोगरि कानमा निचोरनू कान दुखने, न सुनिने, कानकराउने, मा चाँडो फायदा हुन्छ । अथवा-दार्व्यादितै-

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

ल×कानमा हालनाले कानका सबरोग हटछन् ।

१० त्वक्शून्यता—एस्मा सर्वाङ्गको छालामा वायु कुपित भयेकोहुनाले चीसो तातो-सा-हो—कमलो—वस्तु छामदा थाहा न पाइने हुन्छ ।

१० त्वक्शून्यताकोऔषधि—सिपालु मानिस द्वारा मर्मस्थान बचाइ नस्तर लायेर रगत गिराउनु असलहो । योकुराको अनुकूल पर्दैन भने, ध्वाँसो र सिंधेनून हालि पकायेको तिलकोतेल मालिशगर्नु ।

११ अर्दितवात—ज्यादा करायेर बोलनाले, सान्होकुरा ज्यादा चपाउना ले, धेरैहाँस्नाले, धेरैहाइ आउनाले, असजिलो गरि वस्नाले सुतनाले, शिर·नाक ओठ चीउँडोनिघार·आखा·को वायु सर्कन्छ र एकापट्टि मुखवाङ्गो दुखनेभइ अकडीन्छ । घाँटी चिउँडो दाँतमा विशेष दर्दहुन्छ । घाँटी सोर्झीदैन । वोलन असजीलो लाग्छ । आँखा विकृत (एक तमासको) हुनूछ । रालचुहुन्छ । अर्दित भयेको ठाउमा कंपहुन्छ । चिउडो चल्दैन । ओठमा दर्द र सूजसमेत हुन्छ । एस्तो लक्षण छ भने वायु मुख्य कुपित भयेको अर्दित वातहो भनि बुझनू । मुख पहेंलोछ । ज्वरपनि आउछ । प्यास लाग्छ । अन्धकारले छोपेझै भयाम्म हुन्छ । डाहहुन्छ । नाकवाट तातो ज्वाँलानिस्कन्छ र माथि लेखिये

✻ योतैल आयुर्वेद विभागमा बनेको उत्तम छ ।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

बमोजिम अर्दितवात पनि छ भने पित्तसहित वायु कुपितभइ यो अर्दित वात भयेकोहो भनि बुझ्नू।

गालामा-शिरमा-गर्दनमा सूज र दर्द समेत देखियेको छ र अर्दित वातका लक्षण समेत छन् भने कफ र वात-कुपित भयेको अर्दित वात रहेछ भनि बुझ्नू।

११ अर्दित वातको साध्यासाध्य बिचार.

रोगी दुर्बलछ आँखा चिम्लिदैनन्। बोलीस्पष्ट छैन। बोल्दा बोल्दै टप्प अडिन्छ। कम्प हुन्छ। रोग लागेको ३ वर्ष पुग्यो आँसु–सिङ्गान–राल ज्यादा आउछ भने अर्दित रोग असाध्य हो भनि बुझ्नू। एस्तो लक्षण पुगेकोछैन भने कष्टसाध्य हो।

११ अर्दित बातको चिकित्सा.

वायु शमन गर्ने आहार विहार र,–शिरोवस्ति–स्नेहपान (घिउ–तेल प्रभृति पिउनु) नस हाल्नु फायदा हुन्छ।

दशमूल (श्वासरोगाधिकारमा लेखियेको छ) त्यो औषधि हालेर तताइ घटायेको दूध पिउने अभ्यास गर्नू।

घिउ मासु पिंधेर नउनी मिलाइ चाटनू, दूध मासुको रस र दशमूलको काढा पिउने अभ्यास गर्नू। अकडियेका ठाउँमा तारिणीतैल * मालिश गर्नू।

पित्त समेतको अर्दित वात छ भने ठण्डा घिउ तैल दूध प्रभृतिको शिरोवस्ति र इनै वस्तु आहार गर्नू।

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

n Public Domain. Digitization by eGangotri.Funding

कफ समेतको अर्दित वातमा–अम्लपित्ताधिकारमा लेखियेका विधिले वमन गर्नू र वातमर्दन तैल मालिश गर्नू।

अथवा १।२ तोलासम्म लशुनको रस मिलायेर तिलको तेल पिउने अभ्यान गर्नाले अर्दित वातमा वडो फायदा हुन्छ।

१२ मन्यास्तम्भ—असजिलोगरि सुतदा वस्ता हेर्दा वर्दा घाँटि र गर्दनको मूल नसाको वायु सर्कन्छ र गर्दन अंकडिन्छ र नचल्ने हुन्छ एस्लाइ मन्यास्तम्भ भन्दछन्।

१२ मन्यास्तम्भको औषधी—दशमूलको काढा-पिउनू, सेकनू। नस हालनू। गर्दनमा तेल मालिश गरि सेकेर ततायेको आँकको पात बाँधनू। अथवा अरिडको पात तताये सेकनू। कि, कुखुराका फूलका रसमा घिउ सिंधेनून मिलाइ तताये मालिश गर्नू। अथवा तारिणीतैल × को मालिशगर्नू।

१३—बाहुशोष-एस्मा काँधका मूल नसाको वायु विग्रन्छ र हात सुक्तै जान्छ। हातमा दर्दहुन्छ।

१४—अपबाहुक-एस्मा हातका नसा खुंचियेर हात न चल्ने दुखने हुन्छ।

१३—१४ बाहुशोष र अपबाहुकको औषधि-वल्छको जरा १ तोला १६ मुठि पानिमा सिंधेनून समेत हालि पकाउनू २ मुठि बाकी राखि पिउने गर्नू। इ दुवै रोगमा तारिणीतैलको * मालिशले चाँडो फायदा हुन्छ।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding: I

१५—विश्वाची-एसमा हातका मूलनसाको वायु कुपित हुनाले ति नसामा दर्द्र हात खुम्च्याउन फैलाउन नहुने हुन्छ।

१५—विश्वाचीको औषधि-दशमूलको काढा, वल्कूका जराको काढा माषाको काढा, मध्ये कुनै काढामा घिउ १ तोला तिलको तेल १ तोला मिलाइ, वेलुका खाने-गर्नु। तारिणीतैल ❀ महा नारायणीतैल ❀ मध्ये कोहि तैलको मालिश गर्नु।

१६—ऊर्ध्ववात-एसमा नाभिस्थानमा रहेको वायु-लाइ कुपित भयेको अपानवायुले माथि तिर ठेल्दछ र अपा-नवायु न चल्ने डकार धेरै आउने हुन्छ।

१६—ऊर्ध्ववातको औषधि सुठो १० भाग, निशोथ १० भाग, हर्रो ३ भाग, फुरायेको हिङ् ४ भाग, सिंधेनून् १ भाग, चितू १ भाग, एति चूर्ण गरि ५ मासा-सम्म तातोपानिसंग खानाले डकार धेरै आउने ऊर्ध्ववात शमन हुन्छ।

१७—आध्मान एसमा ऊर्ध्ववायु अधोवायु बन्द भइ, पेट फुलेर गुडगुड शब्द भयेर दर्द हुने (घोचने) हुन्छ।

१७—आध्मानका औषधि-तातोपानिको अनुपान

❀ तारिणीतैल महानारायणी तैल विरेचनवटी आयुर्वेद विभाग महौषधालय यशोदा पुस्तकालयमा बनेकोछ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

गरी १।२ गोली विरेचनवटी * खानाले वायु शुद्धभइ दिशा खलास हुन्छ । कि, पिपला १ तोला, निशोथ ४ तोला, चाकु (सख्खर-गुड) ४ तोला, एतिको चूर्ण गरि अन्दाजी १ तोला, महीमा मिलाइ चाटनाले आध्मान (पेट फुल्ने डकार अपान वायु न आउने पेट घोचने रोग) निको हुन्छ ।

कि, देवदारु-बोझो-कूट-सूप हिङ्-सिंधेनून् एति सम-भाग गरि कागति, अथवा निबुवा, अथवा महीमा घोटेर तताइ नाभिस्थानमा लेप लाउनाले भयङ्कर आध्मान पनि शान्त हुन्छ ।

१८ प्रत्याध्मान—एसमा कोखा र मुटु बाहेक अन्यत्र दर्दहुने गरि आमाशय (नाभि र स्तनको बीच) मा उठेको वायु कफ समेत भइ, रोकिन्छ र ऊर्ध्ववायु-अधोवायु न चल्ने हुन्छ ।

१८ प्रत्याध्मानको चिकित्सा—एसमा वमन-लङ्घन गर्नू र अतिसार प्रवाहिकामा लेखियाका दीपन पाचन औषधि खानू ।

१९ अष्ठोला—एसमा नाभि देखि तल्तिर, कैलेसर्ने कैले न सर्ने, ठाडो अथवा तेर्सो ढुङ्गो जस्तो साह्रो वायुको सुम्लो उठछ । मल-मूत्र-अपानवायु रोकिन्छ ।

२० प्रत्यष्ठीला—एसमा पनि नाभि देखि तल्तिर

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

कैले सर्ने कैले न सर्ने, ठाडो अथवा तेर्सो वायुको साह्रो सुम्लो उठ्छ । अष्ठीलाको सुम्लो न दुख्ने, यो दुख्ने हुन्छ ।

१९—२० अष्ठीला-प्रत्यष्ठीलाको औषधि—इ दुवै रोगमा गुल्म* (वायुगोला) रोगाधिकारमा लेखियेको सब औषधिले फायदा गर्छ । अथवा फुरायेको हिङ्, पिपलामूल, धनिया, जीरा, बोझो, चाँभो, चितू, वाटुल्पाते, कचूर, भकिअमिलो, सिंधेनून्, विरेनून्, समुद्रनून्, सुठो, मरिच, पिपला, जवाखार, साजिखार, दारिमको बिआ, हर्रो, पुष्करमूल, पदम्चाल्नू, झौवा, इन्को चूर्ण समभाग गरि अदुवाका रसमा ७ पटक भिजाउनु र केराउजत्रा गोलि पार्नू । तातोपानिसङ्ग १।२ गोलि खानाले अष्ठीला-प्रत्यष्ठीला वायुगोलामा बडो फायदा हुन्छ ।

२१ तूनी—एसमा मूत्रस्थान र मलस्थानबाट दर्द उठेर सुइराले घोचेझैं लिङ्ग र गुदद्वार सम्म घोच्ने हुन्छ (सुइरा दिन्छ) ।

२२ प्रतितूनी—एसमा माथि लेखेको, उल्टा क्रमले लिङ्ग र गुदद्वारबाट दर्द उठेर मूत्राशय पक्वाशय सम्म पुग्ने हुन्छ ।

२१—२२ तूनी-प्रतितूनीको चिकित्सा—तिलका तेलमा सिंधेनून हालेर १।२ मुठि पिउनाले तूनी-प्रति-

* गुल्मरोगाधिकार स्वयंवैद्यका अर्कोभागमा लेखिन्छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

तूनीमा फायदा हुन्छ । अथवा–तातोपानिसङ्ग १।२ मासा जवाखार पिउनू । अथवा–पिपल्यादिचूर्ण, तातोपानिसङ्ग खानू ।

२३ त्रिकशूल—२ फीला र डँडाल्नूको जोर्नि (कम्मर) लाइ त्रिक भन्दछन् । त्यो दुखने घोचने व्यथालाइ त्रिकशूल भन्छन् ।

त्रिकशूलको औषधि—बालुआ भुटेर कपडामा पोकोपारि दर्द भयेका ठाउँमा सेकनू । अथवा–गुग्गिठाका आगाले सेकनू ।

२४।२५ मुहुर्मूत्र-मूत्रनिग्रह—इ २ मा क्रमैले मूत्रस्थानमा वायु कुपित हुनाले वारंवार मूत्रहुने र, बन्दहुने हुन्छ ।

मुहुर्मूत्र (बहुमूत्र) का विषयमा वक्तव्य.

धातुस्थानका विकारले पनि बहुमूत्रको रोग हुन्छ । वातरोगमा पनि बहुमूत्र हुन्छ । इन्को ठीक विचार न गरि चिकित्सा भयो भने रोग बढदछ । त्यो विचार यो विचार यो हो कि, प्रमेहाधिकारमा लेखिने, बहुमूत्र मेहको लक्षण पूर्ण छ भने, तदनुसारको चिकित्सा गर्नू । वातव्याध्यधिकारका अन्त्यमा लेखिने वातव्याधिका सामान्य लक्षण मात्र छन्भने एही बहुमूत्रको चिकित्सा गर्नू ।

२४ बहुमूत्रको औषधि—बलुको जरा, भोर्लाको

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

बोक्रा, इ २ थोकको चूर्ण ५ मासासम्ममा ५ मासा मिश्री मिलाइ ५ मुठि दूधसङ्ग खानू। बहुमूत्र (धेरै पिशाब हुनू। अथवा-त्रिफलाको चूर्ण ३ मासामा, १ लाल कान्तिसारलोह भस्म मिलाइ महसङ्ग चाटनू।

२५ मूत्रनिग्रह—(पिशाव बन्दहुने) भयेमा २ मासा जवाखार, २ मासा चिनि, मिलायर चीसो पानि सँग खानाले पिशाव खुल्द छ।

कुभिण्डाको विजा र काँक्राको विजा पिंधेर नाभिस्थान देखि तल्तिर लेप गर्नाले पिशाव झट्ट खुल्द छ। अमला घोटेर नाभिस्थान देखि तल्तिर लेप गर्नाले पनि पिशाव खलास हुन्छ। कपूरपानीमा भिजायेको सुत्लो मूत्रद्वारमा वारंवार हाल्ने गर्नाले पिशाव खुन्द छ।

२६ गृध्रूसीवात—एसमा,-फिलामा, कटीमा, पिठ्यूँमा, घुँडामा, पिडौलामा जोर्नि २ मा, अकडिने-दुखने-घोचने-लुछने-फरफराउने हुन्छ। जिउ सोझ्याउन-सकिदैन। एसलाइशुद्ध गृध्रसीवात भन्दछन्।

२६ गृध्रूसीवातको चिकित्सा— कफ समेतको गृध्रूसीवात छ भने अम्लपित्ताधिकारमा लेखियेका विधिले वमन र विरेचन गराउनु पर्छ। रोगी वमन विरेचन गर्ने न हुने छ भने ता साधारण दीपन पाचन औषधि पार्नू। अथवा—अरीडको तेल ३ तोला सम्म गहूँतमा मिलाइ पिउने

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

गर्नाले गृद्ध्रसी निको हुन्छ। अथवा अरीडका बिजाको गुदी ५ मासा सम्म दूधमा पिंधेर १ मानू दूधमा हालि पकाउनू चौथाइ घटे पछि त्यो दूध पिउने गर्नाले गृध्रसीमा फायदा हुन्छ। एसले कटीशूलमा पनि फायदा हुन्छ। अथवा-असुराको जरा, अजैपालको जरा। राजवृक्ष। इ ३ थोकको षोडशावशेष काढामुठी ५ सम्म मा, अरीडको तेल ३ तोलासम्म मिलाइ पिउनाले गृद्ध्रसी वातले थलापरेको रोगी पनि बलवान् हुन्छ।

(१२३) रास्नादिगुग्गुलु—१।२ गोली यो औषधि खानाले गृद्ध्रसीको भयङ्कर वेदना दर्द घट्छ। अनुपान-अरीडका बिजाको क्वाथ।

२७ खञ्जता—एसमा कटिमा कुपित भयेको वायुले, तिघ्राका ढोड नसाहरु खुम्च्याइ दिन्छ र खज्ज (लगँडो) गराउछ। एसैलाइ खञ्जवात पनि भन्दछन्।

२८ पङ्गुता—एसमा फीलाका ढोड नसाखुम्चिन्छन् र खुट्टा लुला हुन्छन्। एसैलाइ पङ्गुवात पनि भन्दछन्।

२९ कलायखञ्ज—एसमा पनि खञ्जवातको लक्षण हुन्छ। तर हिडदा खेरी पहिला झमट्मा केही खोच्याउने थर्थराउने हुन्छ। हिंडेर जोर्निजोर्नि गर्माये पछि खोच्याउनू घटतै जान्छ।

—इ औषधी आयुर्वेद महौषधालय विभाग यशोदा पुस्तकालयमा पाविन्छन्।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding: I

२७-२८-१९-खञ्जता-पङ्गुता-कलायखञ्ज-को औषधि—इन्मा, पहिले विरेचन गरि, तातो बालुवाले बराबर सेक्नै, दशमूल तैल, तारिणी तैल—ले मालिश गर्नू। माथि लेखियेको रास्नादिगुग्गुलु र पछि लेखिने यो गराज गुग्गुलु—वातारिगुग्गुलु—को सेवा गर्नू।

३० क्रोष्टुशीर्षक—एसमा,—घुँडामा वायु कुपित भयेर रगतसर्न दिँदैन र घुँडा घुँडा सुनियेर दुखने हुन्छन् घुँडा सुनिदा सुनिदा स्यालका टाउकाजत्रा हुने हुनाले एस रोगलाइ क्रोष्टुशीर्षक भन्दछन्।

३० क्रोष्टुशीर्षकको औषधि—१ तोला अरीडको तेल ४ तोला दूधमा मिलाइ पिउने गर्नू। वातरक्ताधिकारको कैशोर गुग्गुलु र अजमोदादिवटी—ले पनि वेस फायदा हुन्छ।

३१ खल्लीबात—एसमा पाउ पिडौला तिघ्रा पाखुरा फर्कने (वटारिने) हुन्छ।

३१ खल्लीबातको औषधि—एहीस्वयंवैद्यका ८९ पत्रमा, हैजाका उपद्रवमा (पिडौला फर्कनूमा) लेखियेको तैल मालिश गर्नू।

३२ वातकण्टक—एस्मा पाउका गोलीगाँठामा दर्द र सूजहुने हुन्छ। असजिलो गरि टेकनाले र थकाइ लाग्नेगरि हिंडनाले योरोग हुन्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

३२ वातकण्टकको औषधि—सिपालु मानिसद्वारा नसाबचाइ नस्तर हालेर रगत चुहाउनु असलहो। अथवा फलामको सुइरोततार्इ तेही ठाउँमा डामिदिनू। अथवा अरीडको तैल पिउने मालिश गर्ने गर्नू।

३३ पाददाह—एस्मा वायु कुपित भइ पित्तलाइ स्थान भ्रष्ठ गराउँछ र पाउ भत्भती पोल्ने हुन्छन्।

३३ पाददाहको औषधी तताई चिस्यायेका पानिमा मसूराका दाना पिंधनू र पाउमा लेप लाउनू, खुट्टा पोलेको निको हुन्छ। पाउमा नौनी लायेर आगामा सेकाउने गरेपनि पाददाह निको हुन्छ।

३४ पादहर्ष—एस्मा पाउ निदायेर झन्न झन्न हुने हुन्छन्। एस्मा वायुले कफ समेत कुपित गरायेको हुन्छ।

३४ पादहर्षको चिकित्सा—स्वयंवैद्यका प्रारम्भ मा लेखिये बमोजिम कफ शमनगर्ने आहार विहार र पाउमा तारिणीतैल—मालिश गर्नू।

आक्षेपवात—एस्मा अपथ्य आहार विहारले कुपित भयेकोवायु शरीरका नसा नसामा घुस्न जान्छ र सव शरीर हात्तिचढेको मानिस हल्लेझैं हल्लने हुन्छ। एसका-३५ दण्डापतानक वात; ३६ अन्तरायाम वात; ३७ बहिरायामवात ३८ अभिघाताक्षेपवात—इ ४ प्रकारका हुन्छन्।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

३५ दण्डापतानक वातमा—नसा नसामा कफ र वायु भरिन्छ र शरीर खुन्च्याउन नसकिने गरि (लहुरो जस्तो सोझोगरेर तन्न तानिदिने) हुन्छ। एसमा-हात-खुट्टा-शिर पिठ्यूँ-कम्मर-मा ज्यादा दर्दहुने हुन्छ।

३६ अन्तरायामवातमा—अँउला-गोलिगाँठा-पेट-मुट्ठु-छाती-घाँटीको वायु बढेर, नसा नसा–, र घाँटी- मा कम्प हुन्छ। आँखा चिम्लन सकिन्न चिउडो अकडिन्छ। कोखा भाँचियेझैं दुःखछन्। कफ-राल् धेरै आउछ। जिउ, धनुजस्तो भइ भित्रपट्टि (अघिल्तिर) नुहुन्छ। सोझोहुन सकिंदैन।

३७ बहिरायाम वातमा—खूब वायु बढछ र पिठ्यूँ पट्टिका नसा ढोडनसा-नाडि सब सुकाइ दिन्छ र मानिस उत्तानूभइ धनुझैं नुहुने हुन्छ। पिठ्यूँपट्टि नुहुनुपर्दा छाति-तिघ्रा-कटि-भाँचियेझैं हुन्छन्। सोझो हुन सकिंदैन। अन्तरायामवातलाइ सामान्य धनुर्वात पनि भन्दछन्। तर अन्तरायामवातमा र बहिरायामवातमा लेखियेका सब लक्षण पूर्णछन् भने, अन्तरायामवात र बहिरायामवातनै भन्नु पर्छ; शरीरमात्र नुहुने (वाङ्गिने) भयो भने धनुर्वात भन्नु पर्दछ भनि प्रामाणिकहरु भन्दछन्। अर्थात् धनुर्वात (धनुस्तम्भवात) बेग्लैहो।

३८ अभिघाताक्षेपमा—कडाचोट लाग्नाले वायु

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

ज्यादा कुपित हुन्छ र, इच्छै नभयेपनि हातखुट्टा चल्ने (उछिट्टिने) हुन्छन् ।

३९ धनुस्तम्भवात—एस्मा सर्वाङ्गमा कुपित भयेको वायुले गर्दा शरीर नुहुन्छ र धनुजस्तो बाङ्गो हुनजान्छ । चिउँडो बन्दको बन्दै रहन्छ मुख बाउन सकिन्न । यसैलाइ धनुर्वात भन्छन् ।

४० कुब्जवात—एस्मा; कि छाति, कि पिठ्यूँको वायु कुपित हुन्छ र कि छाति अग्लो हुने, कि पिठ्यूँ अग्लो हुने, हुन्छ ।

४१ अपतन्त्रकवात—एस्मा पक्वाशय बाट वायु-चढ्दै जान्छ र छाति, शिर कन्चट्मा दर्द ज्यादा हुन्छ । सबशरीर धनुर्वात भयेझैं, नुहुने हुन्छ । विशेष बढता एति हुन्छ कि, एस्मा, दमफेर्न बडो मुश्कील पर्छ, आँखा कि बन्दको बन्दैरहने, कि खुलाको खुलैरहने रोगिको आवाज परेवा कराये जस्तो सुनिने सुद्धि न रहने हुन्छ ।

४२ अपतानकवात—एस्मा आँखा अकडिन्छन्, बेहोशी हुन्छ । स्वर सानु हुन्छ । मुट्टमा वायुले जकडेको बेलामा सान्हैकष्ट हुन्छ । वायु सरेपछि केही सुविस्ता हुन्छ ।

४ पक्षाघातवात (पक्षवात)—एस्मा आधा शरीर वायुले अकडिने हुन्छ । एका पट्टिका नसा सुक्छन्, रगत-सर्न पाउँदैन । जोर्नि २ शिथिल हुन्छन् ।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

तेसो हुनाले सर्वशरीर अचेतन जस्तो हुन्छ । वायुले मारे पट्टिको अङ्गमा रगत हुदैन दर्दपनि नहुने हुन्छ ।

४४ सर्वाङ्गवात—एस्मा सर्वाङ्गमा वात कुपित हुन्छ र, ठाउँ ठाउँमा फर्फराउने जोर्नि जोर्निमा दुःखने, पड्कने हुन्छ ।

३५ नम्बर देखि ४४ नम्बर सम्मका वातरोगमा कर्तव्य ।

हनुग्रहवात, आर्दितवात, दण्डापतानकवात, अन्तरायामवात, बहिरायामवात, आक्षेपवात, धनुर्वात, पक्षाघातवात, अपातनकवात, इ वातरोग बडा भयङ्कर हुन्छन् । रोगी उमेर्दार बलीयोछ र चिकित्सा यथार्थ भयो भने शयकडा १ जना निको हुन्छ । नत्र इ रोग असाध्यै छन् ।

इ वातरोगमा चिकित्साको क्रम

इ माथि लेखियेको वातरोगमा, प्रथम विरेचन गरि हाल्नु पर्छ । अम्लपित्ताधिकारमा लेखिका विधिले विरेचन गर्नू । तैपनि दिशा खलास भयेन भने ।

विरेचन वटी—२।२ गोलीको मात्रागरि ५ मुठि तातोपानिसँग खानु, दिशा खलास हुन्छ । वाँहापछि रास्नादि सप्तक काढाको अनुपान गरि वातरोगका सिद्ध

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

औषधि खानू । वातरोगका असल् २ तैल मालिश गर्नू । वात हटाउने आहार विहार गर्नू ।

रास्नादिसप्तक काढा

रास्ना (गाइतिहारे), गुर्जो, राजवृक्ष, देवदारु, गोखुर, अरीड्, पुनर्नवा समभाग इन्को षोडशावशेष काढा बनाउनू ।

भयङ्कर वातरोगका सिद्धऔषधि--

(१२४) योगराजगुग्गुलु—रास्नादिकाढाको अनुपानगरि २ गोली यो खाने अभ्यासगर्‍यो भने यावत् वातरोगमा फायदा हुन्छ ।

(१२५) बृहद्योगराजगुग्गुलु—रास्नादिसप्तक काढाको अनुपानगरि यो औषधि १ गोलि नित्यखाने गर्नाले कष्टसाध्य भयेका ८० प्रकारका वात रोग हटछन् । यो वडो तात्कालिक गुणदायक औषधि छ । वातरोगले एकअङ्ग सुकेका सर्वाङ्गलीडो भयेका कटि भाचियेका रोगीले एसैको सेवागर्नु पर्छ ।

(१२६) वातारिगुग्गुलु—तातोपानीसँग नित्य १।२ गोली खानेगर्‍यो भने, खञ्जवात् , पङ्गुवात गृद्ध्रसीवात, स्तम्भवात, निको हुन्छ ।

(१२७) वातसञ्जीवनरस—योरस २ लालसम्मको मात्रागरि खानाले भयङ्कर वैद्यलाइ हरेस खुवाउने

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

वातरोग २।४ मात्रालेनै कम हुन्छ। साना ठूला नया पुराना सव तरहका वातरोगमा यो औषधि अपूर्व गुण गर्छ। अनुपान-रास्नादिसप्तक काढा (कि) अरीडको तेल।

(१२८) वातगजाङ्कुश—२ लालसम्म यो औषधि खानाले वातरोग मा वेस फायदा हुन्छ। मन्यास्तम्भ, ऊरुस्तम्भ, पक्षाघात, इ वातरोगमा एसले वे स फायदा भयेको देखिन्छ। अनुपान—सुठाको क्वाथ १ मुठिमा मिलायको अरीडको तेल तोला २।

(१२९) मृतसञ्जीवनरस—१ गोली योरस ५।७ दिन खानेगर्ना ले भयङ्कर वातरोग हटि पुनर्जीवन पाइन्छ। ग्रहणी, अर्श आमवात इन्मा समेत एसले वडो गुण गर्दछ। अनुपान-अरीडको तेल।

८० प्रकारका वातरोगमा अनुभूत उत्तम तैल

(१३०) तारिणीतैल—योतैल मालिश गर्नाले, मन्यास्तम्भ, ऊरूस्तम्भ, सर्वाङ्गवात, एकाङ्गवात पक्षाघात-वात मा चाडो फायदा हुन्छ। १।२ फेरा मालिश गर्दैमा जिउ हलुका हुन्छ। अनेक तरहका रोगले शरीर हाडछाला मात्र वाकिरहेमा पनि योतैल मालिशगर्ने गर्‍योभने हृष्ट पुष्ट हुन्छ। सूतिका वायु विकारमा जनाना मानिसले एस तैल-को मालिश गरे भने चाँडो आरोग्य पाउने हुन्छन्। गर्भ

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

पात वारंवार भयेर क्षीण भयेका जनानालाइ एस तैलको मालिश गराये गर्भाशय शुद्धभइ गर्भरक्षा र बलवान् सन्तान जन्मने हुन्छ। ठाँउ ठाँउमा मर्केर भांचियेर जखम भयेमा योतैल मालिश गर्नाले चाडो आरामी पाइन्छ। योतैल मालिश गर्ने मात्रै पनि होइन कोष्ठमा वायु बिग्रेकोछ भने १।२ तोला पियेपनि वेस फायदा हुन्छ। शिरमा लाउनाले नेत्ररोग, कर्णरोग; सव हराउछन्। नाकमा हालनाले पिनास निको हुन्छ। पोलेका ठाउमा तुरन्त लाउनाले फोको न उठि आराम हुन्छ। एस तैलका सवगुण अनुभूत छन्।

(१३१) दशमूलतैल—यो तैलमा असल र अति दुर्लभ जीवनीय गणका औषधि परेका हुनाले, खानाले-लाउनाले–नसहालनाले सव तरहवाट फायदैगर्छ। सुत्केरीहरुले एस तैलको मालिशगर्नु पर्छ। अरु तैल १ पाथि मालिश गर्नु भन्दा योतैल १ मुठि मालिश गर्नु वेसछ। भित्र गडेको वात, वाहिरको वात एस ले हटाउछ।

(१३२) वातमर्दन तैल—योतैल पनि माथि लेखिये वमोजीम ८० प्र कारका वातरोगमा गुणकारीछ। सर्वाङ्गमा अथवा कहिं कँहिं सूज समेत हुने वातरोगमा यो तैल अमृत वरावर गुणगर्छ। सूज भयेका ठाउमा मालिश गर्दागर्दै सूज सम्म वस्तछ।

(१३३) सामिषमहामाषादितैल—योतैल आफ-

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

ना गुणले जगत्प्रसिद्धछ। कर्णरोगमा पनि एसले फायदा गर्छ। अन्त्रवृद्धि (हर्निया) र अण्डवृद्धिमा यो तैल मालिश गर्नाले फुर्तीसाथ आरामी पाइन्छ। रक्तवायुले विरूप भयेका रोगी एस तैलको मालिशले सर्वाङ्गसुन्दर हुन्छन्। नित्य एस तैलको मालिशगर्ने गर्‍यो भने मानिसको शुक्रस्थान धातु पूर्ण हुन्छ र बलवान् तेजस्वी बुद्धिमान् दीर्घचक्षु हुन्छ। शुष्कशरीर भयेका रोगीले मालिश गरेभने हृष्ट पुष्ट हुन्छन्। वन्ध्याले यथायोग्य यो तैल पिउने मालिश गर्ने गरे भने पुत्रवती हुन्छन्। हात्ति-घोडा-प्रभृतिवाट लोटेर जोर्नि र खुस्केकामा पनि एस तैलका मालिशले शरीर दुरुस्त हुन्छ। वखत् न पुग्दै फुलेका केश एसका सेवाले काला हुन्छन्। यो तैल बहुमूल्य र दुर्लभ छ।

(१३४) त्रिशतीप्रसारिणी तैल—योतैल पनि माथि लेखिये बमो जीम ८० प्रकारका वातरोगमा अति गुणकारीछ। सन्धिगत-कोष्ठगत-शिरागत-सव तरहका भयङ्कर वातरोगमा १।२ पटक मालिश गर्दा गुण देखाइ-हाल्छ शुक्र-बुद्धि-वल-वर्ण-अग्नि-बढाइ मानिसलाइ निरोग गर्दछ।

(१३५) महाबलातैल—योतैल सव तरहका वात-

+इ औषधि यशोदा पुस्तकालय आयुर्वेद विभागमा पाइन्छन्।

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

n Public Domain. Digitization by eGangotri.Funding

रोगमा गुणकारी छ। भयङ्कर सूतिका वायुमा, वारंवार गर्भपात हुनलागेमा, गर्भै नरहने भयेमा, धातुक्षीण भयेमा, मर्मस्थान अकडियेमा, भाँचियेकामा, मर्केका- मा, गुल्मरोग–खोकी–अण्डवृद्धिले चेतपरेमा, योतैल मालिश गर्नु योग्यछ। वखत नपुग्दै बुढ्याञि लागेका मानिसले केहि दिन एसको सेवागरे भने पुनर्यौवन पाउछन् योतैल बहुमूल्य मात्र होइनकि–बहुगुण पनिछ। नित्य एसको मालिश गर्न पुगीसरी आउछ भने र एसको मालिश सदा गर्दछ भने अरु कुनैरोग लाग्न सक्तैनन्।

१३६ महानारायणी तैल

योतैल जगत्प्रख्यात छ। कष्टसाध्य र असाध्य भैसकेका वातरोगमा यो गुणकारीछ। शिरमा मालिश गर्नाले शिरोरोग नेत्ररोग कर्णरोग हनुस्तम्भ मन्यास्तम्भ अर्दितवात इत्यादि रोग सब हट्दछन्।

अरु अङ्गमा मालिश गर्नाले र पानगर्नाले आक्षेपवात, अन्तरायाम बहिरायाम,–धनुर्वात–पक्षवात इत्यादि भङ्कर वातव्याधिको ध्वंस हुन्छ। एस तैलको मालिशगर्ने मानिस- लाइ बुढ्याञिले गाल्न शक्तैन, केशकाला, पुष्टगाला, भइ ८० वर्षको मानिसपनि पट्ठानै रहन्छ, आँखा कान प्रभृति सब इन्द्रिय वलवान् रहन्छन्। सँधै पानिले सेचन गरियेको

❀ यो तैल यशोदा पुस्तकालय आयुर्वेद विभागमानै पाइन्छ।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

बिरुवा जस्तै हरियो रहरलाग्दो रन्छ, तेस्तै एस तैलका सेवाले शरीर रहर्लाग्दो हृष्ट पुष्ट वलवान् सुन्दर रहन्छ। एस तैलका सेवाले बन्ध्यापनि पुत्रवती हुन्छन्। गर्भस्राव गर्भपात हुनाले वारंवार क्षीण भयेका सूतिकावायु विग्रनाले अर्धमृत भयेका, जनाना मानिसले एसको सेवागरे भने सव उपद्रव हराइ फेरी यौवन पाउछन्। एसले प्रदरमा पनि वडो गुणगर्दछ। स्त्री–पुरुष–बाल–बृद्ध सव जनालाइ यो तैल हितकारिछ। अघि देवासुरसंग्राममा दैत्य हरुले देवता हरुलाइ थीचथाच् पारेर अङ्गभङ्ग गराइ अर्धमृत पारेका वेलामा दयागरि येहीतैल वनायेर नारायणले देवता हरुलाइ वचाउनु भयोर मनुष्यका उपरपनि निगाहराखि पृथ्वीतलमा पनि यो तैल प्रचार गराउनु भयो, भन्ने आयुर्वेदका अनेक प्रामाणिक ग्रन्थमा लेखियेकोछ।

४५ नम्बर देखि ८० नम्बर सम्मका वातरोगको गणना र पहिचान।

४५. अल्पकेशता—एस्मा वायुकुपित हुनाले केश (रँउ) घट्तै जान्छन्

४६. वाचालता—एस्मा मानिस ज्यादा वोल्ने (वताहा) हुन्छ।

४७. वन्हिवैषम्य—एस्मा जठराग्नि कहिले प्रदीप्त कहिले मन्द हुन्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

४८. आटोप—एस्मा पेटमा गुड गुडशब्द गर्ने हुन्छ ।

४९. पार्श्वशूल—एस्मा कोखा २ घोचने हुन्छ ।

५०. बद्धविट्कता—एस्मा दिशा बाँधियेर गोटा-पर्ने हुन्छ ।

५१. मलग्रह—एस्मा दिशा बन्द रहने हुन्छ ।

५२. कम्पवात—एस्मा कोहीअङ्ग काँप्ने हुन्छ ।

५३. स्तम्भवात—एस्मा कोहीअङ्ग अकडिने हुन्छ ।

५४. व्यथा—एस्मा सर्वाङ्गमा अथवा कँहि २ दुखने हुन्छ ।

५५. तोदवात—एस्मा कोहीअङ्ग लुछने हुन्छ ।

५६. भेदवात—एस्मा सर्वाङ्ग अथवा कँहि २ घोच-ने हुन्छ ।

५७. स्फुरणवात—एस्मा कोहीअङ्ग फर्फराउने हुन्छ ।

५८. रौक्ष्य—एस्मा सर्वाङ्ग अथवा कँहि २ रुखा हुन्छ ।

५९. कार्श्य—एस्मा जिउ दुबलाउछ ।

६०. कार्ष्ण्य—एस्मा शरीर कालाहुने हुन्छ ।

६१. शीतवात—एस्मा आङ् न तातने हुन्छ ।

---

* तारिणीतैल महानारायणी तैल हरु र अरू अरू पनि यशोदा पुस्तकालयको आयुर्वेद विभागमा बनेका तयार पायिन्छन् ।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

६२. लोमहर्ष—एस्मा शरीरमा जिङ्रिङ्ग काँढा उम्रने हुन्छ ।

६३. अङ्गमर्द—एस्मा ठाउँ ठाउँमा कर्करि खाने हुन्छ ।

६४. अङ्गविभ्रंश—एस्मा कोही जोर्नि वायुले खुस्काइ दिन्छ ।

६५. शिरासङ्कोच—एस्मा नसा खुम्चिने हुन्छ ।

६६. अङ्गशोष—एस्मा कोही अङ्ग सुकने हुन्छ ।

६७. भीरुता—एस्मा वायुबिकारले डरज्यादा लाग्ने हुन्छ ।

६८. मोह—एस्मा चित्तमोह (अकल् गुम्) हुने हुन्छ ।

६९. चलचित्तता—एस्मा चित्त ज्यादा चञ्चल हुने हुन्छ ।

७०. अन्त्रकूजन—एस्मा आन्द्रा कराउने हुन्छ ।

७१. कटिग्रह—एस्मा कम्मर अकडिन्छ ।

७२. स्फुरण—एस्मा नसा फर्फराउने हुन्छ ।

७३. कण्डू—एस्मा आङ् ज्यादा चिलाउछ ।

७४. निद्रानाश—एस्मा निद्रा नपर्ने हुन्छ ।

७५. स्वेदनाश—एस्मा पसीना न आउने हुन्छ ।

७६. बलहानि—एस्मा बल ज्यादा घटने हुन्छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

n Public Domain. Digitization by eGangotri.Funding

७७. शुक्रक्षय—एस्मा शुक्र (धातु) क्षीण हुने हुन्छ ।

७८. रजोनाश—एस्मा स्त्रीको रज क्षीण हुने हुन्छ ।

७९. गर्भनाश—एस्मा गर्भ नरहने, अथवा रहदै गिर्ने हुन्छ ।

८०. परिश्रम—एस्मा अलीकति कामले ज्यादा थकाइ लाग्ने हुन्छ ।

इ ८० प्रकारका वातव्याधि कहिन्छन् । इमध्ये ४५ नम्बर देखि ८० नम्बर सम्मका वातव्याधि साधारण हुन् । तिन्मा स्वयंवैद्यका प्रारम्भैमा लेखियेका वात शमनगर्ने आहार विहार गर्नाले आरामी पाइन्छ, कदाचित् तेतीले आरामी भयेन भने एही वातव्याधिमा पहिले लेखियेका, योगराजगुग्गुलु प्रभृति खाने औषधि र तारिणीतैल प्रभृति तैलका मालिशले आरामी हुन्छ ।

वातव्याधिमा चिकित्साको सूक्ष्मविचार

अङ्गमा भित्र-बाहिर सन्ताप हुन्छ, मूर्छा पनि हुन्छ भने वायु र पित्त शमन गर्ने आहार बिहार गरी चिकित्सा गर्नुपर्छ । अङ्ग चीसोछ, सूज समेत भइ अङ्ग भारीछ भने कफ र वायु शमनगर्ने अहार बिहार गरी चिकित्सा गर्नुपर्छ । छाला-रुखा, फुटने, निदाउने, पातलो हुने, कालो हुने,

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

तातने, रातो हुने सबै ठाउँमा दुखने, भयेकोछ भने रस स्थानको वायु कुपित भयेको रहेछ भनि बुझेर, पसीना काढनू तैलाभ्यङ्ग गर्नू । इ २ मुख्य उपाय र वात शलनगर्ने आहार बिहार गर्नू ।

ज्यादा दर्दहुन्छ, पोल्दछ, शरीरको वर्ण बिकृत हुन्छ, रुचिछैन, जिउदुब्लायो, शरीरमा ठाउँ ठाउँमा घाउ हुन्छ, खाने बित्तिकै जिउ अकडिने हुन्छ, भने रक्तस्थानमा वायु कुपित भयेछ भनि बुझेर, जुलाब लिनू, श्रीखण्ड, उसीर, प्रभृति ठण्डावस्तु सर्वाङ्गमा लाउनू, इ २ मुख्य उपाय र सिपालु मानिस द्वारा योग्य ठाउँमा नस्तरहालि रगत निकालनू र वात हर्ने आहार बिहार गर्नू । अङ् भारीछ, दुःखछ, अकडियेको छ, लहुराले मुड्किले ठोके जस्तो भइ गहिरो भित्र दर्द हुन्छ भने, मांसगत वायु कुपित भयेछ, एती लक्षणसबै र मासुमा डल्ला डुल्लि परेकाछन् उस्तो ज्यादा दर्द तिन्मा छैन, कही कहि घाउ खटीरा समेत छन् भने, मेदस्थान (बोसा) को बायु कुपित भयेछ भनि बुझेर विरेचन (जुलाब) गर्नू र हित आहार र वातव्याधिमा कहियेका औषधिमा यथोचित सेवागर्नू । निद्रा कहिल्यै पर्दैन, सँधैदर्द हुन्छ, भने अस्थि (हाड) को बायु कुपित भयेछ भनि बुझेर, स्नेहपान र तैलाभ्यङ्गको पूरा अभ्यास र हिताहार बिहार गर्नू । संधै एकनाशको दर्दछ भने मज्जा

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

(मासि) को वायुविकार बुझेर स्नेहपान तैलाभ्यङ्ग, हिताहार विहार गर्नू । वीर्य चाँडोगिर्छ, अथवा अति ढीलो गिर्दछ, चाँडै २ गर्भ रहन्छ, चाँडै २ गर्भपात हुन्छ, अथवा गर्भका बच्चाको अङ्ग लुलो-लङ्गडो-कानू-खोरण्डो इत्यादि खूनी भयेर जन्मन्छ, भने शुक्रस्थान अथवा गर्भाशयको वायु कुपित भयेको रहेछ भनि बुझेर पौष्टिक स्निग्ध बलवर्धक आहार बिहार र वाजीकरणाधिकारका उत्तम औषधि पार्नुपर्छ ।

आमाशयमा वायुकुपित भयेमा ।

नाभिस्थान देखि उँभो, स्तनस्थान देखि उँधो आमाशय रहन्छ, तेस्मा वायु कुपित भयो भने, छाति–पेट–नाभिमा दर्द र प्यास लाग्ने, डकार आउने, विसूचिका (छेर्पटी) लाग्ने, खोकी लागग्ने, घाँटी सुक्ने हुन्छ । तेस्तो भयेमा लङ्घन गर्नाले, जठराग्निविकाराधिकारमा लेखियेका अग्नि प्रदीप्तगर्ने औषधि खानाले, विरेचन (जुलाब) गर्नाले, बमन गर्नाले र पुराना–मुगी–मासिचावल इत्यादि आहार गर्नाले फायदा हुन्छ ।

आमवातको औषधि ।

बालबेल, गुर्जो, देवदारु,सूठो, इ ४ वस्तु अढाइ अढाइ मासा (ज्मा १ तोला) षोडशावशेष काढागरि १ मुठि पिउनाले आमाशयको वायु समालिन्छ । (की) बोक्रो,

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

अतीस, पिपला, बिरेनून पकाइ त्यो काढा पिउनाले पनि आमाशयको वायु सम्रन्छ । उशीर, ठुलोहर्रो, कचूर, पुष्करमूल, इन्को माथि लेखिये बमोजिम षोडशाशेष काढा १ मुठि पिउने गर्नाले आमाशय शुद्ध हुन्छ । (क्रि) चितू, इन्द्रजौ, वाटुल्पाते, कुट्की, अतीस, ठूलोहर्रो, इ ६ वस्तु २४ । २४ रत्ती लियेर कुटी छानी राखनू, प्रतिदिन तातो पानिको अनुपान गरी २४ । २४ रत्तीको मात्रागरि ६ दिन्मा खाइसक्नू । एसले आमाशय खूब सफा हुन्छ ।

वातरोगमा सावधान ।

कफरोग–पित्तरोग हरु पनि प्रायः वातविकार नभै हुदैनन् । वायु प्रमाणमा रहेकोछ भने पूर्ण आरोग्य रहन्छ । वातरोग सानू देखियो भने पनि तेसलाइ खूब ठूलो ठानि चाँडै चिकित्सा गर्नू,–नत्र तेस वायुले कफ–पित्त–रस–रक्त–हरु लाइ स्थानभ्रष्ट (पदच्युत) गराइ अनेक भयङ्कर रोग पैदा गराउँछ ।

"पित्तं पङ्गु कफः पङ्गुः पङ्गवो मलधातवः ।
वायुना यत्र नीयन्ते तत्र गच्छन्ति मेघवत् ॥"

वातरोगमा साध्यासाध्यविचार ।

हनुस्तम्भवात, अर्दितवात, पक्षाघात (पक्षवात्) अपतानक, आक्षेपवात, इ वात स्वभावैले कष्टसाध्यछन्, अरुवातमा पनि डाहहुने, सर्वाङ्ग भाँचियेजस्तो दुखने,

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

n Public Domain. Digitization by eGangotri.Funding

अरुचि, अग्निमान्द्य, दुर्बलता, सूज, ग्लानि, कम्प, इ उपद्रव देखियेकाछन् र रोगि वृद्धछ भने बाँच्तैन, नत्र ठीकउपाय भये योरोग निकोहुन सक्तछ ।

वातरोगमा पथ्यापथ्य ।

आहारमा–दहि–घ्यू–कुराउनी–तेल–वोसो– नउनी–तिल–गहुँ–माषा–पुरानामार्सि चावल–गहतको रस–मदिरा–बोका प्रभृति ग्राम–वासीपशुकोमासु–भगेरा–तित्रा–मयूरको मासु–रोहू–वर्मी–माछा–परवर–भन्टा–लशुन–दारिम–पाकेकोआँप–न्यामीर–बयर–दाख–सुन्तोला–अरिडकोतेल–दूध–गहूँत–पान–पुरानु अमिली, इ पथ्य हुन्छन् ।

विहारमा— तैलाभ्यङ्ग– मर्दन– स्वेदन–तातोपानिले स्नान–हावा नलाग्ने ठाउँमावस्नु–सेकतापगर्नू–स्निग्ध आहार गर्नू–तातोआहार गर्नू–इ कुरा पथ्यछन् ।

अपथ्य आहारमा—चना–केराउ–तामा-कोदो–भटमास–मुगी–तलाउ र नदीको पानि–जामुनू–सुपारी–तिन्दू–शाक–डुम्री–चीसोपानी–खारावस्तु–सुकुटी–मह–टर्रो–पिरा तिता वस्तु इ आहार अपथ्य हुन्छन् ।

अपथ्य विहारमा—चिन्ता–जागरण–मल मूत्रादिको वेगरोकनू–बमनगर्नू–शारीरक–परिश्रम गर्नू–निराहार गर्नू–सुरतगर्नू–हात्ती–घोडा चडनू खाटमा सुतनू दाँतदल्नू इ कुरा अपथ्य छन् ।

इति स्वयंवैद्यको वातव्याध्यधिकारः समाप्तः ॥

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

अथ प्रमेह (मूत्र×धातु) रोगाधिकारः

प्रमेह को निदान (कारण)

दिउसो सुतनाले, शारीरक परिश्रम कत्ति न गर्नाले, चीसो–चिल्लो गुलियो बोसो बढाउने, ग्राम्य पशुको, जलचर पशुपक्षिको, जलप्राय देशमाहुने पशु पक्षिको मासु, दूध; नञा अन्न, गुडको प्रकार चिनि-मिश्री-प्रभृति, इत्यादि कफ बढाउने वस्तु ज्यादा खानाले प्रमेहरोग हुन्छ !

प्रमेहको पूर्वरूप

हत्केला–पैताला पोल्न लाग्यो जिउ चिल्लो–चिप्लो-भारी भयो, मूत्रगुलियो र सेतो हुन्छ, तन्द्रा छ, जिउ ज्यादा गन्दछ, प्यास ज्यादा छ, सास गन्हाउँछ, तालु–गला–दाँतमा मल लाग्यो (दाँतेगू, कस, लाग्यो) केशमा ज्यादा लट्टा पऱ्यो, नङ चाँडो बढन लागे, (मुख गुलियों भयो, मुख–घाँटी सुक्त छ, आङ्मा र मूतमा झिंगा कमिला ज्यादा बस्नलागे,) भने प्रमेह हुन आट्यो भनि बूझनु ।

प्रमेहको संप्राप्ति (हुने प्रकार)

निदानमा लेखियेका अपथ्य आहार बिहारले मेद (बोसो) बढदछ र, अपरिपक्क हुनाले कुपित भयेका वात पित्त कफ बोसामा मिल्दछन् र मूत्रवाहिनसामा घुसेर

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

n Public Domain. Digitization by eGangotri.Funding

मूत्रस्थान (वस्ति) स्थानमा जमा भइ पग्लेर आफना २ प्रकृति अनुसार २० प्रकारका प्रमेह गराउछन् ।

प्रमेहका भेद ।

कफ प्रमेह—एस्मा वात–पित्त–बोसो, मिलेको, कफ प्रधान भई प्रमेह हुन्छ । उदकमेह–इक्षुमेह–सुरामेह–सिकतामेह–शनैर्मेह लवणमेह-पिष्टमेह सान्द्रमेह शुक्रमेह फेनमेह इ. १० प्रकार कफप्रमेहमा हुन्छन् । उदकमेहमा; सेतो-ज्ञानी-जस्तो न गन्हाउने-धेरै केही धमिलो-मूत्र दर्द नहुने गरि हुन्छ । इच्छुमेहमा; उखुको रसजस्तो गुलियो र धमिलो पिशाब हुन्छ ! सुरामेहमा; बोतलहरुमा हालेर पिशाब जाँचदा, माथि माथि सफा तल तल बाक्लो, पिशाब देखिन्छ । सिकतामेहमा; बालुवा जस्ता साना २ कफका टुक्रा पिशाबमा हुन्छन् । शनर्मेहमा, अलि अलि गरि थोरै २ चिप्लो पिशाब हुन्छ । लवणमेहमा; १ * सङ्लो नुनिलो ज्यादा पिशाब हुन्छ । पिष्टमेहमा पीठो रयालेको पानि जस्तो पिशाब हुन्छ । सान्द्रमेहमा; बाक्लो चिप्लो पिशाब हुन्छ । शुक्रमेहमा; शुक्र (बीर्य) जस्तो अथवा शुक्र (वीर्य) समेत मिलेको पिशाब हुन्छ । फेनमेहमा; २ * फिंद ज्यादा आउने पिशाब हुन्छ, [३* शीतमेहमा,

१ * २ * लवणमेह र फेनमेह चरकमुनिका मतमा छैनन्तापनि सुश्रुत संहितामा लेखियेका छन् ! ३ * लवणमेह

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

धेरैचीसो पिशाब हुन्छ । * लालामेहमा; राल् मिसियेको जस्तो चिप्लो लस्सा भयेकोपिशाब हुन्छ ।] एस्ता दश प्रकारका कफप्रमेह हुने रोगि, अजीर्ण-अरुचि-वाक्‌वाक्-अतिनिद्रा-खोकी-दम-पीनास-इ उपद्रवले चेत हुन्छ । यो कफप्रमेहमा; जुन् उपायले जेजे औषधिले जुन् जुन् आहार बिहारले कफरूपी दोष हट्‌नसक्छ, तिनै उपाय औषधिले, आहारबिहारले, बिग्रेका (दूष्य) रस-मांस-मेद-मज्जा-शुक्र इत्यादि धातु सप्रने (उचित भइ रहने) हुनाले चिकित्सामा समता (दोष र दूष्य एकै थरी हुने) हुन्छ र कफप्रमेह सुखसाध्य हुन्छ भनेको छ ।

पित्तप्रमेह—एस्मा-, बात-कफ-रक्त-मेद-मिलेको पित्त प्रधानभइ प्रमेह हुन्छ । नीलमेह-हरिद्रामेह ४ * अम्लमेह-क्षारमेह-मञ्जिष्ठामेह-रक्तमेह ५ ६ प्रकार पित्त प्रमेहका हुन्छन् । नीलमेहमा; फिंद समेत्को नीलो-सङ्लो पिशाब हुन्छ । हरिद्रामेहमा; पोल्ने-हलेदा जस्तो पहेंलो पिशाब हुन्छ । अम्लमेहमा; अमिलो गन्हाउने पिशाब हुन्छ ।

र फेनमेहको ठाउमा चरकमुनिले शीतमेह र लालामेह मानेका छन् । जेभयपनि कफप्रमेहका भेद १० (दशै) छन् ।

४ * अम्लमेह चरकाचार्यका मतमा छैन, अम्लमेहका ठाँउमा कालमेह लेखियेकोछ ।

५ * सुश्रुताचार्यका मतमा कालमेह छैन अम्लमे छ । पित्तप्रमेहका भेद भने ६ न भये ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

क्षारमेहमा; खरानी र्‍यालेको पानी जस्तो पिशाब हुन्छ । मञ्जिष्ठामेहमा; मजीटाको रसजस्तो (कलेजी रङ्गको) कुहियेको वस्तुझैं गन्हाउने पिशाब हुन्छ । रक्तमेहमा; रगत जस्तो–गन्हाउने–नुनिलो-पिशाब हुन्छ । [५ * कालमेह-मा; कालो मसी जस्तो पिशाब हुन्छ ।] एस्ता ६ प्रकारका पित्तप्रमेह मध्यको रोगिको वस्ति (नाभिदेखि तलतिर) र लिङ्ग घोच्ने हुन्छ । अण्डकोश चिरिन्छ । ज्वर आउँछ । डाह हुन्छ । प्यास ज्यादा लाग्दछ । अमिला डकार आउँछन् । मूर्छा हुन्छ । पखाला लाग्दछ । चिकित्सा-को क्रम विषम (न मिल्ने) हुनाले, यो पित्तप्रमेह याप्य (चिकित्सा गरी रह्योभने केहीशमन हुने, चिकित्सा छाड्दा असाध्य हुने) हो भनेको छ । अर्थात् पित्तरूपीदोष जुन् वस्तु, औषधी हरुले घट्छ, ती वस्तु र औषधिहरुले पित्तप्रमेहमा बढेका (दूष्य) रस-मांस-मेद मज्जा-शुक्र-हरुलाइ घटाउन शक्तैनन् [पित्त घटाउने, दूध-घ्यू-तीतो वस्तु-गुलियो वस्तु-इत्यादि ठण्डा पदार्थ नपारी पित्तप्रमेहको प्रधान दोष पित्त घट्न, सक्तैन, तेस्तो आहार बिहार गर्दा, प्रमेहका दूष्य (बिग्रेका) रस-मांस-मेद-मज्जा-शुक्रहरु झन् बढेर जाने हुन्छन् र एस्का चिकित्सामा बडो असजिलो हुने हुनाले यो पित्तप्रमेह याप्य हो ।]

वातप्रमेह—एस्मा; कफ-पित्त-बोसो-मासि-मिलेको

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

वायु प्रधान भइ वातप्रमेह हुन्छ । सर्पिमेह-वसामेह-हस्तिमेह इ ४ वातप्रमेहका भेदछन् । सर्पिमेहमा घ्यू-मासि पिशाव हुन्छ । बसामेहमा; बोसो पग्लेझैं देखिने पिशाव हुन्छ । क्षौद्रमेहमा; महको रङ्ग भयेको गुलियो खस्रो पिशाव हुन्छ (यसैलाइ मधुमेह पनि भन्दछन् ।) हस्तिमेहमा; मत्त हात्तिले मुतेझैं धेरै पटक गरेर, अलि अलि, सुस्त पिशाव आउने हुन्छ । एस्ता ४ प्रकारको वातप्रमेह हुने रोगिलाइ पेटफुल्ने कम्पहुने मुटु दुखने, अनेक तरहका भक्ष्य भोज्य खाने इच्छा धेरैलाग्ने, पेटघोचने निद्रा न पर्ने रुघा-खोकि दमहुने शोष (रसादि धातुको क्षय) हुने, दिशा गोटापर्ने हुन्छ । यो वातप्रमेहमा चिकित्साको क्रम उस्तै (पित्तप्रमेहमा झैं) विषम हुनाले र व्याधिका स्वभावैले शुक्रादि सब धातु क्रमैले क्षीणहुने हुनाले वातप्रमेह असाध्य हो भनेको छ ।

प्रमेहका साध्यासाध्यविचारमा विशेषवक्तव्य—

कफप्रमेह साध्य, पित्तप्रमेह याप्य, वातप्रमेह आसाध्यहो भनि सामान्य कुरा अघि लेखिये. तर,-प्रमेहका सबै पूर्वरूप देखियेर प्रमेहभयो, माथि लेखियेका ३ थरी प्रमेहका उपद्रव सबछन् , प्रमेहपिडका (प्रमेहमा बोसो बढेर हुने खटिरा पटिरा) पनि भये, ❀ प्रमेह भयेको धेरैकाल भयोभने सबै प्रमेह असाध्य पनि हुन्छन् ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

पहिले कफ-पित्त प्रधान भइ उठेको प्रमेह रोगमा पछिबाट वात प्रधान्य भइ प्रमेह कायम रह्यो भने त्यो वातप्रमेह असाध्य हुदैन, साध्य अथवा कष्टसाध्य सम्म हुन्छ । प्रमेह हुने मानिसका सन्तान दरसन्तान सम्म बीर्यद्वारा यो रोग सर्ने हुन्छ ।

तेस्ता वावू बराज्यूको त्योरोग छोरा नाती हरुलाइ पनि जवानी उमेरमा अथवा वालकालै देखि हुने हुन्छ । त्योभने असाध्यहो । माथिलेखियेका २० प्रकारैका प्रमेहमा वखतमा चिकित्सा भयेन भने आखोरमा मधुमेह हुनजान्छ । त्यो असाध्य हो ।

*प्रमेहपिडका १ शराविका (छेउ २ उठेको माझमा गहिरो खटिरा) २ कच्छपिका (पोल्ने कछुवाको आकार भयेको खटिरा ।) ३ जालिनी (ज्यादा पोल्ने जालो भयेको खटिरा ।) ४ विनता (गह्रौ-ज्यादा दुखने पाक्ने नीलो, पेट र पिठ्यूँमा हुने खटिरा ।) ५ अलजी (रातो सेतो-पिड्का २ भयेको ज्यादा दर्द हुने खटिरा ।) ६ मसूरिका (मसूराका दानाको फग्ल्याटा जस्तो खटिरा ।) ७ सर्षपिका (पहेंलो सस्यूँ जस्ता र उत्रै खटिरा ।) ८ पुत्रिणी (साना साना पिडका चारैतिर भइ माझमा ठुलो हुने खटिरा ।) ९ विदारी (विदारीकन्द जस्तो वाठुलो चिल्लो खटिरा ।) १० विद्रधि (मुस्लो उठी पाक्ने खटिरा ।)

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

एस्ता १० प्रकारका खटिरा प्रमेह रोगिलाइ हुन्छन् । मेदोरोग (मेदोवृद्धि) हुनेलाइ पनि इनै खटिरा हुन्छन् । गुद द्वारमा-छातिमा-शिरमा-काँधमा-पिठ्यूँमा-मर्मस्थानमा इ खटिरा भये रोगीको अग्नि मन्द छ भने र प्रमेहका उपद्रव समेतछ भने रोगि बाँच्ला भन्ने आशा न गर्नू ।

प्रमेहरोगिले गर्नुपर्ने पथ्यापथ्य—

खानेकुरामा—जउ । साँवाँ । कागुनू बाँसकोजउ । कोदो । गहुँ । धान । पुरानु गहत् । मूगी । रहर । चनाको रस । लावा । मह । परेवा । खरायो । तित्रा । मयूर । हरिण । वट्टाइ । सुगाको मासु । सैजन । काक्रो । भन्टा । डुम्री । लशुन । काँचोकेरा । गोखुर । मूसा कानेको साग । गुर्जो । त्रिफला । कैथ कालो जामुन् । कसेरु । खजूर । छोहोरा । ताल । मरिच । तींदू । खयर । तर्बुजा । तीतो-टर्रोवस्तु । इ कुराको यथायोग्य सेवा गर्नु पर्छ ।

हात्ती-घोडा चढनू , खूब हिडनू , घाम तापनू , कसरत गर्नू , इ कुरा मोटा प्रमेह रोगिलाइ ज्यादा पथ्यछन् ।

त्याज्य कुमारा—नजा अन्न । दही । जलप्राय देशमा हुने प्राणिको मासु । भटमास । पीठो । अमिल्या-याको वस्तु । तेल । दूध । घ्यू । गुड । उखु । गुलियो । अमिलो । नुनिलो । पद्यालो वस्तु । मैथुन । दिउसो सुत्नू । इकुरा सब प्रमेहमा अपथ्यछन् । दुबलो प्रमेहरोगीलाइ परिश्रम पनि अपथ्यछ ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

प्रमेहको चिकित्साको क्रम—

वलवान् मोटो रोगीछ भने, वमन विरेचन गराइ तल लेखिने प्रमेहका सुलभ शमन गर्ने औषधि मध्ये कोहि १ औषधिको सेवा गराउनू। वमन विरेचन गर्न नहुने दुर्बल रोगीछ भनेपनि जुन् प्रमेह बुझिएकोछ तदनुसारको दोष शमनगर्ने र, कफ–मेद्–घटाउने रुखा (वातप्रधान भयेको प्रमेह छ भने स्निग्ध) आहारविहार गराइ सुलभ औषधि मध्यका कोही १ औषधि र तेत्तीले रोग शमन नहुनेभयो भने सिद्ध औषधि मध्यको कोही १ औषधी पार्नु पर्छ।

रोगी दुर्वल छ भने कफ–वात शननगर्ने पेटसफा-गर्ने आहारविहार गरायेर दोष शोधन गर्नुपर्छ। रोगी मोटो वलवान् छ भने वमन विरेचन गरायेर दोष शोधन गर्नुपर्छ। वाहाँपछि दुवैथरी रोगीलाइ अमलाको रसमुठि १ मा हलेदा कोचूर्ण अन्दाजी तोला। र मह ५ मासा मिलाइ पियाउने अभ्यास गर्नू। एस उपायले शरीर शुद्ध भइ प्रमेह शमन हुन्छ। वाँहाँपछि कुन् प्रमेहछ तदनुसारको विशेष औषधिको काढा पियाउनू पर्छ।

सूचना—तल लेखिने २० प्रकारका काढा वनाउदा; जम्मा औषधि ४ तोलामा, ६४ तोला पानीहाली पकायेर १६ तोला वाकी राखनू र छानेर १ तोला सम्म मह

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding: I

मिलाइ यथायोग्य बल रोगानुसार १६ तोला सम्मको मात्रागरि खानु पर्छ।

२० प्रकारका प्रमेहमा २० प्रकारका काढा–

उदकमेहमा—पारिजातका बोक्राको काढा। इक्षुमेहमा—गिनेरीका बोक्राको काढा। सुरामेहमा—नीमका बोक्राको काढा। सिकतामेहमा—चितूका जराको काढा। शनैर्मेहमा—खयरको काढा। लवणमेहमा—बाट्टुल्पाते र धूपी दुवैथोक मिलायेको काढा। पिष्टमेहमा—हलेदो र चुत्राको काढा। सान्द्रमेहमा—छतिवन्का बोक्राको काढा। शुक्रमेहमा—खरीका बोक्राको र श्रीखण्डको काढा। फेनमेहमा—हर्रो, वर्रो, अमलाराजघृत्तको गुदि, मुनक्कादाख, इ ५ को काढा। नीलमेहमा—पिपलाका बोक्राको काढा। हरिद्रामेहमा—राजघृत्तका गुदीको काढा। अम्लमेहमा—बरका बोक्राको काढा। क्षारमेहमा—हर्रो, बर्रो, अमलाको काढा। मञ्जिष्ठामेहमा—मजीटो र श्रीखण्डको काढा। रक्तमेहमा—गुर्जो, तिंदूको विजा, खमारीको बोक्रा, खजूर (छोहोरा) को काढा। सर्पिमेहमा—कूट, ठूलो कुह्राको बोक्रा, बाट्टुन्पाते, हीङ्, कुट्मिरो, इ मिलायेको गुर्जो र चितूको काढा। वसामेहमा—सिसौको बोक्रा र फूलको काढा। क्षौद्रमेह (मधुमेह) मा—खयर र सुपारीको काढा।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

हस्तिमेहमा—तिंदू, कैथ, सिरीष, पलाश, भोर्ला, बाठुलपाते, दुरालम्भ, को काढा। इ २० काढाले २० प्रमेहमा फायदा हुन्छ। प्रमेह ठहराउनु पर्छ।

२० प्रकारका प्रमेहको सूक्ष्मभेद जानियेन भने—

माथिलेखिये बमोजिम् लक्षण विचार गरेर कुन् प्रमेह हो, यो छुठ्याउनु आवश्यक छतापनि कदाचित् त्यो सूक्ष्म विचार गर्न सकियेन भने, कफप्रमेह–पित्तप्रमेह–वातप्रमेह–मध्ये कुन् प्रमेहहो योकुरा स्वयंवैद्यका प्रारम्भमा लेखियेका दोषकोपलक्षण दोषकोपले ने उपद्रव, दोषशमन गर्ने उपायको ठीक विचार गर्नू र तल लेखिने ३ थरि प्रमेहका औषधि मध्ये कोहि औषधि पार्नू।

कफप्रमेहमा—हर्रो, काफलको बोक्रा, मोथे, लोधको बोक्रा, इन्को काढा। कि-भोर्लाको बोक्रा, वायुबिडङ्गको दाना, खरिको बोक्रा, दुरालम्भ, इन्को काढा। कि हलेदो, चुत्राकोबोक्रा, वायुविडङ्गको काढा। कि कदमको बोक्रा, शालको बोक्रा, खरीको बोक्रा, ज्वानूको काढा। कि–चुत्राको बोक्रा, वायुविडङ्ग, खयर, धयाँराको फूल बोक्राको, काढा। कि–देवदारु, कूट धूपी, श्रीखण्डको काढा। कि–चुत्राको बोक्रा, गिनेरीको बोक्रा, हर्रो वर्रो, अमला, भोर्लाको बोक्राको काढा। कि–भोर्लाको बोक्रा, बाठुलपाते, गोखुरको

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

काढा । कि-ज्वानु, उशीर, हर्रो, गुर्जोको काढा । कि चाँभो, हर्रो, चितू, छतिवनको काढा । एती १० थरी काढा मध्ये कोही १ काढा माथिलेखिये वमोजिम, ४ तोला औषधिमा ६४ तोला पानी हालेर पकाइ १६ तोला बाकी राखनू र १ तोला सम्म महमिलाइ पिउनू ।

पित्तप्रमेहमा—उशीर, लोधको बोक्रा, खरीको बोक्रा, श्रीखण्डको काढा । कि—उशीर, मोथे, अमला, हर्रोको काढा । कि—परवर, नीम, अमला गुर्जोको काढा । कि—मोथे, हर्रो, पैजूको, बोक्रा, शालको बोक्राको, काढा । कि—लोधको बोक्रा, मोथे, चुत्राको बोक्राको काढा । कि—नीमको बोक्रा पात, खरीको बोक्रा, आमाराको बोक्रा, हलेदो, नीलकमलको काढा । (कि) शिरीष सालको बोक्रा, खरीको बोक्रा, नागकेशरको फूलको, काढा (कि) प्रियङ्गु (दहिगुह्याँलो) स्थलकमल, कमल, पलाशको फूलको, काढा । (कि) पिपल को बोक्रा, भोर्लाको बोक्रा विजयसालको बोक्रा, बेतको काढा । (कि) कमल, मोथेको काढा । इ १० थरी काढामध्ये कोहि १ काढा माथिलेखिये वमोजीम पकाइ महमिलाइ पिउने गर्नू ।

वातप्रमेहमा— चिल्ला (घिउ तेल प्रभृति) मा इनै माथि लेखियेका औषधीको काढा मिलाइ तेल पकाउने विधिले तेल र घृत तयार गरि तेही तेल घृत पिउने गर्नु ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

वोसो कफ हटाउने टर्रा वस्तुले विधिपूर्वक वनायेको तेल र घृतको सेवाले वातप्रमेहमा वेस फायदा हुन्छ। शालसारादिवर्ग×का औषधी को भावना गरेको शिलाजित वलानुसार प्रति दिन अलि २ मात्रा वढाउदै केही दिनमा ४०० तोला सम्म खाइसक्नू। एती गर्नाले वातप्रमेह असाध्यहो भनेको छतापनि साध्यभइ निःशेष हुन्छ। त्यो शिलाजित खाँदा अनुपान–उही शालसारादि वर्गका औषधीको (पाये सवै, न पाये २ ४ जति पाइन्छ उतीको) काढा।

हरेक किसिमका प्रदरको अमोघ कषाय

कटंकटेरी रसजाब्ज वासा मूनिम्बभल्लीतिलजःकषायः।
क्षौद्रान्वितश्चञ्चललोचनानां नानाविधानि प्रदराणि हन्यात् ॥१॥

चुत्राका चोइटा २ तोला चुत्राको खोटो १ तोला असुरा

× शालसारादिवर्ग –शालसार (सालधूप) अजकर्ण (साल) खदिर (खयर) कदर (सेतोखयर) कालस्कन्ध (तमाल) क्रमुक (सुपारी) भूर्ज (भूजापात) मेषशृङ्गी (मेढासिङ्गी) तिनिस (साधन) चन्दन (श्रीखण्ड) कुचन्दन (रक्तचन्दन) शिंशपा (शिशौ) शिरीष (शिरीष) असन (विजयसाल) धव (धवारो) अर्जुन (खरी) ताल (ताल) शाक (?) नक्तमाल (गिठौलो) पूतीक (काँढेगिठौली) अश्वकर्ण (सतीसाल) अगुरु (धूपी) कालीयक (चुत्रो) इ २३ औषधि हुन्। यथालाभ (पायेसम्म) लिनुपर्छ।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

-को पात १ तोला, चिराईतो १ तोला, भलायोका दाना १ तोला, तिल १ तोला मिलायेर एक मानु पानीमा क्वाँढा पकाउनु २॥ मुठी बाकीभयेपछी उतारनु २ तोला जति मह हालेर नित्य २ मैनासम्म प्रातः सायं खाने गर्नाले १८ वर्षका उमेर देखी ४५ वर्षसम्म नछुने नभयेकी बाझी स्त्रीलाई पनि सन्तान हुन्छन् अरुश्वेत रक्त पीत नीलादि प्रदर मा ता १५ दिन खांदा पनि अवश्य निकोहुन्छ यो औषधी राम बाण जस्तै काम गर्छ अनुभव बराबर भयेकोछ ।

सब तरहको प्रमेह शमनगर्ने सुलभ असल औषधि—

(१) अमलाकोरस २ तोला सम्ममा ५ मासा सम्म हलेदाको चूर्ण र मह १२।१५ थापा मिलाइ पिउने अभ्यास गर्नू । सब तरहका प्रमेह हट्दछन् ।

(२) चितु–हर्रो–बर्रो–अमला–चुत्रा–ठूला कुहाकोबिजा (इन्द्रजो) इ ६ वस्तुको समभाग गरि १ तोला साहमुठी पानिमा पकाइ १ मुठी बाँकी रहेपछी छानेर १२।१५ थापा महमिलाइ पिउने गर्नाले प्रमेहमा बेस फायदा हुन्छ ।

(३) गुर्जाको आलोरस १ मुठीमा महमिलाइ नित्य पिउने गर्नू ।

(४) अमलाको रसमा महमिलाइ पिउने गर्नू ।

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

n Public Domain. Digitization by eGangotri.Funding

(५) हर्रो–वर्रो–अमलाको चूर्ण ५ मासा, मिश्री ५ मासा मिलाइ तेस्मा १।२ लालसम्म असल वङ्गभस्म ❀ अथवा लोहभस्म ❀ अथवा असल अभ्रक भस्म ❀ मिलाइ खाने गऱ्यो भने सब तरहका प्रमेहमा वडो फायदा हुन्छ ।

(६) शतावरी (कुहिलाको जरा) को रस अन्दाजी ३।४ तोला सम्म मा गाइको काँचो दूध उत्ति मिलायेर पिउने गर्नाले २० प्रकारका प्रमेह हट्दछन् ।

(७) पलाशका फूलको चूर्ण १ तोला, चिनी आधा तोला मिलाइ चिसो पानिसँग खाने अभ्यास गर्नाले जीर्ण प्रमेह पनि निको हुन्छ ।

(८) १।२ मासा फट्किरीको धूलो, न फोरेको काँचो सिङ्गै नरिवल भित्र सानू प्वाल पारेर हाल्नू र त्यो प्वाल थुनेर हिलामा लगि त्यो नरिवल १ रात गाडी राखनू; भोलिपल्ट विहान तेही नरिवल झिकेर तेस्को पानि पिउने गर्नू । पुरानु प्रमेह पनि निको हुन्छ ।

(९) असल शुद्ध शिलाजीत ५ लाल सम्ममा, मह उत्ति मिलाइ चाटना ले भयङ्कर प्रमेह केही दिनमा शान्त हुन्छन् ।

(१०) गाइलाइ सिङ्गैजउ खुवाउनू, गाइले गोऱ्याये

❀ यो औषधी आयुर्वेद विभाग यशोदा पुस्तकालयमा पायिन्छ ।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

पछि, गोवर वाट जउ जउ छान्नू र १ दिन गहूँतमा भिजाउनू र पर्सीपल्ट देखि तेही जउको रोटी–सत्तू प्रभृति प्रकार वनाइ यथाशक्ति खाने गर्नाले कौनै औषधिले सर न भयेका कष्टसाध्य प्रमेह चाँडै हट्‌दछन् ।

(११) घिउकुमारीको गुदि १ तोला सम्ममा यथोचित सिधेनून मिलाइ खाने गर्‍यो भने सव तरहको प्रमेह निको हुन्छ ।

प्रमेहका सिद्ध औषधि—

(१३७) शुक्रमातृका—उमेर वल विचार गरि यथायोग्य १।२ गोली खानाले प्रमेहमा वेस गुण हुन्छ। मूत्रकृच्छ्र, अश्मरी (पत्थरी) मा स्मेत यो उत्तमछ । एसले ताकत वढाइ क्षीण भयेको शुक्र (धातु) पुष्ट गर्दछ । अनुपान-कावुली गुलियो अनारको रस १ तोला सम्म, अथवा वस्त्रीको दूध १।२ मुठी, (कि) चीसो पानि यथायोग्य ।

(१३८) मेहदूगर रस * १।१ गोली यो औषधि खानाले भयङ्कर प्रमेह–र मूत्रकृच्छ्र–धातुस्थानमा गडेको ज्वर–रक्तपित्त–आम–अग्निमान्द्यमा वडो असल फायदा हुन्छ । अनुपान वास्त्रीको दूध (कि) चीसो पानी ।

(१३९) वृहद्वङ्गेश्वर रस * योरस प्रमेहमा अति प्रख्यात छ । नजा पुराना सव तरहका प्रमेह र मूत्रकृच्छ्र–

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

धातुगत ज्वर–रक्तपित–ग्रहणी–आम विकारमा उत्तम गुण गर्दछ । अनुपान–घिउकुमारीको गुदी र मह । मात्रा २ लाल सम्म ।

(१४०) चन्द्रप्रभावटी * यो औषधि धातु सम्बन्धि यावत् रोगमा अति गुण कारीछ । एसका सेवाले धेरै प्रमेहवाला नीरोग भयेका देदियेका छन् । अण्डवृद्धि–मूत्राघात–पत्थरी–पाण्डुरोग–कमलपित्त–कुष्ठ – रक्तपित्त–मा समेत यो औषधि बडा गुण गर्दछ । तर २।४ दिनका सेवाले विशेष फायदा हुदैन । रोगानुसार १।२ ६ महिना सम्म सेवागर्नु पर्छ । एसले हटायेको रोग निर्मूल भइ हटेको हुनाले फेरी रोग फर्कने शङ्का हुदैन । यो औषधि अति सौम्य (शान्त) हुनाले सुस्त २ सब रोगलाइ जित्तछ । अनुपान–गुर्जोको रस १ तोला र मह १०।८ थोपा । मात्रा २ गोली सम्म ।

(१४१) वसन्तकुसुमाकर * यो रस प्रमेहमा अति गुणकारिछ । एसले क्षयमा पनि वेस गुण गर्दछ । श्वास–कास–क्षय–उन्माद–रक्तपित्तमा यथोचित अनुपानगरि सेवा गर्नाले सबरोग निर्मूल भइ हट्छन् । पुरानु अम्लपित्त पनि एसले शमन गर्छ । अनुपान–प्रमेहमा, मिश्री ५ लाल मह ५ लाल घ्यू ३ लाल । अम्लपित्तमा मिश्री ५ लाल, श्रीखण्डको रस १ तोला सम्म । अरु रोगमा सुवर्णमालती वसन्तको अनुपान बमोजीम गर्नु पर्छ ।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

प्रमेहविशेष (वहुमूत्र) का सिद्ध औषधि—

(१४२) मालतीकुसुमाकर * यो रस २ लालको मात्रागरि खाना ले सब तरहका प्रमेह र असाध्य बहुमूत्र रोग पनि साध्य हुन्छ । अनुपान–मह ५।७ थोपा र अमलाको रस २ तोला सम्म ।

(१४३) मेहतिमिरभास्कर * २ लाल सम्मको मात्रा गरि मह सँग यो औषधि खानाले भयङ्कर मूत्रातिसार सोमरोगमा आराम हुन्छ । निरन्तर एस्को सेवा गर्नाले धातु पुष्ट हुन्छ ।

शुक्रमेह स्वप्नमेहका सिद्ध औषधि—

(१४४) कामधेनुरस * १ लाल सम्मको मात्रा गरि सोथेका रसको अनुपान गरेर यो औषधि खानाले शुक्रमेहमा र स्वप्नमेहमा अत्युत्तम फायदा हुन्छ ।

औपसर्गिकमेह (भिरुङ्गी) को अमल औषधि—

(१४५) उपदंशगजकेशरी * १।२ गोलीको मात्रा गरि १४ मात्रा यो औषधि खानाले पुरानू भिरुङ्गी पनि निको हुन्छ । यो औषधि खायेमा नून खान हुदैन । भिरुङ्गीको गर्मीवातले थलापारेमा यो औवधिले खूब गुण गर्दछ ।

---

* असल औषधि आयुर्वेद विभाग यशोदा पुस्तकालयबाट मगाउनू होला ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

यो औषधि खानेविधि ※ प्रति दिन विहान १।२ गोली दूधको अनु पान परि न चपाइ निल्नू। नून न हालेको मूगको दाल भात र दूध भात पथ्य खानू।

प्रमेहका पिडका र भिरुङ्गीका खटिरामा खाने, लाउने औषधि—

(१४६) अनन्तारिष्ट ※ १।२ तोला सम्म यो औषधि नित्य खाने गऱ्यो भने सव तरहका प्रमेहपिडका र भिरुङ्गीका घटिया खटिरा समेत चाडैनै हट्छन्। पुरानू भिरुङ्गी र अरु रगत विग्रेर हुने खटिरामा यो अरिष्ट अति गुण कारीछ। वातरक्त भगन्दरमा समेत यो वडो गुणकारीछ।

(१४७) पामादितैल ※ पहिले पलाशका फूलको काथले खटिरा धुनू पुछनू र ओवानू पारी योतैल लाउनू सव खटिरा हटाउछ।

(१४८) मेहतैल ※ माथि लेखिये वमोजीम खटिरा सफा गरि धोयेर पुछेर ओवानू पारि योतैल लाउनाले पुराना खटिरा पनि निका हुन्छन् पोलेका वेलामा योतैल लाइ दिनाले वडो आरामी पाइन्छ। फोहोर खटिरामा पनि यसले वेस गुणगर्छ। गर्म देखिनै गर्मीका असरले खटिरा

※ योतैल आयुर्वेद विभाग यशोदा पुस्तकालयमा बनेको उत्तम छ।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

पटिरा हुने बालक हरुलाइ एस तैलले खूव गुण गर्छ। यो तैल ठण्डा भैकन खटिराको डाह हटाइ दिन्छ।

इति स्वयंवैद्यको प्रमेहाधिकारः समाप्तः ॥

अथ प्रदराधिकारः

प्रदरको निदान

संयोगविरुद्ध आहार गर्नाले, खायेको नपच्दै खानाले अजीर्णले, अतिमैथुनले, गर्भपातहुनाले, ज्यादा हिडनाले, शोकले, परीश्रमले गह्रौंभारि बोकनाले, ठकर लाग्नाले, दिउसो सुतनाले, प्रदर हुन्छ।

प्रदरको स्वरूप—

सर्वाङ्गमा दर्दहुने गरि, योनिद्वार दुखनेगरि, योनिद्वारवाट ज्यादा सेता काला नीला पहेला विकारपनको रगतआउने (स्त्रीको रगतको) व्यथालाइ प्रदरभन्दछन्।

प्रदरको भेद—

कफप्रदर—एसमा, केहीफुस्रो-फवटाका भित्रको पानीजस्तो, लस्सादार (च्याप्च्याप्लाग्ने) रगत आउँछ। एसलाइ "श्वेतप्रदर" पनि भन्दछन्।

पित्तप्रदर—एसमा, पहेंलो-नीलो-कालो-रातो तातो-रगत ज्यादा वेगसित आउनेहुन्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

n Public Domain. Digitization by eGangotri.Funding

वातप्रदर—एसमा, रूखा-गुलाबी-फीदमसमेतको-थोरै थोरै-मासुपखालेजस्तो रगत आउने हुन्छ ।

सन्निपातप्रदर—एस्मा-मह-घिउ-हरिताल-बोसो-जस्तो रङ्गभयेको, गन्हाउने, रगतआउँछ । यो सन्निपातप्रदर असाध्य हुन्छ ।

प्रदर हटाउने सुलभ उत्तम उपाय—

कफप्रदर (श्वेतप्रदर) मा-अमलाको रस १ मुठिमा, चिनी ५ मासा, मह ५ मासा मिलाइ पिउने गर्नाले ३ दिन्मा श्वेतप्रदर निको हुन्छ । नागकेशरकोचूर्ण ५ मासा मिलायेर १ मुठि मही पिउने गर्नाले पनि ३ दिन्मा श्वेत-प्रदर निको हुन्छ । काकजङ्घाको जरो ५ मासा सम्म चौलानीमा घोटेर पिउनु, अथवा कपासको जरा ५ मासा-सम्म चौलानी १ मुठिमा घोटेर पिउनू, अथवा धयारोका फूलको चूर्ण १ तोलासम्म, चोलानी १ मुठिर १२।१५ थोपा मह मिलाइ पिउने गर्नू, ३ दिन्मा श्वेतप्रदर निको हुन्छ ।

पित्तप्रदर (रक्तप्रदर) मा—असुराको काँचोरस १ मुठिसम्ममा मिश्री ५ मासा, मह ५ मासा सम्म मिलाइ पिउने गर्नू, अथवा, उत्ती मिश्री र मह मिलायेर गुर्जाको काँचोरस १ मुठिसम्म पिउने गर्नू, अथवा, कैथकोपात र बाँसकोपात ५।५ मासा पानिमाघोटेर मह ५ मासा

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding: I

मिलाइ पिउने गर्नू , अथवा, अशोक (असौक) को बोक्रा ४ तोला १२८ तोला पानिमा पकाइ, ३२ तोला बाँकी राखि छान्नु र त्यो काढा हालेर ३२ तोला गाइको दूध पकाउनु काढाजति सुकायेर त्यो दूध झिकनू र त्यो दूध वारंवार यथाशक्ति पिउने गर्नू , अथवा, जेठीमधुको चूर्ण १ तोला, चिनी ४ तोला, १ मुठि चौलानीमा मिलाइ पिउने गर्नू , अथवा, काठेडुम्रीकोफलकोरस १ तोलामा ५ मासा मह मिलाइ पिउनू र चीनीहालेको दूध मात्र खाने गर्नू, अनेक उपद्रवसमेतको भयङ्कर छूरो रगत धेरै आउने रक्त-प्रदर निकोहुन्छ । २।४ गोटा मूसाको लिंड (विष्ठा) आगामा फुरायेर पिंधनू र वारत्रीको अथवा गाइको दूध १।२ मुटिमा मिलाइ दिनको २।४ पटक पिउने गर्नू रगत धाराप्रवाह गरिजाने प्रदरपनि ३ दिनैमा टप्प थामिन्छ ।

वातप्रदरमा—काँचोलाहाकोचूर्ण ५ मासा, गाइको घिउ ५ मासा, मिलाइ चाटनू र २।४ मुठि गाइको दूध पिउने गर्नू * वायुविकार भयेको प्रदर निको हुन्छ ।

---

* प्रदरले आजीतभयेका जनाना मानिसलाइ "विगार परेकोछ, उल्टागर्नू पर्छ" भनि चलाक मानिसहरु येही औषधि उल्टा गरेर खुवाउछन् । साँचो कुराहो विगार (विकार) नभइ रोगैलाग्दैन औषधिखायेपछि पिगार पनि हटछ । तर औष-धिखाँदा यो मन्त्र पढेर खानू—

ब्रह्मदक्षाश्विरुद्रेन्द्रभूचन्द्रार्कानलानिलाः ।
देवाश्च सौषधिग्रामा भूमिदेवाश्च पान्तु वः ॥ १ ॥

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

सौवर्चल २ मासा, कालोजीरा २ मासा, जेठीमधु २ मासा, नीलकमलको केसर २ मासा एती ४ थोकको चूर्ण गरि ४ तोला दहिर ८ मासा महमा मुछि चाटने गर्नू, अथवा १ मुठि चौलानीमा आधातोलासम्म कुशको जरा घोटेर पिउने गर्नु, अथवा, १।२ मुठि वाख्रीको अथवा (गाइको) दूधमा बलुकोजरा आधा तोला सम्म घोटनु २ ४ मासा सम्म मह मिलाइ पिउने गर्नू, अथवा, सुकेका वयरको धूलो १ तोला, पुरानू सख्खर १ तोला मिलाइ वाख्रीको कि गाइको दूधसित खानेगर्नू, वायुविकार ज्यादा भयेको प्रदर निको हुन्छ।

सन्निपातप्रदरमा—चुत्राको खोटो २ मासा, लुँढेका ज राको चूर्ण २ मासा, चौलानी १ मुठिमा मिलाइ पिउने गर्नू, अथवा, श्रीखण्ड । जटामसी । लोधको बोक्रा। उशीर (खश)। कमलको केसर। नागकेसर। सुकेको काँचोवेल । नागरमोथे। पुरानु सख्खर। सुगन्ध-वाल। वाट्ठ लपातेकोजरा। ठूलाकुन्हाकोबोक्रा। इन्द्रजौ।

रसायनमिवर्षीणां देवानाममृतं यथा।
सुधेवोत्तमनागानां भैषज्यमिदमस्तु ते ॥ २ ॥

यो मन्त्र पढेर खान्नु भन्ने आयुर्वेद संहितामा लेखियेकोछ। सबै औषधिखाँदा एही मन्त्र पढनू मुनासिवछ। एत्ति मन्त्रर ठीक औषधि परे आरामहुन्छ। उल्टा गराउन पाये संचो हुने थियो पाइन भनि दिक्क मान्नूपर्दैन।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

सुठो । अतीस । धआराकोफूल । चुत्राको बोक्रा । आँपका कोयाको गुदी । कालो जामुनाको विआ । सिमलको खोटो । नीलकमलको पात । लज्जावतीको जरा । सुखुमेलको दाना । गुदी दारिमकोबोक्रा । इ २४ औषधि समभागगरि कुटि छानि राखनू, यो चन्दनादिचूर्ण हो। ४ मासा-सम्मको मात्रागरेर महमा मुछेर चाटनू र आधा मुठि चौलानी पिउनू एसले भयङ्कर सवैथरी प्रदर हटाइदिन्छ। रक्तातीसार-रक्तार्श (अल्काइ)-रगतमाँसि-रक्तपित्तमा समेत उत्तमोत्तम गुण गर्दछ।

दार्व्यादिक्वाथ—चुत्राको बोक्रा। चुत्राको रसाञ्जन । चिराइतो । असुरो । मोथे । रक्तचन्दन । आँकको फूल । इ औषधि समभागगरी थिच्थाच्गर्नू र ८ तोला पानिमा हालि १ तोला त्यो औषधि पकाउनू। १।२ तोला बाँकीरहेपछि झिकि छानी सेलाये पछि आधातोला जति मह मिलाइ पिउनाले रक्तप्रदर र श्वेतप्रदर मा स्मेत वेस फायदाहुन्छ । योनिशूल पनि निकोहुन्छ ।

प्रदरका सिद्ध औषधि

(१४९) प्रदरान्तकरस * अशोकका बोक्राको आधातोला रसमा मिलाइ १।१ गोली यो औषधि खाने गर्नाले भयङ्कर पुरानू प्रदर निकोहुन्छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

n Public Domain. Digitization by eGangotri.Funding

(१५०) चन्द्रांशुरस * जीरापानिसँग १।१ गोली योऔषधि खाने गर्नाले भयङ्कर प्रदर निकोहुन्छ। एसले–योनिशूल–योनिफर्फराउनू, गर्भाशय दुखनू, योनि ज्यादा चिलाउनू, इ उपद्रवपनि हटाउछ। एसले मूत्रकृछ्र–मूत्राघातमा पनि वेसफाकदागर्छ।

(१५१) मदनमोहनवटी * प्रतिदिन गाइकोदूध ५ मुठिको अनुपानगरि यो औषधि २ गोलीखानेगर्नाले अरु औषधिले नहटेको प्रदर हटछ। प्रदरकाव्यथाले हाड-छालामात्रै वाँकीरहेका जनाना मानिसलाइ यो अमृतहो। गर्भ पात वारंवार भयेर जवानीउमेरमा बुढ्यान्नि लागेका जनानामानिसले एसको सेवा १।२ महिनागरेभने फेरी यौवन पाउने हुन्छन्। गर्भाशयमा वायुकुपित हुनाले गर्भैनरहने गर्भरहंपनि अकालैमा गर्भपातहुने अथवा वखतैसाप्रसूति भयेपनि वालक ज्यादा दुवलो रोगीहुने हुन्छ। तेस्ता प्रकृतिभयेका जनानालाइ एसले अति गुण गर्दछ। रजस्वला भयेका वखतदेखि १ महिनासम्म यो औषधि खायेदेखि दास्रा महिनामा गर्भरहन्छ। गर्भीणी भयेमा पनि यो औषधि खायेदेखि गर्भको वालक वलवान् पुष्ट भइ जन्मने हुन्छ। यो काष्ठादि औषधिहो पौष्टिक र सर्वरोगहारी छतापनि यो सहज पचतछ।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

प्रदरमा पथ्यापथ्य—

पुराना चाँमल–मुगी–मसुरो–चना–तोरी–गुरास । परेवा हरिण भेडाकोमासु । गाइ बाख्रीको दूध । गाइ भैसीको घिउ । कटहर केरा नरिवल दाख कैथ बेल को पाकेको-फल । उखु । लावा । सत्तु । चीसोपानि इ पदार्थको आहार र, चन्द्रकिरण हेर्नू, भजिघरमा वस्नू, मोती मुगालाउनु, रेशमी लुगालाउनू, इ विहार पथ्यछन् ।

सुरतगर्नू, हिंडनू, घामताप्नू, मलमूत्रहरुको वेगरोकनू, चक्चक्गर्नू, हात्ति घोडा चढनू, तमाखु खानु, रिसाउनु, इ कुरा र गहत, सस्खर, भन्टा, तिल, माष । महि । पान । लशुन । मदिरा । सिमी । पिरो अमिलो नुनिलो खारा वस्तु । इ आहार अपथ्य हुन्छन् ।

प्रदररोगमा साध्यासाध्यविचार

प्रदररोगमा एकैदोष कुपितछ भनेर रोगनआछ भने सबैप्रदर सुखसाध्य हुन्छन् दुर्वलता, रिंङटा, मूर्छा प्यास, डाह, प्रलाप, तन्द्रा, इत्यादि उपद्रववढी भयङ्कर आक्षेपवात (दराडापतानक–अन्तरायाम–वहिरायाम) इ वातसमेत भसकेको छ भने प्रदरका उपद्रव पूर्ण भयो त्यो रोगिणि बाँच्तिन ।

रगत ज्यादा जान्छ, प्यास र कडाज्वर छ, ताकत

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

छैन, भनेपनि बाँच्तिन । माथि लेखियाका उपद्रव थोरैछन् भने, प्रदर कष्टसाध्यहो ।

प्रदर निकोभये नभयेको पहिचान ।

ठीक महिना महिनामा रजोदर्शन हुन्छ । रगत चिप्लोछैन, नछुनेहुनेबेलामा डाह, योनिशूल हुदैन, नछुने भयेका ५ रातदेखि उप्रान्त रगत देखिदैन, रगत ठीक प्रमाणको आउँछ, भने प्रदर रहेनछ, नत्र प्रदर छदैछ भनि वुझ्नू ।

इति स्वयंवैद्यको प्रदराधिकारः समाप्तः ॥

अथ प्रकीर्ण रोगाधिकार—

कपालदुखेमा औषधि—सबतरहको कपाल दुखाइमा शिरोवस्तिले—वेसफायदा हुन्छ । हर्रो वर्रो हलेदो गुर्जो चिराइतो नीम सख्खर इ औषधिको समभाग काढा (अष्टावशेष) पकायेर नाँकमा ५।७ वूँद (थोपा) हाल्नाले पनि फायदा हुन्छ । चुत्रो हलेदो मजीटो नीम उशीर (खश) पैंजु इ औषधि पानिमा घोटेर चन्दन जस्तो पारि निधार कन्चटमा लाउनू । कि-चून र नौसादर वरावरगरि शिशिमा हाल्नू र तेसको वास्ना सुँघनू । कि-

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

मुचुकुन्दको फूल चन्दनसमानगरि घोटी निधार कन्चटमा लाउनू । कि-भैसीको दूधमा सुठोघोटेर लाउनू ।

पिनास समेत भइ कपालदुखेमा—कूट, अरीड-कोजरा, सुठो, इ ३ थोक महीमा घोटेर तताइ निधारमा लाउनू । कि-(१५२) प्रतिश्यायतैल ❀ सिनूका कपटे-रामा बेरेको कपासमा भिजाइ नाकमा वारंवार हाल्नू एसले किरा समेत परेको रगतपीप वगने भयङ्कर पिनास समेतको शिरकोदर्द अतिचाँडो हटाउँछ ।

अर्धकपालीमा—बोक्रो पिपला वरावरगरि चूर्णगरेर नस हाल्नू । कि-भृङ्गराजको आलो रस र बाख्रीको दूध बराबर मिलाइ घाममा खूब तताउनू र नाकमा ५।७ थोपा हाल्नू । कि—वायुविडङ्ग र कालोतिल वरावर मिलाइ चूर्ण-गरेर नसहाल्नू कि—चुलाको भर्सेलीको पोलियेको माटो र मरिच समभाग गरि चूर्णगरेर नसहाल्नू । कि-अपराजिता (योनिजस्तोफूलहुने लता) को विजाको र जराको रसको नसहाल्नू । कि-अपराजिताको जरा काँधमा वाँधनू । राति-गेडी र लेकपाङ्ग्रो इ २ थोक पानिहालि थिच्थाच् पारेर त्योरसको नसहाल्नू । कि-भृङ्गिराजको रस र मरिच मिलाइ नसहाल्नू । कि-सुठाको रस र दूध मिलायेर नसहाल्नू । कि-सिहुडीको दूधमा खुर्सानीकोविजा पिधेर

❀ ई औषधि सर्वत्र ठाउँमा असल हुदैनन् ।

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

n Public Domain. Digitization by eGangotri.Funding

कन्चटमा लाउनु । अथवा (१५३) मरिचादिनस्य * को नसहाल्नू येसले यावत् शिरोरोगमा र छारेरोग उन्माद सन्निपातको तन्द्रामा तत्काल गुण गर्दछ । कि-(१५५) षड्विन्दुतैल * ६ थोपा नाकमा प्रतिदिन हाल्ने गर्नू । सब तरहको शिरको ब्यथा निको हुन्छ ।

कान का रोगमा—कैथको कि अदुवाको कि पाके-को विमिराको रस तताइ मन्तातोगरि कानमा हालनाले कर्णशूल × (कानघोचने) निकोहुन्छ । कि—अदुवाको रस र मह बराबर मिलाइ कानमाहाल्नू, कि-तिलकोतैलमा २ मासामा सिंधेनून १ लाल मिलाइ कानमाहाल्नू । कि—लशुन—अदुवा सैजनको विना मूला-केराकोगानू, इ ५ जम्मै अथवा १।१ थोकको रस मन्तातोगरि कानमाहाल्नू । कि—शालिपर्णी पृश्निपर्णी—विहि—कण्टकारी—गोखुर—सल्लो इ ६ थोकको मध्ये जुनसुलभछ उसको ८ अङ्गुललामू जरो लि-नु र, तेस्मा कपडा वेहेर तिलकोतैल भिजाउनु र १ छेउ सल्कायेर यौटा भाँडो थापनू, तपतपचुहेको त्यो तैलको थोपा मन्तातो भयेपछि कानमा हाल्नू, कर्णशूल झट्ट निकोहु न्छ । कि—पहेलो भै पाकेको आँकको पातमा घिउ-लायेर आगामा तताइ कान मा निचोरनू । कर्णशूल निको-

× कर्णशूलका जुन् जुन् औषधि लेखियाकाछन् तिनैले कर्णपाक—वाधिर्यमा वैरोपनमा समेत गुण हुन्छ ।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

हुन्छ । अथवा-(१५५) दार्व्यादि तैल * कानमा हाल्नाले कर्णशूलको दर्द हट्छ । (१५६) विश्वतापहरण-तैल * कानमा हाल्नाले कर्णशूल-कर्णनाद-कर्णपाक-सबमा उत्तमोत्तम फायदा हुन्छ । कर्णरोगले आकुल भयेका मानिसलाइ वातव्याध्यधिकारमा लेखियाको १२३ नंवरको रास्नादिगुग्गुलु ले अति गुणगर्दछ ।

कर्णशोथ (कानको जरा सुनिने) मा—हलेदो, इन्द्रयाणी, कूट, सिधेनून, चुत्रोकोबोका, चिउरीकोजरा, इ ६ थोक आँकको दूधमा पिंधेर लेप वनाइ सुनियेका ठाँउमा लाउनू । कि-गहत, काफलको बोका, सुठो, सुग्रैलो, इ ४ थोक पानिमा पिंधेर लेपवनाइ मन्तातोगरि लाउनू । कि-गेरु, लेखने खरी, सुठो, काफलको बोका, राजवृक्षकोचका, इ ५ थोक अमिलो महीमा पिधेर लेप वनाइ मन्तातो गरि लाउनू । सैजनकोविञा, रायो, इ २ थोक पानिमा पिंधेर पट्टी वनाइ शोथ (सूज) भयेका ठाउँमा लाउनू । इ माथिलेखियेका ४ थरी औषधिले अन्त २ को सूजमा पनि बेस फायदाहुन्छ ।

दाद र दिनाइका सुलभ औषधि—अमला, सिहुडीकोदूध, सालधूप, ताम्रेको बिञा गन्धक इ ५ थोक अमिलो महीमा पिधेर लेपलाउनाले दाद दिनाइ सुकेलुतो अति चाँडै

---

* इ औषधि यशोदा पुस्तकालयमा पाइन्छन् ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

निको हुन्छ। कि–मनःशिला, सालधूप, मरिच, तिलतैल, आँककोदूध, इ ५ थोक पिधेर लेपलाउनू। कि–लेकपाङ्‌रो, ताप्रे, कूट इ ३ थोक गहुँतमा पिधेर दलिदलि लेपलाउनू। कि–वायुविडङ्ग, ताप्रे, कूट, हलेदो, सिंधेनून, सस्यूँ इ ६ थोक कागतीका रसमा पिधेर लेपलाउनू। कि दूभो, हर्रो, सिंधेनून, ताप्रे, वनतुलसी, इ ५ थोक अमिलो महिमा पिधेर लेपलाउनू ३ मात्रैमा दाद दिनाइ सफा हुन्छ। अथवा (१५७) दद्रुदलनतैल * लाउने गर्नू, १२ वर्षको पुरानू दाद दिनाइ पनि ५।७ दिन्मा घट्तै जान्छ।

लूताको औषधि—करवीरको रस २॥ मुठी १ माना सस्युँका तेलमा पकाइ लाउनू। कि–फुस्त्रोसिँधुर मरिचको चूर्ण वरावर गरि भैंसीका नीउमा मिलाइ वरावर लेप लाउनाले फायदा हुन्छ। कि–करवीरको पात; सिसीकान, हलेदो, चितू, ध्वाँसो, मैनफल, मरिच, भोर्लो, आँकको दूध, सिहुडीको दूध, इ १० थोक पिधेर लेपलाउनाले अतिचाँडो गरेर सव तरहका दाद दीनाइ लूतामा फायदा हुन्छ। (१४७) पामादितैल * लाउनाले भयङ्कर घिनलाग्दो लूतोपनि चाँडै निको हुन्छ। अथवा सोधेको असल गन्धक ५ लाल सम्मको मात्रागरि गाइको घ्यूसँग खाइ गाइको दूध पिउने गर्नु। यो उपाय उत्तमछ।

दुभीको औषधि—कूट, मूलाको विउ, प्रियङ्गु

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

(दहिगुह्यालो) सस्युँ, हलेदो, नागकेशर, इ ६ थोक मूलाको रसमा पिधेर लेपलाउनू । मूलाको विउ अपामार्गको रसमा पिधेर लेपलाउनू । केराका गानूको रसको निथारमा सेतो थिग्रो वस्छ, सो र, हलेदो, मूलाको विउ, पिधेर लेपलाउनू ।

दाद दिनाइ लूताले आजीत भयेका मानिसले स्वयंवैद्यका १०२ पृष्ठमा लेखियेको लघुमञ्जिष्ठादि कषायको अभ्यास गर्नुपर्छ ।

गुदभ्रंश (वेर्नु निस्कने) मा औषधि—घ्यू, अथवा तेल लायेर वेर्नु सेकनु र भित्रतिर सुस्त सुस्त घचेडेर गोरूका छालाको लङौटी लाउने गर्नू । कि–चिनी र कमलको पात वरावर मिलाइ खाने गर्नु वेर्नु निक्सदैन । कि–मूसाको वोसोलायेर सेकनू । कि–मूसाको मासु पोकोपारेर तताउदै सेक्तै गर्नू । कि–भकिअमिलो, चुत्रो, चरिअमिलो, काँचोवेल, वाटुल्पातेको जरा, जवाखार, इ ६ औषधिको समभाग चूर्ण महीको अनुपानगरि ३ मासा सम्म खाने गर्नू ।

शय्यामूत्र (वछ्यान मूतने) को औषधि—वछयानमा मुतने मानिस सुतने वछयान मन्तिरको माटो पोलेर घ्यू मह मिलाइ चटाउने गर्नू । कि–नीमको जरा कूटेर रस झिकनु र वेलुका वेलुका पियाउनू । कि–१ रत्ति सम्म अफीम नित्य खुवाउने गर्नू ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

नाथ्रोफुटेमा औषधि—नाथ्रो फुटने वित्तिकै, घामले तातेको माटामा अलिकति पानिहालेर तेस्को वाफ सुँघनू । कि–प्याजको चाना काटेर सुँघनू । कि–तालुमा चिसोपानि हाल्नू । कि–शारिवा (दूधकोसी) र सुकेको अमला पानिमा घोटेर तालुमा लेपलाउनू । कि–१० तोला दूध, १ तोला घ्यू, १ तोला मिश्री, २॥ मासा अमलाको चूर्ण मिलाइ पिउने गर्नू ।

गलगण्ड (गाँड) को औषधि—धतूराका पातको रसमा गोकुलधूप पिधेर लेपलाउने गर्नू । कि सस्यूँ, सैजनको विजा, सनको विज, आलस (तिसी) को विजा, जउ, मूलाको विउ, इ ६ थोक अमिलो महिमा, पिधेर लेपलाउने गर्नू । गलगण्ड–गण्डमाला, चाँडैनै निको हुन्छ । कि–पाकेर छिप्पीयेको फर्सीको रसमा वायुविडङ्ग र सिधेनून मिलाइ नाकमा नित्य ५।७ थोपा हाल्ने गर्नू । कि–काफलका वोक्राको धूलो घाँटीभित्र नित्य दल्ने गर्नू । कि–हर्रो वर्रो, अमला, ३ भाग । सुठो, मरिच, पिपला, ६ भाग । कोइरालाको वोक्रा १२ भाग । दूधमा पकाइ छानेर शोधेको गोकुलधूप २१ भाग । मह ३० भाग एती औषधि मिलाएर केराउजत्रा गोली पार्नू । नित्य १।१ गोली तातो पालिसङ्ग खाने गर्नू । जङ्गी गलगण्ड, गण्डमाला, सैनको खटिरामा अति असल गायदा हुन्छ ।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

विषको औषधी—जुन् ठाँउमा सर्प विच्छिहरुले टोकेकोछ तेस ठाँउका तल माथि दुवै तिर रगतसर्न नपाउने गरि डोरीले मस्कायेर बाँधनू, र डङ्क परेको ठाउँ काटेर झिकनू र त्योठाउँ वत्तिले पोल्नू (डाम्नू) कि आइतवार मङ्गलवार पुष्य नक्षत्र भयेका दिन नुहाइ धुवाइ शिरीषको जरा ल्यायेर शुद्ध ठाउँमा वसि चौलानीमा घोटेर पिउनू। तेस मानिसलाइ सर्पले टोकन सक्तैन. कदाचित् टोक्यो भनेपनि सर्पैं मर्दछ, मानिसलाइ केही हुदैन। १ दाना मसुरो र २ पात नीम, इ २ थोक वैशाख महिनाभर नित्य खाने गर्नू। त्योवर्ष सर्पले टोकतैन। पुष्य नक्षत्रका दिन सेतो पुनर्नवाको जरा चौलानीमा घोटेर पिउनू त्योवर्ष सर्पले टोक्तैन। ध्वाँसो, हलेदो, चुत्रो, लुँडे (चौराइ) इ ४ थोक दही र घिउ वरावरमा मिलाइ चाटनाले वासुकिले टोकेको भये पनि केही नाप्तैन। शिरीषको फुलको रसमा ७ दिन सेता मरिच डुवाइ तेस्को धुलोपारी राखनू, सर्पले टोकेमा चौलानी सँग तेही धूलो खानू, तेही धूलाको नस हाल्नु, तेही धूलो पानिमा घोटी आँखामा अञ्जन लाउनू, सर्पको विष चढ्दैन। तगर ८ तोला, कूट ८ तोला, घिउ १६ तोला, मह १६ तोला, एती मिलाइ पिउनाले तक्षकले टोकेका भयेपनि केही हुदैन। गाइको घिउ, सिंधेनून, मिलाइ ततायेर विच्छीले टोकेका ठाउँमा लाउनू। विच्छीका विषको डर हुदैन। सिरीषको दाना

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

n Public Domain. Digitization by eGangotri.Funding

सिहुँडीका दूधमा घोटेर टोकेका ठाउँमा लेपलाउनू बौलाहा कुकुरको विष चढ्दैन। चामलको पिठो मुछेर १।२ मासा भेडाको रउँमिलाइ खानु बौलाहा कुकुरको विषले केही गर्दैन। धतूराको जरो १ मासा सम्म दूधमा घोटेर पिउने गर्नू बौहाला कुकुरको विष उत्रन्छ। हलेदो, चुत्रो, मजीटो, नागकेशर, एतीथोक चीसो पानिमा घोटेर लाउनू माकुराको विष उछ्रदैन। सुन्को तवक १ लाल सम्म, घिउ र महमा मिलाइ नित्य खाने गरेकोछ भने कौनै विष पनि लाग्दैन।

अनुभवगरी पूर्ण विश्वास भयेका औषधीहरू—

बमन रोकने औषधी

कपुर, कचरी समान भाग मिलायेर कुटी कपटछान गरी महका साथ वरावर जटाउनू मात्रा २ रत्ती देखी ६ रत्तीसम्मको गर्नू आराभ हुन्छ।

शीत ज्वरको सुलभ औषधी—

गुलाबी फिट्किरी १ सेर शोधित शंखिया १ मासा एकमट्ठीका हाड़ीमा राखेर माठाले मुख बन्दगरी सुकेका गोबरका गुन्ठिठामा पकाउनु त्यो भस्म भये पछी लावाजस्तो हुन्छ पिसेर कपटछान गरी १ मात्रा १ मासाको गरी जलका साथ ३–३ घण्डामा दियेमा आराम हुन्छ यो औषधी होशियारी साथ ठिक पारेर तयार गर्नु पर्छ वैद्यको काम हो।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

वातकफको औषधी अष्टमङ्गलरस—

सुठो मरीच पिपला हर्रो वर्रो अमला शोधित पारो सोधित गन्धक समान भाग गरी गन्धक र पाराको कज्जल बनायेर उपरोक्त छ चीजको चूर्ण बनायेर खलमा सबै चीज मिलायेर खूपघोटनू राम्रो मिलीसके पछी महमा मिलायेर खोकी आदि हरेक कफजन्य रोगमा फायदा गर्छ ।

गलगण्डको औषधी—

त्रिदोष मांस रक्त बोसोनसा दूषित भये भने गलामा माँसपिण्ड उत्पन्न हुन्छ । तेसको औषधी अपराजिता स्त्रीको योनिको आकार फुल हुने लताको जरो घोटेर घिउमा मिलायेर प्रातः काल खाली पेटमा १।२ मैनाखा नालेर निम्नलिखितलेप पनि लगाउनाले अवश्य निको हुन्छ अनुवभ भयेको औषधी हो । प्यास लागदा पाकेको तीतो तुम्बीमा ७ सात दिनसम्म राखेको पानी पीउनु पर्छ जौ मूग तीतो परवल तीतो करेलो तीखर रूखो भोजन गर्नु पथ्यछ ।

गलगण्डकोलेप—

सरस्युँ १ तोला श्वैजनको बीज १ तोला सनपाटको बीज १ तोला तिसी १ तोला फलेको जौ १ तोला मुलाको बीज १ तोला एति समान भाग गरी महिमा

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

पिसि लेप बनाये र लगाउनु यो चीज जतिमैदा गरोउती असल लेप हुन्छ ।

प्रदरमा हरेक प्रकारले निकोभयेन भने यस्ले हुन्छ—

डुमरीको गुदी शतावर मुलेठी खरीको बोक्रो बबूलका फल सबै एति चीज समान भाग मिलायेर आठ आना भर प्रातः सायं २ पल्ट १ मैना खायेमा निकोहुन्छ ।

पाण्डु रोगको औषधी—

मण्डुर भस्म ६ मासा ठूला हर्राका बोकरा १ तोला कुटकी १ तोला एकानाभर गउत तिन आना भर पानी मिलायेर प्रात सायं २ पल्ट खानाले आराम पाउछ ।

गण्डमाला अपचीको अमोघ औषधी—

जल कुम्भी जडसहित पत्तिलाई ल्यायेर २ मट्ठीका पुरुवामा राखेर माठोभिजायेर लिपिदिनु छिद्रन रहने गरी मोरेर तेस्लाई सुकेका गोबरका गुईठामा बिचमा राखेर आगो बाली जलाउनु र भस्म भयेपछी त्यो भस्ममह सित मिलाये र दिनमा २ टायम प्रातः सायं १ मैनासम्म खान दिनु आराम हुन्छ ।

गण्डमालामा लाउने लेप—

जल कुम्भी २ भाग कायफर १ भाग हैसकाजड १ भाग यो सबै मिलेर जलकुम्भी का रसमा मिलायेर गरम

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

गरी लेप लगाउनाले तुरन्त फायदा गर्छ खाने लगाउने दुवै प्रयोग एक बार गर्नु पर्छ ।

अनुभूत औषधी-संग्रहणीमा—

आधा सेर महि र खरभूजाको वीज १ तोला पिसेर मिलायेर ४० चालिस दिन सम्म खान दियेमा निको हुन्छ ।

जलोदरमा

घृत कुमारीको गुदी ऽ२।। सेर कालामुनक्का ऽ२।। सेर नोसादर ऽ।। आधासेर बीरेनून ऽ।। आधासेर फुरायेको हिङ्ग ऽ।। आधासेर जल ५ सेर मिलायेर १५ दिनससम्म प्रतिदिन घाममाराखेर छाननु र २।। तोलाको मात्रा गरि प्रात सायं २ टायम दिन को ५ तोलाका दरले खान दिनु फायदा हुन्छ यस्मा अमृतीकृत ताम्र भस्म पायेमा और फायदा हुन्छ—रोगी को बलावल विचार गरेर आवश्यक परेमा दस्त पनि गराउनु पर्छ पथ्य दूध मही फलको रस अवस्था हेरेर विचार गरेर दिनु पर्छ ४० दिनमानिको हुन्छ ।

राज यक्ष्मको संकाभयेमा

पित्तभञ्जिका बाख्राका दूधमा मिलायेर २ तोला विहान २ तोला वेलुका प्रतिदिन १ वर्ष सम्म खायेमा निको हुन्छ—

अडण्बृद्धिको औसधी—

(अमिलि) तित्रिका पात महिमा पिसेर केहि अलि

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

अलि तातोपारे र अण्डकोशका वरी परी लेप लगायेर कपडा-ले बाधि दिनु २ मैना सम्म प्रतिदिन लगायेमा निको हुन्छ ।

फीयाको औषधी

घिउकुमारी को गुदी २ तोलामा सिधोंनून मिलायेर १ मैना प्रतिदिन २ मात्रा प्रात सायं खायेमा निकोहुन्छ ।

सर्वपीडाहरतैल

सस्युँको तेल ४ छटाँक तारपीन को तेल १ छटाँक कपुर १ छटाँक अफिम ३ मासा मिलायेर राख्नु हरेक पीडा दर्दमा काम दिन्छ ।

उपदंश भिरङ्गीमा अमोघ औषधी

शुद्ध संखिया गुरजा को सत्व समान भाग मिलायेर प्रात सायं मा २ पटक मक्खन मिश्रि या मलाई मिश्रि सित खायेमा १ मैनामा निको हुन्छ मात्रा १ रत्ति देखी ४ रत्ति सम्मको गर्नु ।

बालक को अतिसारको औषधी—

(वाल वेल) कलिलैमा वेलको फल काटेर सुकायेको टुकरालाई वाल वेल भन्छन्—बाल वेल धँयेराको फूल जमरा सालधूप कुटेर समान भाग मिलायेर रस खान दिनु एक दिनमा ३ पटक प्रात सायंमध्याह्न एस्मा पाये वंशलोचन मिलायेमा झन् फायदा गर्छ । १०।१५ दिन खान दिनु मात्रा १ तोला का दरले निको हुन्छ ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: I

औलाका जराको औषधी

उदकमञ्जरी ३ टायम खान दिनु २ तोलाको मात्रा गरी यो नेपाल मा वनेको औषधी हो अन्त पाजिन्न—

गाना को औषधी—

टिमुर विरेनून जुवानु बराबर गरी मिलायेर पिसि घिउ कुमारीको पातमा हाली तातो भुङ्ग्रामा भित्र घुसारी दिनु पाके पछि निकालेर गोली ऽ।। आधातोला बनायेर राखनु प्रति दिन ३ टायम खान ताता पानी संग दिनु निको हुन्छ। घिउमा हिङ् जुवानु मेथी फुरायेर पानी छोडी दिनु पाके पछि त्यो पानी तातै खान सकिने गरी खानु फायदा हुन्छ। आर्को औषधी सिलटिमुर वोके टिमुर पिपला सुठो विरेनून मिलायेर कुटी मैदापारी कागतिको अमिला मा गोली पारी खान दिनु निको हुन्छ। चिलाउनेको वोक्रो कुटी कपडामा कपट छानी निचोरनूर खाली पेटमा तोला २ खान दिनु ३।४ दिन खाये पछी निकोहुन्छ। उपरोक्त ४ प्रकार को गानाको औषधी हो। जुन पायिन्छ उही सेवन गर्नु।

सन्निपातमा असली सुलभ औषधी

घोडताप्रे (ब्राह्मी) शयपत्रीको फुल बेलपत्र तुलसीपत्र हाडेवदं दरीयानरीवल काकराका विजा कुटी घोटी सम-

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

भागगरी कपट छानगरी रसनिकाल्नु र दिनमा ४ पटक ३।३ घण्टा भित्र खान दिनु सुलभसित फायदा हुन्छ ।

रक्त आँउको औषधी—

बाँज को ताजा बोक्रो र काफल को ताजा बोक्रो बराबर मिलायेर कूटनू र निचोरेर २ तोला जातिकपडामा छानेर खाली पेटमा प्रात सायं मध्याह्न दिनको ३ मात्रा का दरले खान दिनु १५ दिनमा निकोहुन्छ । पथ्य काचो केरा को तर्कारी दहि पुरानु चावलको भात महि खान दिनु भरपेट न दिनु आधा पेट मात्र खान दिनु ।

रातो सेतो मिलेको आँउको औषधी—

सती बयर को बोक्रो ताजा कुटेर निचोरेर कपडामा छानी २ तोला को मात्रा गरी दिनमा प्रातः सायं मध्याह्न ३ टायम खान दिनु पथ्य रक्त आउँको जस्तै उपरोक्त दिनु २१ दिन सम्म खायेमा फेरि पैदा हुदैन ।

केटाकेटी वेथा मोचको औषधी—

कटैयाको जरो रूघिलाको पात जरों कुटेर खान दिनु कटैयाको चोट लागेको ठाउँमा खोटो आउँछ त्यो खोटो आमाका दूधमा घोटेर प्रतिदिन २ टायमा प्रात सायं १ चंचा दिनाले निकोहुन्छ । यो वेथामा कस्तुरी सिद्ध प्राणेश्वर महमा बराबर चटाउदामा पनि फायदा हुन्छ यसै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

वेथामा सर्दी ज्यादा भयो भने कोखाहान्ने वेथा पैदाहुन्छ। आँखा पनि नचाउँछन्।

रस दोषको औषधी

जरो आयेका वेलामा स्त्री संग संभोग गरेमा रस दोष हुन्छ यो १ प्रकारको सन्निपात नै हो भने हुन्छ, रज र वीजको दोषबाट पैदा हुने भयेकाले रस दोषभन्दछन् यस्मा हुटिठ्याउको फुल मुत्र द्वारमा लगाई दिनू खान पनि दिनु निक्रोहुन्छ। मीठेफापरको पीठो मुछेर खान दिनु मुत्रद्वारमा लगाई पनि दिनु तेस्ले पनि निको हुन्छ।

सेतो आँउको सुलभ औषधी—

असली स्रूप १ छटाँक तावामा पाक्ने गरी भुटेको र एक १ छटाँक काँचो स्रूप काँचो जिरा एकछटाँक १ दाना चिनि ३ छटाँक मिलायेर मैदा गरी पिसनु वुकनी वनायेर सीसिमा राखनु १॥) तोलाको मात्रा गरी दिनमा ४ पटक पकायेका ताता पानी सित खानु ५।६ दिन सम्म नियम सित खाये र पथ्य काँचा केराको तर्कारी महिसित पुराना चामलको भातखानु, आँउ परेका मातिसले दूध पाकेको केरा रोटी दाल चिया साग मासु खानुहुदैन विगार गर्छ।

लूतो दादको औषधी

नीलो तुथो १ तोला गन्धक ५ तोला फुरायेको स्वाग ५ तोला रसकपुर १ तोला मैनफल १ तोला सुपारीको

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding:

मैदा वनायेको धूलो १ तोला निमको खोटो २ तोला सानु अल्याचीको धूलो १ तोला मुम ३ तोला मैदा गरी पिसेर नरी वलको तेलमा मलम लेप बनायेर नीयमको सावुनले स्नान गरी प्रति दिन २२।२५ दिन लगाउनु । सोधेको गन्धक आधा मासाभर २ तोला शुद्ध गाईको घिउमा फुरायेर अलि अलि कालो भये पछि मन्तातैमा खाली पेटमा खाये पनि हुन्छ भातमा हालेर मुछेर पैलें १०।८ खास खायेर पछि अनि दाल भात तर्कारी आदि खायो भाने तुरन्त लाभ हुन्छ ।

(विषुचिका) हैजाको औषधी—

केवल प्याजको रस १ तोलाको मात्रा गरी १५ १५ मिनेटमा दिनु पिशाप खुलछ लाभ हुन्छ ।

हैजाको आर्को औषधी

फुरायेको हिङ्ग २॥ तोला अफिम २॥) तोला पिरोखोर सानीको बोक्रा २ तोला कपुर २ मासा चन्द्रोदय ३ मासा पिसेर मिलाई घोटेर मुंगीमासको दाना जत्रा गोली वनायेर हैजाको भय हुँदा प्रातः सायं मह सित १ गोली दियेमा हैजाले पकरने डर हुँदैन हैजाबाट वचिन्छ । यदि हैजाभै गयो भने १५।१५ मिनेटमा १ गोली १ तोला स्रूपको अर्क मिलायेर दिनु वरावर पिशाप खुल्यो भने २।३ पटक पिशाप भये पछि औषधी वन्द गर्नु पर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

नाकबाट आयेको रक्तबन्द गर्ने औषधी

नाकमा गेंदाका पातको रस या अनारका कोपिलाको रस या दूबाको रस या बन चौराईको रस ४ चीजमा देश अनुसार जुन देशमा जो चीज उपलब्धछ (पायिन्छ) त्योठाउमा तेसैको रस निचोरेर ४ दिन संम २ टायम हालनु निको हुन्छ ।

मुखबाट आयेको रगतलाई रोकने औषधी

काँचो फट्किरी ।।) आठ आना भर हिङ्गुल एक आना भर एकमा पिसेर मिलायेर दूबाको रस १ आना भरको साथ २ रत्तीको मात्रागरी वारंवार दिनमा १० वार गरी १०।१५ पटक खायेमा रगत बन्द हुन्छ ।

मूत्र द्वारबाट आयेको रक्तलाई रोकने औषधी

कुरीलाको पात ४ आना भरी सालधूप ४ आना भरी आधा पाव दूधमा मिलायेर खूप पिसेर दिनमा १० वार १। १। घण्टामा खान हिनु निको हुन्छ ।

पिशाप रोकियेमा या ज्वलन भयेमा उत्तम औषधी—

कलमी शोडा नौसादर जवाखार फट्किरी एति ४ चीज मिलाई समान भागगरी पिसि मिलाई कराहीमा गरम गर्नु जब एकै पानी जस्तो हुन्छ अनि मिलि सके पछी

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

उतारेर सिसिमा राख्नु ४ आना भरीको एक मात्रा गरी आधा पाँव गाईको काँचो दूध आधा पाँव १ रात माटाका भाडामा राखेको बासी पानी २ चीजमा औषधी मिलाई प्रात सायं २ टायम १० दिन सम्म खानाले सबै मूत्र विकार शान्त हुन्छन् । यसमा पथ्य हलका दाल भात तर्कारी दूध मही पथ्यछ गरीष्ठ छीटो न पचने गर्मी गर्ने रोटी चिया आलु चना मासु केहि पनि दिनु हुदैन ।

नीनवाको औषधी—

जिब्रामा ओठमा घाँटीमा गीजामा साना साना खटिरा हुने रोगलाई नीनवा भन्दछन् यस्को औषधी चमेली फूलका पत्ती मसीनुगरी चबाउनु सबै खटिरामा पर्ने गरी ४।५ दिन यसो गरी चवायेमा निकोहुन्छ ।

जलोदरको अचूक औषधी—

शरपुंख (सरपोका) को पात जरो हाँगा इन्द्राणिको पात जरो हाँगा करीलको पात जरो हाँगा वोक्रा जे पाये पनि तीनै थोकको समभाग गरी कुटी काढाँ पकाई कपट छान गरी १५।२० दिन सम्म प्रातः सन्ध्या मध्याह्न ३ टायम १ पाँवको मात्रा गरी खानाले जलोदर नीको हुन्छ । पथ्य जौ गहुँको रोटी पिप्पल सूठो हालेर ततायेको गाईको दूध खानू यो रोगमा उँटको दूध खान दिन पायेमा अत्यन्त लाभ हुन्छ । नून हालेको चीज नून खान दिनु हुदैन वर्जितछ ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: I

गैह्रोचोट लागेको औषधी।

केवल चिनीको धूलो भर दिनाले रगत बन्द हुन्छ निकोभये पछी मात्र त्योचिनि खाटा भयेर उक्केर जान्छ अनूभव भयेको छ।

वालकलाई धनुर्वात भयेको औषधी

आँखा नचाउने आकाश तिर हेर्ने थरथर काँपने रोग लाई धर्नुवात भन्दछन् यो रोग केटाकेटोलाई मात्र हुन्छ। यो रोगमा वोझो आमाको दूधमा घोटेर वाकूलो चन्दन जस्तो वनाई अलि कति खान दिनु तालुमा नाभिमा हत्केलामा पैतालामा लगाई पनि दिनु तुरून्त निको हुन्छ।

पत्थरी मधुमेहको औषधी

सिल्फि कान का वोक्राको काँढा पकायेर २ तोला काढाँमा २ तोला पुरानु गुड मिलाई ४ तोलाको मात्रा पारी प्रात सायं मध्याह्न ३ टायम सेवन गर्नाले निको हुन्छ।

पेटका जुकाको औषधी

पलाशको फुल फल कोपिला वोक्रा जे पाये पनि सुकायेर कुटी मैदापारी दोवर गुड मिलायेर दिनमा ३ टायम एक तोला भरको गोली खानाले दिशाबाट जुका गिरदछन् ४।५ दिन सम्म लगातार खानु पर्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

प्रमेहको औषधी—

सीमलको वोक्रो गुर्जो अमला कुटेर रात्रीमा भिजायेर शीतमा राखी दिनु प्रात आधा पाँव पानीमा ३ तोला मह मिलायेर २२।२५ दिन खानाले सबै प्रकारको प्रमेहनष्ट हुन्छ पथ्य तेल पीरो अमिलो तातो वर्जित गर्नु पर्छ ।

यस्ले न भयेमा प्रमेहको अर्को औषधी—

पञ्चाङ्गुली (सालपीमिश्रि) आधापाव-तालमखाना आधापाव कलफीमिश्रि आधापाव घोडताम्रे आधापाव कमलगटा काला वाङुला कमलको फल आधा पाव मिलायेर मैदागरी पिस्नु र वेदनाको रस १ सिसि तेस्मा गोली पार्न ठिक हुने गरी हालेर खलमा खल गरी कुटी मिलिसके पछी ॥) आठ आना भरका गोली वनाउनु १।१॥ मैना सेवन गरे पछी अवश्य निको हुन्छ ५० सन् व्यक्तिले अनूभव गरेको हो पथ्य उपरोक्त जान्नु ।

आगाले पोलेको औषधी—

आगाले पोलने विक्तिकै तुरन्त असली मह लपक लगायेर साफ टालाले वाँधि दिनु जस्तै सारो गरी पोलेको भये पनो फोको उठ्तै न २।३ दिन सम्म लपक पारी राखेमा निको हुन्छ—अमलाको पत्ता र वाख्राको दूध पिसेर मिलायेर लेप लाउनु पनि उत्तम फायदा गर्छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: I

अपस्मार छारे रोगको औषधी—

अपराजिताको जरो खनेर ल्याउनु र बुटि बनायेर काँचा धागाले बाँधेर २ दुवै पटिका कानमा बाँधि दिनु मङ्गल रविवार पारेर निको हुन्छ। पथ्य वत्ति आगाका नजीकमा भीर पहरामा वस्नु रूखमा चढनु भयजनक केहि कुरो न गर्नु।

विदेश वर्मा जापान आदिले अनुभव गरेको क्षयरोगको असली औषधी—

पायेसम्म वुआँसो नयायेमा श्यालमारेर तेस्को मासु छाला मुटु कलेजो भुडी सर्वाङ्ग मिलायेर वफ्यायेर जुन किसिमले मकै कोदो धान गहुँ जौ महुवा आदि को मतवालीले रक्सी वनाउछन् तेस्तै प्रकारले तेस्को जतिसम्म रक्सी निकलन्छ तेती निकालेर सिसिमा हावा न जानेगरी वन्द गरी राखनु र दिनमा ३ टायम मध्याह्न प्रात सायं ३ तोलाका दरले ३ मैना सम्म खान दिनु पथ्य बाख्राको दूध बोकाको मासु भात खुट्टी कोरस खान दिनु जति तागत दिने चीज खान दियो उति फायदा हुन्छ परिश्रम श्री संभोग वर्जित गर्नु पर्छ यस्मा। यो रोगलाई पाहाडमा सुके गायो भन्दछन् योटा कालोजरो हुँदापनि हड्डीर छाला मात्र हुन्छन् यो औलाको जरो विग्रेर पैदा हुन्छ—आर्को खोकी जरो दुवै भयेर विस्तार विस्तार ग्रास गर्दै जान्छ कसैलाई मुखबाट रगत आउँछ कसैलाई आउँदैन फियामा करङ्गमा हरेक ठाउमा हुने क्षय (सुकेरोग) लाई यो रकसीले नाश गर्छ निःसंन्देह फरकपर्दैन। पूर्व ४ नं०

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

भोजपुर फालीकोटका प्रवासी नेपाली २२।२५ वर्ष वर्मावसेर आयेका मानिसले प्रयोग गरेर ५० पचासन् क्षयरोगीलाई जीवनदान दिइरहेका छन् अमोघ औषधीको जस्लेपनि प्रयोगरी लाभ उठाउनु उचितछ। आयुर्वेद सारसंग्रामा निम्न-लिखित वचनछ "नरास्थिसंभवं चूर्णं क्षीरीदुग्धेन मेलयेत् । फेरुमांसासवं पीत्वा राजयक्ष्माद्विमुच्यते । इत्यादि वचन भये तापनि ठूला वैद्यहेरूले पैले विभत्स र हिंसात्मक भयेकाले प्रयोग गरेका थियेनन् तापनि अब अनुभवबाट सिद्ध भये पछिता आदर गर्नै पर्छ ।

आखाँका रोगको अचुक औषधी—

जडेलाको लहरो छिपियेको रूखमा गम्भ भ्यालीयेको-हुन्छ, तेस्का फेदमा काटदा पानि आउँछ त्यो लहरो न शुकने गरी काटेर आये को पानी छानेर सीसीमा राखनु त्यो पानी आँखामा बराबरी २।२।। मैना सम्म हाली राखे मा निको हुन्छ यस्ले फुलो सम्म पनि काटिन्छ। अर्को स्वैजनूको पात भयेका ठाँउमा पातको काढाँ वनायेर प्रति दिन २।२।। मैना आखाँमा हाले फुलोसम्म पनि काटिन्छ।

इति स्वयंवैद्यको संकीर्ण प्रकरणं समाप्तम् ।।

यो औषधीरत्नसंग्रह दोस्रो २ तेस्रो ३ चौथो ४ भाग क्रमैले छापिदैछ--यो पैला भागको पूरा मननगरी सकेपछी अरू दोस्रो तेस्रो चौथो भाग मगाउनु होला मूत्र पुरीष कफको परीक्षा अस्त्र चिकित्सा चिर फार गर्ने ठूलो विषय २।३ भागमा छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: I

स्वयंवैद्य प्रथम भागको विषय सूची

पृष्ठ संख्या

१ मङ्गला चरण
२ पं० कुलचन्द्र गौतमद्वारा स्वरचितसर्वाधिकारदियेको श्लोक
३ वातपित्त कफ कुपित हुनाको विचार कुन् कारण लेहुन्छ
४ वायु कुपित हुनाले के के हुन्छ
४ कुपितभयेको वायु के उपायले शमन हुन्छ
५ कुन कुन कारणले पित्त कुपित हुन्छ
६ पित्त कुपित हुनाले के के हुन्छ
६ कुपित भयेको पित्त के उपायले शान्तहुन्छ
७ कुन कुन् कारणले कफ कुपित हुन्छ
८ कफ कुपित भयेमा के के हुन्छ
८ कुपित भयेको कफ केले शमन हुन्छ
९ ज्वरका विषयमा सूचना

पृष्ठ संख्या

१० यसो गर्नू
११ जरो आयेपछी यसो गर्नु
११ लङ्घनगर्न पुग्यो कि पुगेन
१२ एति जनाले लङ्घन गर्न हुदैन
१२ लङ्घनगर्न न पर्नेले के गर्ने
१२ औषधि कैले खानु
१२ ज्वर पाक भयो कि भयेको छैन
१३ ज्वर पाक हुने औषधि नागरादि पाचक
१३ मध्यजीर्ण ज्वरमा के गर्नु
१४ जरालेछाडे पछि कस्तोहुन्छ
१४ वाँहाँ पछि के गर्नु
१५ वात ज्वर
१५ एसमा कर्तव्य
१५ वात ज्वर का औषधी
१६ पित्त ज्वर
१६ एसमा कर्तव्य
१७ पित्त ज्वरका औषधी
१७ कफ ज्वर
१८ एसमा कर्तव्य
१८ कफ ज्वरका औषधी

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

१९ बातपित्त ज्वर
२० बात कफ ज्वर
२० बात कफ ज्वरका औषधी
२१ पित्त कफ ज्वर
२१ पित्त कफ ज्वरका औषधी
२२ सन्निपात ज्वर
२३ सन्निपात ज्वरमा खाने औषधि
२६ विषमज्वर
२७ विषमज्वरका लक्षण
२७ विषमज्वर कति प्रकारकोछ
२७ ई ५ का लक्षण
२८ एस्मा कर्तव्य
२८ एसको पहिचान
२८ सतत ज्वर को लक्षण
२८ एस ज्वरमा र अन्येद्युष्क तृतीयक चतुर्थक ज्वरमा मुख्य कर्तव्य:
२९ कहि कहि सतत ज्वरको विपर्यय पनि हुन्छ
२९ अन्येद्युस्क ज्वर
२९ एसको पहिचान
३० एस्मा कर्तव्य
३० तृतीयक ज्वर
३० एसको अरू अरू पहिचान
३० एसमा कर्तव्य:
३१ चतुर्थक (चातुर्थिक) ज्वर
३१ एसको अरू पहिचान
३१ एसमा कर्तव्यः
३१ चातुर्थिक ज्वरको विपर्ययपनि हुन्छ
३२ एस्मा कर्तव्य
३२ शुक्रस्थानमा पुगेको लक्षण
३२ एस्मा कर्तव्य पारलौकिक औषधी
३२ सबै तरहका विषमज्वरमा आवश्यकीय विचार
३३ विषम ज्वरमा साधारण कर्तव्य:
३३ विषम ज्वरमा अनुभव सिद्ध औषधी
३८ विषमज्वरमा सुलभ अनुभूत सहज उपाय
३९ ई ज्वरमा प्रयोग टूना
४० आगन्तुक ज्वर विचार
४१ आगन्तुक ज्वरकोनिदान
४१ आगन्तुक ज्वरको पहिचान
आगन्तुक ज्वरको चिकित्सा
४३ पुराना जीर्ण ज्वरको विचार
४३ पुराना जीर्ण ज्वरमापथ्य
४३ जीर्ण ज्वरमा अपथ्य
४४ जीर्ण ज्वरमा सुलभ औषधि
४४ जीर्ण ज्वरमाविशेष रसादि औषधी

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: I

४६ सुवर्णमालतीवसन्तको रोग अनुसार अनुपान
४८ सब तरहका ज्वरमा धार्मिक शिरोधार्य सत्य श्रेष्ठ उपाय
५२ अथ अतिसाराधिकार: अतिसारको निदान
५२ अतिसारको स्वरूप
५२ अतिसार कति प्रकारकोछ
५४ सब अतिसारमा प्रथम कर्तव्य
५५ आमातिसारमा विशेष कर्तव्य
५५ आम गिराउने उपाय
५५ सब तरहका अतिसारमा साधारण पाचन
५६ शोकातिसार भयातिसारमा
५६ आमातिसार रगत थोरै आउँ धेरैभयेको रगतमासिमा
५६ रगत ज्यादा आउँ थौरै भयेको रगतमासिमा
५६ अतिसारमा विशेष उपाय
५६ पक्वातिसार थामनेसाधारण उपाय
५८ अतिसारको अद्भुत उपाय
५८ अतिसारका सिद्ध औषधी
६२ सब तरहका अतिसारमा पथ्यापथ्य
६३ असाध्यातिसारका लक्षण
६५ अतिसार निकोभये पछिको कर्तव्य
६५ प्रवाहिकाधिकार:
६५ एसमा पाचनदीपनगर्ने औषधी
६७ ग्रहन्यधिकार:
६७ संग्रहणीको पहीचान
६८ ग्रहणीका भेदको विचार
६९ ग्रहणी संग्रहणीमा साधारण कर्तव्य
६९ ग्रहणीमा विशेष औषधी
७३ ग्रहणीमा पथ्यापथ्य
७३ ग्रहणीमा साध्यासाध्यविचार
७४ जठराग्नि विकाराधिकार:
७५ अजीर्णका कारण
७६ अजीर्णको लक्षण
७६ अजीर्णको निवारण गर्ने सहज उपाय
८२ अजीर्णकाभेद तिनकामुख्य उपाय
८३ अजीर्ण निकोभयोकी भयेको छैन
८३ अजीर्णका विशेष औषधी
८४ हैजाको विचार

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

८७ एसबाट बच्ने साधारण उपाय
८८ हैजाका भयङ्करमुख्य लक्षण
८९ हैजाका उपद्रवमा कर्तव्यः
९० हैजामा होशियारी
९१ हैजाका विशेष सिद्ध औषधी
९४ हैजाथामिये पछिको कर्तव्य
९४ हैजा प्रभृति अजीर्णजन्य
९४ रोगमा पथ्य
९६ अलसक रोगको स्वरूप
९६ विलम्बिका रोगको स्वरूप
९७ अथ कृमिरोगाधिकारः
९७ इन्को निदान र चिकित्सा।
९८ अरू ३ प्रकारका कृमिको निदान
९८ इन्को उत्पत्ति बुझिने लक्षण
९९ सब तरका कृमिमा साधारण कर्तव्य
१०२ अम्लपित्त हुने कारण निदान
१०३ अम्लपित्तको पहिचान
१०३ अम्लपित्तको २ भेद
१०३ अम्लपित्तको विशेष पहिचान
१०४ अम्लपित्तमा विचार गर्नु पर्ने कुरा
१०४ ऊर्ध्वगत अधोगत दुवै अम्ल पित्तका प्रकार र तिनको पहिचान
१०६ अम्लपित्तमा कर्तव्यः
१०६ वमनविधि
१०८ ज्यादा वमनका उपद्रवमा साधारण कर्तव्य
११० अम्लपित्तमा अनुभूत सुलभ सहज उपाय
१११ अम्लपित्तका विशेष औषधी
११३ अम्लपित्तमा पथ्यापथ्य
११३ अम्लपित्तमा साध्यासाध्य विचार
११४ अथक्षय, यक्ष्म राजयक्ष्म शोष, रोगाधिकारः
११४ क्षय रोगको निदान, चरक संहितानुसार
११५ साहसबाट हुने १ क्षयको निरूपण
११७ सन्धारण बाट हुने (२) क्षयको निरूपण
११९ रस रक्तादिधातुको क्षय बाट हुने (३) अनुलोम क्षय रोगको निरूपण

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

१२० प्रकारान्तर (३) प्रतिलोम क्षय
१२२ विषमाशनबाट हुने (४) क्षयको निरूपण
१२३ विषमाशनबाट हुने क्षय-रोगमा रूघा
१२४ क्षयरोगमा विचार गर्नु पर्ने कुरा
१२५ मतभेदले शोषरोगका प्रकारान्तर र क्षयरोगमा तिनको अन्तर्भाव
१२८ उरक्षत क्षयका (२) भेद
१२९ राजयक्ष्म (क्षयरोग)को पूर्वरूप
१३० उपद्रवका कारणको वर्णन
१३२ क्षयरोगमा साध्यासाध्य विचार
१३३ क्षयरोगमा विचार गर्नु पर्ने मुख्यकुरा
१३५ दोष र धातुको क्षय वृद्धि समताको विचार
१३९ दोष धातुको समताको पहिचान
१३९ क्षय रोगमा होशियारी
१४० क्षय रोगमा चिकित्सा गर्ने पद्धति
१५१ क्षय रोगमा उत्तम सिद्ध औषधो
१५६ क्षय रोगमा पथ्य-आहार विहार
१५७ क्षय रोगमा अपथ्य आहार विहार
१५८ क्षय रोगमा धार्मिक उपाय
१६१ अथ (कास) खोकि रोगाधिकारः
१६० कास खोकिको निदान
१६० खोकिको पूर्वरूप खोकिका स्वरूप लक्षण
१६१ सब तरहका खोकिमा सुलभ औषधी
१६३ खोकिमा होशियारी
१६५ खोकिमा पथ्यापथ्य
१६६ खोकिको पथ्यापथ्यमा विशेष कर्तव्य
१६७ अथ श्वास दम, रोगा-धिकारः दमको निदान
१६७ दमको भेद
१६९ दमको साध्यासाध्य विचार
१७० दमको चिकित्सा गर्दा विचार गर्नु पर्ने कुरा

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

१७० श्वास रोग दममा चिकित्सा गर्ने पद्धति
१७१ दमन साधारण शमन गर्ने सुलभ औषधी
१७२ दमको अनुभसिद्ध उत्तम औषधी
१७३ दमका लोक प्रचलित सिद्ध औषधी
१७४ अथ अर्ष (हर्षा) रोगाधिकार:
१७४ अर्शको (हर्षाको) सामान्य लक्षण
१७४ अर्शका (हर्साका) भेदको पहिचान
१७७ अर्शमा साध्यासाध्य विचार
१७८ अर्शमा कर्तव्य पथ्यापथ्य
७९ अर्शरोगका सुलभ औषधी
१८१ अर्शरोगका सिद्ध औषधी
१८४ वातव्याध्यधिकार:
१८४ शिरोग्रहको निदान
१८४ शिरोग्रहको औषधी
१८५ जृम्भा हनुग्रहको निदान र चिकित्सा
१८६ जिह्वास्तम्भ मूकता मिन्मिन गद्गद्को निदान
१८६ मूकता मिन्मिन गद् गद् को औषधी
१८७ प्रलापक प्रलापकको चिकित्सा
१८७ रसाज्ञानको निदान तथा औषधी
१८७ वाधिर्यकर्णनादको (निदान) औषधी
१८८ आर्दितवात
१८९ आर्दितवातको साध्यासाध्य विचार
१८९ आर्दितवातको चिकित्सा
१९० मन्यास्तम्भको निदानः तथा औषधी
१९० बाहुशोष र अपबाहु शोष को (निदान) तथा औषधी
१९१ विश्वाचीको निदान तथा औषधी
१९१ उर्ध्ववातको निदान तथा औषधी
१९१ आध्मानको निदान तथा औषधी
१९२ प्रत्याध्मानको निदान तथा चिकित्सा
१९२ अष्ठिला प्रत्यष्ठिला को निदान

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

१९३ अष्ठिला प्रत्यष्ठिलाको औषध ।
१९३ तूनि प्रति तूनीको निदान
१९३ तूनी प्रतितूनीको चिकित्सा
१९४ त्रिकशूलको निदान तथा औषधी
१९४ मुहुर्मूत्र मूत्रनिग्रह
१९४ मुहुर्मूत्र र बहुमूत्रका विषयमा वक्तव्य
१९५ मूत्रनिग्रह तथा औषधी
१९५ गृद्धसी वातको निदान तथा औषधी
१९६ खञ्जता पङ्गुता कलाय खञ्जताको निदान
१९७ खञ्जता पङ्गुता कला खञ्जताको औषधी
१९७ क्रोष्टु शीर्षकको निदान तथा औषधी
१९७ खल्लीवात, वातकण्टक को, निदान
१९८ वातकण्टकको औषधी
१९८ पाददाहको निदान तथा औषधी
१९८ पादहर्षको निदान तथा चिकित्सा
१९९ दण्डापतानक-अन्तराया-म बहिरायाम अभि-घाताक्षेपवातको निदान
२०० धनुस्तम्भ वात कुब्ज वात अपतन्त्रक वात अप-तानक पक्षाघातवातको निदान
२०१ सर्वाङ्गवात
२०१–३५ नम्बर देखी ४४ नम्वर सम्मका वात रोगमा कर्तव्य
२०१ इ वातरोगमा चिकित्सा को क्रम
२०२ रास्नादि सप्तक काँढा
२०२ भयङ्कर वातरोगमा सिद्ध औषधी
२०३–८० प्रकारका वातरोगमा अनुभूत उत्तमतेल
२०६–१३६ महानारायणी तैल
२०७–४५ नम्बर देखी ८० नम्वर सम्मका वातरोग-को गणना र पहिचान (निदान)
२१० वात व्याधिमा चित्साको सूक्ष्म विचार

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding:

२१२ आमा शयमा वायु कुपित भयेमा
२१२ आमवातको औषधी
२१३ वात रोगमा सावधान
२१४ वात रोगमा पथ्यापथ्य
२१५ अथ प्रमेह मूत्र, (धातु) रोगाधिकारः
२१५ प्रमेह (निदान) कारण
२१५ प्रमेहको पूर्वरूप, प्रमेह को संप्राप्ति हुने प्रकार
२१६ प्रमेह का भेद
२१९ प्रमेहको साध्यासाध्य विचारमा विशेष वक्तव्य
२२१ प्रमेह भयेका रोगिले गर्नु पर्ने पथ्यापथ्य
२२२ प्रमेहको चिकित्साको क्रम
२२३–२० प्रकारका प्रमेहमा २० प्रकारका काँढा
२२४–२० प्रकारका प्रमेहको र सूक्ष्म भेद जानियेनभने
२२६–हरेक किसिमका प्रदरको अमोघ कषाय
२२७ सब तरहको प्रमेह शमन गर्ने सुलभ असल औषधी
२२९ प्रमेह का सिद्ध औषधी
२३१ प्रमेह विशेष (बहुमूत्र) का सिद्ध औषधी
२३१ शुक्रमेह स्वप्नप्रमेहका सिद्ध औषधी
२३१ औपसर्गीक मेह भिरूङ्गी को असल औषधी
२३२ प्रमेहका पिडकार भिरूङ्गीका खटिरामा लाउने खाने औषध ।
२३३ अथ प्रदराधिकारः प्रदर को निदान
२३३ प्रदर स्वरूप-प्रदरको भेद
२३४ प्रदर हटाउने सुलभ उत्तम उपाय
२६७ प्रदरकासिद्ध औषधी
२३९ प्रदरमा पथ्यापथ्य
२३९ प्रदर रोगमा साध्यासाध्य विचार
२३० प्रदरनिकोभयेको र न भयेको पहिचान
२४० अथ प्रकीर्णरोगाधिकारः
२४० कपालदुखेमा औषधी
२४१ पिनास समेत भैंकपाल दुखेमा औषधी
२४१ अर्धकपालिमा औषधी
२४२ कानका रोगमा औषधी

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

२४२ कर्ण सोथ कानको जरा सुनियेमा
२४३ दाद र दिनाईका सुलभ औषधी
२४४ लुता को औषधी तथा दुवीको औषधी
२४५ (गुदभ्रंश) वेर्नु निस्केमा औषधी
२४५ शय्यामूत्र वछयानमूतने को औषधी
२४६ नाथ्रोफुटेको औषधी
२४६ गलगण्ड (गाँडको) औषधी
२४७ विषको औषधी
२४८ बमनरोकने औषधी
२४८ शीत ज्वरको सुलभ औषधी
२४९ बात कफको औषधी अष्ट मङ्गल रस
२४९ गलगण्डको खाने औषधी गलगण्डको लेप
२५० प्रदरमा हरेकप्रकारले निकोभयेनभने यस्ले हुन्छ
२५० पाण्डू रोगको औषधी
२५० गण्डमाला अपचिको अमोघ औषधी
२५० गण्डमालामा लाउने लेप
२५१ अनुभूतऔषधी संग्रहणीमा
१५१ जलोदरमा औषधी
२५१ राजयक्ष्मको संकाभयेमा
२५१ अण्डवृद्धिको औषधी
२५२ फियाको औषधी
२५२ सर्वपीडा हरतैल
२५२ उपदंश फिरङ्गीमा अमोघ औषधी
२५२ बालकको अतिसारको औषधी
२५३ औलाका जराको औषधी
२५३ गानाको औषधी
२५३ सन्निपातमा असली सुलभ औषधी
२५४ रक्त आउँको औषधी
२५४ रातो सेतो मिलेको आउँको औषधी
१५४ केटा केटी वेथा मोच्को औषधी
२५५ रस दोषको औषधी
२५५ सेतो आँउकोसुलभ औषधी
२५५ लूतो दादको औषधी
२५६(विषुचिका)हैजाको औषधी
२५६ हैजाको अर्को औषधी
२५७ नाकबाट आयेको रक्त वन्द गर्ने औषधी
२५७ मुखवाट आयेको रगतको लाई रोकने औषधी
२५७ मूत्रद्वारवाट आयेको रक्त लाई रोकने औषधी

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding

१९ भाद्र २०४०

२५७ पिशाप रोकिएमा या ज्वलन भयेमा उत्तम औषधी
२५८ नीनवाको औषधी
२५७ जलोदरको अचुक औषधी
२५९ गैह्रो चोट लागेको औषधी
२५९ बालकलाई धनुर्वात भयेको औषधी
२५९ पत्थरीमधुमेहको औषधी
२५९ पेटका जुकाको औषधी
२६० प्रमेहको औषधी
२४० यस्ले नभयेमा प्रमेहको अर्को औषधी
२६० आगाने पोलेको औषधी
२६१ अपस्मार छारे रोगको औषधी
२६१ विदेश जापान आदिले अनुभव गरेको क्षयरोगको असली औषधी
२६२ आँखा का रोगको एक औषधी
४ चौथा पेजमा पशुचिकित्सा तथा बालचिकित्सा

—०—

हरेक किसिमको दूर्लभ औषधि र हरेक प्रकारका पात्रा पायिने ठेगाना—

पं० बालकृष्णाचार्य, यशोदा पुस्तकालय,
दुर्गाघाट, वाराणसी

सर्वसुलभ

Nepal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

पं० बालकृष्णाचार्यजी द्वारा स्वप्रकाशित ग्रन्थहर नामावलि निम्न छ

समस्त माहात्म्य सहित भगवद्गीताको नेपाली भाषामा छायानुवा टिप्पणी सहित संस्कृत एक अक्षर नपढेका लाई पनि सजिलै सित अर्थ प्रवृत्तिमार्ग तथा निवृत्तिमार्गको प्रदर्शक महाभारतको आत्मा अनेकानेक निषदसागर्भितग्रन्थ **कोमलगीता** कपडा जिल्द मूल्य ४॥) कागज जि० ४,

स्वयंवैद्य गो० द० बा० सा० आ० पं० कुलचन्द्र गौतम प्रणित ४ भागको प्रथमभाग प्रकाशित भयो । यो यौटा पुस्तक घरमा राखे देखी आफै अवलोकन गरेर गुरुजी काहां पढन न गई वैद्यराज बन्न सकिने भयेकाले सार्थनाम स्वयंवैद्य परेको हो । सारा जरी बुटी औषधी भयेको आज सम्म नेपाली भाषामान निक्लेको दुर्लभ ग्रन्थ **स्वयंवैद्य** मूल्य ४॥)

धर्मः अर्थः कामः मोक्षः ४ पुरुषार्थको प्रदर्शक एतो ४ पुरुषार्थलाई ऐना मा देखे जस्तो छ्याङ्ग देखाउने ४ भाग उपदेशमञ्जरी मध्ये प्रथमभाग ग्रन्थकर्ताका उत्तराधिकारीबाट प्रकाशनको सर्वाधिकारलियेरप्रकाशित गरियेको छ मू० ४) यो ग्रन्थ पढेर जो उपदेशामृतरस पान गरी आनन्दको अनुभव गर्नु होला त्यो अनुभवता स्वर्गमा गयेर पनि पाईदैन, उपदेशामृतसरले भरीयेको उपदेश प्रा गर्नाका निमित्त २००) ४००) मासिक दियेर पढाउन राखेका माष्टरबाट पनि उपदेश प्राप्त गर्न शक्न दूर्लभ छ । यस्तो अमूल्य रत्न उपदेशमञ्जरी प्रथम भाग तयारछ अरु २।३।४ भाग प्रकाशित हुदैछन् । १२ मासका १२ सूर्यको नाम सहित नमस्कार तथा २४ गायत्री को मुद्रा सहित नित्यकर्मविधिः मू० १=)

रसीत पुर्जी टिपन राजीनामा कबालितमसुक वादी प्रतिवादी राईटर सम्मको काम व्यवहार जानिने गृह व्यवहारिकश्रेस्ता मूल्य १॥)

षडङ्गरुद्री पूर्वाङ्ग उत्तराङ्ग पूजाविधि रेखी सहित ग्लेजकागजको मू० १/

महाकालशनिमृत्युञ्जयस्तोत्र	मू०
रामगीता भाषा	मू०
प्रेमलहरी	मू० ।-
ठूलो वर्णमाला	मू०
पं० बालकृष्णाचार्यजी को पात्रो	मू० ।

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding:

इति स्वयंवैद्य-औषधीरत्न

प्रथमभागः समाप्तः

पं० बालकृष्णाचार्यजी बाट प्रकाशित भयेका ग्र

लिखित एक बार अवश्य मगाउनु होल

चौबिश गायत्रीमुद्रा १२ सूर्यको चतुर्थ्यन्तम

नमस्कारादि १२ वटा श्लोक दियेको नित्यकर्मविधि मू

रामगीता भाषाश्लोक

कोमलगीता कपडा जिल्द

" " कागज जिल्द

गृहव्यवहारिकश्रेस्ता

उपदेशमञ्जरी प्रथमभाग

" " २।३।४ " भाग पृथक पृथक छापि

दिइ हरेक को दाम १ प्रतिको

षडङ्गरुद्री रेखी आदि पूजाविधि सहित

सप्तशती चण्डी गुटिका ठूलो साईज

महाकालशनिमृत्युञ्जयस्तोत्र

र्गाकवच

ठूलो वर्णमाला

पत्रसंहिता

मसलहरी

epal Sanskrit University, Balmeeki Campus, Kathmand